# समाजवाद
## बहस र संघर्ष

**सम्पादक**

अशोष घिमिरे
अर्जुन राई

**प्रकाशक**

समाजवाद अध्ययन केन्द्र नेपाल, धनकुटा

नेपालको समकालीन समाजवादी आन्दोलनका सन्दर्भमा विभिन्न कोणबाट छलफल, बहस तथा राजनीतिक संघर्ष हुँदै आएको छ । कतिपय दृष्टिकोणहरूमा मतभिन्नता पनि रहेको छ । यस पुस्तकमा संग्रहीत लेखहरूमा ती भिन्नताहरू स्वभाविक रूपमा प्रकट भएका छन् । समाजवादी संघर्षमा लागेका जो कोहीका लागि यो पुस्तकमा सम्मिलित विचारहरू सन्दर्भ सामाग्री बन्छ भन्ने हाम्रो विश्वास छ । यसमा समेटीएका विचारहरू लेखकका नीजि विचार हुन् ।

**प्रकाशक**:

**समाजवाद अध्ययन केन्द्र नेपाल, धनकुटा**

**Socialism Study Center Nepal, Dhankuta**

Email: studysocialism777@gmail.com
URL: www.sscnepal.com.np

**सर्वाधिकार © लेखकमा सुरक्षित**

**सम्पादक** :
अशेष घिमिरे
अर्जुन राई

**व्यवस्थापन** :
महेन्द्र न्यौपाने, निश्चल राई, गोपाल बराईली, बिमला राई

**शुद्धाशुद्धी** :
श्याम रिमाल
नरेश न्यौपाने

**आवरण तथा पृष्ठसज्जा** :
रिकेश कार्की

हिजो, आज र भोलिका

समाजवादी अभियन्ताहरूमा समर्पित

# विषय सूची


| | | |
|---|---|---|
| नेपाली कम्युनिष्ट आन्दोलनको प्रमुख कार्यभार | माधवकुमार नेपाल | १ |
| जातीय समस्या र आत्मनिर्णयको अधिकारबारे समाजवादी दृष्टिकोण | झलनाथ खनाल | ९ |
| नयाँ समाजवादी विकल्प अपरिहार्य | डा. बाबुराम भट्टराई | २५ |
| कम्युनिस्ट आन्दोलनभित्र दक्षिणपन्थी अवसरवाद | प्रमेश हमाल | ४७ |
| समाजवादबारे | राम कार्की | ५८ |
| समाजवाद निर्माणका लागि मोर्चा | डा. विजयकुमार पौडेल | ६८ |
| नेपाली कम्युनिस्ट आन्दोलन: उपलब्धि, चुनौती र सम्भावना | जगन्नाथ खतिवडा | ७६ |
| समाजवाद भट्याउने बिषय होईन | प्रा. डा. पिताम्बर शर्मा | ९० |
| समाजवाद र संसदीय प्रणाली | डा. खगेन्द्र प्रसाईं | ९४ |
| समाजवाद सबै विभेदहरुको अन्त्यको व्यवस्था हो | गणेश विश्वकर्मा | ११३ |
| समाजवाद निर्माणमा वैज्ञानिक चेतना | दामोदर अर्याल | १२५ |
| प्रतिरोध, विद्रोह र समाजवाद | अशेष घिमिरे | १३४ |
| समाजवादी आन्दोलनको आजको अवस्था | अर्जुन राई | १५७ |
| समाजवाद र महिला आन्दोलनको वर्गीय पक्ष | करुणा पराजुली | १६६ |
| हाम्रा कार्यभारहरु | अलेक्जेन्ड्रा कोलोन्ताई | १७३ |

# नेपाली कम्युनिष्ट आन्दोलनको प्रमुख कार्यभार



**माधवकुमार नेपाल**
पूर्वप्रधानमन्त्री
अध्यक्ष, नेकपा (एकीकृत समाजवादी)

नेपालको कम्युनिष्ट आन्दोलनलाई अन्तिम लक्ष्यसम्म पुर्‍याउने सङ्कल्प बोकेको नेपाल कम्युनिष्ट पार्टीले निकै लामो यात्रा पार गरेको छ। यसले एकता र विभाजन, सफलता र असफलता, प्रगति र अधोगतिका उज्याला-अँध्यारा, तीता-मीठा एवम् राम्रा-नराम्रा अनुभव प्राप्त गरेको छ। यी सम्पूर्ण आरोह-अवरोहहरूको सामना गर्दै लोकतान्त्रिक आन्दोलनका हिमायती सम्पूर्ण जनसमुदायको आशाको दियो बनेको छ- कम्युनिष्ट पार्टी । राष्ट्रियताको पक्षमा शङ्खघोष गर्दै अघि बढेको यो पार्टी आज देशभक्त जनताको विश्वासको केन्द्र बनेको छ । जनताले भोगिरहेको शोषण, दमन, भेदभाव र उत्पीडनका विरुद्ध वर्गसङ्घर्षको आँधी सिर्जना गरी सामाजिक न्यायको आवाज बुलन्द गर्दै अघि बढिरहेको कम्युनिष्ट पार्टी आज शोषित-उत्पीडित जनताको एक मात्र भरोसा बनेको छ । यसरी सामाजिक परिवर्तनको संवाहक बनेको कम्युनिष्ट पार्टीले जनताको चाहनाबमोजिम आन्दोलनको सङ्गठक, सञ्चालक र त्यसको प्रमुख अगुवाको सशक्त भूमिका निर्वाह गर्दै आएको छ। आज कम्युनिष्ट आन्दोलन, लोकतन्त्र, राष्ट्रियता र सामाजिक न्यायको आन्दोलनका साथै वैचारिक-सांस्कृतिक आन्दोलनको प्रमुख स्तम्भ बन्न पुगेको छ । समाजमा राम्रो परम्परा र असल संस्कृतिको स्थापनाका लागि कम्युनिष्ट पार्टी निरन्तर क्रियाशील रहेको छ । नेपाल कम्युनिष्ट पार्टीको अभावमा उपर्युक्त आन्दोलनहरू दिशाहीन, गतिहीन र शक्तिहीन हुने थिए भन्नुमा अत्युक्ति हुनेछैन । नेपालको वर्तमान इतिहास साक्षी छ- कम्युनिष्ट पार्टी बलियो, सङ्गठित र गतिशील हुँदा जनअधिकार र राष्ट्रियताको पक्षमा आन्दोलनहरू सशक्त, व्यापक र धारिलो हुने गरेका छन् भने यो कमजोर वा विभाजित हुँदा आन्दोलनले निकै समस्या र जटिलताको सामना गर्नुपरेको छ ।

तसर्थ, कम्युनिष्ट आन्दोलन गति, शक्ति र प्रभावका साथ अघि बढ्नु भनेको लोकतन्त्र एवम् राष्ट्रियताको पक्षमा जनताको शक्ति प्रबल हुनु हो । यस यथार्थलाई मनन गरेर कम्युनिष्ट पार्टीको स्थापना, विकास र विस्तारमा जीवन समर्पित गर्नुहुने कमरेड पुष्पलालप्रति हार्दिक सम्मानसाथ उहाँको स्मरण गर्नु उचित हुन्छ। कम्युनिष्ट पार्टीको प्रमुख लक्ष्य समाजवादी र साम्यवादी समाजको स्थापना गर्नु हो । यस्तो समाजको स्थापना गर्नु हो, जहाँ शोषण, उत्पीडन, भेदभाव र असमानताको अन्त्य हुनेछ । यो मानव इतिहासमा सबभन्दा पूर्ण प्रगतिशील क्रान्तिकारी र युक्तिसङ्गत व्यवस्था हुनेछ । आवश्यकताको राज्यबाट स्वतन्त्रताको राज्यसम्मको दीर्घकालीन अभियानमा सम्पूर्ण मानवजातिलाई अघि

बढाउने क्रममा नै मानव समाज अघि बढ्छ र सामाजिक परिवर्तन हुन्छ । यसै प्रक्रियामा नेपाली समाज अघि बढ्नु अनिवार्य छ । विद्यमान नेपाली समाज आफैभित्रको अन्तरविरोध र वर्गसङ्घर्षको क्रममा अघि बढ्दैछ र अघि बढ्नेछ । हामीले हाम्रो समाज, यसभित्र विद्यमान वर्गसङ्घर्षको स्थिति र नियमलाई राम्ररी बुझ्न सक्नुपर्छ । हामीले जति गहिरो गरी नेपाली समाजका जटिलताहरू, विपरीत वर्ग स्वार्थ भएका सामाजिक-राजनीतिक शक्तिहरू, शत्रुतापूर्ण वा गैरशत्रुतापूर्ण अन्तरविरोध राख्ने वर्ग वा समुदायका हितहरू र समग्रतामा हाम्रो समाजको चरित्र र विशेषतालाई बुझ्न सक्छौं, हामीले लिएको बाटो, स्वीकारेको कार्यक्रम, अवलम्बन गरेको कार्यनीति र कार्यदिशाको सहीपनाबारे स्पष्ट हुन सक्छौं ।

नेपाल र ब्रिटिस-भारतबीचको युद्धपछि भएको सुगौली सन्धिपश्चात् हाम्रो देश अर्धऔपनिवेशिक स्थितिमा पुग्यो भने दोस्रो विश्वयुद्धताका आधुनिक उद्योगधन्दाको स्थापनाको क्रम सुरु भई उत्पादनको आधुनिक साधन र सम्बन्ध स्थापित भएपछि यसले अर्धसामन्ती अवस्थामा प्रवेश गर्‍यो । यस अवधिदेखि नेपाली क्रान्तिले जनवादी क्रान्तिको चरणमा प्रवेश गर्‍यो । अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्था समाप्त गर्दै सामाजिक मुक्ति र राष्ट्रिय स्वाधीनता प्राप्त गर्नु नेपाली क्रान्तिको कार्यभार हुन पुग्यो । २००६ सालमा स्थापित कम्युनिष्ट पार्टीले यही सही प्रस्थावना अगाडि सार्‍यो । कमरेड पुष्पलालले ०२५ सालमा विस्तृत रूपमा व्याख्या विश्लेषण गर्दै नयाँ जनवादी कार्यक्रमसम्बन्धी आफ्नो मान्यतालाई दृढताका साथ प्रस्तुत गर्नुभयो ।

नेकपाका संस्थापक महासचिव कमरेड पुष्पलालको संयुक्त जनआन्दोलनको नीति र जननेता कमरेड मदन भण्डारीको अगुवाईमा निर्माण गरिएको जनताको बहुदलीय जनवादमा व्यक्त वैचारिक, सैद्धान्तिक लाइन अनुसार नै जनक्रान्ति २०६३ सफल भएको थियो जसलाई पहिलो संविधान सभाको पहिलो बैठक (२०६५ साल जेष्ठ १५ गते) ले औपचारिक घोषणा गरी संस्थागत गरेको थियो । त्यो घोषणासंगै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाले आकार लिन शुरु गऱ्यो भने २०७२ साल असोज ३ गते दोश्रो संविधानसभा मार्फत् नेपालको संविधान घोषणा गरिएपछि यसले पूर्णता पाएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएसंगै नेपालको सामन्तवाद विरोधी पूँजीवादी-जनवादी क्रान्ति सम्पन्न भएको छ । देश पूँजीवादी युग, पूँजीवादी व्यवस्थामा प्रवेश गरेको छ । हाम्रो देशमा हाल विद्यमान पूँजीवादी व्यवस्था स्वतन्त्र राष्ट्रिय

चरित्रको नभई दलाल चरित्रको छ । संविधानले व्यवस्था गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने अक्षर र भावनालाई मूर्त रुप दिनका लागि दलाल पूँजीवादलाई परास्त गर्दै राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउँदै समाजवाद निर्माणका आधार तयार गर्नका लागि वैचारिक, सैद्धान्तिक र कार्यक्रमिक कार्यदिशा तयार गर्नु आजको कम्युनिष्ट आन्दोलनको प्रमुख कार्यभार हो ।

जुन पार्टी र आन्दोलनले आफ्नो विकास, विस्तार र सुदृढीकरणका लागि उठेका प्रश्नहरूको सही जवाफ दिन सक्दैन, हल गर्नुपर्ने जटिलता हल गर्न सक्दैन र आफ्नो वरिपरिको परिवर्तित राजनीतिक स्थितिको परिप्रेक्ष्यमा आफ्ना नीतिहरूमा पुनः संयोजन गर्दै आफ्नो सिद्धान्तलाई विकसित गर्न तत्परता देखाउन सक्दैन, त्यसले जीवन्तता र ऊर्जा प्राप्त गर्न सक्दैन । अनि जनताको आकर्षण र विश्वास जित्न सक्दैन । द्वन्द्वात्मक भौतिकवादी चिन्तनमा आधारित मार्क्सवादको मार्गनिर्देशन पनि त्यही हो । नेपालको कम्युनिष्ट आन्दोलनले लामो समयसम्म भोग्नुपरेको विभाजन, दिशाहीनता र अन्योलपूर्ण वातावरणको गम्भीर विश्लेषण वस्तुपरक किसिमले नगरी अघि बढ्न सकिंदैनथ्यो । असफलता र धक्काहरूको यथार्थ लेखाजोखा बिना विगतमा हिंडेको बाटाको विसङ्गति हटाउन तथा वर्तमान र भविष्यको राजमार्ग तयार गर्न सकिंदैनथ्यो ।

यस स्थितिलाई बुझ्दै कमरेड मदन भण्डारीको अगुवाइमा कम्युनिष्ट पार्टीले आन्दोलनलाई लोकप्रियताका आधारमा विस्तार गर्न र शक्तिबृद्धि गर्न आफ्नासामु रहेका जटिलताहरू र प्रश्नहरूको उपयुक्त जवाफ खोज्दै गयो । नेपालको वास्तविक स्थितिमा यहाँका राजनीतिक पार्टीहरूबीच विद्यमान प्रतिद्वन्द्वितामा कसरी कम्युनिष्ट पार्टी र आन्दोलनलाई सशक्त बनाउने र प्रतिस्पर्धामा थप सफलता प्राप्त गर्ने भन्ने प्रश्नको जवाफ खोज्नैपर्ने भइसकेको थियो । जडसूत्रवादबाट मुक्त नभई नवीन सोच र चिन्तनलाई ग्रहण गर्न सकिन्नथ्यो । केवल परम्परामा जकडिएको र समयान्तर बुझ्नै नसक्ने जड विचारबाट मुक्त नभई नयाँ वैचारिक प्रयोग गर्न सकिंदैनथ्यो । आफूलाई चिन्तनको यथास्थितिपनबाट स्वतन्त्र गरी मार्क्सवादको गतिशीलता र सिर्जनशीलताको सारतत्वलाई ग्रहण गर्नु आवश्यक थियो । यसै परिवेशमा जनताको बहुदलीय जनवादको सिर्जना भएको हो । वास्तवमा यस सिद्धान्तले कुन प्रश्नको जवाफ दिन खोजेको छ ? कुन पक्षमा जोड दिन चाहेको छ ? कस्तो भ्रम वा अन्योललाई हटाउन चाहेको छ ?

कस्तो परिवर्तित परिस्थितिलाई आत्मसात गर्न खोजेको छ ? र, समाजको कुन वास्तविकतालाई सिद्धान्त निरूपण गर्दा समावेश गर्न आवश्यक महसुस गरिएको छ ? यस सम्बन्धमा केही कुरालाई स्पष्ट पार्नु आवश्यक छ ।

हाम्रो देशमा लामो समयदेखि निरङ्कुशताका विरुद्ध र बहुदलीय व्यवस्थाका पक्षमा आन्दोलन चल्दै आयो । बहुदलीय व्यवस्थाका हिमायतीहरूले जीवनको बलिदान दिएर सङ्घर्षको इतिहास निर्माण गरेका छन् । बहुदलीय पद्धतिको चाहना आमजनताको चाहना बन्न पुगेको छ र यसका विरुद्धमा देखिएका विचार-प्रवृत्तिहरू तानाशाही, निरङ्कुशता र प्रतिगमनका प्रतीक भएका छन् । हाम्रो आन्दोलनले यस विशेषतालाई ध्यानमा राख्नु आवश्यक छ ।

नेपाल विविध भाषा, धर्म र जातिको विविधताले भरिपूर्ण फुलबारी हो । विभिन्न किसिमका विविधताका बीचमा एकताबद्ध नेपालले विविधता र बहुलतालाई सहज रूपमा आत्मसात गर्न सकेको छ। यसैमा नेपालको आफ्नै विशिष्टता र मौलिकता पनि रहेको छ। हाम्रो देशको विशेषतालाई विवेचना गर्दा यस प्रश्नलाई पनि ध्यान दिनु आवश्यक छ ।

हामी बाँचेको वर्तमान समाजमा विभिन्न वर्ग र तहका जनता रहेका छन्। विविध वर्गको उपस्थिति रहेको समाजमा विविध विचार र प्रवृत्ति रहनु स्वाभाविक हुन्छ। प्रत्येक विचार-प्रवृत्तिले अलग-अलग वर्ग र समुदायको हितलाई प्रतिनिधित्व गरिरहेको हुन्छ । यही समाजमा नेपालका विभिन्न राजनीतिक पार्टीले आफ्नो विचार र मान्यताबाट जनताका विभिन्न तप्कालाई प्रभावित पारेका छन् । सामाजिक क्रान्तिको सिद्धान्त र कार्यक्रमको निर्धारण गर्दा नेपाली समाजको यस विशिष्टतालाई ध्यानमा राख्नुपर्छ ।

कम्युनिष्ट आन्दोलनमा सामान्यतया एउटा सर्वहारावर्गीय कम्युनिष्ट पार्टी मात्र मान्ने विचार सशक्त थियो । एउटाबाहेक अन्य कम्युनिष्ट पार्टीको अस्तित्वलाई स्वीकार गरिँदैनथ्यो । मार्क्सवाद-लेनिनवाद मान्ने एकभन्दा धेरै कम्युनिष्ट वा श्रमिक पार्टी क्रियाशील रहे पनि एकले अर्कालाई गैरसर्वहारावर्गका प्रतिनिधि पार्टीका रूपमा लिने र आफूलाई मात्र सर्वहारा क्रान्तिकारी पार्टी ठान्ने प्रवृत्ति व्याप्त थियो । तर, हाम्रो पार्टीको क्रान्तिकारी धारले पछिल्लो अवस्थादेखि एक वा अर्को खाले भड्कावमा फसेको भए तापनि सर्वहारावर्गका नाममा सङ्गठित

र मार्क्सवादी सिद्धान्त मान्ने पार्टीलाई कम्युनिष्ट पार्टीकै रूपमा स्वीकार गर्ने परम्परा बसाल्यो । एउटा पूँजीवादी समाजमा एकभन्दा बढी पूँजीपति वर्गका पार्टी क्रियाशील हुन्छन् । तिनीहरूले एक-अर्कासँग प्रतिस्पर्धा गर्ने गर्छन्, निर्वाचन वा प्रतिद्वन्द्विताद्वारा एक-अर्कालाई कमजोर पार्न सक्छन् र आफ्नो वर्चस्व कायम गर्न सक्छन् । यो पूँजीपति वर्ग र पूँजीवादी समाजका निम्ति सहज र स्वाभाविक हुन्छ भने यही कुरा सर्वहारावर्गीय पार्टीहरू र प्रगतिशील राज्य व्यवस्थामा किन हुन सक्दैन ? त्यसैले हामीले समाजवादी राष्ट्रलगायत देशहरूमा पार्टीभित्र वा राजनीतिक वा राजकीय क्षेत्रमा देखापरेको अन्तरविरोध, वैचारिक द्वन्द्व र सङ्घर्षका क्रममा प्राप्त अनुभवलाई ध्यानमा राख्नु आवश्यक छ ।

सर्वहारावर्गको अगुवा दस्ताका रूपमा रहेको कम्युनिष्ट पार्टीले आफ्नो विचारको स्पष्टता, दृष्टिकोणको वैज्ञानिकता, चिन्तन र विश्लेषणको सहीपना, काम, चरित्र र आचरणको जनप्रियताका आधारमा आफूलाई अगुवाका रूपमा स्थापित गर्दछ र अगुवाको भूमिका निर्वाह गर्दछ । यदि कम्युनिष्ट पार्टीले समाजमा रहेका सबै वर्गभन्दा आफूलाई विचार र व्यवहार दुबै क्षेत्रमा अगुवा सावित गर्न सक्दैन भने उसले आफूलाई सर्वहारावर्गको अगुवा दस्ताको दावा गर्नु व्यर्थ हुन्छ । स्वस्थ प्रतिद्वन्द्विताका बीचमा नै गुणको जाँच हुन्छ । वर्गसङ्घर्ष र राजनीतिक-वैचारिक सङ्घर्षकै क्रममा सर्वहारावर्ग र त्यसको राजनीतिक प्रतिनिधि पार्टी- कम्युनिष्ट पार्टीले आफ्नो उत्कृष्टता प्रस्तुत गर्न सक्नुपर्छ । विचार र व्यवस्थाका हिसाबले सर्वहारावर्गीय र शोषकवर्गीय शक्तिबीचको द्वन्द्वकै क्रममा जनताले को ठीक र को गलत, को राम्रो र को नराम्रो भन्ने कुराको पहिचान गर्न सक्छन् । तसर्थ, सर्वहारावर्ग प्रतिद्वन्द्विताको मैदानबाट पन्छिन सक्दैन । पुराना र इतिहासको पानामा सीमित हुने शक्तिलाई पराजित गर्दै आफ्नो ऊर्जा, जीवनशक्ति र सहीपनालाई प्रमाणित र पुष्टि गर्नैगर्छ । यो पनि वर्तमान क्रान्तिको कार्यदिशा निर्धारण गर्दा ध्यान राख्नुपर्ने कुरा हो ।

जनता मात्र इतिहासको निर्माण गर्ने चालक शक्ति हुन् । जनता नै हाम्रो सम्पूर्ण चिन्तन, काम र गतिविधिका केन्द्रबिन्दु हुन् । जनताको इच्छा-आकाङ्क्षा र आवश्यकता नै सम्पूर्ण नीति, कार्यनीति, रणनीति र कार्यक्रमको मूल आधार हो । जनताको यही महत्वपूर्ण भूमिकालाई सधैंभरि ध्यानमा राख्नुपर्छ । यसैले जनतासितको सम्बन्ध नङ र मासुजस्तो, पानी र माछाजस्तो हुनुपर्छ । हामीले

आफूलाई सधैंभरि जनसमुदायसित एकाकार पार्न, तिनीहरूको आवश्यकता र इच्छाअनुसार चल्नुपर्छ। जनताको यही निर्णायक भूमिकालाई आत्मसात गर्नु पार्टी र आन्दोलनलाई जीवित र जीवन्त बनाउने प्रमुख तत्व हो । अनेकौं राजनीतिक शक्तिहरूबीच विद्यमान नीति र विचारबीचको प्रतिद्वन्द्विता, तिनीहरूको काम, आचरण र व्यवहारको जाँच-परख हुने क्रममा नै जनता सही र गलत छुट्याउन समर्थ हुन्छन् । आफूले देखेको, भोगेको र पाएको अनुभवबाट नै जनसमुदाय सचेत र स्पष्ट हुन सक्छन् । त्यसैले जनताको संलग्नता र परिचालन बढाउने र राज्य सञ्चालनका प्रक्रियाहरूमा उनीहरूलाई सहभागी बनाउने जनमुखी तरिका र पद्धति अपनाउनु गैरमार्क्सवादी र जनहितविरोधी वा अप्रगतिशील हुन सक्दैन । जनताको निर्णायक सक्रिय भूमिकालाई संस्थागत गर्ने र नीतिगत तह र व्यावहारिक रूपबाट स्थापित गर्ने प्रगतिशील र मार्क्सवादसङ्गत नै हुन्छ ।

कुनै पनि कार्यक्रम, कार्यदिशा र कार्यनीतिको तर्जुमा गर्दा कम्युनिष्ट पार्टीलाई कसरी लोकप्रिय बनाउन सकिन्छ ? यसको जनप्रभाव र जनाधार कसरी विस्तार गर्न सकिन्छ ? यसको शक्ति कसरी सुदृढ गर्न सकिन्छ ? जनताको विश्वास र आकर्षण कसरी बढाउन सकिन्छ भन्ने कुरामा ध्यान जानुपर्छ। जुन पार्टीले आफ्नो विकास, विस्तार र सुदृढीकरणका सामु रहेका समस्यालाई ध्यान दिंदैन, त्यसमा गम्भीरतापूर्वक विचार गर्न सक्दैन, त्यसले पार्टी र आन्दोलनलाई बलियो र सुदृढ बनाउन सक्दैन । यसै परिप्रेक्ष्यमा कम्युनिष्ट पार्टीमाथि लगाइएको एकदलीयतावादी र अधिनायकवादीको आरोपलाई खण्डन गर्नु र नेपाली जनभावना र विश्वप्रवृत्तिलाई बुझी लोकतान्त्रिक पक्षमा जोड दिनु आवश्यक छ ।

एकदलीय पद्धतिभन्दा बहुदलीय पद्धति जनतालाई प्रभावकारी रूपमा राजनीतिमा उतार्ने, राजनीतिमा भाग लिने र राजनीतिलाई पार्टीहरूमाथि जनताको नियन्त्रण कायम राख्न बढी उपयोगी पद्धति हो। यही हाम्रो स्पष्ट सैद्धान्तिक मान्यता हो। यस पद्धतिलाई आजसम्म पूँजीपति वर्गले र पूँजीवादी राज्यले उपयोग गर्दै आएका छन्। पूँजीवादी राज्यलाई सुदृढ गर्न र पूँजीवादी पार्टीहरूलाई फासिस्ट बन्नबाट रोकी औपचारिक रूपमै भए पनि जनतामा लोकतान्त्रिक चरित्र प्रदर्शन गर्न, खासगरी पूँजीपति वर्गको स्वार्थको रक्षा गर्ने पार्टीहरूबीचको आपसी प्रतिद्वन्द्वितालाई स्वस्थ ढङ्गले परिचालित गर्न उपयोग गर्ने गरिएको पद्धति हो । पूँजीवादी राज्यहरूले अन्य पद्धतिको पनि प्रयोग नगरेका होइनन् ।

तर, पूँजीवादी राज्य वा पूँजीपति वर्गले कुनै कुराको प्रयोग गर्यो भन्ने नाममा मानवजातिले लामो राजनीतिक वा सामाजिक सङ्घर्षको दौरानमा विकास गरेको कुनै पद्धतिलाई कम्युनिष्टहरूले प्रयोग गर्नै हुँदैन भन्ने मान्यता राख्नुहुदैन । विज्ञान, प्रविधि, व्यवस्थापन, निर्वाचन प्रणाली, राज्यको स्थापना, राज्य सञ्चालनका विधि र प्रक्रियाहरूको सिर्जना वा त्यसको उपयोगलाई आफ्नो हितमा पूँजीपति वर्गले प्रयोग गर्छन् भन्ने नाममा त्यसलाई हामी बहिस्कार गर्दैनौं । हामी कुन उद्देश्यका लागि कुन सारतत्वका साथ त्यसको प्रयोग गर्छौं भन्ने कुरा प्रमुख हो । हामी बहुदलीय प्रतिस्पर्धाको पद्धतिलाई प्रगतिशील व्यवस्थालाई झनै लोकप्रिय, दह्रो, टिकाउ र दीर्घकालीन बनाउन प्रयोग गर्छौं ।

हामी अहिले शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धा गर्दै जनताको अभिमत लिएर संसदीय सङ्घर्षकै क्रममा सरकार गठन गर्न सक्छौ र सम्भव भएसम्म अधिकतम् प्रगतिशील सुधारका कामहरू गर्दै समाजलाई आमूल परिवर्तनको दिशामा लान्छौं । पाँचौं महाधिवेशनमा हामीले पारित गरेको जनताको बहुदलीय जनवादको कार्यनीतिक सोच नै यही हो । क्रान्तिका सिद्धान्त र नीतिहरू वस्तुस्थितिका आधारमा निर्मित हुनुपर्छ । मनोगत आकाङ्क्षाबाट हुन सक्दैन ।

श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधिका रुपमा नेपाली क्रान्ति सम्पन्न गर्न नेपाली विशेषताको समाजवाद तथा वैज्ञानिक समजवादको लक्ष्य प्राप्तिको घोषणाका साथ नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) को गठन गरेका हौं । हाम्रो पार्टीको राजनीतिक कार्यदिशा शान्तिपूर्ण संघर्ष र वैधानिक बाटोबाट समाजवाद निर्माण गर्नु हो । हाम्रो रणनीतिक उद्देश्य लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समृद्ध समाजवाद निर्माण गर्नु हो । यतिवेलाको तात्कालिक कार्यनीति समाजवाद उन्मुख सामाजिक-आर्थिक रुपान्तरण हो । नेपाली क्रान्तिको वर्तमान चरणको कार्यक्रम बहुदलीय प्रतिस्पर्धा सहितको समाजवाद हो । यसका लागि हाम्रो विकासको दिशा ‘प्रगतिशील विकासको दिशा’ अर्थात आम रुपमा राष्ट्र र जनताको, विशेष गरी श्रमजीवी वर्गको हित र समृद्धिलाई अवलम्बन गर्दै आत्मनिर्भर स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गर्नु हो । हामीले पार्टी निर्माण गर्ने, सरकार संचालनमा भूमिका खेल्ने र नेपाली विशेषताको समाजवाद निर्माण गर्ने अठोट गरेका छौं । नेपाली विशेषताको समृद्ध समाजवाद निर्माण आजको कम्युनिष्ट आन्दोलनको प्रमुख कार्यभार हो ।

❖❖❖

# जातीय समस्या र आत्मनिर्णयको अधिकारबारे समाजवादी दृष्टिकोण



**झलनाथ खनाल**

पूर्वप्रधानमन्त्री

सम्मानित नेता, नेकपा (एकीकृत समाजवादी)

जतिबेला विश्व मानव समाज सामन्तवादको युगसम्म विकसित हुँदै आएको थियो, त्यसबेला राष्ट्रिय आत्मनिर्णय वा राष्ट्रिय आत्मनिर्णयको अधिकार सम्बन्धि चेतनाको उदय हुने वस्तुगत आधार नै तयार भएको थिएन । त्यस बेला युरोप, एशिया र विश्वका अन्य भागमा पनि जार साम्राज्य, अंग्रेजी साम्राज्य, फ्रान्सेली साम्राज्य, स्पेनीस साम्राज्य, पोर्चगाली साम्राज्य, अष्ट्रियन साम्राज्य, चिनियाँ साम्राज्यदेखि लिएर अनेकौं साना-ठूला सामन्ती साम्राज्य र राज्यहरू थिए । तिनीहरू कुनै खास जातिका राज्यहरू भन्दा पनि बहुकविला वा बहुजातीय साम्राज्य वा राज्यहरू थिए । सामन्तवादी युग सम्म विश्वमा बनेका त्यस्ता राज्यहरू भित्र रहेका मानव समूहहरू प्राचिन अवस्थाका गण वा गोत्र, कविला हुँदै जाति (Nationalities) का रुपमा विकसित भईरहेका थिए । मानव जातिले आफै राष्ट्र (Nation) का रुपमा विकास गरी सकेको थिएन । तर जब सामाजिक उत्पीडनको प्रकृया अघि बढदै जाँदा पूँजीवादी उत्पादन सम्बन्धले आकार लियो र पूँजीवादको विकास हुन थाल्यो, तब नयाँ प्रकारका पूँजीवादी उद्योग धन्दाहरू र तिनीहरूबाट उत्पादित मालहरू बेच्ने पूँजीवादी बजारहरू विकसित हुन थाले । अझ मेशिन उद्योगहरूको प्रारम्भ भएपछि औद्योगिक क्रान्ति भयो र पूँजीवादी उत्पादन प्रक्रिया अत्यन्त तिब्र बन्यो । त्यस प्रकृयामा विभिन्न कविला वा जातिबाट उद्‌गमित भएर आएका मानिसहरूलाई पूँजीवादी उत्पादन सम्बन्धले एउटा नयाँ सुत्रमा बाँध्न थाल्यो । त्यसले विस्तारै साझा उद्योग धन्दाहरू विकास गर्‍यो, साझा बजार खडा गर्‍यो, साझा थलो सिर्जना गर्‍यो र त्यस थलोमा बस्ने मानिसहरूको साझा भाषा भयो र साझा संस्कृतिको पनि विकास हुन थाल्यो । पश्चिमी युरोपबाट यो प्रकृया तिब्र रुपले विकास हुँदै आयो । त्यसले अनेकौं कविला वा जातिका मानिसहरूलाई एक ठाउँमा ल्याएर समिश्रित गरायो र मानव जातिको नयाँ सामाजिक संगठनका रुपमा राष्ट्र (Nation) को उद्‌गम भयो । त्यो नै राष्ट्रियता वा राष्ट्रवाद, राष्ट्रिय राज्य र बहुराष्ट्रिय राज्यको विकासको उद्‌गम विन्दु बन्यो । यसरी राष्ट्रका रुपमा उठेका जनता साझा थलो, साझा आर्थिक सम्बन्ध, साझा मनोवैज्ञानिक भावना, साझा भाषा र साझा संस्कृतिले बाँधिएका नयाँ मानव समूहका रुपमा प्रकट भए । तिनीहरू हिजोका सामन्ती राज्यहरू भित्रै प्रकट भए । कहिँ त्यस्ता सामन्ती साम्राज्यहरू भित्रै अनेकौं राष्ट्रहरू विकसित भए र ती सामन्ती राज्यहरूको विखण्डन भएर नयाँ राष्ट्रिय राज्यहरू बने । कहिँ

एउटा सामन्ती साम्राज्यको हिस्सा र अर्को सामन्ती राज्यका हिस्सा मिलेर नयाँ राष्ट्रिय राज्य पनि बने । एउटा नयाँ सामाजिक उथल पुथल प्रकट भयो । राज्यहरू गठन र पुनर्गठन हुँदै गए र क्रमैसँग विश्वमा राष्ट्रिय राज्यहरू र बहुराष्ट्रिय राज्यहरु विकसित भए । यी राज्यहरू विश्व इतिहासमा बिलकुल नयाँ राज्यहरू थिए । तिनीहरू पूँजीवादी राज्यहरू थिए । यसरी विश्वमा सामन्ती राज्यहरुलाई विस्थापित गर्दै पूँजीवादी राज्यहरुको विकास भयो ।

यी राज्यहरूको उदय पछि विश्व विकास पूँजीवादी युगबाट अघि बढ्न थाल्यो । हिजोको बेलायती गौरवपुर्ण क्रान्तिका साथै १९ औं शताब्दीमा आएपछि विश्वमा फ्रान्सेली राज्य क्रान्ति, अमेरिकी स्वतन्त्रता संग्राम जस्ता क्रान्तिहरू संगठित भए र पूँजीवादको विकासका साथ साथै पूँजीवादी विश्व क्रान्तिको विकास हुदै गयो । युरोपेली भूखण्डमा पूँजीवादी राष्ट्रिय राज्यहरू विकसित भए । हिँजोका सामन्ती साम्राज्यहरूको संरचना विघटन भयो । युरोपबाट शुरु भएको यहि प्रकृया विश्वका अन्य समाजमा पनि क्रमशः विस्तार हुँदै गयो । तर त्यो प्रकृया एकातिर विस्तार हुँदै गयो भने अर्कातिर विभिन्न राष्ट्रिय राज्यहरू भित्र पूँजीवादको विकास हुँदै गयो । उनीहरूले उत्पादन गरेका नयाँ मालहरू बेच्न उनीहरूलाई नयाँ बजार चाहियो, मालहरूको उत्पादनलाई निरन्तरता दिन नयाँ कच्चापदार्थ चाहियो, त्यसैले पोर्चुगल, स्पेन, फ्रान्स, बेलायत, रुस जस्ता मुलुकहरू आफ्ना बजार विस्तार गर्न थाले । त्यसका निम्ति उनीहरू एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका विशाल भू-खण्डमा रहेका पिछडिएका मुलुक र राज्यहरूलाई कब्जा गर्न थाले र एक पछि अर्का औपनिवेशिक साम्राज्यहरूको निर्माण गर्न थाले । यसरी हिजो सामन्ती साम्राज्यहरूका विरुद्ध संघर्ष गरेर जुन राज्यहरूले स्वतन्त्रता प्राप्त गरेका थिए, अहिले आएर तिनै राज्यहरू आफू भन्दा कमजोर तथा पिछडिएका मुलुकहरू र राज्यहरूमाथि हमला गर्ने र कब्जा गर्ने काम गर्न थाले । यसरी विश्वका राष्ट्रहरू उत्पीडक र उत्पीडित दुबै प्रकारका राष्ट्रहरूमा विभाजित हुन थाले । उत्पीडक पूँजीवादी राष्ट्रहरू साम्राज्यवादी चरित्र लिएर आक्रमक भएर अघि बढ्न थाले । ती राष्ट्रहरू भित्र पूँजीपति वर्ग र श्रमजीवी वर्ग बीच तिब्र वर्गीय ध्रुविकरण पनि हुँदै गयो ।

ठिक यहि वस्तुगत प्रकृया अघि बढिरहेको बेलामा मार्क्सवादको प्रादुर्भाव भयो र अन्तर्राष्ट्रिय सर्वहारा वर्ग वा श्रमजीवी वर्गले विभिन्न पूँजीवादी देशहरूबाट

नयाँ समाजवादी विश्व क्रान्तिको विगुल फुक्न थाल्यो । स्वाभाविक रुपले अन्तर्राष्ट्रिय श्रमजीवी वर्गले एकातिर आफ्नै देशको पूँजीवादी, साम्राज्यवादी शोषण र उत्पीडनका विरुद्ध संघर्ष गर्नु परेको थियो भने अर्कोतिर अन्तर्राष्ट्रिय मोर्चामा साम्राज्यवादको थिचोमिचोमा रहेका तमाम उत्पीडित राष्ट्रहरूलाई पनि विश्व साम्राज्यवादका विरुद्धको मोर्चामा ल्याउन, पर्ने आवश्यकता उत्पन्न भएको थियो । उता कयौं पूँजीवादी साम्राज्यहरू भित्र रहेका विभिन्न राष्ट्रहरू माथि समेत साम्राज्यवादी शासकहरू दमन र उत्पीडन गरिरहेका थिए । उनीहरूका राजनीतिक आर्थिक तथा धार्मिक र साँस्कृतिक अधिकारहरूलाई पनि दबाईरहेका थिए । यसरी विश्वमा पूँजीवादको विकास साम्राज्यवादको चरणमा पुगेपछि नै उत्पीडक र उत्पीडित राष्ट्रहरू सिर्जना भए र विश्वमा सबै उत्पीडित राष्ट्रहरूका निम्ति आत्मनिर्णयको अधिकारको प्रश्न सृष्टि भयो । विश्व मानव समाजको विकासले यो प्रश्नलाई एउटा अन्तर्राष्ट्रिय मात्र होइन विश्व महत्वको ऐतिहासिक प्रश्नका रुपमा मानव समाज अगाडी ल्याइदियो । त्यस कुरालाई आत्मसात गरेर माक्सले "अरुलाई उत्पीडन गर्ने कुनै पनि राष्ट्र स्वतन्त्र हुन सक्दैन" (संकलित रचना लेनिन अंग्रेजी ग्रन्थ, २१ पेज ३१७ प्रगति प्रकाशन मस्को) भन्ने कुरा अघि सार्नुभयो । लेनिनले तत्कालिन विश्व परि स्थितिको विश्लेषण गर्दै रुसी क्रान्तिलाई हाँक्ने क्रममा राष्ट्रहरूको आत्मनिर्णयको अधिकार सम्बन्धि सवाललाई अझ व्यवस्थित रुपले अघि सार्नुभयो । वहाँले यस बारेमा "समाजवादी क्रान्ति र आत्मनिर्णयका निम्ति राष्ट्रहरूको अधिकार" नामक प्रसिद्ध रचना समेत लेख्नुभयो । यो सवालको सार्वभौम महत्वलाई बुझ्न लेनिनको उक्त लेखहरूको अध्ययन बढी आवश्यक हुन्छ ।यसरी विश्वमा साम्राज्यवादी औपनिवेशिक आक्रमण, थिचोमिचो र प्रभुत्वका विरुद्ध उत्पीडित राष्ट्रहरुको ऐतिहासिक संघर्षले नै राष्ट्रिय आत्मनिर्णयको अधिकार सम्बन्धि प्रश्नलाई जन्म दियो र विश्व राजनीतिको सतहमा ल्याई दियो ।

आखिर आत्मनिर्णयको अधिकार भनेको के हो त ? त्यसलाई मार्क्सवादीहरूले कसरी लिँदै आएका छन् ? पहिलो, हामी यसको सैद्धान्तिक पक्षका बारेमा विश्लेषण गरौं । यो गणहरूको आत्मनिर्णयको प्रश्न होइन, यो कविलाहरूको आत्म निर्णयको प्रश्न पनि होइन । यहाँ उठिरहेको प्रसंगमा जातिहरूको

आत्मनिर्णयको प्रश्न पनि होइन, तर हामीले उठाइरहेको विषय वा समाजवादीहरूले उठाई रहेको विषय भनेको राष्ट्रहरूको आत्मनिर्णयको अधिकारको कुरा हो । यस बारेमा लेनिन भन्नु हुन्छ "राष्ट्रहरूको आत्मनिर्णयको अधिकार भन्नाले पूर्ण रुपले राजनीतिक अर्थमा स्वतन्त्र हुने अधिकार भन्ने कुरा बुझिन्छ । त्यसको मतलब हो उत्पीडक राष्ट्रबाट राजनीतिक रुपले अलग हुने स्वतन्त्रताको अधिकार समेत जनाउँछ । त्यति मात्र होइन त्यसले अलग हुन आउने राष्ट्रलाई अलग हुनका निम्ति जनमत संग्रह गर्ने स्वतन्त्रतालाई पनि जनाउँछ ।" (लेनिन संकलित रचना, अंग्रेजी ग्रन्थ २२ पृष्ठ १४६) कुरा प्रष्ट छ, कहिँ पनि कुनै पनि एउटा राज्यभित्र यदी एक भन्दा बढी मानव समूहहरू राष्ट्रका रुपमा विकसित भएका छन् भने त्यस्ता राष्ट्रहरूले आत्मनिर्णयको अधिकार पाउनै पर्छ । त्यसको मुख्य कुरा हो पूर्ण स्वतन्त्रता जसभित्र अलग हुने अधिकार पनि पर्छ । त्यस्ता राष्ट्रहरू यदी एउटै राज्य भित्र बस्न चाहन्छन् भने उनीहरूले विभिन्न राष्ट्रहरूको गणराज्यहरूलाई मिलाएर संघ (Fedration) बनाउन सक्छन् र यदी उनीहरू अलग हुन चाहन्छन् भने स्वतन्त्र राज्य बनाउन पनि सक्छन् । लेनिनले रुसी क्रान्तिमा यही नीतिलाई लागू गर्नुभयो । क्रान्तिपछि पहिले जारशाही रुसको थिचोमिचोमा रहेका मध्ये फिनल्याण्ड जस्ता मुलुकहरू स्वतन्त्र भए । अरु १५ वटा गण राज्यहरू भने आपसमा मिलेर सोभियत संघ बनाए । त्यो सबै स्वतन्त्र गणराज्यहरूको संयुक्त संघ थियो । अरु पिछडिएका जातिहरूलाई भने सोभियत संघभित्रै क्षेत्रिय स्वायत्तता दिइयो । यसरी लेनिनले रुस भित्रका समस्याहरूलाई समाधान गर्नुभयो भने विश्व साम्राज्यवादका विरुद्ध राष्ट्रहरूको आत्मनिर्णयको अधिकारलाई पनि बुलन्द रुपले अघि सार्नुभयो । यसरी रुसको महान अक्टोबर समाजवादी क्रान्तिले भने पूँजीबादी राष्ट्रिय वा बहुराष्ट्रिय राज्यहरुलाई समाजवादी राज्यको नयाँ धरातलमा उठाईदियो । सोभियत समाजवादी संघ त्यसको नयाँ उदाहरण हो । त्यँहादेखि विश्वमा समाजवादी राज्य निर्माणको विल्कुल नयाँ यूगको शुरुवात भएको छ ।

यसरी १९ औं शताब्दीका पूँजीवादी जनवादी क्रान्तिहरू र रुसको पूँजीवादी जनवादी क्रान्तिका अनुभवहरूले हामीलाई के सिकाउँछ भने जुन देशमा रहेका मानव

समूहहरू राष्ट्रका रुपमा विकसित भएका हुन्छन् र एक अर्को राष्ट्रको थिचोमिचोमा परेका हुन्छन, उनीहरूका सामु आत्मनिर्णयको अधिकार सम्बन्धि सवाल पैदा हुन्छ र समस्यालाई त्यही धरातलमा खडा भएर हल गर्नुपर्छ । तर जुन देशमा जातीय, भाषिक, साँस्कृतिक विविधता रहेर पनि ती अलग मानव समूहहरू राष्ट्रका रुपमा विकसित भईसकेका हुँदैनन् र उनीहरुले आफू राष्ट्रका रुपमा विकसित हुनु भन्दा अगाडी नै साझा र एकिकृत राज्यभित्र आफूलाई समाहित गरि सकेका हुन्छन् त्यस्ता देशहरूमा राष्ट्रिय आत्मनिर्णयको अधिकार सम्बन्धि प्रश्न उठ्ने वस्तुगत आधार नै हुँदैन । चीन र भियतनाम पनि बहुजातीय मुलुकहरू हुन् । त्यहाँ अनेकौं जातिका जनता बस्छन् । ती देशमा क्रान्ति सम्पन्न भएपछि एउटै एकीकृत राज्य अन्तर्गत विभिन्न जातिहरूलाई क्षेत्रीय स्वयत्तता दिइयो र समस्याको लोकतान्त्रिक समाधान निकालियो । यी हाम्रा निम्ति बहुमुल्य अन्तर्राष्ट्रिय अनुभवहरू हुन् । नेपाली समाजमा रहेको जातीय समस्याको समाधान खोज्दा पनि र चीन भियतनाम जस्ता मुलुकहरुले हिँडेको सैद्धान्तिक परिधि भित्रबाट नै खोज्नुपर्छ र खोज्न सकिन्छ । यतिवेला चीन,भियतनाम,क्यूवा,लाओस र उत्तर कोरिया जस्ता मुलुकहरु समाजवादी राज्यका रुपमा विकसित भएका देश हुन भन्ने कुरालाई पनि हामीले सधैँ ध्यानमा राख्नुपर्छ ।

जतिबेला राष्ट्रिय आत्मनिर्णयको सवाल विश्व राजनीतिको सतहमा उभिएको थियो, त्यतिबेला यो सवाल आफैमा एउटा लोकतान्त्रिक अधिकारको सवालका रुपमा उठेको थियो । यो राष्ट्रका रुपमा रहेका मानव समूहहरूले पाउने लोकतान्त्रिक अधिकारका रुपमा उठेको थियो र त्यो समाजवादी क्रान्तिको सवालका रुपमा होइन खूद पूँजीवादी क्रान्तिकै एक अंगका रुपमा उठेको हो । तर यो माग आफैमा राष्ट्रहरूको विकासको स्तरमाथि निर्भर गर्छ । जहाँ पूँजीवादको विकास भर्खरै हुँदैछ। विभिन्न जातिका जनता एउटा राष्ट्रिय साझा सम्बन्धमा आवद्ध हुँदै अघि बढ्दै हुन्छन र उनीहरू आफ्नो स्वतन्त्र राष्ट्र निर्माण गर्न चाहन्छन् । त्यहाँ राष्ट्रिय मुक्तिको संघर्ष अत्यन्त प्रगतिशील, न्यायपूर्ण र अत्यावश्यक विषयका रुपमा प्रकट हुन्छ । तर जहाँ पूँजीवादको विकास माथिल्लो चरणमा पुगिसकेको छ, राष्ट्रिय राज्य स्वयं पूँजीवादी साम्राज्यवादी राज्यमा परिणत हुन थालेको हुन्छ, ती राज्यहरूले राष्ट्रिय मुक्तिको युगलाई पार गरि सकेका हुन्छन् । विश्वको असमान विकासको प्रकृयाले यो कुरालाई

झन् टड्कारो पार्दै ल्यायो । २० औं शताब्दी लागेपछि विश्व संरचनामा केही साम्राज्यवादी राज्यहरू, केही राष्ट्रिय राज्यका रुपमा उदियमान राज्यहरू र केही उपनिवेशिक वा अर्ध उपनिवेशीक राज्यहरू देखा परे । लेनिनले १९१५ -१६ मा विश्व संरचनामा राष्ट्रिय आत्मनिर्णयको संन्दर्भमा देखा परेका त्यस्ता राज्यहरूको विश्लेषण बडो प्रष्ट रुपले अघि सार्नुभएको थियो । त्यसमा तत्कालिन राज्यहरूलाई तीनवटा श्रेणीमा विभाजन गर्दै वहाँ भन्नुहुन्छ "यस सन्दर्भमा देशहरूलाई हामी ३ श्रेणिमा बाँडेर हेर्न सक्छौं । पहिलो, संयुक्त राज्य अमेरिका र पश्चिमी युरोपका समुन्नत राष्ट्रहरूलाई लिन सकिन्छ । यी देशहरूमा धेरै समय अघि नै प्रगतिशील बुर्जुवा राष्ट्रवादी आन्दोलन समाप्त भईसकेको छ । यी सबै "ठूला" राष्ट्रहरू उपनिवेश भित्र र आफ्नै मुलुक भित्र पनि अरु राष्ट्रहरूलाई उत्पीडन गर्दछन् । यी शासक राष्ट्रहरूका सर्वहारा वर्गको कार्यभार र आयरल्याडका सन्दर्भमा उन्नाइसौँ शताब्दीमा बेलायतको सर्वहारा वर्गले अख्तियार गरेको कार्यभार उस्तै हुन्छ । दोश्रो, पूर्वी यूरोप : अष्ट्रिया, बलकन क्षेत्र र खास गरी रुसलाई लिन सकिन्छ । यस क्षेत्रमा २० औं शताब्दीमा आएर विशेष गरेर वुर्जुवा लोकतान्त्रिक राष्ट्रिय आन्दोलनहरू विकसित भए र तिनीहरूको राष्ट्रिय संघर्ष तिब्र बन्यो । यी मुलुकका सर्वहारा वर्गले उनीहरूको आफ्नै देशमा बुर्जुवा लोकतान्त्रिक सुधार गर्ने र अन्य देशमा समाजवादी क्रान्तिहरूलाई सहयोग गर्ने दुवै कार्यभारलाई राष्ट्रहरूको आत्मनिणर्यको अधिकारका पक्षमा दृढतापूर्वक खडा नभई पूरा गर्न सक्दैनन् । यस सम्बन्धमा उत्पीडक राष्ट्रका श्रमजीवीहरूलाई उत्पीडित राष्ट्रका श्रमजीवीहरूसँग एकतावद्ध पार्ने अत्यन्त कठिन र अत्यन्त महत्वपूर्ण कार्यभार सम्पन्न गर्नुपर्ने हुन्छ । तेश्रो, यसमा चीन, पर्सिया र टर्कीजस्ता अर्ध उपनिवेशी मुलुकहरू र सबै उपनिवेशहरू पर्दछन् जसको सम्मिलित जनसंख्या १०० करोड (१००० मिलियन) रहेको छ । यी देशहरूमा बुर्जुवा लोकतान्त्रिक आन्दोलन या त शुरु भई सकेको छैन, भईहाले पनि तिनीहरूले पार गर्नुपर्ने निकै लामो बाटो बाँकी रहेको छ । समाजवादीहरूले खाली उपनिवेशहरूको क्षतिपूर्ति विना अविलम्ब र निशर्त मुक्तिको माग मात्र गरेर हुँदैन, जुन मागले आफ्नो राजनीतिक अभिव्यक्तिबाट अरु कुनै कुरालाई होइन, राष्ट्रहरूको आत्मनिर्णयको अधिकारलाई नै उद्घोषित गर्दछ तर उनीहरूले यी देशहरूमा राष्ट्रिय

मुक्तिका निम्ति थाल्ने बुर्जुवा प्रजातान्त्रिक आन्दोलनमा प्रकट भईरहेका बढी आगन्तुक क्रान्तिकारी तत्वहरूलाई दृढ समर्थन पनि उपलब्ध गराउनु पर्दछ। साम्राज्वादीहरूले उनीहरूलाई उत्पीडन गर्ने साम्राज्यवादी शक्तिहरूका विरुद्ध हुने जनविद्रोह वा क्रान्तिकारी युद्धहरूलाई मद्दत समेत गर्नु पर्दछ। "(लेनिन संकलित रचना अंग्रेजी, प्रोग्रेस पव्लीसर्ष मस्को ग्रन्थ २२ पृष्ठ १५०-५२)

लेनिनले उक्त विश्लेषण अघि सारेको झण्डै १०८ वर्ष पुग्न लाग्यो । यस बीचमा विश्वको सामाजिक आर्थिक संरचनामा निकै ठूलो परिवर्तन भईसकेको छ। लेनिनको नेतृत्वमा खडा भएको सोभियत संघ विखण्डित भई सकेको छ। तर लेनिनको उक्त दृष्टिकोण अडान र तरिकाले हामीलाई र विश्वलाई अहिले पनि मार्गदर्शन गर्न सक्छ। राष्ट्रिय आत्मनिर्णयको सवालका सन्दर्भमा त्यतिबेला लेनिनका सामू रहेको विश्व मध्ये एशिया, अफ्रिका, ल्याटिन अमेरिका र ओसेनीयाको विशाल उपनिवेशक तथा अर्ध उपनिवेशीक क्षेत्रमा आज हामी पर्छौं। तर सो तेस्रो क्षेत्र पनि सन् १९१५ मा भन्दा अहिले ठूलो मात्रामा परिवर्तन भई सकेको छ। तर यस क्षेत्रका देशहरूमा अझै राष्ट्रिय मुक्तिका आन्दोलनहरू वा बुर्जुवा प्रजातान्त्रिक आन्दोलनका प्रक्रियाहरू धेरै हदसम्म पुरा भईसकेका छन् । त्यस दृष्टिले हेर्दा आज नेपाल एउटा स्वतन्त्र पूँजीवादी मुलुकका रुपमा विकसित भएको छ र यो एउटा बहुजातीय, बहुभाषिय, बहुसाँस्कृतिक र बहुधार्मिक राज्यका रुपमा पनि रहेको छ । नेपाल एउटा बहुराष्ट्रिय (multinational) देश होइन, यो बहुजातीय (Country of Multi Nationalities) राज्य मात्र हो । नेपालमा जति पनि मानव समूहहरू छन्, तिनीहरू आफ्नो ऐतिहासिक विकासको प्रकृयामा गण, कविलाको युगलाई पार गरेर जातिका रुपमा विकसित भईसकेका छन् र सबै जातिको साझा राज्यभित्र एउटा ऐतिहासिक प्रकृयामा नेपाल एउटा राष्ट्रका रुपमा रुपान्तरित भईरहेको छ । विश्वको एशिया, अफ्रिका र ल्याटिन अमेरिकी भूभागमा उदय भएका नयाँ देशहरूमा यही प्रकृया जारी छ। तिनीहरू मध्ये कतिपय राज्यहरू बहुजातीय मात्र नभएर बहुराष्ट्रिय पनि देखा परेका छन्। भारत त्यसको उदाहरण हुन सक्छ। तर अन्य धेरै देशहरू जस्तै नेपाल एउटा बहुजातीय देश हो। यहाँ रहेका कुनै पनि जातिहरू अहिले अलग राष्ट्रका रुपमा विकसित हुने स्थितिमा छैनन् । नेपाली समाजमा रहेको विभिन्न जातिहरू एउटा साझा राष्ट्रका

रुपमा तिब्र रुपले रुपान्तरित हुँदै गएका छन । उनीहरूमा सबै जाती वा जन जातिहरुमा “हामी नेपालीको भावना” हरेक प्रकारले प्रबल बनिसकेको छ । यी सबै जातिका जनता आफ्नो अलग राज्य बनाउने होइन सबैको सामूहिक राज्य नेपाललाई नै सुदृढ गर्ने पक्षमा छन । नेपालमा भएका सबै जातिहरूले आफू कविला अवस्थाबाट जाति तिर संक्रमण भई रहेको अवस्थामा नै आफ्नो साझा राज्यका रुपमा नेपाललाई मातृभूमी मानिसकेका छन् । त्यसैले नेपाली समाजमा रहेका कुनै पनि जातिका जनता भोली आफू नेपालबाट अलग भएर आफ्नो स्वतन्त्र राज्य बनाउने कल्पना पनि गर्दैनन् । उनीहरू सबैले नेपाललाई नै आफ्नो राज्यका रुपमा वा आफ्नो मातृभूमीका रुपमा रोजिसकेका छन् । त्यसैले एकातिर नेपालमा राष्ट्रिय आत्मनिर्णयको अधिकारको कुरा गर्ने कुनै आन्तरिक आधार छैन भने अर्कोतिर नेपालका कुनै पनि जातिका जनता अलग राज्य बनाउने कल्पना पनि गर्दैनन् । त्यसैले यहाँ आत्मनिर्णयको अधिकार उभ्याउने कुनै वस्तुगत आधार नै छैन ।

यति प्रष्ट भएर पनि नेपालको कतिपय वामपन्थी समूहहरु राष्ट्रिय आत्मनिर्णय र जातीय आत्म निर्णयका कुरा गरिरहेका छन । उनीहरूले विभिन्न जातिका कथित राष्ट्रिय मुक्ति मोर्चाहरू खडा गरिरहेका थिए वा छन् । कतिपयलाई त उनीहरू सशस्त्र गराउने काम पनि गर्दैछन् । उनीहरू मुलुकमा विभिन्न जातीय संघहरू बनाउन कोशिस गर्दैछन् र देशलाई जबरजस्ती तथा काल्पनिक रुपले जातीय संघिय राज्यमा बदल्ने असफल प्रयत्न समेत गरिरहेका छन् । त्यसरी नै विभिन्न जातीय संगठनहरूले पनि “जातीय मुक्ति” का नाउँमा देशलाई जातीय संघमा विभाजन गर्ने कुरा गर्दै आएका छन् । उनीहरू नेपाललाई खस साम्राज्यका रुपमा देख्छन् र त्यस साम्राज्यबाट मुक्ति पाउन सबै जातिहरूले मोर्चाबन्दी गर्नुपर्ने धारणा राख्छन । यो नेपाललाई जातीय द्वन्द्वमा फसाएर कमजोर पार्ने, विखण्डनतिर उन्मुख पार्ने र आफ्नै प्रभुत्वमा ल्याउने अन्तर्राष्ट्रिय सामाज्यवादी षडयन्त्रको उपज हो । हामीले ठुलो जाति अहंकारवाद र स्थानीय जातिवाद दुवै प्रवृतिहरुबाट सतर्क रहनुपर्छ

वास्तवमा नेपाली समाजमा जातीय समस्यालाई समाधान गर्ने बाटो के हुनुपर्छ भन्ने प्रश्नलाई बढी गम्भिर रुपले हेर्नुपर्छ । के आत्मनिर्णयको अधिकार भन्ने

कुरा सबै अर्थमा गलत नै हुन्छ ? होइन सबै अर्थमा गलत हुँदैन । हामीहरूले आज भोली संयुक्त राष्ट्र संघ र त्यसका विभिन्न निकायहरूले गरेका निर्णय र फैसलालाई हेर्‍यौं भने उनीहरूले जातिहरूको आत्मनिर्णयको अधिकारका बारेमा र आदिवासीहरूका हक अधिकारका बारेमा धेरै ठाउँमा उल्लेख गरेको पाउँछौं । वास्तवमा उक्त संस्थाहरुले पिछडिएका जातिहरू र आदिवासीहरूको बारेमा अनेकौं महत्वपूर्ण नीतिगत आधारहरू अघि सार्ने गरेका छन् । तर उक्त संस्थाहरुले उल्लेख गरेको जातीय आत्मनिर्णयको अधिकार भनेको राष्ट्रिय आत्मनिर्णयको कुरा होइन । प्रत्येक जातिहरूले आफ्नो अलग राज्य खडा गर्न पाउनु पर्छ भनेको पनि होइन । त्यो कुनै पनि जातिले पाउनु पर्ने राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र भाषिक अधिकारको कुरा हो । आफ्नो विकास र समृद्धिका बारेमा आफैले निर्णय गर्न पाउनुपर्ने हकको कुरा हो । कतिपय मानिसहरू बढी बुर्जुग भएर संयुक्त राष्ट्र संघका फैसलाहरूलाई जथाभाबी अर्थ लगाउँदै नेपाल जस्तो देशमा पनि "राष्ट्रिय आत्मनिर्णयको अधिकार"पाउनु पर्छ भन्ने बखान गर्ने काम गर्दैछन् र नेपाली समाजको जातीय समस्यालाई गलत ढंगले हेर्ने र विभिन्न जातिका जनतालाई समस्याको समाधान तिर होइन उनीहरू बीच अन्तर्रविरोध, द्वन्द्व र संघर्ष चर्काउने असफल प्रयास गरि रहेछन् । हामीले यस्ता गलत प्रयत्नहरुसँग होसियार रहनु पर्दछ ।

यहाँनेर हामीले के कुरा बुझ्नुपर्छ भने एउटा व्यक्तिले पनि आफ्ना बारेमा गर्ने निर्णय आत्मनिर्णयको कुरा हुन सक्छ । कुनै संस्था वा सामाजिक संस्थाले पनि आफ्ना बारेमा आत्मनिर्णय गर्न सक्दछ । त्यसरी नै एउटा समुदाय, जाति वा जनजातिले पनि आफ्ना बारेमा गर्ने निर्णयलाई आत्मनिर्णय भन्न सकिन्छ । यस अर्थमा अघि सारिने आत्मनिर्णयको अधिकारको कुरालाई हामीले कुनै आपत्ति गर्नु पर्दैन । त्यसलाई हामी पनि दृढ समर्थन गर्छौं तर एउटा राज्य र एउटा राष्ट्र भित्रका विभिन्न जातिहरूका निम्ति "राष्ट्रिय आत्मनिर्णयको अधिकार" को कुरा कसैले गर्छ र विभिन्न जातिका जनतालाई कथित "राष्ट्रिय मुक्ति मोर्चाका" रुपमा संगठित बनाउन हिंड्छ भने त्यो नेपाली समाज र नेपाली जनताको हित विरोधी कार्य हुन्छ र त्यो विखण्डनकारी कार्य हुन्छ । के लिम्बु जाति नेपालबाट अलग हुन चाहन्छ ? के थारु जाति नेपालबाट अलग हुन चाहन्छ ? के किराँत जनता नेपालबाट अलग हुन चाहन्छन् ? के मगर,

गुरुङ्ग  र तामाङ्ग जातिका जनता नेपालबाट अलग हुन चाहन्छन् ? के नेवार जातिका जनता अलग हुन चाहन्छन ? कोही पनि चाहँदैनन् । नेपाल नामको राज्य नै हामी सबैको साझा राज्य हो र हामी सबै नेपाल राष्ट्रका अभिन्न अंग हौं । त्यसो भए नेपालका कुनै जातिलाई “राष्ट्रिय आत्मनिर्णय गर्ने” अधिकार चाहिएको छ त ? कसैलाई पनि चाहिएको छैन । त्यसैले देशका विभिन्न भागमा एक वा अर्को जातिका जनताका नाममा बनाइने कथित राष्ट्रिय मुक्ति मोर्चाको कुनै आचित्य छ त ? त्यस्ता संगठनको औचित्य पनि छैन । विभिन्न जाति, भाषा, संस्कृति र समुदायका जनतालाई आफ्ना हक, अधिकारका बारेमा जागरुक बनाउन खडा गरिने संगठन र संस्थाहरूको कुरा अर्कै हो । तर एक वा अर्का जाति वा क्षेत्रका जनताका नाममा “राष्ट्रिय मुक्ति मोर्चा” बनाउने कुरा भनेको जातिवादी अहंकारवाद माथि खडा हुने खतरनाक राष्ट्रिय विखण्डकारी चिन्तन हो । हामी नेपालका सबै जातिका जनताले यस्ता गलत चिन्तन र तिनीहरुको प्रभावबाट सधैं मुक्त रहन सक्नुपर्छ ।

त्यसो भए नेपाली समाजको जातीय समस्यालाई समाधान गर्ने आधारभूत बाटो चाँही के हो त ? हाम्रो बाटो भनेको अहिले पनि एशिया, अफ्रिका र ल्याटिन अमेरिकी भूखण्डका बहुजातीय राज्यहरूले अपनाइरहेको बाटो नै हो । त्यसमा दुईवटा आधारभूत पक्षहरू रहेका छन् । पहिलो हो, राज्य सबैको साझा हुनु र सबै जातिका जनताले आफ्नो राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक विकास निर्विवाध रुपले गर्न पाउनु र दोश्रो हो सबै जातिका जनताबीच आफ्नो साझा राज्य अन्तर्गत सह अस्तित्वमा रहने, सह सम्बन्धमा विकास गर्ने, सह कार्य गर्ने र समान भविष्य तर्फ अघि बढ्ने प्रजातान्त्रिक वातावरणको सिजना हुन । विश्वका सबै बहुजातीय राज्यहरूको यो समान समस्या हो । यो समस्यालाई सबै देशहरूले हल गरि सकेका छैनन् । यी देशहरूको विकास क्रम पनि आ-आफ्नै ढंगले अघि बढ्दै आएको छ । पृष्ठभूमी, इतिहास, सामाजिक संरचना, अन्तर्राष्ट्रिय अवस्थिति र ऐतिहासिक विकासको प्रकृयामा यी सबै देशहरूको आ-आफ्नै विशिष्टता रहेका छन् । ती  विशिष्टताका आधारमा यी देशहरू सामूहिक रुपले राष्ट्रिय राज्य वा बहुराष्ट्रिय राज्यमा रुपान्तरित बनिरहेका छन् । कुनै देशको सामाजिक संरचना बढी सरल छ, थोरै जातिहरू मात्र छन् । बंगलादेश एउटा उदाहरणका रुपमा लिन सकिन्छ । तर भारतमा १४ प्रमुख भाषाहरूका साथै एक हजार (१०००) भन्दा

बढी स-साना भाषाहरू बोलिन्छन् । त्यति नै संख्यामा विभिन्न जातिका जनता पनि छन् - भारतमा । त्यस्ता देशमा जातीय समस्या झनै जटिल रहेको हुन्छ । त्यस माथि विकासको गति असमान हुनुले पनि समस्यालाई बढी जटिल बनाइदिएको हुन्छ । त्यति भएर पनि तेश्रो विश्वका यी देशहरू एकातिर लामो समय देखि साम्राज्यवाद र उपनिवेशवादको थिचोमिचोमा रहे । त्यसका विरुद्धको संयुक्त संघषले विभिन्न जातिका जनता सामु सह- अस्तित्व र एकताको भावनालाई गहिरो बनाएको छ । अर्कोतिर बदलिँदो अन्तर्राष्ट्रिय परिस्थितिका क्रममा यी देशहरू भित्र प्रजातान्त्रिकरणको प्रकृया पनि क्रमशः गहिरिँदै गएको छ । त्यसले यी देशका जनतामा आफ्नो पहिचान, भूमिका र भविष्य सम्बन्धि चेतना पनि उन्नत बन्दै गएको छ । उनीहरूमा विकसित संसारका अनुभवहरूलाई नक्कल गर्ने नभएर विश्लेषणात्मक ढंगले हेर्न र बुझ्न सक्ने क्षमता उन्नत भएको छ र उनीहरू आफूले एकतावद्ध भएर हिंडनु पर्ने बाटो पहिल्याउन पनि उत्तिकै सक्षम बन्दै गएका छन् । नेपाली समाज पनि ठिक यहि धरातलबाट अघि बढ्दै छ ।

हामीले हाम्रो समाज भित्र रहेको विविधतालाई एउटा अनमोल सम्पदाका रुपमा लिनुपर्छ । नेपाली समाज विश्व मानव समाजको एउटा जीवित संग्रहालय (living museum) का रुपमा रहेको छ भन्ने कुरालाई गहिरो गरी मनन गर्नुपर्छ । यो समाजको विकासलाई सहज प्राकृतिक वातावरण निर्माण गर्नुपर्छ । त्यसरी मात्र हाम्रो प्रिय मातृभूमिका सबै जातिका जनता साझा शत्रुका अवरोधका विरुद्ध जुध्दै आपसी सह-अस्तित्व, सहकार्य, सहसम्बन्ध, अन्तर्रघुलन,समिश्रण र रुपान्तरणको प्रकृयावाट अघि बढ्ने वातावरण बन्न सक्छ ।

त्यसका निम्ति प्रथमतः नेपाल राज्यलाई लोकतान्त्रिकरणको गहिराईमा पुर्‍याउनु पर्छ । यो नेपालका सबै जातिका जनताको साझा राज्यका रुपमा खडा भयो । तर राज्यले सबै जातिका जनता माथि समान दृष्टिकोण अपनाउन सकेन । त्यो कहिले खस अहंकारवाद, कहिले ब्राम्ह्णवादबाट र कहिले हिन्दुवादबाट बढी प्रभावित हुँदै गयो । नेपालका निरंकुश शासकहरूमा बढ्दै गएको उपरोक्त प्रभावको परिणाम स्वरुप विभिन्न जाति, भाषा, संस्कृति र धर्मका बीच भेदभाव बढ्दै गयो । त्यसले धार्मिक एकाधिकारवाद र भाषिक एकाधिकारलाई बढावा दियो । त्यसलाई तोड्नका निम्ति राज्यलाई पूर्ण रुपले लोकतान्त्रिकरण र समाजवादीकरण गर्नुपर्छ

र त्यसलाई पूँजीपती वर्गको मात्र हित गर्ने राज्य होइन सबै जातिका जनताको हित गर्ने समाजवादी राज्यमा रुपान्तरित गर्नुपर्छ ।

दोश्रो, राज्यले नेपाली समाजमा रहेका सबै जातिका जनतालाई आफ्ना भाषा र संस्कृतिको विकास गर्न समान अवसर प्रदान गर्नुपर्छ । त्यसो गर्नका निम्ति उपयुक्त राष्ट्रिय नीति, र संरचनाहरूको निर्माण गर्नुपर्छ । सबै जातिका जनतालाई आफ्ना राजनीतिक, आर्थिक, समाजिक र साँस्कृतिक विकासका निम्ति आवश्यक अधिकार प्रदान गर्नुपर्छ । त्यसको स्वरुप निर्धारणगर्न नेपाली समाजको विशिष्ठताको र त्यसको भविश्यको बारेमा गहिरो समझको विकास गर्नुपर्छ ।

तेश्रो, नेपाली समाजका विभिन्न जातिका जनता भित्र लामो ऐतिहासिक विकास क्रममा सृष्टि हुँदै गएका अनेकौं असल परम्परा र प्रचलनहरू छन् । तिनीहरूबाट एक अर्को जातिले सिक्न सकिने र सिक्नै पर्ने कुराहरू छन् । त्यो प्रकृयालाई प्रोत्साहित गर्ने र सबैको साँस्कृतिक धरातललाई समुन्नत पार्ने कार्य गर्नुपर्छ ।

चौथो, विभिन्न जातिका जनताबीच आपसी सम्बन्ध, सहयोग र सद्भावना विकसित हुँदै आएका छन् । संयुक्त रुपले राष्ट्रको एकिकरण गर्ने संघर्षले होस्, विदेशी अतिक्रमणकारी साम्राज्यवाद विरोधी साझा संघर्षका क्रममा होस्, एउटै निरंकुश शासनका विरुद्ध दिर्घकालिन साझा संघर्षमा लाग्ने क्रममा होस वा एउटै परिवेश र परिबन्दसँग एक्कै खालका प्राकृतिक र सामाजिक बाधा विघ्न र विपत्तिहरूसँग जुध्दै अघि बढ्ने क्रममा होस् वा समान ढंगको जीवन जीउंदै आउने क्रममा होस् नेपाली समाजमा सबै जातिका जनतामाझ कसैले विचलित पार्नै नसकिने ढंगको गहन र गहिरो सम्बन्ध, समझदारी र आत्मियता विकसित भएको छ । यो भ्रातृत्वपूर्ण सम्बन्ध नै हामी सबैलाई नेपाली बनाएर राख्ने त्यो अविछिन्न डोरी हो, जो समाज विकासको क्रममा अझ खँदिलो र बलियो बन्दै गएको छ र जाने छ ।

पाचौं, यद्यपी देश भित्रका सामन्ती शक्तिहरू र देश बाहिरका प्रभुत्ववादी शक्तिहरू नेपाल राज्यलाई कमजोर पार्ने र आफ्ना प्रभाव र प्रभुत्वलाई विस्तार गर्न हाम्रा बीच  बैयनश्यता खडा गर्न अनेकौं षडयन्त्र गर्न सक्छन्

र गरिरहेका पनि छन् । उनीहरू कहिले उग्रवामपन्थलाई प्रयोग गर्छन, कहिले जातीय अहंकारवादलाई प्रयोग गर्छन,कहिले उग्रवादीतावादलाई प्रयोग गर्छन, कहिले साम्प्रदायिकतालाई प्रयोग गर्छन, कहिले हिन्दुवाद र ब्राम्हणवादलाई प्रयोग गर्छन । हामी भित्रै त्यस्ता प्रवृत्तिगत विकृतीहरू विकसित भएका छन्, जुन साम्राज्यवादीहरूका निम्ति धारिला हतियार बन्न पुग्छन । ती हतियार उनीहरू चलाउँछन् र अहिले पनि चलाइरहेका छन् । हामीले यस्ता कुरामा बढो होसियार रहनुपर्छ । त्यस्ता प्रवृत्तिहरूको विरोध गर्नुपर्छ । अझ साम्राज्यवादी र प्रभुत्वादीहरूका हतियार बन्ने कुरा प्रति झन् होशियार रहनुपर्छ । यस्तो दृष्टिकोण मात्र राष्ट्रिय, बैज्ञानिक र तर्कसंगत हुन्छ। त्यस दृष्टिकोणका आधारमा हेरेर मात्र हामी नेपाली समाजमा रहेको जातीय, भाषिक, साँस्कृतिक र धार्मिक भेदलाई क्रमशः अन्त्य गर्न सक्छौं । यस्तो दृष्टिकोण लिएर अघि बढ्दा मात्र हामीहरू राष्ट्रको आत्मनिर्णयको अधिकारका बारेमा पनि सहि समझ प्राप्त गर्न सक्छौ र यस सम्बन्धमा फिजाइएका सैद्धान्तिक र राजनीतिक भ्रमहरूबाट मुक्त हुँदै राज्यलाई पूर्णरुपले लोकतान्त्रिकरण गर्दै समाजवादको दिशामा अघि बढेर मात्र जातीय समस्या समाधान गर्न सकिन्छ भन्ने कुरामा प्रष्ट हुन सक्छौं ।

सबै जातिका आदरणीय दिदी बहिनी तथा दाजुभाईहरु ! तपाईं हामीहरु कोही उत्तरतिरका विकट हिमाली भु-खण्डहरुमा बसोवास गर्छौं । कोही पहाडी भु-भागका विशाल श्रृखलाहरुमा बसोवास गर्छौं । कोही तराई क्षेत्रका विभिन्न मैदानी र भावर प्रदेशहरुमा बसोबास गर्छौं । कोही पूर्व बस्छौ त कोही  पश्चिम बस्छौ । हामी जहाँ बसे पनि नेपाली हौं । हामी जुन जातिका भएपनि नेपाली हौ । जुन भाषा बोले पनि हामी नेपाली हौ र जुन आस्था र विश्वासमा रहेपनि हामी नेपाली हौ । हामी कोही आर्य मुलबाट आयौं, कोही मंगोल मुलबाट आयौ, कोही द्रविण मुलबाट आयौ त कोही  अष्ट्रीक मुलबाट आयौ । तर जुन मुलबाट आएपनि ती हाम्रा ऐतिहासिक श्रोत मात्र हुन र आज हामी सबै नेपाली हौ । नेपाल हामी सबैको एक मात्र प्रिय मातृभुमि हो । यो ८ अरब जनसंख्या र करिब २०० मुलुक भएको विशाल विश्व परिवारमा हाम्रो एउटै पहिचान छ । त्यो हो नेपाली । हामी विश्वका जुन कुनामा पुगेपनि “म नेपाली”, “म सगरमाथा देशको मानिस” भन्दा नै हामीलाई सबैले चिन्छन. र हामीलाई असिम गर्ववोध पनि हुन्छ ।

साथसाथै हामी जुन जाति, भाषा,संस्कृति वा आस्थाका नेपाली भए पनि यतिबेला हामीहरु सबै एउटा पूँजीवादी समाजमा छौं । यो एउटा वर्गीय समाज हो । यो वर्गीय समाजमा तपाईं हामी सबै अनिवार्य रुपले कुनै न कुनै वर्गका सदस्य छौ । हाम्रा सबै जाती वा जनजाति समुदायहरु पनि वर्गीय समुदाय नै हौं । वर्ग भन्दा माथि वा बाहिर कोही पनि छैन र रहन पनि सक्तैन । यो समाजमा यतिवेला दलाल पूँजीवाद हावी छ । हामी सबै जातिका जनता माथि यही दलाल पूँजीपति वर्गको शोषण, दमन, उत्पीडन चलिरहेको छ । अहिलेको राज्यले मुलतः यही दलाल पूँजिपति वर्गको स्वार्थलाई पोषण गरिरहेको छ । समाजमा विद्यमान सम्पुर्ण जातीय, भाषिक, लैगिंक, सांस्कृतिक र आस्थागत विभेदहरुलाई संरक्षण गर्ने काम यही दलाल पूँजीपति वर्ग र उसको हित गर्ने राज्यले गरिरहेको छ । हाम्रा कठिन र कठोर संघर्षहरुले विभिन्न जातिका जनतालाई केही केही जातिगत, भाषागत र सांस्कृतिक सहुलियत र सुविधा दिन राज्य बाध्य भएको छ । ती हाम्रा संघर्ष र क्रान्तिका सह उत्पादन (co- products)हरु मात्र हुन । त्यतिले हाम्रा समस्या समाधान हुँदैनन । तिनीहरुलाई  उपयोग गर्दै अघि बढनु पर्छ । साथ साथै हामीले के कुरामा प्रष्ट हुनुपर्छ भने आज नेपाली समाजमा रहेका जति पनि जातीय, भाषिक, लैगिक, सांस्कृतिक वा आस्थागत विभेदहरु छन । ती सबै नै वर्गीय विभेदका अनिवार्य उपज हुन । त्यसैले जातीय, लैगिक, भाषिक, सांस्कृतिक र आस्थागत समानता प्राप्त गर्नका निम्ति संचालित सबै संघर्षहरु समाजमा चलिरहेको वर्ग संघर्षका अनिवार्य अंग हुन र ती सबै संघर्षहरु वर्ग संघर्षका मातहत छन । यति बेला त्यो वर्ग संघर्ष दलाल पूँजीवादका विरुद्ध अन्य सबै वर्गहरुको संयुक्त संघर्षका रुपमा विकसित भईरहेको छ । हाम्रा जातीय, लैंगिक, भाषिक, सांस्कृतिक र आस्थागत समानताका निम्तिका सबै संघर्षहरु पनि उपरोक्त वर्ग संघर्षका अभिन्न अंग हुन ।

यो दलाल पूँजीवादका विरुद्धको वर्ग संघर्ष भनेको आजको अवस्थामा समाजवादी क्रान्ति र रुपान्तरणको प्रकृया नै हो । हामीले पूँजीवादी-जनवादी क्रान्तिको दौरानमा केही लोकतान्त्रिक हक अधिकारहरु प्राप्त गरेका छौँ । ती अधिकारहरु प्रयोग गर्दै हामीले आफूलाई संगठित गर्दै अघि बढनु पर्छ । समाजवादी क्रान्तिले मात्र हाम्रा सम्पुर्ण विभेदका समस्याहरुलाई पनि अन्तिम रुपले समाधन गर्नेछ । त्यो क्रान्तिबाट हामी नेपाली विशेषता सहितको समाजवाद स्थापना गर्नेछौं ।

त्यो समाजवादले मात्र दलाल पूँजीवाद र सबै प्रकारका मान्छेले मान्छे माथि गर्ने शोषणहरुलाई समाप्त पार्नेछ। मानव - मानव बीच समानता स्थापना गर्ने छ। त्यसका साथ साथै जातीय समानता, लैङगिक समानता, भाषिक समानता, सांस्कृतिक समानता र आस्थागत समानता सहितको एउटा शुन्दर र सभ्य, सु-संस्कृत र समृद्ध नेपाली बिशेषता सहितको समाजवादी नेपालको निमार्ण हुनेछ।

आउनुहोस, हामी सबै जातिका जनता क्रान्तिकारी कार्यदिशाका आधारमा एकताबद्ध बनौँ। नेपाली समाजको प्रधान अन्तर्विरोध र प्रधान निशानालाई सहि ढंगले पहिल्याऔँ। दलाल पूँजीवाद र त्यसको मुख्य प्रतिनिधि राजनीतिक शक्तिहरूको विरुद्ध हाम्रा संघर्षलाई केन्द्रित गरौं। सधै बर्ग संघर्षलाई मुख्य कडीका रुपमा ग्रहण गरौं र महान् समाजवादी गणतन्त्र नेपालको स्थापना गर्ने दिशामा कम्मर कसेर अघि बढौँ।

❖❖❖

# नयाँ समाजवादी विकल्प अपरिहार्य



**डा. बाबुराम भट्टराई**
पूर्वप्रधानमन्त्री
अध्यक्ष, नेपाल समाजवादी पार्टी

## अन्तर्राष्ट्रिय आयाम :

अठारौँ शताब्दीको मध्यबाट युरोपबाट सुरु भएको औद्योगिक क्रान्ति आधुनिक विज्ञान प्रविधि र उत्पादन प्रणालीको गुणात्मक विकास सँगसँगै अहिले चौथो औद्योगिक क्रान्तिको चरणमा पुगेको मानिन्छ । मूलतः पूँजीवादी ढाँचामा रहेको यो अर्थ-राजनीतिक प्रणालीले अहिले सम्पूर्ण विश्वलाई नै आफ्नो बाहुपासमा बाँधेको छ । पूँजीवादका जनक आदम स्मिथले पूँजीवादी औद्योगिकीकरणको प्रक्रियाले मुनाफा र बजारको खोजीमा सम्पूर्ण विश्वलाई नै 'सभ्यताहरूको साझा बजार' (Common-wealth of Civilizations) मा परिणत गर्छ भनेका थिए । वैज्ञानिक समाजवाद अर्थात् साम्यवादका जनक मार्क्सले मुनाफाको खोजीमा पूँजीवादले सबै 'चिनियाँ पर्खाल भत्काउँछ' भनेका थिए । अहिले सोहीअनुरूप एक्काइसौँ शताब्दीमा आइपुग्दा सम्पूर्ण विश्व पूँजीवादी भूमण्डलीकरणको एउटै जालोमा बाँधिएको छ । पहिले युरोप र उत्तर अमेरिका र पछिल्लो चरणमा पूर्वी एशियासहित केही उच्च विकसित देश र क्षेत्रहरू पूँजीवादको 'केन्द्र' (Center) बनेका छन् भने बाँकी विश्व पूँजीवादको 'किनारा' (Periphery) बनेका छन् । पूँजीवादी प्रणालीमा अन्तरनिहीत पूँजीको विस्तारित पुनरुत्पादन र त्यसबाट निःशृत हुने केन्द्रीकरण र संकेन्द्रीकरणको नियमले 'केन्द्र'का देशहरू पूँजी, प्रविधि, उत्पादन, व्यवस्थापनका केन्द्र बनेर मालिक जस्ता हुन्छन् भने श्रम, कच्चा पदार्थका आपूर्तिकर्ता र उत्पादित वस्तु तथा वित्तीय ऋणका उपभोक्ता 'किनारा'का देशहरू पराश्रित अर्धदासजस्ता बन्न पुग्दछन् । विश्व पूँजीवादको साङ्लोमा बाँधिएका नेपालजस्ता देशहरू 'किनारा पूँजीवाद'को अन्तरनिहीत लक्षण अल्पविकास, परनिर्भरता, ऋणको दुष्चक्र, श्रम निर्यात र वस्तु आयातको असमान विनिमय आदिबाट ग्रसित देखिनु यसको ज्वलन्त उदाहरण हो ।

एक्काइसौँ शताब्दीको तेस्रो दशकसम्म आइपुग्दा केही दशकदेखि चीन र भारतजस्ता ठूलो जगेडा श्रमशक्तिको भण्डार र अथाह सम्भावित बजार भएका अर्थतन्त्रहरूको विश्व पूँजीवादी सञ्जालसँगको घनिष्ठ सम्बन्धन, पराम्परागत पूँजीवादमा वित्तीय पूँजीको बढ्दो प्रभुत्व र चलायमानता, डिजिटल र इन्टरनेट प्रविधिको तीव्र विस्तार आदि कारणले पूँजीवादी भूमण्डलीकरणको गति अति तीव्र बनेको छ । फलस्वरूप अहिले संसारको कुनै पनि कुना विश्व पूँजीवादी

सञ्जालको पहुँचबाट अछुतो रहन सकेको छैन । उदाहरणका निम्ति नेपालबाट केही दशक यता पचासौँ लाखको अदक्ष, अर्धदक्ष श्रमशक्ति खाडी मुलुक, मलेसिया, कोरिया, भारततिर र अर्धदक्ष, दक्ष जनशक्ति उत्तर अमेरिका, युरोप र अस्ट्रेलियातिर लाग्नु त्यही वैश्विक प्रक्रियाको एउटा कडी हो । यसले विश्वव्यापी अर्थ-राजनीतिक र सामाजिक परिवर्तनको ठूलो सम्भावना र चुनौती सँगसँगै अगाडि ल्याएको छ ।

एकातिर, विश्व इतिहासमै वस्तु तथा सेवाको उत्पादन र मानव जातिको कुल धन, सेवा, शिपको आर्जन आकाश छुने गरी चुलिएको छ । जस्तै, सन् १९६१ मा विश्वको कुल जनसंख्याको वार्षिक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ४७१ अमेरिकी डलर थियो भने त्यो २०२१ मा २५.९८ गुणा बढेर १२,२३५ डलर भएको छ । त्यो भनेको संसारका आठ अर्ब सबै मानिसलाई बराबर बाँड्ने हो भने सबैलाई सम्मानजनक जीवनयापन गर्न पुग्ने आम्दानी हो । त्यही हिसाबले मानिसको पहिलो आवश्यकता भोजन संसारका सबै व्यक्तिलाई बराबर बाँड्ने हो भने दैनिक २८०० किलोक्यालोरीका दरले पुग्छ । त्यसरी नै आवास, शिक्षा, स्वास्थ्यलगायत सबै अत्यावश्यक वस्तु र सेवा राम्रो वितरण प्रणाली भएमा सबै मानिसलाई पुग्छ । तर अर्कोतिर, कुल सम्पत्ति र आम्दानी तथा अत्यावश्यक वस्तु तथा सेवाको वितरणमा देश-देशबीचमा र देशभित्र वर्ग, जाति, लिंग, समुदाय, क्षेत्रबीचमा वितरण र पहुँचको ठूलो असमानता पनि त्यत्तिकै टड्कारो छ । जस्तै, विश्वमा कुल सम्पत्तिको वितरणको हिसाबले गरिब ५० प्रतिशतको साथमा दुई प्रतिशत, मध्यम ४० प्रतिशतको साथमा २२ प्रतिशत र धनी १० प्रतिशतको साथमा ७६ प्रतिशत सम्पत्ति छ (**विश्व असमानता प्रतिवेदन**, २०२१) । त्यसरी नै आम्दानीको वितरणका हिसाबले विश्वका सबभन्दा गरीब ५० प्रतिशतले ८ प्रतिशत, सबभन्दा धनी १० प्रतिशतले ५० प्रतिशत र बाँकी बीचका ४० प्रतिशतले ४२ प्रतिशत हिस्सा प्राप्त गर्दछन् । अनि संसारका १.६ अरब मान्छेसँग अपर्याप्त आवास सुविधा छ भने १० करोड मान्छे आवासविहीन छन् । त्यस्तै, स्वास्थ्यको हकमा सकारात्मक कुरा केही दशक यता मान्छेको आयु बढ्दै गएर महिलाको ७५ वर्ष र पुरुषको ७० वर्ष पुगेको छ । तर, नकारात्मक पक्ष, विश्व स्वास्थ्य संगठनका अनुसार विश्वका आधा मान्छेलाई अभै राम्रो स्वास्थ्य सेवामा पहुँच छैन । शिक्षाको क्षेत्रमा विश्वको साक्षरता दर सन् २०२० मा ८६.८ प्रतिशत

पुगेको छ। तर, अभर्इ २५ करोड बालबालिका स्कुल जानबाट वञ्चित छन्। यसरी पूँजीवादी विकास स्वभावैले असमान र विषम हुन्छ र त्यसले देश-देशबीचमा र देशभित्र वर्ग, जाति, लिंग, क्षेत्र, समुदायबीचमा निरन्तर द्वन्द्व सिर्जना गरिरहन्छ भन्ने इतिहासदेखि वर्तमानसम्मको विश्वव्यापी अनुभवले पुष्टि गर्छ।

पूँजीवादी विश्व अर्थ-व्यवस्थाको अर्को चारित्रिक विशेषता पूँजी र प्रविधिमा एकाधिकार कायम गरेका कम्पनीहरूको बाहुल्य भएका देशहरूले आफ्नो प्रभुत्व विस्तार र रक्षा गर्न राज्यलाई अतिशय सैनिकीकरण गर्नु र विनाशकारी युद्धको सहारा लिनु हो। पूँजीवादको त्यही प्रवृत्ति र रूपलाई लेनिनले 'साम्राज्यवाद' भनेका हुन् र अहिले पनि त्यो प्रवृत्ति विविध रूपमा कायम छ, पूँजीवाद रहेसम्म त्यो कायमै रहन्छ। साथै, विश्व पूँजीवादी केन्द्र कहिले एकल ध्रुवीय र कहिले बहु-ध्रुवीय बनिरहन्छ। सन् १९५९ मा सोभियत संघको विघटनपछि अमेरिकी नेतृत्वमा एकल ध्रुवीय रहेको पूँजीवादी विश्व अहिले बहुध्रुवीय बन्दै गइरहेको छ। साथै, सैनिक र वित्तीय गठबन्धनहरू पनि नयाँ-नयाँ बन्दै गइरहेका छन्। खासगरी पछिल्ला दशकमा चीनको विश्व आर्थिक महाशक्तिका रूपमा चामत्कारिक उदयपछि विश्वको शक्ति सन्तुलनमा गुणात्मक हेरफेर हुने संकेत मिलिरहेको छ। दोस्रो विश्वयुद्धपछि देखि आणविक हातहतियारको ठूलो त्रास रहिआएको विश्वमा पछिल्लो डिजिटल र इन्टरनेट प्रविधि आधारित साइबर युद्धको त्रास पनि थपिएको छ। थल र जलमाथि मात्र होइन, नभ (आकाश) माथि पनि प्रभुत्व कायम गर्ने विश्व पूँजीवादी होडबाजीले मानव सभ्यतामाथि नै गम्भीर चुनौती खडा गरेको छ। पछिल्लो डिजिटल, जैविक प्रविधिको बेरोकटोक विस्तार, तिनीहरूमाथि केही बहुराष्ट्रिय कम्पनीहरूको एकाधिकार र कृत्रिम बौद्धिकता (एआई)को अनियन्त्रित विस्तार र प्रयोगले वर्तमान पूँजीवादी विश्व-व्यवस्थामाथि नै गम्भीर प्रश्न उठ्न थालेका छन्।

विश्व पूँजीवादी अर्थ-राजनीतिक प्रणालीले सिर्जना गरेको झनै ठूलो चुनौती तीव्र गतिको जलवायु परिवर्तन, वातावरण विनाश, जैविक विविधताको ह्रास, वायु प्रदूषण, हिमनदी नाश, मरुभूमीकरण, समुद्री सतहको वृद्धिलगायतको त्रासदीबाट मानव जाति र प्राणीजगत्को अस्तित्वमाथि नै मडारिँदै गएको खतरा हो। निजी मुनाफाको निम्ति यही गतिमा कार्बन उत्सर्जनजन्य ऊर्जाको प्रयोग र प्रकृतिको विनाशकारी विकासको बाटो अवलम्बन गरिरहे आंकलन

गरेभन्दा छिट्टै पृथ्वीको औसत तापक्रम पहिलो औद्योगिक क्रान्ति यता २ डिग्री सेन्टिग्रेड नाघ्ने र मानवजातिको अस्तित्वमा खतरा हुने वैज्ञानिकहरूको पछिल्लो चेतावनी विशेष स्मरणीय छ ।

नेपालजस्तो पराश्रित किनारा पूँजीवादको जालोमा फसेको र भारत र चीनजस्ता दुई ठूला आकारका मुलुक र उदीयमान विश्वशक्तिहरूको चेपुवामा परेको देशले बेलैमा यी अन्तर्राष्ट्रिय आयामहरूको वस्तुनिष्ठ मूल्यांकन गरेर आफ्नो भूमिका र भविष्य तय गर्नुपर्दछ। त्यस निम्ति परम्परागत रूपमा 'हिमालयन फ्रन्टियर' अर्थात् हिमालवारि आफ्नो प्रभाव क्षेत्र ठान्ने भारतको सोच र रणनीति, बेल्ट एण्ड रोड एनिसिएटिभ (बि.आर.आई.)मार्फत नेपाल हुँदै दक्षिण एसियाको विशाल बजारसँग जोडिने चिनियाँ रणनीति र 'इन्डो-प्यासिफिक स्ट्राटेजी' (आइ.पि.एस.)मार्फत उदीयमान महाशक्ति चीनलाई घेर्ने विद्यमान विश्व महाशक्ति अमेरिकाको घोषित रणनीतिलाई ठीकसँग बुझेर आफ्नो राष्ट्रिय हितअनुकूलको रणनीति बनाउन नेपाल सक्षम हुनै पर्छ। विश्वव्यापी रूपमा रहेका अर्थ-राजनीतिक समस्या, पर्यावरणीय समस्या, विनाशकारी आणविक हातहतियार र एआईजस्ता प्रविधिका समस्या र आन्तरिक रूपमा रहेका विशिष्ट भूराजनीतिका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक समस्या समाधान गर्ने गरी हामीले आफ्नो मार्गनिर्देशक सिद्धान्त, नीति र कार्यक्रमहरू तय गर्नुपर्दछ। यस सन्दर्भमा अब पूँजीवादभन्दा अघि वढेको र विगतका साम्यवादी प्रणालीका कमजोरीबाट पनि मुक्त नयाँ समाजवादी विचार र प्रणाली २१ औं शताव्दीको अपरिहार्य आवश्यकता हो भन्ने स्वतः सिद्ध छ।

विश्वका अगुवा चिन्तक र वैज्ञानिकहरूले अघि सारेका विचार, विभिन्न देशमा भएका फरक-फरक प्रयोग र हाम्रो आफ्नै प्रयोग र अनुभवबाट हामीले सिक्नुपर्दछ। मानव समाज रहेसम्म विचारधाराको अन्त्य हुँदैन। विचारधारा भनेको निरन्तर गतिशील प्रकृति र समाजको गतिको नियम हो। गतिका नियम, विशेषतः समाजको गतिका नियम, समय सँगसँगै विकसित र परिमार्जित हुँदै जान्छन्। समाजका गतिका नियम बुझेर र तिनलाई ठीक ढंगले प्रयोग गरेर मात्र समाज रूपान्तरण गर्न र सोचेको गन्तव्यमा पुग्न सकिन्छ। त्यस अर्थमा विचारधारा भनेको रूपान्तरणकारी राजनीतिको मार्गदर्शक यन्त्र हो भन्ने हामीले राम्ररी वुझ्नुपर्दछ।

शीतयुद्धको अन्त्यपछि केही समय विचारधाराहरूको अन्त्य र पूँजीवाद तथा उदार लोकतन्त्रको एकल वर्चस्वको डंका पिटिए पनि पुनः परम्परागत पूँजीवाद र साम्यवादभन्दा अघि बढेका विचार र अर्थ-राजनीतिक प्रणालीको खोज विश्वव्यापी रूपमा भइरहेको छ। एकातिर दक्षिणपन्थी कोणबाट जातीय-राष्ट्रवाद र धार्मिक-राष्ट्रवादको आडमा दक्षिणपन्थी लोकप्रियतावाद (पपुलिज्म) र विभिन्न स्वतःस्फुर्ततावाद/व्यवहारवादको प्रयोग भइरहेको छ भने अर्कोतिर वामपन्थी कोणबाट प्रगतिशील पूँजीवाद, प्रगतिशील लोकतन्त्र, सहभागितामूलक समाजवाद, सामुदायिक समाजवाद आदि विचार/प्रणालीको पैरवी र प्रयोग भइरहेको छ। हामीले वैज्ञानिक अग्रगामी, जनमुखी सोच र प्रतिबद्धता साथ वर्तमान युग र देशको ठोस स्थितिको ठोस विश्लेषण गरेर आफ्नो बाटो तय गर्नुपर्दछ। विश्वलाई हेर्ने र आफ्नो धरातलमा टेक्ने हाम्रो सोच र शैली हुनुपर्दछ।

## राष्ट्रिय आयाम

सात दशकसम्मको जनताको सशस्त्र र शान्तिपूर्ण आन्दोलनको बलमा देशमा संविधानसभा मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ। २०७२ सालमा संविधान जारी भएयता देशमा संघ, प्रदेश र स्थानीय तहका दुईवटा निर्वाचन सम्पन्न भइसकेका छन्। विगतको तुलनामा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा उल्लेखनीय सुधार पनि भएको छ। तर, युगको आवश्यकता, जनताको चाहना र प्रगतिको सम्भावनाको तुलनामा अहिलेसम्मका उपलब्धिबाट सन्तुष्ट हुने अवस्था छैन। बरु राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रका संरचनात्मक समस्याहरू झन् पेचिला बन्दै गएका छन् र आमजनताको असन्तुष्टि, निराशा र आक्रोश चुलिँदै गएको छ। देशभित्रका यी गम्भीर समस्यालाई ठीक ढंगले पहिचान गरेर समाधान गर्नु आजको ज्वलन्त आवश्यकता हो।

### संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र विकास

हामीले संविधान जारी भएकै दिनदेखि भन्दै आएका छौं- यो संविधान 'आधा भरी र आधा खाली गिलास' जस्तो छ। प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक संसद्, जातीय/भाषिक पहिचानका

आधारमा प्रदेशहरूको पुनः सीमांकन र नामांकन लगायतका संशोधन नभएसम्म राजनीतिक अस्थीरता र जनताको असन्तुष्टि कायम रहन्छ भन्ने कुरा अहिले व्यवहारतः पुष्टि हुँदै गइरहेछ । दुईपटकको आमनिर्वाचनपछि पनि देशमा राजनीतिक स्थीरता कायम हुन सकेको छैन । राजनीतिक स्थीरताविना सुशासन र आर्थिक-सामाजिक रूपान्तरण हुन सक्ने कुरै भएन । अर्कोतिर, अधुरो संघीयता पनि बेलैमा ऐन-कानुन बनाएर ठीकसँग कार्यान्वयन नहुँदा प्रदेशहरूले पनि जनताको अपेक्षा पूरा गर्न सकिरहेका छैनन् । मधेस प्रदेशबाहेक अरू सबै प्रदेशको नामकरण पुरानै पञ्चायती अञ्चलहरूको जस्तो गरी भएको छ । जसले गर्दा उत्पीडित जाति र आम जनतामा निराशा र असन्तुष्टि बढ्दै गइरहेछ । त्यो धमिलो पानीमा माछा मार्न पुनरुत्थानवादी शक्तिहरू संघीय लोकतान्त्रिक गणतन्त्रको विरुद्धमा नै सल्बलाउन खोजिरहेछन् ।

यो स्थितिमा संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै जनताको सुशासन, समृद्धि र सामाजिक न्यायको आकांक्षा पूरा गर्नु लोकतान्त्रिक, प्रगतिशील, समाजवादी शक्तिहरूको साझा दायित्व हो । परन्तु संघीय लोकतान्त्रिक गणतन्त्रको वास्तविक रक्षा शासकीय स्वरूप र संघीयतामा आवश्यक सुधार, सुशासनको प्रत्याभूमि, समानुपातिक समावेशी प्रतिनिधित्वको सही कार्यान्वयन र तीव्र आर्थिक विकासविना सम्भवै छैन । विभिन्न वर्ग, जाति, क्षेत्र, लिंग, समुदायका जनता र विशेषतः उदीयमान युवापुस्ताको बढ्दो आकांक्षा पूरा गरेर मात्र ठूलो बलिदानस्वरूप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रप्रति आमजनताको अपनत्व स्थापित गर्न सकिन्छ ।

गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रको निम्ति लडेका व्यक्ति र शक्तिहरूको नै क्रमशः स्खलन र भ्रष्टीकरण, व्यवस्था परिवर्तनपछि जनजीवनमा त्यसको अपेक्षित प्रतिफलको अभाव र क्रान्तिकारी आन्दोलनपछि हुर्केको युवा पुस्तामा ऐतिहासिक क्रान्तिचेतको प्रवाहमा कमी जस्ता कमजोरीले पनि आज संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न कठिन भइरहेछ । गणतन्त्र निम्ति लडेका नेताहरू नै सत्तामा पुगेपछि राजशी ठाँटबाँटमा रमाउनु, संघीयताका मसिहा मानिएका नेताहरू नै निजी सत्तालिप्सानिम्ति घोषित संघीयता विरोधीहरुसँग टाँसिन पुग्नु, धर्मनिरपेक्षताको दुहाइ दिनेहरू नै सत्तास्वार्थ र चुनावी लाभका

निम्ति धार्मिक कट्टरपन्थीहरूको हुलमा मिसिएर एकल धार्मिक राज्यको वकालत र अनुशरण गर्नु, समावेशी लोकतन्त्रका पक्षधरहरू सत्तामा पुग्दा चरम असमावेशी व्यवहार गर्नु, यो भन्दा ठूलो विडम्बना अरू के हुन सक्छ ?

संघीय लोकतान्त्रिक गणतन्त्रका निम्ति सबभन्दा बढी योगदान र बलिदान गरेको माओवादी जनयुद्धपश्चात् सम्पन्न बृहत् शान्ति सम्झौता र मधेस आन्दोलन, थरुहट आन्दोलन, आदिवासी जनजाति आन्दोलनलगायतमा भएका सम्झौताको पूर्ण कार्यान्वयन पनि संविधान र व्यवस्थाको रक्षा निम्ति महत्वपूर्ण छ । खासगरी सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिहरूको छानबिन आयोगको काम छिटो सम्पन्न गर्न जरुरी छ। नत्र देशमा अर्को द्वन्दको खतरा मडारिन सक्छ।

अतः भनाइ र गराइ दुवैमा वर्तमान संविधानका प्रमुख आधारशिला गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रप्रति प्रतिबद्ध शक्तिहरूको सहकार्य र ध्रुवीकरणमार्फत वर्तमान संविधानको 'आधा गिलास' रक्षा गर्दै 'पूरा गिलास' भर्ने अभियानमा अग्रसर हुनु जरुरी भएको छ । वर्तमान नेपाली सन्दर्भमा यी चार आधारशिलामध्ये कुनै एक जानेर वा नजानेर भत्काउँदा पूरै लोकतान्त्रिक संरचना भत्कन सक्छ भन्ने बुझ्न उत्तिकै जरुरी छ । साथै, लोकतन्त्रका यी आधारशिलामा टेकेर मात्र समृद्धि र समाजवादको दिशामा अघि बढ्न सकिन्छ भन्ने सबैले हेक्का राख्न जरुरी छ । यो आधारभूत वैचारिक-राजनीतिक विषयमा प्रस्टता नयाँ उदीयमान अग्रगामी वैकल्पिक शक्तिहरूका निम्ति विशेष महत्वपूर्ण छ ।

## अर्थतन्त्रका संरचनात्मक समस्या

देशमा ठूलो क्रान्तिकारी राजनीतिक परिवर्तनपछि पनि नेपाली अर्थतन्त्रका गम्भीर संरचनात्मक समस्या हल हुन सकिरहेका छैनन् । फलस्वरूप अल्पविकास, गरिबी, बेरोजगारी, परनिर्भरता, असमानता आदि हाम्रा अर्थतन्त्रको दुःसाध्य समस्या बनेका छन् । देश अभईसम्म अतिकम विकसित मुलुकको श्रेणीमा हुनु, वार्षिक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (जिडिपी) विश्वको औसतभन्दा दश गुना कम हुनु, पचासौं लाख बेरोजगार युवा वैदेशिक रोजगारीमा जान बाध्य हुनु, ६० प्रतिशत श्रमयोग्य जनसंख्या कृषिमा आश्रित हुनु, निर्यातभन्दा आयात १३ गुणा बढी हुनु, वार्षिक पूँजीगत खर्च (आ.व. २०८०/८१ मा रु. ३ खर्ब २

अर्ब) भन्दा ऋणको साँवा-ब्याज (रु. ३ खर्ब ७ अर्ब) बढी हुनु, बैंकमा देशको जिडिपीभन्दा बढी रकम जम्मा हुनु तर तरलता अभाव रहनु आदि सूचकांकले नेपाली अर्थतन्त्रको गम्भीर संरचनात्मक समस्याको पुष्टि गर्दछ ।

झनै विडम्बनापूर्ण र चिन्ताजनक कुरा के भने गत ६० वर्षमा विश्वका हाम्रा समकक्षी र छिमेकी देशले विकासको भऱ्याङमा कहाँबाट कहाँ फड्को मारे तर हामीचाहिँ कछुवाको गतिमा पुछारको पुछारमै छौँ । त्यसबीचमा राजनीतिक परिवर्तन निरंकुश राजतन्त्रबाट संसदीय राजतन्त्र हुँदै गणतन्त्रसम्म पुग्यो तर हाम्रो अर्थतन्त्रको मूलनीति र गतिमा कुनै गुणात्मक परिवर्तन भएको छैन । उदाहरणका निम्ति, सन् १९६१ देखि २०२१ सम्मका ६० वर्षमा हाम्रो अर्थतन्त्रको वार्षिक वृद्धिदर कहिल्यै दुई अंकको (अर्थात् १० प्रतिशत वा माथि) भएको छैन र आठ वर्ष मात्र सात प्रतिशतभन्दा माथि छ । यहीबीचमा महान् फड्को हानेको चीनले २२ वर्ष दुई अंकको वृद्धिदर र अर्को २२ वर्ष सात प्रतिशतभन्दा बढी वृद्धिदर हासिल गरेको छ । त्यसरी नै सिंगापुर, कोरिया र मलेसियाले यही अवधिमा दुइ अंकको वृद्धिदर क्रमशः १७, १६ र ४ वर्ष र ७ प्रतिशतभन्दा माथिको वृद्धिदर क्रमशः १७, १८ र २२ वर्ष हासिल गरेका छन् । फलस्वरूप सन् १९६० को दशकमा हाम्रोभन्दा कम प्रतिव्यक्ति जिडिपी भएको चीनको अहिले १० गुणा बढी छ । त्यसरी नै पहिले हाम्रो बराबर भएको भारतको प्रतिव्यक्ति जिडिपी अहिले अढाई गुणा बढी छ । अनि कोरियाको पहिले हामीभन्दा साढे तीन गुणा बढी भएकोमा अहिले ३६ गुणा बढी छ ।

अर्थतन्त्रको संरचनात्मक समस्या मापन गर्ने अर्को महत्वपूर्ण आधार कृषि, उद्योग र सेवा क्षेत्रमा कुल श्रमशक्तिको संलग्नता र जिडिपीमा योगदानको अनुपात हो । विकसित र स्वस्थ अर्थतन्त्रमा ठूलो श्रमशक्ति कृषिबाट उद्योग र सेवा क्षेत्रमा स्थानान्तर हुन्छ र त्यही अनुपातमा जिडिपीमा पनि योगदान हुन्छ । तर, हाम्रो विगत ५० वर्षदेखिको प्रवृत्ति हेर्ने हो भने (मोटामोटी संख्यामा) सन् ७० को दशकमा कृषिको हिस्सा रोजगारीमा ९२ प्रतिशत र जिडिपीमा ६५ प्रतिशत, उद्योगको रोजगारीमा २ प्रतिशत र जिडिपीमा २० प्रतिशत र सेवाको रोजगारीमा ६ प्रतिशत जिडिपीमा १५ प्रतिशत थियो । अहिले २०२० को दशकमा आइपुग्दा कृषिको रोजगारीमा ६० प्रतिशत र जिडिपीमा २४ प्रतिशत,

उद्योगको रोजगारीमा १२ प्रतिशत र जिडिपीमा १४ प्रतिशत र सेवाको रोजगारीमा २८ प्रतिशत र जिडिपीमा ६२ प्रतिशत छ । यसरी श्रमशक्तिको अत्यधिक हिस्सा कृषिमा आश्रित हुनु र त्यसको उत्पादकत्व घट्नु, उद्योगको अवस्था गतिहीनतामा रहनु र कम रोजगारी दिने सेवा क्षेत्रले जिडिपीको ठूलो हिस्सा ओगट्नु भनेको हाम्रो अर्थतन्त्रको अवस्था पेट फुलेको दुब्लो रोगी मान्छेको अवस्थाजस्तै छ । उत्पादनमूलक कृषि क्षेत्रको आधुनिकीकरण हुन नसक्नु र उद्योग क्षेत्रको विकास अवरुद्ध हुनुकै परिणामस्वरूप नेपाली अर्थतन्त्र श्रम निर्यात गर्ने र वस्तु आयात गर्ने परनिर्भर 'किनारा पूँजीवाद'को भद्दा नमुना बन्न पुगेको हो । जिडिपीको एक चौथाई हिस्सा विप्रेषणले ओगट्नु र राज्यको कुल वार्षिक राजस्वको करिब ४४ प्रतिशत र कर राजश्वको ५० प्रतिशत भन्सारमा आश्रित हुनु पराश्रित अर्थतन्त्रकै द्योतक हो ।

यो समग्र अल्पविकास, न्यून वृद्धि र परनिर्भरता सँगसँगै वर्गीय, जातीय, क्षेत्रीय, लैंगिकलगायतका संरचनात्मक असमानता पनि नेपाली अर्थतन्त्रको चर्को चारित्रिक विशेषता हो । १७ प्रतिशत जनसंख्या अभई निरपेक्ष गरिबीको रेखामुनि छ भने गरिबी बढी दलित, उत्पीडित जाति, कर्णालीलगायतका दुर्गम र पिछडिएका क्षेत्र, केही मधेसका जिल्ला र आम ग्रामीण इलाकामा केन्द्रित छ । वित्तीय संघीयताको कार्यान्वयन सँगसँगै स्थानीय तहहरूमा आर्थिक विकासका गतिविधि बढे पनि अभई अपर्याप्त छन् । बाटो, बिजुली, खानेपानी, सञ्चार, शिक्षा, स्वास्थ्य सेवा, बैंक आदि पूर्वाधारहरूको विस्तार र विप्रेषणको रकमको पहुँचले गाउँ र सहरको विभेदीकरणलाई तीव्रता दिँदै छ । विशाल पिछडिएका ग्रामीण क्षेत्रहरू सँगसँगै साना र मझौला सहरहरू पनि उदाउँदै छन् । ऐतिहासिक रूपले सहरीकरणको नेतृत्व गर्दै आइरहेको संघीय राजधानी काठमाडौं र अरु शहरको दूरी कायमै छ । राजनीतिक शक्तिको आड लिएर राज्यसत्ताको बेरोकटोक दोहन गर्ने आसेपासे पूँजीपतिवर्गको उदयले सामाजिक असमानतालाई डरलाग्दोसँग बढाउँदै लगेको छ ।

संरचनात्मक ढंगले जरा गाड्दै गएको भ्रष्टाचार नेपाली अर्थतन्त्रको अर्को प्रमुख समस्या बनेको छ । राजनीतिक नेतृत्वदेखि कर्मचारीतन्त्र, न्यायालय, सुरक्षा अंग, निजी व्यवसायी, ठेकेदार, बिचौलिया हुँदै जनस्तरसम्म फैलिएको भ्रष्टाचारको

संस्कृतिले अर्थतन्त्र तहसनहस पार्दै छ। सतहमा आएका र नआएका ठूला भ्रष्टाचार काण्डहरूको उचित छानबिन गरेर निष्कर्षमा पुऱ्याउन र भ्रष्टाचार निवारण गर्न संवैधानिक र न्यायिक अंगहरू सक्षम भइरहेका छैनन् । एक अध्ययनअनुसार भ्रष्टाचार नियन्त्रण सूचकांकको एक इकाइ वृद्धि हुँदा प्रतिव्यक्ति जिडिपी औसत ६.९ प्रतिशतले वृद्धि हुन्छ । त्यस आधारमा नेपालमा व्यापक भ्रष्टाचारका कारण अर्थतन्त्रमा कसरी खर्बौंको नोक्सान भइरहेको छ, सहजै अनुमान गर्न सकिन्छ ।

नेपाली अर्थतन्त्रका निम्ति अर्को ठूलो संरचनात्मक समस्या भारतसँगको खुला सिमाना हो। सामाजिक, सांस्कृतिक रूपले सीमानजिक बस्ने दुवै देशका जनतालाई आपसी सम्बन्ध विस्तार गर्न यसले सहयोग पनि गरेको छ । तर, अर्थतन्त्रको आफ्नै नियम हुन्छ । ठूलो स्केलमा उत्पादन गरेका वस्तु सस्तो हुन्छन्, त्यसैले खुला बजार अर्थतन्त्रमा सानोले ठूलोसँग प्रतिस्पर्धा गर्नै सक्दैन। अहिलेको भारतीय अर्थतन्त्र नेपालको भन्दा ७५ गुणा ठूलो छ र हाम्रोभन्दा विकसित पनि छ । विगतमा नेपालका औद्योगिक वस्तुहरूले भारतमा ठूलो स्केलमा उत्पादन भएका वस्तुहरूसँग प्रतिस्पर्धा गर्न नसकेर नेपाली उद्योगहरू धराशयी भएका थिए । केही समययता नेपालका कृषिजन्य वस्तुहरूले भारतबाट आयातित कृषिजन्य वस्तुहरूसँग प्रतिस्पर्धा गर्न नसकेर नेपालको कृषिक्षेत्र धराशयी भइरहेछ । हाम्रा खेतबारी बाँझिई छन् र हाम्रा युवाहरू रोजगारीका निम्ति विदेश पलायन हुन बाध्य भइरहेछन् । तसर्थ, भारतसँग दरो कूटनीतिक पहल र वार्ताका माध्यमबाट हामीले यो समस्या हल नगरेसम्म नेपाली अर्थतन्त्रले गुणात्मक फड्को मार्नै सक्दैन ।

समग्रमा, विश्व अर्थतन्त्र, क्षेत्रीय अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रको अन्तरसम्बन्धलाई केलाएर नेपालको अर्थतन्त्रका संरचनात्मक समस्या गुणात्मक ढंगले हल गर्नु अबको वैकल्पिक राजनीतिक शक्तिको मुख्य कार्यभार हुनुपर्दछ । एक्काइसौँ शताब्दी 'एसियाली शताब्दी' हुने प्रक्षेपण भइरहेको र नेपाल एकापट्टि विश्वको दोस्रो ठूलो अर्थतन्त्र रहेको चीन र अर्कोपट्टि पाँचौँ ठूलो अर्थतन्त्र रहेको भारतको बीचमा हुनुलाई अवसर र चुनौती दुवैको रूपमा ग्रहण गर्नुपर्दछ । त्यसनिम्ति पनि सही राजनीतिक नेतृत्व र आर्थिक नीति जरुरी छ ।

## राजनीतिक शक्तिहरूको अवस्था

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधतायुक्त मुलुक भएको र ऐतिहासिक रूपले यसको आधुनिक अर्थ-राजनीतिक रूपान्तरण

र लोकतान्त्रीकरण ढिलो भएकाले राजनीतिक दलहरूको गठन, पुनर्गठन, ध्रुवीकरणको प्रक्रिया पनि केही मौलिक प्रकृतिको रहेको छ । यहाँ केही पुराना दलहरू दोस्रो विश्वयुद्धको लगत्तै पछिको शीतयुद्धकालीन वैचारिक-राजनीतिक धारका बाहक छन् भने केही २०४६ सालको परिवर्तनदेखि २०६२/०६३ को आन्दोलन र जनक्रान्तिले अघि ल्याएका विचार र मुद्दाका वाहक छन् । केही २०७२ मा संविधानसभाबाट नयाँ संविधान जारी भएपछिका नयाँ परिवेशको विचार र मुद्दाका वाहक दलहरू भर्खर उदाउँदै छन् ।

तिनलाई मोटामोटी रूपमा यसरी वर्गीकरण गरेर हेर्न सकिन्छ :

## (क) उदारवादी लोकतान्त्रिक धार

देशको पुरानो पार्टी नेपाली कांग्रेस यो धारको प्रमुख शक्ति हो । यसले आफूलाई 'प्रजातान्त्रिक समाजवादी' भने पनि यसको मूल चरित्र पूँजीवादी उदारवादी लोकतान्त्रिक हो । २००७ सालदेखि लोकतान्त्रिक आन्दोलनको विरासत बोकेको हुनाले यसको समाजका सबै वर्ग, जाति, समुदायमा उल्लेख्य पहुँच छ । पछिल्लो चरणमा यसले आफूलाई समयानुकूल रूपान्तरण गर्न नसकेको हुनाले यसको शक्ति खुम्चिँदै गएको छ । नेपालको पिछडिएको अर्थ-राजनीतिक धरातल र बहुजातीय, बहुभाषिक, क्षेत्रीय विविधतायुक्त परिवेशमा यसले मूलतः अनुसरण गर्ने पूँजीवादी उदारवादी नीतिबाट देशको संरचनात्मक समस्या हल हुन असम्भव छ ।

## (ख) साम्यवादी धार

अन्तर्राष्ट्रिय साम्यवादी आन्दोलनकै कडीका रूपमा २००६ सालमा स्थापना भएको 'नेपाल कम्युनिस्ट पार्टी'का विभिन्न चिराहरू यो धारमा पर्दछन् । तीमध्ये एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, मसाल, नेमकिपा, वैद्य समूह, विप्लव समूह आदि उल्लेखनीय छन् । विचार र व्यवहारमा केही अन्तर भए पनि सबैले 'मार्क्सवाद-लेनिनवाद' र केहीले 'माओवाद/विचार'लाई आफ्नो मार्गनिर्देशक सिद्धान्त, 'जनवादी केन्द्रीयता'लाई संगठनात्मक सिद्धान्त र 'जनवाद'बाट 'वैज्ञानिक समाजवाद' हुँदै 'साम्यवाद'सम्म पुग्ने आफ्नो राजनीतिक अभीष्ट मान्दछन् । केहीले बाहेक सबैले संसदीय बाटोबाटै अघि बढ्ने प्रयत्न गरिरहेकाले भनाइ र

गराइ तथा बाटो र लक्ष्यको अन्तरविरोधले उनीहरूलाई लामो समयसम्म टिक्न दिँदैन भन्ने अन्तर्राष्ट्रिय अनुभवले देखाउँछ। बेलैमा नयाँ प्रगतिशील, लोकतान्त्रिक, समाजवादी शक्तिमा रूपान्तरित भएर बृहत् ध्रुवीकरण नगर्ने हो भने यिनीहरुलाई अहिलेकै 'साम्यवादी'रूपमा लामो समय अघि बढ्न कठिन हुनेछ।

### (ग) पुनरुत्थानवादी संवर्द्धनवादी धार

राजतन्त्र र हिन्दू राज्यको पुनर्स्थापनालाई मुख्य मुद्दा बनाउने यो पुनरुत्थानवादी धारको मुख्य शक्ति राप्रपा हो । जुनसुकै समाजमा पनि हुने पश्चगामी र रुढिवादी सोच राख्ने सानो तप्काको प्रतिनिधित्व गर्ने यो शक्तिबारे खासै चर्चा गरिराख्नु जरुरी हुन्न ।

### (घ) जातीय/क्षेत्रीय पहिचानवादी धार

मधेसी, आदिवासी जनजाति, थारू आदि हिजोदेखि वञ्चितीकरणमा परेका जाति/क्षेत्रको पहिचान र अधिकारको मुद्दाकेन्द्रित राजनीति गर्ने यो धारका प्रतिनिधिहरूमा जसपा, लोसपा, जनमुक्ति, लिम्बूवान मंच लगायतका दल पर्दछन् । बहुजातीय/बहुभाषिक र क्षेत्रीय विविधायुक्त मुलुकमा एकल जाति वा क्षेत्रको मात्र मुद्दा उठाएर घोषित लक्ष्य पूरा गर्न र लामो समय टिक्न यी दलहरूलाई कठिन हुनेछ ।

### (ङ) नयाँ/वैकल्पिक शक्तिहरू

संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएपछि नयाँ युगका नयाँ समस्या नयाँ ढंगले हल गर्ने वैकल्पिक राजनीतिको एजेन्डासहित वा पुराना दलहरूको विकल्प बन्ने चाहनासहित नयाँ-नयाँ दलहरूको उदय भइरहेछ। आ-आफ्नै ढंगले तिनीहरूको उदय भएकाले तीबारे छुट्टाछुट्टै संक्षिप्त चर्चा गर्नु उपयुक्त हुनेछ ।

(i) **राष्ट्रिय स्वतन्त्र पार्टी** : २०७९ को प्रतिनिधिसभा निर्वाचनको पूर्वसन्ध्यामा गठित यो पार्टीले पहिलो निर्वाचनमै राष्ट्रिय पार्टी र चौथो ठूलो पार्टीको हैसियत प्राप्त गरेको छ। संवैधानिक समाजवाद, योग्यता

र कर्मशीलता, भ्रष्टाचारमा शून्य सहनशीलता, प्रत्यक्ष लोकतन्त्र आदि विषयलाई आफ्नो 'दर्शन र प्रतिबद्धता' बनाएको यो पार्टीको वैचारिक धार अभई प्रस्ट छैन । अनौपचारिक कुराकानीमा यसले आफूलाई 'राइट-अफ सेन्टर' (मध्य दक्षिण) धारको भन्ने गर्दछ ।

(**ii**) **विवेकशील साझा पार्टी :** २०७४ को स्थानीय निर्वाचनमा वैकल्पिक राजनीतिको नारासहित विशेषतः काठमाडौंमा उल्लेख्य मत ल्याएर चर्चामा आएको यो पार्टी यसको मुख्य नेतृत्वले नै पश्चगामी राजावादी बाटो लिएपछि पुनः संगठित हुने प्रयत्नमा छ । प्रगतिशील लोकतान्त्रिक धारमा उभिएर वैकल्पिक राजनीति गर्ने यसको प्रतिबद्धता कसरी अगाडि बढ्छ ? पर्खेर हेर्नुपर्नेछ ।

(**iii**) **जनमत पार्टी :** मधेसको पहिचान र अधिकारलाई मुख्य मुद्दा बनाएर गठन भएको यो पार्टी २०७९ को निर्वाचनपछि मधेसमा शक्तिका रूपमा स्थापित भएको छ । पहिले नै जातीय/क्षेत्रीय पार्टीहरूले भरिएको मधेसमा त्यस भन्दा माथि नउठी यसले कसरी आफ्नो फरक पहिचान र अस्तित्व कायम गर्छ ? जिज्ञासाको विषय छ ।

(**iv**) **नागरिक उन्मुक्ति पार्टी :** उत्पीडित थारू जातिको मुद्दा उठाएर विशेषतः पश्चिम तराईमा २०७९ को निर्वाचनसँगसँगै उदय भएको यो पार्टीको आगामी दिनको यात्रा पनि पर्खेर हेर्नुपर्ने स्थिति छ ।

(**v**) **आम जनता पार्टी :** पहिले माओवादी र पछि एमालेबाट विद्रोह गरेर बनेको यो पार्टी २०७९ को निर्वाचनपछि प्रतिनिधिसभामा उपस्थितिसहित अस्तित्वमा आएको छ । प्रगतिशील वामपन्थी रुझानको यो पार्टी भविष्यमा कुन कित्तामा उभिन्छ समयले नै बनाउनेछ ।

(**vi**) **नेपाल समाजवादी पार्टी :** समावेशिता, संघीयता, सुशासन, समृद्धि, समाजवादको विचार र एजेन्डामा आधारित हाम्रो पार्टी नेपाल समाजवादी पार्टी देशमा बृहत् प्रगतिशील, लोकतान्त्रिक समाजवादी ध्रुवीकरणसहित नयाँ समाजवादी वैकल्पिक शक्ति निर्माण गर्ने अभियानमा क्रियाशील छ । जसबारे पछि विस्तारमा चर्चा गरिनेछ ।

## नयाँ समाजवादी विकल्पको अपरिहार्यता :

भूमण्डलीकृत पूँजीवादले विश्वव्यापी रूपमा सिर्जना गरेको अभूतपूर्व वस्तु र सेवाको प्रचुरताको बीचमा वितरणको तीव्र असमानता, पूँजीवादी भारत र साम्यवादी चीनको बीचमा रहेको देशको संवेदनशील भूराजनीति र देशभित्रको किनारा पूँजीवादको दुष्चक्रमा परेको पराश्रित तथा अल्पविकसित अर्थ-राजनीति र चरम वर्गीय, जातीय, क्षेत्रीय विविधता र असमानताको समस्या हल गर्न नेपालको निम्ति नयाँ समाजवादी राजनीतिक विकल्प अनिवार्य भइसकेको छ। परम्परागत पूँजीवादी बाटो र साम्यवादी (राज्य समाजवादी) बाटोबाट जति बल गरेर पनि यी युगीन र विशिष्ट समस्या हल हुनेवाला छैनन्। बरु अभइ्रू पेचिलो बन्दै जानेछन्। विकल्पका रूपमा संसारका विभिन्न देशमा भुल्काभइ्रूँ उठेका र नेपालमा पनि उदय हुन खोजेको विभिन्न रूप र रंगका 'लोकप्रियतावादी' (Populist) शक्तिहरूबाट पनि यो जटिल अन्तरविरोधको दिगो समाधान सम्भव छैन। किनकि स्पष्ट मार्गनिर्देशक सिद्धान्त र कार्यदिशाविनाको केही मुद्दाकेन्द्रित लोकप्रियतावाद अन्ततः सारमा यथास्थितिवाद नै हुन्छ।

त्यसैले निम्न मूलभूत विशेषतासहितको नयाँ समाजवादी विकल्प (जसलाई अहिलेसम्म हामीले 'समुन्नत समाजवाद' भनेका छौँ) को निर्माणमा लाग्नु जरुरी भएको छ :

(क) **वैचारिक आधार** : मार्क्स-एंगेल्सले प्रतिपादन गरेको र पछिल्ला ज्ञानविज्ञानका आविष्कारहरूले समेत पुष्टि गरेको द्वन्द्वात्मक भौतिकवाद (वा भौतिकवादी द्वन्द्ववाद) यसको मूल दार्शनिक आधार हुनेछ। परन्तु पहिले अनुमान र प्रयोग गरिएजस्तो जीवन र जगत्मा लागू हुने गतिका नियमहरू एकलरेखीय नभएर बहुरेखीय हुन्छन् र समाजवाद निर्माणको बाटो पनि विविध हुन सक्छन् भन्ने पछिल्ला निष्कर्षलाई आत्मसात् गरिनेछ। साथै पूँजीवादको पक्षपोषण गर्ने उदारवादले मानिसको निजत्व र स्वार्थी पक्षमा मात्र जोड दिने र साम्यवादी धारले सामाजिक वर्गीय पक्षमा मात्र जोड दिने एकांगी सोचका सट्टा मानिसमा जैविक र सामाजिक ढंगले विकसित हुने स्वार्थी र परोपकारी गुण वा प्रतिस्पर्धात्मक र सहयोगात्मक गुण दुवै हुने वैज्ञानिक सत्यलाई आत्मसात् गर्दै वैज्ञानिक मानवतावादमा आधारित नयाँ समाजवादी विचार र प्रणालीको विकास गरिनेछ। विपरीत वर्गहरूको निरन्तर द्वन्द्वबाट

विकासको गति पैदा हुने नियमलाई एकले अर्कालाई निषेध गर्ने अर्थमा नभई एकता-संघर्ष-रूपान्तरणको अर्थमा ग्रहण र लागू गरिनेछ । हिजोका साम्यवादी मुलुकका गल्तीहरूबाट शिक्षा लिइनेछ ।

**(ख) राजनीतिक आधार :** नयाँ समाजवादी राजनीतिक प्रणाली रूप र सार दुवैमा पूँजीवादी लोकतन्त्र र साम्यवादी 'सर्वहारा अधिनायकत्व'भन्दा उच्चस्तरको समावेशी र सहभागितामूलक लोकतन्त्रमा आधारित समाजवाद हुनेछ । अर्थात् यो स्वतन्त्रता र समानता, प्रक्रिया र परिणाम, लोकतन्त्र र सामाजिक न्यायलगायत दुवै पक्षका सकारात्मक गुण भएको तर नकारात्मक पक्ष परित्याग गरेको विकसित राजनीतिक प्रणाली हुनेछ । नेपालजस्तो वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक र जातपातजन्य विभेद र असमानता भएको मुलुकमा पार्टी र राज्यका सबै तह र अंगहरूमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ । बहुजातीय, बहुभाषिक बनोटलाई ध्यान दिँदै जातीय/भाषिक पहिचान झल्कने गरी राज्यको संघीय पुनर्संरचना गरिनेछ । संघ, प्रदेश र स्थानीय तह सबैमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र समानुपातिक प्रत्यक्ष निर्वाचित व्यवस्थापिका रहने प्रणाली अपनाइनेछ । प्रमुखका उम्मेदवारहरू प्राइमरी निर्वाचन प्रणालीबाट चयन गरिनेछ । निर्वाचनमा 'नो भोट' र 'राइट टु रिकल' (प्रत्याह्वान) को व्यवस्था गरिनेछ ।

राज्यलाई जनताको मालिक होइन सेवक बनाउन राज्यका सबै अंगका परम्परागत नोकरसाही ढाँचा अन्त्य गरेर आधुनिक डिजिटल युगका उपकरण र व्यवस्थापन शैलीसहित खुला, पारदर्शी, जनमैत्री, सुशासनयुक्त बनाइनेछ । समाज र राज्यका सबै क्षेत्रमा व्याप्त बनेको भ्रष्टाचारलाई निर्मूल गर्न भ्रष्टाचार निरोधक अंगलाई शक्तिशाली र प्रभावकारी बनाइनेछ । राजनीतिक तहको भ्रष्टाचार अन्त्य गर्न संघ, प्रदेश र स्थानीय तहमा जनउत्तरदायी र शक्तिशाली जनलोकपालको व्यवस्था गरिनेछ । पूँजीवादी प्रणालीमा हुने निजी तहका भ्रष्टाचार र साम्यवादी प्रणालीमा हुने संस्थागत भ्रष्टाचार दुवै रूपको अन्त्य गर्ने गरी नयाँ समाजवादी शासन प्रणाली आम जनसमुदायको प्रत्यक्ष निगरानीमा रहने गरी विकास गरिनेछ ।

**(ग) आर्थिक आधार :** नयाँ समाजवादी अर्थतन्त्रको मुख्य रणनीति बजार, राज्य र समुदाय क्षेत्रको सन्तुलित भूमिका कायम गर्नु हुनेछ । अति कम विकसित

मुलुकको अवस्थामा रहेको अर्थतन्त्रलाई केही दशकभित्र विकासशील हुँदै विकसित अवस्थामा पुऱ्याउन र समतामूलक समृद्धि हासिल गर्न वृद्धि, वितरण, दिगोपन र खुसीपनका चार आयाम भएको आलोचनात्मक आधुनिकतावाद (Critical Modernism) मा आधारित मौलिक आर्थिक विकास नीति लागू गरिनेछ। नयाँ समाजवादी अर्थतन्त्र भनेको गरिबी बाँड्ने नभई समृद्धि बाँड्ने अर्थतन्त्र हुनाले सुरुको चरणमा उत्पादन वृद्धिमा जोड र त्यसपछि क्रमशः न्यायपूर्ण वितरण, पर्यावरण संरक्षणसहितको दिगोपन र आत्मिक सुख प्राप्तिमा ध्यान दिने हुनेछ। सोहीअनुसार निजी क्षेत्र, राज्य र समुदाय/सहकारीको भूमिका निर्धारित गरिनेछ। खासगरी श्रम निर्यात र वस्तु आयातको असमान विनिमयको दुष्चक्र र बर्सेनि चुलिँदो ऋणपासो तोड्ने र अन्तरनिर्भर अर्थतन्त्रको विकास गर्न भारत र चीनजस्ता दुई ठूला छिमेकी अर्थतन्त्रसँग पदचाप मिलाएर अघि बढ्ने नीति लिइनेछ। शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा सबैको पहुँचको दायित्व राज्यले लिनेछ। कृषि, उद्योग र सेवा क्षेत्रको सन्तुलित विकास गरिनेछ। वैज्ञानिक भूमिसुधार, वित्तीय र बैंकिङ क्षेत्र सुधार, विदेशी लगानी प्रवर्द्धन, स्वदेशी उद्योगको प्रवर्द्धन र संरक्षणलगायतको संरचनात्मक सुधार गरिनेछ।

दीर्घकालीन हिसाबले मानव संसाधन, जलस्रोत, पर्यटन, जैविक विविधता नेपालको तुलनात्मक लाभको क्षेत्र भएकाले ज्ञान अर्थतन्त्र र हरित अर्थतन्त्रको विकासमा विशेष ध्यान दिइनेछ। भारत र चीनजस्ता ठूलो अर्थतन्त्रको बीचमा हुनु अवसर र चुनौती दुवै भएकाले दुवैको मूल्य शृंखलासँग जोडिएको अर्थतन्त्रको विकास गर्न सके अवसर बढी हुनेछ। नेपालको विविधतायुक्त भौगोलिक, जातीय, सांस्कृतिक बनोट आत्मनिर्भर सामुदायिक अर्थतन्त्र निर्माणनिम्ति सहयोगी बन्न सक्छ। दूरदृष्टियुक्त नेतृत्वसहितको राजनीतिक स्थिरता हुने हो भने अहिलेको जर्जर आर्थिक अवस्थाको अन्त्य गर्दै नेपाल निकट भविष्यमा समतामूलक दिगो हरित अर्थतन्त्रको अन्तर्राष्ट्रिय नमुना बन्न सक्छ।

(घ) **सामाजिक, सांस्कृतिक आधार :** विपन्न, श्रमजीवी, महिला, दलित, धार्मिक अल्पसंख्यक आदि माथि भइरहेका संरचनात्मक विभेदको अन्त्य गर्न र अन्धविश्वास, रुढिवादले ग्रसित संस्कृतिको अन्त्य गरेर वैज्ञानिक, प्रगतिशील, जनमुखी संस्कृति स्थापित गर्न नयाँ समाजवादी अभियान विशेष आवश्यक र महत्वपूर्ण हुनेछ। खासगरी भौतिकवादी दर्शनका पक्षधर र हिजोसम्म क्रान्तिकारी जनवादी गीत

गाउनेहरू नै अहिले धार्मिक कट्टरपन्थ र रुढिवादी संस्कृतिको वाहक बन्न थालेको र दक्षिणबाट जबर्जस्त एकल धार्मिक वर्चस्वको हावा चल्न थालेको अवस्थामा वैज्ञानिक चेत भर्ने सांस्कृतिक अभियान अत्यावश्यक भइसकेको छ । सांस्कृतिक चेतना उन्नत नभएसम्म लोकतन्त्र दिगो हुन सक्दैन र समतामूलक समृद्धि पनि हासिल हुँदैन भन्ने ऐतिहासिक तथ्यलाई सबैले आत्मसात् गर्न जरुरी छ । नयाँ समाजवादी संस्कृतिले उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग, समुदायबीच समभाव वृद्धि गर्दै समाजमा वैज्ञानिक मानवतावादी चेतना र संस्कार प्रवर्द्धन गर्नेछ ।

(ङ) **अन्तर्राष्ट्रिय सम्बन्ध :** भनिन्छ- कुनै देशको अन्तर्राष्ट्रिय नीति आन्तरिक राजनीतिकै विस्तारित रूप हुन्छ । त्यस अर्थमा आगामी दशकहरूमा भारत, चीन, अमेरिकाको त्रिपक्षीय खिचातानीको केन्द्र बन्न सक्ने यस हिमाली भेगमा हामीले नयाँ समाजवादी सोच र नीतिअन्तर्गत नै ती फरक विचारधारा र स्वार्थ बोकेका शक्तिहरूसँग समनिकटताको सन्तुलित सम्बन्ध राख्न सक्छौँ र राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको रक्षा गर्न सक्छौँ । हामीले सही राजनीति र अर्थनीतिअन्तर्गत बलियो राष्ट्रिय एकता र दिगो शान्ति कायम गर्न सके एसियाली शताब्दी भनिने आगामी दिनहरूमा बुद्ध जन्मस्थल लुम्बिनीलाई केन्द्र बनाएर हामीले विश्वशान्तिको नेतृत्व गर्न सक्छौँ । खासगरी छिमेकी भारतसँग इतिहासदेखि थाती रहेका सिमानालगायतका समस्या कूटनीतिक वार्तामार्फत हल गरेर सबैसँग शान्ति, सदभाव र आपसी हितको नीति ठीकसँग लागू गर्न सक्यौँ भने अहिलेसम्म खुम्चिएको हाम्रो अन्तर्राष्ट्रिय छवि एकैचोटि शिखरमा पुग्न सक्छ । पञ्चशीलका स्थापित सिद्धान्तका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरेर नयाँ समाजवादमा देश र जनताको शिर उँचो गरिनेछ ।

**(च) संगठनात्मक प्रणाली :** समाजवाद आफैँ जन्मने प्रणाली नभएर देश र कालको आवश्यकता अनुसार सचेत ढंगले निर्माण गर्नुपर्ने नयाँ समाज व्यवस्था हो । त्यसका निम्ति निश्चित सिद्धान्त, ढाँचा, शैलीमा आधारित संगठनको आवश्यकता हुन्छ । पूँजीवादी संगठन प्रणाली स्वतःस्फुर्ततावाद, व्यक्तिवादमा आधारित हुन्छ भने साम्यवादी संगठन 'अग्रदस्ता' र 'जनवादी केन्द्रीयता'को सिद्धान्तमा आधारित हुन्छ । ती प्रणालीबाट निर्मित पार्टी र सत्ताको संकट धेरै ठाउँमा देखिइसकेकाले अबको युगको नयाँ समाजवादी

विकल्पको संगठन प्रणाली पनि स्वतः नयाँ हुनुपर्दछ। नयाँ विचार र ढाँचामा आधारित संगठनात्मक प्रणालीका मूल विशेषता सार्वभौम कार्यकर्ता, सामूहिक र परिवर्तनशील नेतृत्व, प्रत्यक्ष निर्वाचन, सबै तह र अंगमा वर्ग, जाति, क्षेत्र, लिंग, उत्पीडित समुदायको समावेशी/समानुपातिक प्रतिनिधित्व र वहुमतको निर्णय अल्पमतको सम्मान लगायत हुनेछन् ।

(छ) **समाजवाद निर्माणको दिशा :** ऐतिहासिक हिसाबले समाजवाद निर्माणका 'क्रान्तिकारी' र 'सुधारवादी' दुईवटा बाटा हुने गरेका छन्। पुरानो सत्तालाई क्रान्तिकारी हिंसाको माध्यमले पूरै ध्वंस गरेर कम्युनिष्ट पार्टीको एकदलीय सत्ताका रूपमा जगैदेखि नयाँ बनाउने क्रान्तिकारी बाटोको प्रयोग रुस, चीन, उत्तर कोरिया, क्युबा, भियतनामलगायत देशमा भएका छन् । अर्को, संसद् वा प्रत्यक्ष निर्वाचनमार्फत सरकारको नेतृत्वमा पुगेर क्रमशः समाजवादी नीति लागू गर्दै पुरानो सत्तालाई सुधार्दै लाने सुधारवादी बाटो इतिहासदेखि अहिलेसम्म विभिन्न देशमा प्रयोग भइरहेका छन्। दुवैका आआफ्ना सकारात्मक र नकारात्मक अनुभव छन्।

हामीले नेपालमा प्रस्तावित गरिरहेको ती दुवैभन्दा भिन्न बाटो हो । त्यसो त नेपालमा अहिले जुन राज्य-व्यवस्था छ, त्यो क्रान्ति र सुधार दुवैको सम्मिश्रण वा संयोजनबाट बनेको हो। माओवादी सशस्त्र जनयुद्धको जगमा भएको जनआन्दोलन र त्यसको पूरकका रूपमा भएको मधेसी, आदिवासी जनजाति, थारू आन्दोलनको बलमा संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनेको हो। यो संविधानको प्रस्तावनामा नै 'लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध' लेखिएको छ। त्यसरी नै संविधानको समग्र चरित्रको विश्लेषण गर्ने हो भने यो व्यवस्था शास्त्रीय अर्थको पूँजीवादी संसदीय व्यवस्था नभएर त्योभन्दा अगाडि वढेको लोकतन्त्रमा आधारित समाजवादउन्मुख व्यवस्था हो। त्यसैले यसलाई कसरी प्रयोग गर्ने र विकास गर्ने भन्ने अहिलेको मुख्य प्रश्न हो।

यसलाई पूरै भत्काएर नयाँ बनाउँछु भन्नु यसलाई समेत गुमाउने जोखिम मोल्नु हो । त्यसैले कुनै पनि कोणबाट यो व्यवस्थालाई अहिले भत्काउँछु भन्नु 'क्रान्तिकारी' ठहरिँदैन, बरु प्रकारान्तरले 'प्रतिक्रान्तिकारी' ठहरिन सक्छ। अर्कोतिर, यसलाई अहिले जे छ त्यत्तिकै कायम राख्छु भन्नु पनि सही हुँदैन । किनकि शासकीय स्वरूप, निर्वाचन प्रणाली, संघीयता, समावेशिता, महिलाका

अधिकार, श्रमिकका अधिकार आदि यसका थुप्रै कमीकमजोरी र अपूर्णता छन्। संविधानको ठीक ढंगले कार्यान्वयन नभएका थुप्रै पक्ष त छँदै छन्।

फेरि यो संविधान र व्यवस्थामा यी केही विषय थप्दैमा 'समाजवादी' भइहाल्छ भन्ने पनि होइन। तर, 'समाजवादउन्मुख' चाहिँ अवश्य बन्छ। यसमा टेकेर नयाँ ढंगको समाजवादी वैकल्पिक शक्तिको नेतृत्वमा विभिन्न चरण हुँदै पुरानो एकदलीय शास्त्रीय ढाँचाको होइन, नयाँ प्रतिस्पर्धा र सहकार्यको ढाँचाको समाजवादी प्रणालीमा पुग्न सकिन्छ।

त्यसनिम्ति, पहिलो सर्त, नयाँ समाजवादी वैकल्पिक राजनीतिक शक्ति बन्नुपर्दछ र त्यो स्थीर ढंगले सत्ता संचालन गर्ने स्थानमा पुग्नुपर्दछ। त्यसले निश्चित अवधिसम्म यो संविधानलाई इमानदारीपूर्वक कार्यान्वयन गरेर समाजको आर्थिक-सामाजिक स्तर र जनताको चेतना निश्चित तहसम्म उठाउनुपर्दछ। दोस्रो, उन्नत चेतना उठेका जनताको नेतृत्वमा बहुसंख्यक उत्पीडित वर्ग, जाति, लिंग, समुदायको सहभागितामा विशाल आन्दोलन उठ्नुपर्दछ। सडक, सदन र सरकारको संयुक्त बलमा यो संविधानलाई संशोधन गरेर वा पुनर्लेखन गरेर अभ्रैं समृद्ध समाजवादउन्मुख बनाउनुपर्दछ। यो चक्र पटक-पटक दोहोऱ्याएर समाजको आर्थिक-सामाजिक स्तर र जनताको चेतनास्तर उठाउँदै संविधान र व्यवस्थालाई समुन्नत समाजवादमा रूपान्तरण गर्ने वा आवश्यक परे आमजनविद्रोहको बलमा नयाँ समाजवादी व्यवस्था स्थापना गर्ने बाटो सम्भव र उपयुक्त हुन सक्छ। अर्थात् हिजोको 'क्रान्ति' वा 'सुधार'को बाटोभन्दा फरक वा विकसित सुधार र क्रान्तिको संयोजनसहितको 'क्रान्तिकारी रूपान्तरण' (Radical Transformation)को बाटो एक्काइसौं शताब्दीको समाजवादी क्रान्तिको बाटो हुन सक्छ।

वर्तमान डिजिटल क्रान्ति र भूमण्डलीकृत पूँजीवादको युग र नेपालको विशिष्ट भूराजनीतिक परिवेशमा अन्तर्राष्ट्रिय र क्षेत्रीय राजनीतिक प्रक्रिया र दिशाको पनि यो समाजवादी क्रान्तिको बाटोमा महत्वपूर्ण प्रभाव हुनेछ। आन्तरिक रूपमा सुस्पष्ट विचार, नीति, कार्यक्रमसहितको नयाँ समाजवादी शक्तिको नेतृत्व र सडक, सदन र सरकारको मोर्चाबाट संघर्षको संयोजन निर्णायक हुने त स्वतः स्पष्ट छ।

**(viii) नयाँ समाजवादी शक्ति निर्माणको प्रश्न :** नयाँ ढंगको समाजवादी व्यवस्था स्थापना गर्न नयाँ ढंगको समाजवादी शक्ति/पार्टी अनिवार्य आवश्यकता हुन्छ । त्यो शक्ति कसरी निर्माण गर्ने ? अहिले भएकामध्ये कुनै एक्लै त्यो शक्ति बन्ने कि ? भएकामध्ये सबै वा केहीले रूपान्तरणसहितको एकीकरण/ध्रुवीकरण गरेर त्यस्तो नेतृत्वदायी शक्ति निर्माण गर्ने कि ? अथवा बिल्कुलै नयाँ शिराबाट नयाँ प्रगतिशील, लोकतान्त्रिक, समाजवादी शक्ति निर्माण गर्ने ? आजका ज्वलन्त प्रश्न यिनै हुन् ?

नेपालको राज्य प्रणाली, सामाजिक-आर्थिक बनोट, वर्ग संरचना, जातीय-क्षेत्रीय विविधता, भूराजनीति, ऐतिहासिक संघर्षलगायत कारणले नेपालमा प्रगतिशील वामपन्थी जनमत निकै ठूलो छ । त्यो लामो समयदेखि मूल रूपमा कम्युनिष्ट पार्टीहरूका विभिन्न चिरामा विभक्त भएर रहेको छ । केही कांग्रेस, क्षेत्रीय पार्टीलगायतका अरू पार्टीहरूमा छरिएर रहेका छन् । केही स्वतन्त्र र असंगठित रूपमा पनि छन् । जनयुद्ध र ०६२/६३ को आन्दोलनपछि जन्मे-हुर्केको युवापुस्ताको ठूलो संख्या अराजनीतिक र असंगठित छ। सम्भावित नयाँ समाजवादी शक्ति/केन्द्र/पार्टीका निम्ति मुख्य स्रोत वा कच्चा पदार्थ यिनै वरिपरि छन् ।

यिनै शक्तिहरूको रूपान्तरणसहितको बृहद् ध्रुवीकरणबाट नयाँ समाजवादी शक्ति बन्न सक्ने वस्तुगत आधार छ । त्यसको निम्ति सबै इमानदार समाजवादी शक्ति/व्यक्तिहरूले प्रयत्न गर्नु राम्रो हुन्छ। तर, आत्मगत हिसाबले मुख्यतः विभिन्न कम्युनिष्ट पार्टी/समूहमा विभाजित नेताहरू यसनिम्ति तयार होलान् ? जनवादी केन्द्रीयताका नाममा नोकरशाही केन्द्रीकरणको लामो विरासत बोकेका नेता-कार्यकर्ताहरू प्रत्यक्ष र समावेशी लोकतन्त्रसहितको नयाँ समाजवादी ढाँचामा रूपान्तरित होलान् ? फेरि लामो समयदेखि स्थापित 'कम्युनिष्ट' ब्रान्ड नाम परित्याग गरेर नयाँ ब्रान्ड नाम धारण गर्न तयार होलान् ? यी तमाम प्रश्नहरू गम्भीर छन्, तर असम्भव वा असमाधेय छैनन् । मुख्य कुरा मार्क्सवादको गुदी कुरो 'ठोस स्थितिको ठोस विश्लेषण' गर्नु र नयाँ परिस्थितिको नयाँ आवश्यकताअनुसार साहसिक कदम चाल्नु हो ।

नयाँ समाजवादी ध्रुवीकरणको सट्टा सबै कम्युनिष्ट र समाजवादीहरू एकै ठाउँमा आएर एकीकृत 'कम्युनिष्ट' पार्टी नै किन नबनाउने भन्ने प्रश्न पनि उठ्न सक्छ। आखिर विगतमा 'समाजवादी' र 'कम्युनिष्ट' शब्द पर्यायवाचीका रूपमा प्रयोग भएकै हो भन्ने तर्क हुन सक्छ। त्यो नाजायज होइन । परन्तु यहाँ मुख्य कुरा अन्तर्वस्तु

अथवा विचार, नीति, कार्यक्रम, संगठनात्मक र नेतृत्व प्रणाली, आचरणसहितको समुच्चताको प्रश्न प्रमुख हो । रूप, नाम, ब्रान्ड, पहिचानको प्रश्न सहायक हो । विगतमा 'समाजवादी', 'कम्युनिष्ट', 'श्रमिक' आदि नाम पर्यायवाचीका रूपमा प्रयोग भएकै हो र अहिले पनि विभिन्न देशमा भइरहेछ । रोचक कुरा, १९१७ को रुसी अक्टोबर क्रान्तिअगाडि अधिकांश मजदुर पार्टीहरूको नाम 'सामाजिक जनवादी' थियो, त्यो 'सुधारवाद'को प्रतीक भयो भनेर लेनिनले रुसी पार्टीको नाम 'कम्युनिष्ट' राखेपछि तेस्रो अन्तर्राष्ट्रियका सबै वा अधिकांश पार्टीले आफ्नो नाम 'कम्युनिष्ट' राखे । नेपाल पनि त्यसैको प्रभावमा परेको हो । तर, अहिले सय वर्षपछि विश्व परिस्थिति ठीक उल्टो भएको छ। अहिले चीनबाहेक विश्वका प्रभावशाली अधिकांश प्रगतिशील, समाजवादी, श्रमिक पार्टीहरूले आफ्नो नाम 'कम्युनिष्ट' राख्दैनन् ।

फेरि पनि मुख्य प्रश्न, अन्तर्वस्तु नै हो । मार्क्सका अनुसार 'एक वाक्यमा कम्युनिज्म भनेको निजी सम्पत्तिको अन्त्य हो' (कम्युनिष्ट पार्टीको घोषणापत्र) । के अहिले त्यसो गर्नु उपयुक्त र सम्भव छ ? अनि मार्क्सले आफ्नो सबभन्दा महत्वपूर्ण प्रस्थापना 'सर्वहारावर्गको अधिनायकत्व' हो भनेका छन् (१८५२ मा जे. वाइडेमेयरलाई लेखेको पत्र) । के त्यो अब सही, सम्भव र आवश्यक छ ? अर्कोतिर, अहिले कम्युनिष्ट पार्टीको आवरणमा निजी स्वार्थका लागि जुन 'अ' कम्युनिष्ट कामहरू, भ्रष्टाचार, कमिसनखोरी, राज्यसत्ताको दोहन र दुरुपयोग आदि भइरहेछ, त्यसलाई के भन्ने ? चुनावदेखि चुनावसम्मको राजनीति गरेर पुनरुत्थानवादीसमेतको गठबन्धनमा सत्तामा बसेर समाजवाद र साम्यवाद आउँछ? हिजो ठूलो त्याग र बलिदान गरेर आएका नेताहरूले गम्भीरतापूर्वक सोच्नैपर्छ।

हाम्रो पार्टीले विचार, नीति, कार्यक्रम मिल्ने दलहरुसंग वार्ता गर्न समिति समेत वनाएको छ । तत्काल रूपान्तरणसहितको बृहद् समाजवादी ध्रुवीकरण गरेर जान सकिन्न भने केही समय आ-आफ्नै छुट्टै संगठन, परिचय, गतिविधि कायम गरेर 'समाजवादी मोर्चा' वा यस्तै केहीमार्फत सहकार्य र बहस छलफल गर्दै अघि बढ्नु पनि यो भित्रको सहायक विकल्प हुन सक्छ ।

साथै नयाँ शिराबाट प्रगतिशील, लोकतान्त्रिक, समाजवादी सोच राख्नेहरूबीच सहकार्य र अभियान चलाउँदै मध्यवाम (लेफ्ट-अफ-सेन्टर) शक्ति निर्माण गर्ने विकल्प पनि हुनसक्छ । त्यसबारे पनि खुला रहनु उपयुक्त हुन्छ ।

❖❖❖

# कम्युनिस्ट आन्दोलनभित्र दक्षिणपन्थी अवसरवाद



**प्रमेश हमाल**

नेता, नेकपा (एकीकृत समाजवादी)

कम्युनिस्ट आन्दोलन श्रमजीवी सर्वहारा वर्गको पक्षधरता अँगालेको वैचारिक एवं राजनीतिक वर्ग सङ्घर्षको समुच्चय हो । यो आन्दोलन वर्गीय, जातीय, लैङ्गिक एवं जनसमुदायमाथि भइरहेको सबैखाले शोषण, अन्याय, अत्याचार र विभेदविरुद्धको आन्दोलन हो । यस वर्ग सङ्घर्षले समाजमा रहेको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अन्तरविरोधलाई हल गर्ने प्रयत्न गर्छ । शोषणमूलक सम्बन्धमा कायम रहेको सबैखाले राजकीय सत्ताका विरुद्धमा यो आन्दोलन परिचालन हुन्छ र श्रमजीवी वर्गको राज्यसत्ता स्थापना गर्ने लक्ष्यतर्फ अग्रसर हुन्छ । मूलतः यो आन्दोलन समाजवाद, लोकतन्त्र, समानता, न्याय, मानवतावाद, शान्ति, समृद्धि, सुसंस्कृति र स्वतन्त्रताका पक्षमा रहन्छ ।

कम्युनिस्ट आन्दोलनको महत्त्वपूर्ण अवधारणा वर्ग हो । वर्गीय समाजमा हरेक व्यक्ति र समुदायको अस्तित्व समाजमा विद्यमान रहेको वर्गका आधारमा प्रकट भएको हुन्छ। उसको चिन्तन प्रणाली, विचार र दृष्टिकोण पनि उसको अस्तित्वसँग जोडिएको वर्ग र सम्बन्धका आधारमा निर्माण भएको हुन्छ। वर्गकै अस्तित्वसँग प्रत्येक व्यक्ति र समुदायको क्रियाशीलता, व्यवहार र गतिविधि पनि निर्देशित हुन्छ। यसरी वर्गीय आधारमा नै समाजमा विचारधारात्मक कार्य अगाडि बढेको हुन्छ।

कम्युनिस्ट आन्दोलनका दुई महत्त्वपूर्ण पक्ष छन् : वर्ग सङ्घर्ष र वर्गपक्षधर विचारधारात्मक काम । तसर्थ श्रमजीवी वर्गका आधारमा विकसित हुने ज्ञान, चिन्तन, विचार र दृष्टिकोणबाट मात्रै कम्युनिस्ट आन्दोलनको सही सिद्धान्त र नीति निर्माण हुन सक्छन् । विचारधारात्मक कार्यबाट प्राप्त हुने निष्कर्षबाट निर्देशित भएर मात्रै सर्वहारा श्रमजीवी वर्गको सङ्गठन, आन्दोलन र सङ्घर्षका एजेन्डा तयार हुन सक्छन्। यसैका आधारमा पार्टी, जनसङ्गठन, मोर्चा, कार्यकर्ता र जनसमुदाय लक्ष्य प्राप्तिका दिशामा परिचालन हुन सक्छन् ।

श्रमजीवी सर्वहारा वर्गको मुक्तिका लागि प्रतिपादन भएका विचार र सिद्धान्त वर्ग सङ्घर्षका दौरानमा परिमार्जन हुँदै गएका छन् । मार्क्स र एंगेल्सले सन् १८४८ मा 'कम्युनिस्ट घोषणापत्र' तयार गरेपछि कम्युनिस्ट आन्दोलनभित्र विचारधारात्मक कामले थप उचाइ पाएको छ। मार्क्स र एंगेल्स जीवित रहँदै भएको पेरिस कम्युन (१८७१), युरोपेली अमेरिकी श्रमिक तथा राजनीतिक आन्दोलनलगायतले आफ्ना मूलभूत वैचारिक मान्यता र सिद्धान्तलाई अझ

समृद्ध, सुस्पष्ट र सुदृढ बनाउने तथा वर्ग सङ्घर्षका दौरानमा यसलाई परीक्षण गर्ने अवसर मार्क्स र एंगेल्सलाई प्राप्त भएको थियो । तात्कालिक वर्ग सङ्घर्ष र श्रमजीवी वर्गको आन्दोलनले कम्युनिस्ट आन्दोलनको वस्तुगत अवस्थालाई सबलीकरण गरेको मात्र होइन, आत्मगत शक्तिलाई पनि परिष्कृत र सुदृढ बनाउन मद्दत पुऱ्याएको छ ।

वैचारिक प्रस्टताका साथ कम्युनिस्ट आन्दोलनले गति प्राप्त गर्दै जाँदा यसले विभिन्न अवस्थामा उतारचढाव, विचारधारात्मक अवरोध र भड्कावको पनि सामना गर्नुपरेको छ । मार्क्स र एंगेल्सकै पालामा पनि, श्रमजीवी वर्गको पक्षधर रहेको भनिएका बुर्जुवा समाजवादी, काल्पनिक समाजवादी, ट्रेड युनियनवादी र अराजकतावादीहरूको वैचारिक प्रहारबाट कम्युनिस्ट आन्दोलनलाई जोगाउने चुनौती आइपरेको थियो । दक्षिणपन्थी विचारधारालाई परास्त गर्दै उहाँहरूले कम्युनिस्ट आन्दोलनलाई अन्तरराष्ट्रियस्तरमै विस्तार गर्ने र अन्तरराष्ट्रियकरण गर्ने कार्यमा अगुवाइ गर्नुभयो । यस्तै रुसी बोल्सेभिक पार्टीभित्र पनि मेन्सेभिक, प्लेखानोब, बुखारिन र ट्राटस्कीजस्ता पात्र प्रकट भए । त्यसपछि उदय भएका निकोलाई खुस्चेभ, ब्रेजनेभ र त्यसपछिका गोर्वाचोभले एकपछि अर्को दक्षिणपन्थी अवसरवादको बाटो अनुसरण गर्दै गए र सोभियत सङ्घको राज्यसत्तालाई विघटन गर्ने र कम्युनिस्ट आन्दोलनलाई अपदस्थ गर्ने कार्यमा भूमिका खेल्दै गए । सोभियत सङ्घमा गोर्वाचोभ र यल्त्सिनको घोर दक्षिणपन्थी अवसरवादी विचार र राजनीतिक गतिविधिले गर्दा अन्ततः सोभियत सङ्घ नै विघटन हुन पुग्यो ।

यसरी कम्युनिस्ट आन्दोलनभित्र वैचारिक अन्तरविरोध र अन्तरद्वन्द्व नियमित प्रक्रिया रुपमा चलेको देखिन्छ । तथापि अन्तरराष्ट्रिय कम्युनिस्ट आन्दोलनमा यस्ता गलत दक्षिणपन्थी प्रवृत्तिविरुद्ध वैचारिक सङ्घर्ष इतिहासदेखि नै व्यापक रूपमा सञ्चालन भएका छन् । यस प्रक्रियालाई अगाडि बढाउँदै लेनिन, स्टालिन, ग्राम्सी, रोजा, टोगल्याटी, माओ, किम इल सुङ, होचि मिन्ह, क्यास्ट्रो, चे ग्वेभारा, एलेन्डे साल्भाडोरलगायत नेता तथा विचारकको अगुवाइमा कम्युनिस्ट आन्दोलनलाई सही दिशामा अगाडि बढाउने, श्रमजीवी जनताको राज्यसत्ता कायम गर्ने र बुर्जुवा अधिनायकवादी राज्यसत्ता विस्थापन गर्दै समाजवादी राज्यव्यवस्था स्थापना गर्ने लक्ष्यतर्फ यो आन्दोलन निरन्तर अगाडि बढिरहेको छ ।

यसक्रममा चीन, क्युबा, कतिपय युरोप र ल्याटिन अमेरिकी देशहरूमा समेत भइरहेको वाम सङ्घर्ष र विचार स्मरणीय छ ।

थुप्रै उतारचढावका बाबजुद नेपालको कम्युनिस्ट आन्दोलनले पनि गौरवपूर्ण इतिहास सँगालेको छ । किसान-मजदुरको आन्दोलन, वर्गीय-लैङ्गिक-जातीय-सांस्कृतिक विभेदविरुद्धको आन्दोलन र राजनीतिक सत्ताका विरुद्धमा भएका गतिविधिमा नेपालको कम्युनिस्ट आन्दोलनले आफ्नो भूमिकालाई स्थापित गरेको छ । राजनीतिक परिस्थितिसँगै कहिले भूमिगत, कहिले खुला अनि कहिले शान्तिपूर्ण त कहिले हिंसात्मक सङ्घर्ष गर्दै यस आन्दोलनले उत्पादन सम्बन्धको रूपान्तरण र उत्पादक शक्तिको विकासमा गतिशील नेतृत्व प्रदान गर्दै आएको छ। विसं २००७ को राणाशासनविरुद्धको आन्दोलनदेखि पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन, २०३६ सालको आन्दोलन, २०४६ सालको आन्दोलन र ०६२/६३को जनक्रान्तिमा कम्युनिस्ट आन्दोलनले पुऱ्याएको योगदानलाई ऐतिहासिक भौतिकवादी दृष्टिकोणले उच्च मूल्याङ्कन गर्न सकिन्छ ।

अर्धसामन्ती, अर्धऔपनिवेशिक मुलुकको राज्यव्यवस्थालाई रूपान्तरण गर्ने कार्य पक्कै सजिलो थिएन । नेपाली क्रान्तिको अगुवाइ गर्ने र यसलाई परिणाममुखी निष्कर्षमा पुऱ्याउने कार्य अत्यन्तै जटिल प्रक्रियाबाट अगाडि बढेको थियो । कैयन् अवरोध, सङ्कट, हस्तक्षेप र दमनका बाबजुद नेपालमा २०६२/६३ सालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । यस राज्यसत्ताअन्तर्गत जनताले समावेशी समतामूलक तथा धर्मनिरपेक्ष व्यवस्था अङ्गीकार गरेका छन् र समाजवादोन्मुख समाज निर्माण गर्ने प्रस्तावनाको संविधानसमेत निर्माण गरेका छन् । यस संविधानलाई सही ढङ्गले कार्यान्वयन गर्दै समाजवादतर्फ सङ्क्रमणको तयारी गर्नु आजको कम्युनिस्ट आन्दोलनको प्रमुख दायित्व बनेको छ ।

अन्तरराष्ट्रिय कम्युनिस्ट आन्दोलनमा जस्तै नेपालको कम्युनिस्ट आन्दोलनमा पनि पटक पटक दक्षिणपन्थी सुधारवादी विचार, उग्रवामपन्थी भड्काव र विसर्जनवादी सोचहरू प्रकट भएका छन् । विसं २०१४ मा सम्पन्न नेपाल कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनमा कम्युनिस्ट आन्दोलनभित्र गम्भीर खालको दक्षिणपन्थी विचार प्रवाह हुन गयो । त्यस महाधिवेशनमा जनवादी कार्यक्रमको प्रस्ताव पारित भए पनि राजतन्त्रवादी केशरजङ्ग रायमाझी

पार्टीका महासचिव चुनिए । यसले गर्दा पार्टीभित्रको क्रान्तिकारी धार कमजोर हुन पुग्यो । बुर्जुवा सुधारवादी विचार बोकेका रायमाझीले कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनबाट पारित कार्यक्रमलाई अपनत्व जाहेर गर्न सकेनन् । क्रमशः पार्टीभित्र नेतृत्वको दक्षिणपन्थी धारले गर्दा क्रान्तिकारी गतिविधिमा अवरोध पैदा हुन थाल्यो ।

राजा महेन्द्रले २०१७ सालमा संसदीय व्यवस्था विघटन गरेर सबै शक्तिको केन्द्रीकरण गरी आफ्नो हातमा सत्ता लिएपछि सुधारवादी विचार बोकेका रायमाझी राजाको कदमलाई समर्थन गर्न पुगे र निर्दलीय पञ्चायती व्यवस्थाको पक्षपाती बने । नेपालको कम्युनिस्ट आन्दोलनमा विचारधारात्मक रूपमा प्रकट भएको यो घोर दक्षिणपन्थी अवसरवादी सोच थियो । यसले कम्युनिस्ट आन्दोलनलाई दिग्भ्रमित पारेर सामन्ती राज्यसत्तामा समर्पण गर्ने अवस्थाको सिर्जना गऱ्यो । राजाले सत्ता हातमा लिएपछि करिब एक दशक कम्युनिस्ट आन्दोलनभित्र दक्षिणपन्थी विसर्जनवाद मात्र होइन, चर्को दमनले गर्दा आत्मसुरक्षा, पलायनता र निराशा पनि छाउन पुग्यो । कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा पुग्यो र कम्युनिस्ट पार्टीभित्र टुटफुटको अवस्था सिर्जना भयो । यसलाई चिर्न कम्युनिस्ट आन्दोलनभित्रै क्रियाप्रतिक्रिया र विचारधारात्मक सङ्घर्ष तीव्र हुन गयो ।

यसै सिलसिलामा नेपालको कम्युनिस्ट आन्दोलनमा झापा विद्रोहले एउटा छुट्टै प्रवृत्ति स्थापित गऱ्यो । दक्षिणपन्थी अवसरवाद, निराशा, पलायनवादी सोच तथा गुटफुटको राजनीतिबाट कम्युनिस्ट आन्दोलनलाई अलग्याउने र श्रमजीवी वर्गको आन्दोलनलाई क्रियात्मक रूपमा अगाडि बढाउन यसले चेष्टा गऱ्यो । रायमाझीहरूका दक्षिणपन्थी विसर्जनवादविरुद्ध पुष्पलालहरूले गरेको विद्रोहपश्चात् झापा विद्रोहका क्रममा लिइएका राजनीतिक निर्णयहरू तत्कालीन कम्युनिस्ट आन्दोलनभित्रका दक्षिणपन्थी भड्काव र सुषुप्तपनविरुद्धको अर्को सशक्त विद्रोह थियो ।

यही विद्रोहका जगमा नेपाल कम्युनिस्ट पार्टी क्रान्तिकारी कोओर्डिनेसन केन्द्र गठन, विभिन्न कम्युनिस्ट समूहसँगको एकता, नेकपा (माले) गठन आदि प्रक्रियामा जुट्दै तत्कालीन नेतृत्वले आफैंभित्रको उग्रवामपन्थी विचारसँग जुधेर राजतन्त्रात्मक पञ्चायती व्यवस्थाका विरुद्धमा पनि सशक्त आन्दोलन सञ्चालन गरेको थियो । सही विचार र सही दृष्टिकोणका आधारमा तय भएका

नीतिहरूले सङ्गठन र आन्दोलनका क्षेत्रमा सफलता हासिल गर्दै गएको थियो । परिणामस्वरूप पञ्चायती व्यवस्था अन्त्य भयो र माले, नेकपा (मार्क्सवादी) लगायत विभिन्न पार्टीसँग एकीकृत हुँदै नेकपा (एमाले) बन्यो, जो नेपालको कम्युनिस्ट आन्दोलनको मूलधार र राष्ट्रिय अन्तरराष्ट्रिय रूपमा स्थापित र ग्राह्य शक्तिका रूपमा क्रियाशील भयो ।

नेपालको कम्युनिस्ट आन्दोलन शान्तिपूर्ण तरिकाले अगाडि बढिरहेका बेलामा माओवादी विचारका आधारमा परिचालन भएको कम्युनिस्ट आन्दोलनको अर्को धारले केही ज्वलन्त मागलाई अगाडि राख्दै सशस्त्र 'जनयुद्ध' घोषणा गऱ्यो । यही पार्टीसँग जनक्रान्तिका दौरानमा, नयाँ संविधान निर्माणमा तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने क्रममा चुनावी प्रतिस्पर्धाका बाबजुद सहकार्य भयो । यही सहकार्यका जगमा पछि कम्युनिस्ट आन्दोलनलाई अझ सशक्त र प्रभावकारी बनाउनका लागि संविधान निर्माणपछि २०७४ सालमा एमाले र नेकपा(माओवादी केन्द्र) बिच चुनावी तालमेल भयो । यसबाट करिब दुई तिहाइका सङ्ख्यामा नेपालका कम्युनिस्ट शक्तिहरू संसद्मा उपस्थित हुन पुगे र सातै प्रदेशसभामा बहुमतको उपस्थिति जनाए । केन्द्रदेखि प्रदेशसम्मका सरकारहरूको नेतृत्व यसले गऱ्यो । तत्पश्चात् यी दुवै पार्टी एक भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) गठन भयो ।

नेपालको इतिहासमा नेकपा गठन एउटा अत्यन्तै महत्त्वपूर्ण अवसर थियो । यसले नेपालका श्रमजीवी जनताको मात्रै होइन संसारभरि छरिएका कम्युनिस्ट तथा वामपन्थीको समेत सद्भाव प्राप्त गरेको थियो । नेपालमा अब समाजवाद प्राप्तिका दिशामा ठोस कार्य हुनेछ भन्ने विश्वास गरिएको थियो तर यसले परिणाममुखी कार्यसम्पादन गर्न सकेन ।

एमालेको नवौँ महाधिवेशनले पारित गरेको दस्तावेज र यसले अङ्गीकार गरेका नीति र विचारलाई नेकपा गठन हुनु अगाडिदेखि नै अस्वीकार र अवज्ञा गरिँदै आएको थियो । नेपाली क्रान्तिको स्वरूप, क्रान्तिकारी शक्तिको पहिचान, तात्कालिक अन्तरविरोधको विश्लेषण, शत्रु र मित्र पक्ष, क्रान्तिको उपलब्धि र समाजवादी कार्यदिशालाई बोध गर्ने विषयमा एमालेको नवौँ महाधिवेशनदेखि नै नेतृत्वमा केही खोट देख्न थालिएको थियो । विचारमा आएको समस्याले गर्दा सङ्गठन परिचालन र जनवादी केन्द्रीयताको परिपाटीलाई समेत नजरअन्दाज

गर्ने कार्य तत्कालीन नेतृत्वबाट हुन थाल्यो । विचार र सङ्गठन परिचालनको विधिमा नै अवसरवाद प्रकट हुन थालेपछि त्यसबाट नेतृत्व गरिएको सरकार र राज्य सञ्चालनका प्रक्रियामा पनि त्यस अवसरवादका बाछिटा देखिन थाले । त्यसैले गर्दा नेकपा गठनपश्चात् पनि यसले नीतिको कार्यान्वयनको अवसरका रूपमा भन्दा सत्ता प्राप्तिको हतियारका रूपमा नेकपाको शक्तिलाई दुरुपयोग गर्ने अवसरवाद पार्टीभित्र प्रकट भयो । यसले पार्टीको वर्गपक्षधरतालाई कमजोर बनाउने मात्र होइन, नेतृत्वले बुर्जुवा प्रतिक्रियावादी शक्तिसँग साँठगाँठ बढाउने अवसरका रूपमा प्रयोग गर्‍यो ।

वैचारिक रूपमा यसरी वर्ग पक्षधरतालाई त्याग्दै गएपछि व्यक्तिगत स्वार्थ, अहङ्कार र शक्ति संकेन्द्रित गर्ने प्रवृत्ति विकास हुनु अस्वाभाविक थिएन । यसखाले आकाङ्क्षालाई मूर्त रूप दिन विधि र पद्धतिबाट सङ्गठन सञ्चालन गर्नुभन्दा सङ्गठनभित्र आफ्नो विचारलाई समर्थन गर्ने 'यस म्यान' हरूको गुट खडा गर्नु र यसैद्वारा कामकारवाहीलाई निर्देशित गर्नु अनिवार्य थियो । यसले गर्दा पार्टीभित्र फरक मत राख्ने, विचार र विधिका कुरा गर्ने, आलोचना गर्ने, छलफल र बैठकको माग गर्ने पङ्क्तिलाई तितरवितर पार्ने, निष्प्रभावी पार्ने प्रयत्न निर्बाध ढङ्गले अगाडि बढाइयो । यस्तो सोचबाट विकसित हुँदै दक्षिणपन्थी अवसरवाद सत्ता र पार्टी सङ्गठन सबै कब्जा र नियन्त्रण गर्ने प्रक्रियामा अगाडि बढ्यो । आफ्नो विचारसँग असहमत हुने पार्टीका नेताहरूलाई तेजोबध गर्ने विषय मात्र हैन, आफ्नो सर्वसत्तावादी चिन्तनलाई सहयोग नपुर्‍याउने कुनै पनि विचारप्रति राजनीतिक प्रतिशोध लिने तरिका अवलम्बन गरियो । परिणामस्वरुप प्रतिनिधिसभा विघटन र संविधानमाथि प्रहार गर्ने काम भयो । यस कार्यमा प्रत्यक्ष र परोक्ष रूपमा मुलुकभित्रका दक्षिणपन्थी तथा पुनरुत्थानवादी शक्ति, धर्मभीरु तथा विदेशी शक्ति राष्ट्रको समेत आड लिन खोजियो । यसरी दक्षिणपन्थी अवसरवादले हाम्रो आफ्नो आँखैअगाडि एउटा कम्युनिस्ट आन्दोलनको विराट् सम्भावनालाई ध्वस्त पार्‍यो ।

नेपालको कम्युनिस्ट आन्दोलनमा दक्षिणपन्थी अवसरवाद र वामपन्थी भड्काव बेला बेलामा देखापर्नाका थुप्रै आधार छन् । आर्थिक-सामाजिक उत्पादन प्रणाली, त्यसमाथिको सांस्कृतिक चेतना, राजनीतिक राज्यसत्ता, आन्दोलनको वस्तुगत अवस्था, उत्पादक शक्तिको चेतना र क्रान्तिकारी आत्मगत अवस्थाले विचार

निर्धारण गर्छ । वर्तमान अवस्थामा विश्वव्यापी रूपमा प्रभुत्व जमाइरहेको वित्तीय पूँजीवादको दलाली गर्ने बुर्जुवा शक्ति नेपाली समाजमा पनि कायम छन् । नीति निर्माण, प्रशासन, राजकीय मामला तथा उत्पादनका विभिन्न क्षेत्रमा नवउदारवादकै बोलबाला कायम छ । दलाल नोकरशाही, बिचौलिया र कमिसन एजेन्ट आदि विभिन्न प्रकारले श्रमजीवी जनताका विचार प्रतिनिधित्व गर्ने दल, समूह र त्यसको नेतृत्व समूहमा पनि जबर्जस्त हस्तक्षेप गर्न पुगेका छन् । यसबाट कम्युनिस्ट आन्दोलनको विचारधारात्मक काम र व्यवहारमा असर परिरहेको छ । विभिन्न कालखण्डका दक्षिणपन्थी अवसरवादले कम्युनिस्ट आन्दोलनको दिशा, गति, प्रयत्न र परिणाममा समस्या खडा गरेको छ । तसर्थ भोलिका दिनका लागि पनि आज हामीले दक्षिणपन्थी अवसरवादसँग सावधान हुन, त्यसविरुद्ध सचेत र जागरुक हुन यसका केही दार्शनिक, राजनीतिक, साङ्गठनिक, आर्थिक तथा सांस्कृतिक पक्षबारे प्रस्ट हुन जरुरी छ ।

## दक्षिणपन्थी अवसरवादको दार्शनिक पक्ष

कम्युनिस्ट आन्दोलनभित्र जब वर्ग पक्षधरता परित्याग गरिन्छ, तब जो कोही पनि मार्क्सवाद लेनिनवादको मूलभूत दार्शनिक मान्यताबाट अलगिन्छ । उसले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका नियम परित्याग गर्न थाल्छ, आफ्ना अवधारणा भाववादी, आदर्शवादी, चेतनाबाट निर्देशित गराउने प्रयत्न गर्छ । उसका कैयन् सोच वस्तुवादी हुँदैनन्, मनोगतवादी हुन्छन् । यसैका आधारमा व्यक्तिवाद र अहङ्कारवाद विकसित हुन थाल्छ, वर्गीय अन्तरविरोधलाई होइन, वर्ग समन्वयवाद, आत्मसमर्पणवादलाई स्वीकार गर्न थाल्छ, रूपान्तरणका पक्षमा होइन, पुनरुत्थान, यथास्थिति र तदर्थका पक्षमा रहन्छ । यसैले गर्दा ऊ श्रमजीवी जनताको नेता र विचारक हुन सक्दैन, बुर्जुवा वर्गका स्वार्थमा आन्दोलनलाई गद्दारी गर्न पुग्छ ।

## दक्षिणपन्थी अवसरवादको साङ्गठनिक पक्ष

वैचारिक रूपले पतन हुँदै जाँदा सुधारवादी, संशोधनवादी र अवसरवादी चेतना भएका कम्युनिस्टहरू साङ्गठानिक विधि, पद्धति र मूल्यमान्यतालाई अङ्गीकार गर्न सक्दैनन्, जनवादी केन्द्रीयताको लेनिनवादी सिद्धान्तलाई परित्याग गर्छन्, कमिटीको निर्णय मान्दैनन्, कमिटीभित्रको लोकतन्त्रलाई अस्वीकार गर्छन्, विचारको विविधता

र बहुलतालाई निषेध गर्छन्, पार्टीभित्र हुने विचारधारात्मक कार्यलाई निरुत्साहन गर्छन् र सङ्गठनलाई स्वार्थप्रेरित उद्देश्यका निमित्त परिचालन गर्न प्रयत्न गर्छन् । फलस्वरुप श्रमजीवी जनताको एजेन्डालाई सङ्गठनले बोक्न सक्दैन । व्यक्तिको चाहना र आशयमा सङ्गठनका एजेन्डा तय हुन्छन् । यस्ता एजेन्डालाई अगाडि बढाउनका निमित्त आफ्ना निजी विचारमा सहमत केही स्वार्थी व्यक्तिको साथ र सहयोग खोज्ने र तिनीहरूमार्फत सङ्गठन चलाउने अभियान सञ्चालन हुन्छ । यसले गर्दा आधारभूत वर्ग र जनताबाट सङ्गठन विस्थापित हुन्छ ।

## दक्षिणपन्थी अवसरवादको राजनीतिक पक्ष

वर्ग सङ्घर्षको आधारभूत मान्यता र वर्ग अन्तरविरोधको वस्तुगत अवस्थालाई मनन गर्ने वैचारिक सोचका अभावमा त्यस्ता नेतृत्वले आन्दोलनलाई गलत बाटामा धकेल्न सक्छन् । पार्टीले राखेको रणनीतिक लक्ष्य प्राप्त गर्ने दिशामा कार्यनीति तयार हुँदैनन् । जब कम्युनिस्ट पार्टीको नेतृत्व दक्षिणपन्थी अवसरवादका बाटामा अग्रसर हुन्छ, तब उसले रणनीतिक र कार्यनीतिक विषयमा गलत निर्णय गर्न थाल्छ । नेपालका सन्दर्भमा केही नेताले राजतन्त्रलाई हेर्ने सवालमा लिएको गलत रणनीति र कार्यनीतिक निर्णयले कम्युनिस्ट आन्दोलनलाई दिग्भ्रमित पारेको हामीले माथि उल्लेख गरिसकेका छौँ । वर्तमान अवस्थामा पनि समाजवादी कार्यदिशालाई अवलम्बन गर्न नचाहने आर्थिक-सामाजिक रूपान्तरणको मुद्दालाई लोककल्याणकारी विचारमा सीमित गराउने र सोभन्दा उन्नत तुल्याउन नसक्ने विचार विद्यमान छन् । नवउदारवादी बुर्जवावादी सोचले गर्दा कम्युनिस्ट आन्दोलनभित्र अवसरवादी धार प्रकट भइरहेका छन् । यसबाट थुप्रै नेताकार्यकर्ता प्रभावित छन् र आफ्नो व्यक्तिगत पदप्रतिष्ठा, लाभहानि, अवसरलगायत क्षुद्र स्वार्थमा सिङ्गो कम्युनिस्ट आन्दोलनको मुक्तिकामी राजनीतिलाई सङ्कुचन र बङ्ग्याइरहेका छन् । दक्षिणपन्थी अवसरवादी राजनीतिक सोच भएका व्यक्ति तात्कालिक वस्तुगत अवस्थालाई सही किसिमले व्याख्या गर्न सक्दैनन् र त्यसमा रुचि पनि राख्दैनन् । नेपालमा जनक्रान्तिपश्चात् प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी सहभागितामूलक राज्यव्यवस्थालाई सुदृढ गर्ने कुरामा पनि उनीहरू सुस्पष्ट राजनीतिक सुझबुझ र प्रतिबद्धता राख्दैनन् ।

## दक्षिणपन्थी अवसरवादका आर्थिक पक्ष

कम्युनिस्ट आन्दोलनको मूलभूत उद्देश्य भनेको उत्पादन व्यवस्थालाई परिवर्तन गर्नु हो। यसले श्रम, उत्पादन साधन र स्वामित्वबीचको शोषणमूलक सम्बन्धलाई विस्थापन गरेर आर्थिक- सामाजिक जीवनलाई समाजवादीकरण गर्ने काम गर्छ। तसर्थ श्रमजीवी जनताका प्रतिनिधिले जनताका मूलभूत एजेन्डालाई वर्ग सङ्घर्ष र आन्दोलनको मूल मुद्दा बनाउने गर्छन् र त्यसको प्राप्तिका लागि आफ्नो सङ्घर्षलाई निरन्तरता दिन्छन्, सत्तामा पुगेपछि जनताका मागलाई सामाजिक-आर्थिक रूपान्तरणको कार्यक्रमबाट सम्बोधन गर्ने प्रयत्न गर्छन् । दक्षिणपन्थी अवसरवादीहरू भने यसको ठीक विपरीत वर्ग पक्षधरता परित्याग गर्दै बुर्जुवा वर्गको आर्थिक प्रणालीलाई नै पक्षपोषण गर्छन् र सामाजिक-आर्थिक रूपान्तरणको वाम एजेन्डालाई कमजोर बनाइदिन्छन् । केही सुधारवादी हौँ भन्नेहरू वर्गीय मुद्दाभन्दा समाजमा उत्पन्न तत्कालीन मुद्दालाई उठाउने र त्यसको समाधानमा नलागी लोकरिझ्याइँका नारामा देश र जनतालाई गुमराहमा पार्ने गर्छन् । यस्ता दक्षिणपन्थी सोच भएका वामपन्थीहरू मनोगत कार्ययोजनामा अगाडि बढ्ने र आधारभूत समस्या समाधान गर्नेभन्दा आफ्नो प्रोपगन्डाका झ्याली पिट्ने दुष्प्रयास गर्छन् ।

## दक्षिणपन्थी अवसरवादका सामाजिक-सांस्कृतिक पक्ष

जब क्रान्तिकारी विचार भुत्ते हुँदै जान्छ, तब कम्युनिस्ट नेता र कार्यकर्तामा सांस्कृतिक विचलन पैदा हुँदै जान्छ । अवसरवादी र दक्षिणपन्थीहरू समाज, परिवारको गलत व्याख्या गर्दै आवश्यकताको सिद्धान्तलाई अनुसरण गर्न पुग्छन्, मार्क्सवादी संस्कृतिलाई होइन, रीतिरिवाज र परम्परालाई दुहाइ दिँदै बुर्जुवा व्यवहारलाई अङ्गीकार गर्न पुग्छन्, साधा जीवन, उच्च विचार, वैज्ञानिक चिन्तनप्रणाली, अध्ययनशीलता, नम्रता, कामरेडेली व्यवहार सबै बेवास्ता गर्दै व्यक्तिगत सुखसयल, सानसौकत, सुविधा, बडप्पनतर्फ आकर्षित हुन थाल्छन् । उनीहरू क्रमिक रूपबाट भ्रष्टाचार, दलाली, कमिसनखोरी, सजिलो आम्दानी, तस्करी जस्ता अपराधपूर्ण क्रियाकलापमा समेत संलग्न हुन पुग्छन् । तिनीहरूमा अपारदर्शी जीवनशैली, स्टन्टका लागि राजनीतिक अभियानमा लागिपर्ने, उपभोक्तावादी प्रवृत्ति विकास गर्ने, पदप्रतिष्ठा र हैसियतका लागि जे पनि गर्ने,

शक्तिकेन्द्रमा धाउने, चाकडी र चाप्लुसी गर्ने गराउनेलगायत सामाजिक तथा सांस्कृतिक प्रवृत्ति देखापर्न थाल्छन्, व्यक्तिगत अहङ्कार, व्यक्तिपूजा, गुटगत गतिविधि, खुसामदी, ताबेदारी आदि कुरा अवलम्बन गर्न थाल्छन् । ती कतिपय सन्दर्भमा त सिङ्गो आन्दोलनलाई निजीकृत गर्ने, व्यक्तिगत प्रशस्तिका लागि समूह निर्माण गर्न पनि पछि हट्दैनन्, समाजभित्रका वर्गीय, जातीय, लैङ्गिक, भौगोलिकलगायत विभेदलाई अनुकूलतामा प्रयोग गर्ने तर समाधानको ठोस कदम चाल्न अग्रसर हुँदैनन् ।

## निष्कर्ष

कम्युनिष्ट आन्दोलनमा देखा पर्ने दक्षिणपन्थी अवसरवाद र वामपन्थी उग्रवादविरुद्ध निरन्तर विचारधारात्मक सङ्घर्ष गरेर मात्रै कम्युनिस्ट आन्दोलनको रक्षा र विकास गर्न सकिन्छ । अन्तरराष्ट्रिय कम्युनिस्ट आन्दोलनमा होस् वा हाम्रो कम्युनिस्ट आन्दोलनमा, बुर्जुवा वर्गको प्रभाव र प्रभुत्वबाट कम्युनिस्ट नेता र कार्यकर्तालाई अलग्याउन सकिएन भने, उनीहरूबाटै कम्युनिस्ट आन्दोलनमाथि प्रहार हुन थाल्छ र बुर्जुवा वर्गविरुद्धको सङ्घर्ष कमजोर हुन जान्छ । हामीले दक्षिणपन्थी अवसरवादबाट सिर्जित वैचारिक, राजनीतिक, साङ्गठनिक, आर्थिक र सांस्कृतिक विचलन र विसर्जनका विरुद्ध सङ्घर्ष गऱ्यौँ र त्यसका विरुद्ध विद्रोह गर्दै कम्युनिस्ट आन्दोलनको पुनर्गठनको प्रक्रियामा सामेल भयौँ । यो विद्रोहको औचित्य र सार्थकता त्यति बेला मात्र सिद्ध गर्न सकिन्छ, जब वैचारिक रुपमा सबैखाले अवसरवादका विरुद्ध हामी दृढतापूर्वक उभिन सक्छौँ र हामीभित्रै हुर्कन खोज्ने अवसरवादी विचारका विरुद्धमा आफूलाई शुद्धीकरण र रूपान्तरणका प्रक्रियामा संलग्न गराउने प्रतिबद्धता जनाउँछौँ । आफूभित्रका र कम्युनिस्ट आन्दोलनभित्रका सबैखाले अवसरवादीलाई परास्त गरेर मात्रै समाजवादको यात्रा तय गर्न सकिन्छ ।

❖❖❖

# समाजवादबारे



**राम कार्की**
नेता, नेकपा (माओवादी केन्द्र)

पूँजीवादको मानवमैत्री अझ भनौं जीवनमैत्री विकल्प समाजवाद मात्र हो । पूँजीवादले ज्ञात भएसम्म, पहुँच भएसम्म ब्रम्हाण्डको अविवेकी तरिकाले दोहन गरेर यसलाई विकास भन्ने गरेको छ । अझ पृथ्वीको त यति अविवेकी ढंगले शोषण गरिरहेको छ, त्यो मूल्यमा विकास पूँजीवादको मान्यता बनेको छ । यो स्थितिमा पूँजीवादको जीवनमैत्री विकल्प, मानवमैत्री विकल्प समाजवाद हो ।

सोभियत संघ र पूर्वी युरोपका देशहरुमा अस्तित्वमा रहेको समाजवाद ढलेपछि पूँजीवाद दिग्वीजयी भएको घोषणा गरियो र मानव जातिको समस्या पूँजीवादले नै समाधान गर्छ भन्ने शंखघोष भयो । तर, समाजवादी आन्दोलनहरु कमजोर भएको स्थितिमा पनि पूँजीवाद निर्विघ्न अगाडि बढ्न सकेन । यसले यसको प्रणालीमा रहेको खोटहरुका कारण यो जनद्रोही र खासगरी क्षेत्रीय, वर्गीय, लिंगिय र जातीय शोषण यसको नैसर्गिक चरित्र भएका कारण विभिन्न ढंगले यसको प्रतिवादहरु भएका छन् र समाजवादले पूँजीवादका अगाडि जुन मर्यादित र व्यवस्थित विकल्पहरु अगाडि सारेको थियो त्यसको सट्टा अहिले संसारका विभिन्न भागमा जातीय, धार्मिक, साम्प्रदायिक खालका तान्डवहरु देखा परेका छन् । र पूँजीवादले शान्ति, समृद्धि, समानता कायम गर्न सक्दैन भन्ने कुरो फेरि जाहेर भएको छ । आर्थिक मन्दी, बेरोजगारी आदिले पूँजीवादका केन्द्रहरु आक्रान्त बनेका छन् ।

दरिद्रताभित्र प्रचुरता, अर्कातिर प्रचुरताभित्र दरिद्रता प्रकृति र पर्यावरणको ध्वंशद्वारा बृद्धि मानवमैत्री सामाजिक नैतिक र साँस्कृतिक मूल्यहरुको विनाश पूँजीवादका लाक्षणिक विशेषताहरु बनेका छन्। सोभियत संघको पतनपछि पूँजी र श्रमबीचको तथाकथित मध्यक्षेत्र अर्थात् कल्याणकारी राज्यको अवधारणालाई पूँजीवादले ध्वस्त पारेको छ । यसरी प्रजातान्त्रिक समाजवादीहरुले भन्ने गरेको तेस्रो बाटो पनि बन्द भएकोले समाजवाद मात्रै एउटा विकल्प बचेको छ । विभिन्न मुलुकहरुमा समाजवादी आन्दोलनहरुले धक्का खानु परेपनि समाजवादी आन्दोलनहरुसँग ती सफलता र असफलताका अनुभवहरुको एउटा भण्डार छ र समाजवादी आन्दोलनहरुले आफ्ना मूलहरुबाट शिक्षा लिएर अझ शक्तिशाली बनेर यो अगाडि बढ्न सक्ने सम्भावना प्रवल छ ।

समाजवादी आन्दोलनका क्रममा मानव जातिले संसारका विभिन्न हिस्साहरुमा देखाएको त्याग, बलिदानको किर्तिमानहरु समाजवादी आन्दोलनका धरोहरहरु बनेर रहेका छन् । त्यसैले त्यो नैतिक पूँजी आगामी समाजवादी संघर्षका निम्ति महत्वपूर्ण हुन सक्छ । यी सबै कारणहरुले गर्दा समाजवादको भविष्य छ कि छैन भन्नुभन्दा पनि समाजवादको भविष्य छ र समाजवादको भविष्यका निम्ति गर्ने संघर्षको रणनीति, कार्यनीति बनाउनु विश्वका समाजवादीहरुको विश्वका क्रान्तिकारी कम्युनिष्टहरुको कर्तव्य बन्न गएको छ । यसो गर्दा निश्चय नै विगतको समाजवादी आन्दोलनमा हामीले के निर्माण गर्न सक्यौं र असफलताले के गुमायौं भन्ने कुराको गम्भीर समीक्षा गर्नुपर्ने हुन्छ । समानतामा आधारित, शोषणरहित, सम्पूर्ण मानव जातिलाई जोड्ने दर्शन, सिद्धान्त र राजनीतिक समाजवादसँग छ भन्ने कुरा इतिहासले प्रमाणित गरेको छ । मार्क्सले चाहेको संसार अर्थात् मानिस बाँच्नका निम्ति चाहिने पशुवत आवश्यकताबाट माथि उठोस्, उत्पादनमा अर्थतन्त्रको बन्धनबाट मुक्त मानव संसार बाँच्नका निम्ति काम गर्नुपर्ने बाध्यताको स्थितिबाट मुक्त भएर कामगर्न आदत बनोस् । उसको जीवनलाई निर्धारण गर्ने आर्थिक चक्रहरुबाट मुक्त भएर मान्छे-मान्छेको बीचमा र मान्छे र प्रकृतिको बीचमा पनि एकता र सम्पृत्ति कायम होस् भन्ने मार्क्सको सपना अर्थात् मार्क्सको दीर्घकालीन जुन परियोजना हो त्यो सफल किन हुन सकेन ? यो किन सफल हुन सकेन भन्ने कुराको बृहंगम समीक्षा गर्नु जरुरी छ । यसो गर्दा समाजवादले दुनियाँभरिका उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंगमा पैदा गरेको आशावादीता, उत्साह र उमंगलाई ध्यान दिँदादिँदै हामीले मार्क्सवादको इन्टरप्रेटेशनमा मार्क्सवादको व्याख्या, विश्लेषणमा बुझाइमा र प्रयोगमा हुन गएका गम्भीर भूलहरुलाई पनि नियाल्नै पर्ने हुन्छ ।

समाजवादको संघर्षहरुले बलियो आकार ग्रहण गरिरहेको अवस्थामा समाजवादी आन्दोलनका दुई मुर्धन्य व्यक्तित्वहरु लेनिन र रोजाको बीचमा चलेको छलफल र विवादहरु पनि हाम्रा निम्ति मनग्ये शिक्षादायक छन् । समाजवादी सिद्धान्तले लैस खास नेतृत्वको पंक्ति विना कामदार वर्ग साँच्चिकै क्रान्तिकारी बन्ने कुरामा लेनिनले शंका प्रकट गरेका छन् । अझ भनौं लेनिनले ठोकुवा दिएका छन् कि मजदुर आन्दोलनमा समाजवादी चेतना भित्र्याउनु पर्दछ । अर्कातिर पार्टीले वर्गलाई नियन्त्रण गरेपछि मजदुर वर्गको जुझारुपन र सिर्जनात्मक

ढुकढुकी समाप्त हुन्छ कि भन्ने चिन्ता रोजाले जाहेर गरेकी छिन्। आज हामीले पार्टी र वर्गको जैविक एकताको निम्ति कस्तो कार्यक्रम बनाउने, कस्तो संगठन बनाउने भन्ने विषयमा गम्भीर छलफल गर्नुपर्दछ।

समाजवादको रक्षात्मक स्थितिका कारण पैदा भएको आतंकले कतिपय मार्क्सवादीहरुमा विचलन आएको छ। र मार्क्सका आधारभूत सिद्धान्तमा नै संशोधन गर्ने परिपाटी विकास हुन थालेको छ। सामाजिक वर्गहरुबीचको विरोधलाई समस्या ठान्ने ब्याधी हाम्रै आन्दोलनहरुमा पनि देखापरेका छन्। सामाजिक वर्गहरुबीचको अन्तरविरोधलाई समस्या मान्दा समस्याको समाधान गर्ने सुलह, सम्झौता, सहनशिलता र व्यवस्थापनको कुरा हुन थालेको छ। जब कि सामाजिक वर्गहरुबीचको अन्तरविरोध असंख्य हुन्छ र क्रान्तिकारी ट्रान्सफर मेसन्स रुपान्तरण पछि मात्रै सामाजिक वर्गहरुबीचको चालू अन्तरविरोधले नयाँ रुप, नयाँ गतिमा फड्को मार्न सक्छ। यो प्रक्रिया निरन्तर चलिरहन्छ। लेनिनले संगठनसँगै दिशाको कुरा गरेका छन्। अर्थात् अर्गनाइजेशनसँगै डाइरेक्सन हुनुपर्छ भनेका छन् र यो लेनिनको महत्वपूर्ण योगदान हो। अर्कातिर रोजा लग्जेम्बर्गले प्रजातन्त्रको सामाजिक पक्षमा एकोहोरो ध्यान दिंदा प्रजातन्त्रको राजनीतिक पक्ष कमजोर हुन्छ र समाजवाद लंगडो बन्न जान्छ भन्ने चिन्ता बारबार जनाएकी छिन् र रुस तथा पूर्व युरोपका अनुभवले रोजाका यी भनाईहरुको दूरगामी महत्वलाई दर्शाएको छ।

सामाजिक वर्गको वर्गस्वार्थलाई रहस्यको पर्दाभित्र छोप्न खोज्दा धर्म, जात आदिका विरोधहरुले प्राथमिक स्थान ओगट्न थाल्छन्। तिनीहरु हावी भएजस्तो देखिन्छन्। वर्गसंघर्षको विशिष्ट स्वरुप राजनीति भएको हुनाले समाजवादीहरुले आफ्ना राजनीतिक कार्यक्रम रणनीति र कार्यनीतिमा वर्गसंघर्षलाई प्राथमिक ठाउँ प्रदान गर्नुपर्दछ। भाषिक, धार्मिक, लिंगिय, सांस्कृतिक शोषणलाई राजनीतिले नै बैधता दिने हुँदा लडाइ त राजनीतिकै क्षेत्रमा गरिनु पर्दछ। राजनीतिक संघर्ष नै गरिनु पर्दछ। समाजमा चल्ने यी टक्करहरुमध्ये वर्गको टक्करलाई ओझेलमा पारिदिँदा जातीय, भाषिक वा ट्रेड युनियनवादी चेतना अगाडि आउँछ। यसमा पनि राजनीति त हुन्छ, केवल क्रान्तिकारी राजनीतिको भने उपस्थिति रहँदैन।

समाज र राज्यको बीचको अन्तरलाई सबभन्दा बढी जोड मार्क्सले नै दिएका छन् । मार्क्सभन्दा पहिले यो अन्तरको बारेमा गम्भीर चर्चा भएको थिएन । त्यसैले मजदुरहरुको राज्य भनेको प्रजातन्त्रको त्यो विस्तार हो जहाँ राज्यद्वारा खोसिएको अधिकार तागत शक्ति पुनः समाजमै फिर्ता गरिन्छ । मार्क्सले स्वतन्त्र राज्यको कुरा गरेका होइनन् । मार्क्स भन्छन्- 'हामीलाई स्वतन्त्र राज्य होइन, संक्रमणका निम्ति समाजको अधिनमा रहेको राज्य आवश्यक छ ।'

मार्क्सको मार्क्सवादलाई बुझ्ने विषयमा पनि काफी समस्याहरु रहने गरेका छन् । सोभियत संघको गठनपछि मार्क्सवादको एकमात्र आधिकारिक केन्द्र रुस र रुसमा लागू भएको व्यवस्थालाई मान्ने काम रुसमा द्वन्द्ववादी र भौतिकवादी भन्ने विवाद चर्किएको अवस्थामा बुखारिनले भौतिकवादको बारेमा एउटा पुस्तक लेखे र त्यो पुस्तक 'टेक्स्ट बुक' नै बनाइयो । पछि बुखारिन स्वयं राज्यको दमनको शिकार बने । त्यसपछि पनि उनले अगाडि सारेको मान्यता भने स्टालिनद्वारा अगाडि बढाइएको मार्क्सवादको रुपमा झांगिनै रह्यो । त्यसले मार्क्सवादमा रहेको मानव स्वतन्त्रताको पक्षलाई न्युनीकरण गरिदियो । अर्थतन्त्रले अरु सम्बन्धहरुलाई निर्धारण गरिरहेको वास्तविकता दर्शाउँदै मार्क्स मानिस ती आवश्यकताबाट मुक्त बनोस र अरु मान्छे र प्रकृतिसँग एकाकार होस् भन्ने चाहन्थे । तर त्यो स्वतन्त्रताको पक्ष, त्यो मानवीयता हटाइ दिइसकेपछि मार्क्सवाद पनि भौतिक उत्प्रेरणामा चल्ने भौतिक सुविधाहरुको निम्ति मरिमेट्ने पूँजीवादकै अर्को एउटा रुप बन्न जान्छ । यसरी मार्क्सवादलाई एउटा कोरा भौतिकवादका रुपमा पतन गराउने, भ्रष्टीकरण गर्ने काम पनि मार्क्सवादी आन्दोलनमा भएको छ । यस्तो प्रकारको मान्यताले उत्पीडकको उत्पीडक बन्ने लालसा मजदुर वर्गमा पैदा गरिदिन्छ । उत्पीडनको विरुद्धको संघर्षको क्रममा संघर्षले नयाँ मानिस पैदा गर्नुपर्ने हो । तर उत्पीडकको उत्पीडक बन्ने अर्थात् पूँजीपति वर्ग आज उत्पीडक वर्गको रुपमा देखा परेको छ, यसको शासनलाई ढालेर मजदुर वर्ग उत्पीडक वर्गको रुपमा रुपान्तरण हुने लालसा समाजवाद असफल हुनमा महत्वपूर्ण कारक बनेको छ ।

**कार्ल मार्क्सले राजनीतिलाई असाध्यै** धेरै महत्व दिएका छन् । फायरवागको सन्दर्भमा फायरवागको कमजोरीहरुको उल्लेख गर्दै कार्ल मार्क्सले आफना मित्र ह्युजलाई १३ मार्च १८४३ मा लेख्नुभएको पत्रमा मार्क्स फायरवागको बारेमा

भन्नुहुन्छ उनी प्रकृतिको बारेमा बढी कुरा गर्छन् तर राजनीतिको बारेमा कम कुरा गर्छन्। मार्क्सवाद फायरवादको सन्दर्भमा यसरी कमजोरी औंल्याउने कार्ल मार्क्सको मार्क्सवादमै राजनीतिक पक्ष कालान्तरमा कमजोर बन्न पुगेको देखिन्छ। खासगरेर पूँजीवादी सत्तालाई ढालेर समाजवादी सत्ता स्थापना भइसकेपछि त्यो समाजवादको स्वरुप कस्तो हुन्छ ? अर्थात् साम्यवादमा नपुगुन्जेलसम्मको त्यो लामो संक्रमणकालीन राज्य कसरी चल्छ ? स्वयं क्रान्तिकारी वर्गमा आउने रुग्णता, कमजोरीहरुलाई कसरी हटाउने ? त्यो समाजवादी राज्यलाई कसरी उन्नत बनाउँदै साम्यवादमा पुऱ्याउने भन्ने कुरामा कार्ल मार्क्स, एंगेल्सकै पालामा पनि धेरै मौनता, रिक्तता देखिन्छ । मार्क्सवादलाई अगाडि बढाउने पछिल्ला मार्क्सवादीहरु खासगरी लेनिन, ट्राटस्कीहरुमा पनि त्यो राजनीतिक पक्षमा धेरै ध्यान दिइएको पाइँदैन । माओले जीवनको उत्तरार्धमा क्रान्ति गर्ने पार्टीमा आउने ह्रासोन्मुखता सिद्धान्तबाट विच्युत हुँदा के गर्ने भनेर सर्वहारा सांस्कृतिक क्रान्तिको सुरुवात गरेको देखिन्छ। तर, त्यसमा पनि कुनै संस्थागत प्रयत्न भन्दा माओको व्यक्तिगत पहल बढी परिलक्षित हुन्छ । सांस्कृतिक क्रान्तिलाई निरन्तरता दिने संयन्त्रहरु बनेको पाइँदैन ।

मार्क्सको जीवनको महत्वपूर्ण काल यो सावित गर्नमा बितेको देखिन्छ कि राज्य समाजबाट निरपेक्ष या समाजभन्दा माथिको संस्था होइन । समाजमा रहेको अधिकारलाई कब्जा गरेर राज्य एउटा खास वर्गको प्रतिनिधि संस्थाको रुपमा रहेको छ भन्ने कुरा सावित गर्नमा नै मार्क्सको सम्पूर्ण तागत खर्च भएको देखिन्छ। यो राजनीतिक विज्ञानको हिसावले असाध्यै महत्वपूर्ण अन्वेषण थियो। आज सबै मार्क्सवादीहरु सजिलै भन्न सक्छौं कि राज्य खास उत्पीडक वर्गको औजार हो भन्ने कुरा प्रमाणित भएको छ । तर मार्क्सको पालामा यो कुरा सावित गर्नु निकै कठिन थियो । र तत्कालीन सन्दर्भमा मार्क्सले सामाजिक अधिकारहरु विना अर्थात् आर्थिक लगायत सामाजिक अधिकार विना प्राप्त हुने प्रजातान्त्रिक अधिकार राजनीतिक अधिकार, निर्वाचनमा भाग लिने, सभा सम्मेलनहरु गर्ने, वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रताआदि खोक्रो हुन्छन् भनेका छन्। त्यसो भनिरहँदा मार्क्सले ती स्वतन्त्रताहरुलाई कम महत्व दिएका छैनन्। तर, पछिल्ला मार्क्सवादीहरुले प्रजातन्त्रको सामाजिक पक्षमा एकोहोरो जोड दिने नाममा त्यसको राजनीतिक पक्ष ओझेलमा पर्न गएको छ ।

मार्क्सको लक्ष्य साम्यवाद होइन । उनी त साम्यवादपछि स्वतन्त्र मान्छेहरुको नयाँ इतिहास सुरु हुने कुरा गर्छन् । साम्यवादसम्म त मान्छे आफ्ना दैनिक आवश्यकताहरु (कतिपय मानेमा ती पशुवत आवश्यकताहरु पनि हुन् । खानु लाउनु, सुत्नु आदि जुन कुराहरु छन् । त्यसकै निम्ति संघर्ष गरिरहेको छ मान्छे । यति धेरै उन्नति गरिसकेपछि पनि मान्छे ती आधारभूत कुराहरुकै निम्ति बाँधिएको तथ्यबाट मार्क्स यो निष्कर्षमा पुग्छन् कि मान्छेलाई यो बन्धनबाट मुक्त गराएर स्वतन्त्रताको संसारमा पदार्पण गराउनु पर्दछ । त्यसैले मार्क्स आफ्नो "इकोनोमिक एण्ड फिलोसोफिकल म्यारिस्क्रिपसन"मा लेख्दछन् साम्यवाद नै मानव विकासको लक्ष्यचाहिँ होइन । 'कम्युनिजन एज सर्च इज नट द एम अफ हुमेन डेभपलमेन्ट' मार्क्सका अनुसार समाजवादको लक्ष्य मान्छे हो । समाजवादको लक्ष्य उत्पादनको यस्तो स्वरुप र समाजलाई यसरी संगठित गर्नु हो जहाँ मान्छेले आफ्नै उत्पादनबाट आफ्नै कामबाट अर्को साथी मान्छेबाट, आफैबाट र प्रकृतिबाट विच्छेद हुने स्थितिमाथि विजय प्राप्त गरोस् । उ स्वयंमा फर्कियोस् र आफ्नै तागतले संसारलाई फेरोस् । मार्क्सका यी भनाइहरुबाट बुझिन्छ कि मार्क्सका दीर्घकालीन लक्ष्य सम्पूर्ण मानव जातिको मुक्ति हो । त्यतिमात्रै होइन, प्रकृति, पर्यावरण र प्राणीका निम्ति पनि उनी सजग छन् । तर, पछिल्लो कालमा लेनिनले कामदार वर्गको बढी कुरा गर्नुभएको छ । माओ किसानको कुरा गर्नुहुन्छ । तर ती त साम्यवादको रणनीतिको दृष्टिले कार्यनीतिक कुराहरु हुन् । रणनीतिक कुरा त मान्छे हो । पछिल्लो कालमा खास गरेर चेग्वेभारा र फिडेल क्यास्ट्रोले मान्छेलाई सम्बोधन गर्ने कोशिस गरेका छन् । एकजना फ्रेन्च पत्रकारसँगको कुराकानीमा चेग्वेभारा भन्दछन्- 'कुनै समाजमा आर्थिक समानता छ भन्दैमा म त्यसलाई समाजवादी मान्दिन ।' जबसम्म त्यहाँ समाजवादी मूल्य स्थापित भएको हुँदैन । त्यसैले क्युबाको क्रान्तिमा चेग्वेभारा नयाँ मान्छे निर्माण गर्ने कुरा गर्दछन् । आज हामीले समीक्षा गर्दा ७० वर्ष समाजवादी व्यवस्था लागू भएको सोभियत संघमा समाजवादको पतनपछि के देखापर्‍यो त ? हामीले त्यहाँ नयाँ मान्छे देख्न सकेनौं । फेरि मान्छेहरु लाम लागेर चर्चमा पुगे । धार्मिक, जातीय उन्मादहरुले फेरि शिर उठायो । यसको अर्थ त्यहाँ लागू भएको समाजवादले नयाँ मान्छे निर्माण गर्न सकेनछ । यसकुरामा हामी गम्भीर बन्नै पर्दछ ।

मार्क्सले राज्यलाई पूँजीपतिवर्गको व्यवस्थापन समिति भनेका छन् । मार्क्सका अनुसार राज्यले प्रतिस्पर्धी पूँजीवादी समूहहरुको बीचमा मध्यस्थताको काम गर्दछ र सम्पूर्ण पूँजीपति वर्गहरुलाई यसैकारण प्रतिनिधित्व गर्दछ । हामीले संक्रमणकालीन राज्यमा एक भन्दा बढी समाजवादी समूहहरुलाई मध्यस्थता गर्ने राज्य निर्माण गर्न सक्छौं कि सक्दैनौं ? दर्शनमा एकतत्ववाद बुभ्न सकिन्छ। यो मार्क्सवादसंगत छ । तर, संक्रमणकालीन राज्यको राजनीतिमा **प्लुरालिजम** अर्थात् राजनीतिक बहुलतालाई स्वीकार गर्ने कि नगर्ने ? विभिन्न जनताको तहमा विभिन्न प्रकारको विविधता देखिन्छ। उत्पीडित वर्गमै पनि त्यो विविधता रहेको स्थितिमा समाजवादी उद्देश्य बोकेका विभिन्न पार्टीहरु हुन सक्छन् । र ती समाजवादी पार्टीहरुलाई प्रतिस्पर्धा गराउने संक्रमणकालीन राज्यको बारेमा गम्भीर छलफलको आवश्यकता छ । यो स्थितिमा यी समाजवाद स्वीकार गर्ने समाजवादलाई आफ्नो लक्ष्य बनाएका विभिन्न पार्टीहरुको संयुक्त मोर्चा अग्रदस्ता बन्न सक्छ कि सक्दैन क्रान्तिको ? यसबारेमा हामीले बहस सुरु गर्नुपर्दछ । अहिले नेपालमा र विश्वभरि नै पहिचानको राजनीति अगाडि आइरहेको छ । यस विषयमा आर्थिक परिचयको अर्थात् वर्ग र वर्गसंघर्षको कुरा ओझेलमा पारेर सामाजिक परिचयका कुराहरु, जातीय उत्पीडनका कुराहरु, लिंगिय, क्षेत्रीय उत्पीडनका कुराहरु अगाडि आइरहेका छन् । यसले मार्क्सवादीहरुलाई वर्ग संघर्षसँगै वर्गसंघर्षका विस्तारित तर विशिष्ट रुपहरुमा पनि सुरुदेखि नै ध्यान दिने अर्थात् वर्गसंघर्ष भित्र जातीय, क्षेत्रीय, लिंगिय उत्पीडनका मुद्दाहरुलाई पनि अझ महत्वपूर्ण पर्यावरणको मुद्दालाई पनि समाहित गरेर लैजानुपर्ने चुनौती समाजवादीहरुको अगाडि छ। अर्कोतिर विश्व पूँजीवादले दाहिनेतिरबाट बजारको सहायताले र देब्रेतिरबाट विभिन्न नाममा खुलेका एनजिओ र आइएनजिओहरुद्वारा समाजवादलाई औचित्यहिन सावित गर्न र आफैंलाई आफ्नो विकल्पको रुपमा प्रस्तुत गर्न छद्म संघर्ष गरिरहेको छ। भनिन्छ आज ५० हजारको संख्यामा एनजिओ र आइएनजिओहरु संसारभरि काम गरिरहेका छन् । विश्व बैंक र धनी देशहरु र अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरुको संसर्गमा काम गर्ने अधिकांश एनजिओ र आइएनजिओको उद्देश्य समाजवादलाई भुत्ते बनाउने नै हो । सयभन्दा बढी जाति र सयभन्दा बढी भाषा भएको नेपालमा हामीले लेनिनको यी दुईटा भनाइहरुलाई महत्वपूर्ण प्रस्थापना मानेर जातीय,

क्षेत्रीय, लिंगिय उत्पीडनहरुलाई वर्गसंघर्षभित्र सामेल गराउनुपर्ने जरुरी छ । लेनिन भन्नुहुन्छ- 'उत्पीडित देशका समाजवादीहरुले उत्पीडित जातिहरुको एकतालाई उनीहरुलाई एकै ठाउँ उभ्याउने कुरामा विशेष ध्यान दिनै पर्दछ ।' यो गर्न सकिएन भने उत्पीडित जातिहरु आफ्नै जातिभित्रको उत्पीडक वर्गको पोल्टामा पर्न जान्छ। अझ उनी थप्छन् यदि सर्वहारा वर्गले आफ्नो जातिभित्रको पूँजीपति वर्गलाई अलिकति पनि समर्थन गर्छ भने उसले अरु जातिहरुको सर्वहारावर्गको विश्वास गुमाउँछ र उत्पीडित जातिहरुको, उत्पीडित वर्गहरुको एकतालाई नोक्सान पुऱ्याउँछ । नेपालको सन्दर्भमा नेपाल आफैं एउटा उत्पीडित राष्ट्र हो । तर यसभित्र पनि विभिन्न जातीय गोष्ठीहरुबीच विभेद छ, उत्पीडन छ, असमानता छ भन्ने कुरालाई हामीले स्वीकार गर्नुपर्ने हुन्छ । यो स्थितिमा एकातिर सिंगो नेपाल नै उत्पीडित अवस्थामा रहेको अर्कातिर नेपालमा आन्तरिक रुपमा पनि विभिन्न जातिबीच उत्पीडन र भेदभाव, विभेद रहेको कुरालाई ध्यान दिंदै हामीले यसलाई वर्गसंघर्षको व्यापक कार्यक्रमभित्र समाहित गर्नुपर्दछ ।

आर्थिक सम्बन्ध अर्थात् उत्पादन सम्बन्धले नै सबै कुरालाई निर्धारण गर्दछ भन्ने मार्क्सको भनाईको समग्रतालाई नबुझ्दा पनि समस्या उत्पन्न भएको छ। खास गरेर आधार र उपरिसंरचनाका बारेमा । आधारले नै उपरिसंरचनाको निर्माण गर्दछ भन्ने कुरामा एकोहोरो निर्धारणवादी ढंगले सोच्दा स्वभाविक रुपमा यसको समाजको राजनीतिक आधार र संरचनामध्ये आधार प्राथमिक हो । तर आधार नै सबैथोक हो भन्ने कुरा बुझाईमा कहीँ न कहीँ रहन गयो । यसबारेमा पछि माओले एकपटक तयार भइसकेको उपरिसंरचनाले पनि आधारमा हेरफेर ल्याउने काम गर्दछ भन्नुभएको छ । यसबारेमा अझ महत्वपूर्ण भनाई ग्राम्सीको रहन गएको छ । ग्राम्सीको भनाईमा मार्क्सवादको महत्वपूर्ण अंश पूराना दर्शनहरुसँग मिल्ने यसलाई विकसित पार्ने रहेको छ । र त्यसलाई व्यवस्थित रुपले विकास गर्ने रहेको छ । (ऐतिहासिक भौतिकवाद भन्ने कुरामा पछिल्लो शब्दावलीमा बढी जोड दिने गरिएको छ । जब कि पहिलोमा अर्थात् ऐतिहासिकमा बढी जोड दिनुपर्थ्यो । किनभने मार्क्स आधारभूत रुपले इतिहासवादी हुन् ।) अर्को सन्दर्भमा ग्राम्सी लेख्छन- मार्क्सको स्वीकृति यो छ कि मान्छे सिद्धान्तको क्षेत्रमा अर्थात् अन्तरविरोधप्रति

सचेत हुन्छ र कानुनी, राजनीतिक, धार्मिक, कलात्मक र दार्शनिक पक्षहरुप्रति सजग बन्दछ । तर के यो सचेतनता भौतिक शक्तिहरुको अर्थात् उत्पादन सम्बन्धहरुको टक्करमा मात्रै सिमित हुन्छ त ? मार्क्सको भनाईले त सबैप्रकारको चेतना अर्थात् ज्ञान र ज्ञानलाई बुझ्ने कुरा गर्दछन् । सैद्धान्तिक उपरिसंरचनाको महत्वलाई बुझ्दा मात्रै यी समस्याहरुको समाधान गर्न सकिन्छ। (हतारमा यसको अनुवाद गरिएको हुनाले अनुवाद ठीक नभएको हुनसक्छ । त्यसैले ग्राम्सीका भनाईहरुलाई हामीले अंग्रेजीमा पनि प्रस्तुत गरेका छौं ।)

अन्तमा मार्क्सका निम्ति भौतिक जीवन मानव अस्तित्वको आधार मात्र हो । उद्देश्य होइन । श्रम केवल जीवन बाँच्नुको साधन बनेको यथार्थ र श्रम सिर्जनात्मक क्रियाकलाप जस्तो एउटा स्वयंलाई परिवर्तन गर्न मान्छेले सक्ने थियो, त्यो नभएकोमा मार्क्स अन्तरविरोध देख्दछन् । आर्थिक अवस्थालाई, उत्पादन सम्बन्धलाई मार्क्स साह्रै शक्तिशाली ठान्दछन् र त्यो अर्थतन्त्रलाई, त्यो उत्पादन सम्बन्धलाई मानवीय नियन्त्रणमा ल्याउनका निम्ति मार्क्स प्रयास गर्दछन् । मार्क्सको उद्देश्य मानव स्वतन्त्रता हो । र भौतिक उत्प्रेरणा र भौतिक चीजका निम्ति मरिमेट्ने कुरा पूँजीवाद हो । मार्क्स समाजवाद अन्तर्गत विश्व पर्यावरण र प्रकृतिलाई कमभन्दा कम क्षति पुर्‍याउँदै मान्छे त्यो अभावबाट माथि उठन सक्छ र एउटा स्वतन्त्र मान्छे बन्न सक्छ भन्ने सपनासहित समाजवादी आन्दोलन अगाडि आएको छ। त्यसैले हामीले संगठनको सन्दर्भमा, रणनीतिको सन्दर्भमा, कार्यक्रमहरुको सन्दर्भमा मार्क्सको मूल उद्देश्य अधिन रहेर छलफल गर्दै समाजवादको निम्ति गरिने संघर्षलाई पुनर्संगठित गर्नु आजको दायित्व हो ।

❖❖❖

# समाजवाद निर्माणका लागि मोर्चा



**डा. विजयकुमार पौडेल**
नेता, नेकपा (एकीकृत समाजवादी)

नेपालका तीनवटा कम्युनिष्ट पार्टीहरू (एकीकृत समाजवादी, माओवादी केन्द्र र विप्लब समूह) एवं जनता समाजवादी पार्टी, नेपाल मिलेर आज समाजवादी मोर्चा, नेपाल (सोसलिस्ट फ्रन्ट, नेपाल) गठन भएको छ। यो मोर्चा निर्माणसँगै अनेक आशंका, आलोचना र विरोधसमेत देखिएका छन् भने यस परिघटनालाई सकारात्मक रुपमा लिनेहरूको संख्या पनि स्वाभाविक रुपमा उल्लेख्य छ।

समाजवादी अर्थव्यवस्था निर्माण गर्ने विषय नेपालको संविधानले निर्दिष्ट गरिसकेको अवस्थामा पनि यसलाई विरोध गर्ने कुरा सारतः असंवैधानिक हो तर अभिव्यक्ति स्वतन्त्रता भएको कारणले संविधानको विरोधलाई पनि सहज रुपमा लिनु लोकतान्त्रिक व्यवस्थाको मूल चरित्र हो।

नेपालमा समाजवाद निर्माण गर्ने विषयको विरोध, आलोचना, खिसीट्युरी इत्यादि गर्ने तीन थरी मानिसहरु छन्- (१) नेपालका पहिलेका सामन्ती तत्वहरू जो हाल दलाल पूँजीवादका नायक वा सेवक छन् र, (२) आम जनता- आफूलाई कम्युनिष्ट तथा समाजवादी भनिने दलका कतिपय नेता-कार्यकर्ताको व्यवहार-आचरण गैर कम्युनिष्ट वा गैर समाजवादी भएका कारणले र पार्टी कार्यक्रममा कुनै न कुनै तरिकाले 'समाजवाद' शव्दावली भुण्डयाएका पार्टीहरुका सरकारले आजसम्म आम जनताले राहत पाउने, देशको अर्थतन्त्र उकासिने कुनै ठोस कार्यक्रम नल्याएका कारणले रुष्ट भएका मानिसहरु। (३) दलगत रुपमा नेकपा (एमाले) को नेतृत्व।

संसारभरिका पूँजीवादीहरू र हाम्रो देशका दलाल पूँजीवादीहरुले कहिल्यै, कुनै हालतमा समाजवादको समर्थन गर्ने छैनन्। जन्मजात समाजवादका विरोधीहरूको बारेमा कुनै चर्चा गर्नु आवश्यक छैन। यसैले यहाँ लेखिएका समाजवादको विरोध गर्ने पहिलो थरी मानिसका आलोचनाको बारेमा चर्चा आवश्यक देखिन्न।

यहाँ नेपाली कांग्रेसले लेख्ने गरेको "प्रजातान्त्रिक समाजवाद" का बारेमा पनि मानिसहरुको कुनै चर्चा देखिन्न किनभने नेपाली कांग्रेस उसका दस्तावेजमा लेखिएको समाजवादप्रति कहिल्यै रत्तिभर इमान्दार भएन। इमान्दार हुने हो भने नेपाली कांग्रेसले डेनमार्क, स्विडेन र नर्वेजस्ता देशहरुको प्रजातान्त्रिक समाजवादी प्रयोगबाट सिक्न सक्थ्यो। आफ्नो पार्टीभित्र निक्कै सानो संख्यामा रहेको भए पनि सामाजिक प्रभाव भएको प्रजातान्त्रिक समाजवादी तप्काका

कारण नेपाली कांग्रेसले आफ्नो विधानबाट समाजवाद शब्द हटाउन सकेको छैन । वास्तवमा उ नेपाली दलाल पूँजीवादको सेवक नै हो भन्ने कुरामा कुनै शंका छैन । आजसम्मका उसका गतिविधिले यही सिद्ध गरेका छन् । लोकतान्त्रिक व्यवस्था जोगाउने मामिलामा मात्रै उससँगको कम्युनिष्टहरूको सहकार्य काम लाग्ने गरेको छ । यसैले नेपाली जनमतले समाजवाद प्रतिको इमान्दारिताका बारेमा नेपाली कांग्रेससँग कुनै आशा वा भरोसा गरेको छैन ।

यहाँ दोश्रो  थरीका मानिसहरुको बारेमा चर्चा गर्नु आवश्यक छ । दोश्रो थरीका मानिस नै आम जनता हुन् । जनताको असन्तुष्टि भरोसा गरेको कम्युनिष्ट शक्तिसंग हो । आफूले भरोसा गरेको शक्ति नै बेइमान भएपछि जनतामा निराशा, आक्रोस र आवेग देखिन्छ । जनआवेगको सही वैचारिक तथा कार्यक्रमिक समाधान नभएका कारणले समाजवाद शब्दप्रति नै आक्रोश भएको हो भन्ने कुरा स्पष्ट छ ।

करिब दुई तिहाई संसदीय बहुमतको कम्युनिष्ट सरकारले जनतालाई निराश बनाएसँगै समाजवादप्रति खिसीट्युरी गर्नेहरुलाई धेरै मौका मिलेको छ । त्यसपछि बनेको गठबन्धन सरकारमा अहिले कम्युनिष्ट नेता प्रधानमन्त्री छन्, नेकपा (एस) र जनता समाजवादी पार्टीका पनि मन्त्री छन् । यिनीहरुबाट समेत किन समाजवादी रुपान्तरण सम्बन्धी कार्यक्रमको त्यान्द्रो पनि देखिएन भन्ने प्रश्नले नै आम जनतामा छटपटी र निराशा बढाएको हो नै । देशको अर्थतन्त्र धराशयी हुनै लाग्दा पनि सबै ठीक छ शैलीमा नेपाली कांग्रेसका अर्थमन्त्रीले ल्याएको अर्थतन्त्रको समस्या नचिन्ने बजेटका कारण जनताको आक्रोश झनै बढेको देखिन्छ । यिनै कारणहरुले गर्दा यो समाजवादी मोर्चा किन ?, यसको आवश्यकता र औचित्य के हो ? गलित-थकित बृद्ध नेताहरुको अस्तित्व रक्षाका लागि नै यो मोर्चा बनेको त हैन ? भन्ने खालका प्रश्न उठेका देखिन्छन् ।

आम जनताको एक पंक्तिका तर्फबाट व्यक्त आलोचना, आशंका र आवेगजन्य अभिव्यक्तिको विश्लेषण गर्नु अघि नेकपा (एमाले) को उच्च नेतृत्वबाट व्यक्त तिरस्कारपूर्ण आलोचनाबारे केही लेखेपछि आम जनताका प्रश्नको उत्तर खोज्नु ठीक हुनेछ ।

कुनै पनि साँचो कम्युनिष्ट पार्टीले समाजवादी शक्तिहरुका बीचमा हुने सानोभन्दा सानो समझदारी, मोर्चा वा सहकार्यको विरोध गर्दैन । वैचारिक भिन्नता वा

असमझदारीका विषय उठाउन अवश्य सकिन्छ, आलोचना गर्न सकिन्छ तर कम्युनिष्ट- समाजवादीका बीचमा सहकार्य हुन्छ भने खिसीट्युरी अवश्य पनि गरिन्न । आफैं प्रतिगमनको भासमा डुबेको, आफ्नै बहुमतको संसद विघटन गर्ने असंवैधानिक कार्यको महिमामण्डन गरिरहेको नेकपा (एमाले) को नेतृत्वबाट समाजवादी मोर्चा बन्ने परिघटनाको विरोध हुनु स्वाभाविकै देखिन्छ। नेकपा (एमाले) को दोश्रो-तेश्रो तहका नेताहरूको विडम्बना के छ भने उनीहरु अनौपचारिक रुपमा कुरा गर्दा प्रायजसो सबैले पार्टी नेतृत्वको अवैचारिक हठ, अहं, व्यक्तिवादका कारणले आफ्नै बहुमतको संसद विघटन हुनु पुगेको र सो परिघटना संविधानसम्मत नरहेको स्विकार गर्दछन् तर त्यस विषयलाई पार्टीमा समीक्षाका लागिसमेत उठाउने आँट सम्म गर्दैनन् । यस्ताहरुले गरेको समाजवादी मोर्चा निर्माणको विषयमा गरिएको खिसीट्युरीको बारेमा यस सानो आलेखमा यसभन्दा बढी चर्चा नगर्दा पनि हुन्छ ।

समाजवादी मोर्चा घोषणा कार्यक्रममा कार्यकर्ताहरु उत्साहित देखिए, जुन स्वाभाविक छ तर जनतामा यतिका बढी वितृष्णा किन छ ? यस प्रश्नको आंशिक उत्तर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को स्विकारोक्तिबाट पाउन सकिन्छ । "हामी संसदीय अभ्यास गरिरहेका पार्टीहरुमा केही न केही धुलो मैलो अवश्य लागेको होला, मोर्चामा विप्लवजीको आगमनले त्यो केही पखालिन्छ कि ..." । निश्चय नै विगतमा अवतरण गरिसकिएको बाटोमा फर्कन खोजेर नसकेका विप्लवले कसैको धुलो पखालीदिने छैनन् । आफैं चरम विवादास्पद घटनाक्रमबाट अगाडि बढेका विप्लव र उनको पार्टीले आफ्नै धुलो पहिले धुनुपर्ने छ ।

यतिका हण्डर-ठक्कर खाएर बनेको सरकारले जनतालाई प्रत्यक्ष राहत दिने कार्यक्रम त ल्याउन सकेन-सकेन, थलिएको अर्थतन्त्रलाई उठाउने कुनै पनि ठोस कार्यक्रम ल्याउन सकेन । साना किसानदेखि विभिन्न तहका व्यवसायी उठ्नै नसक्ने गरी थलिएका छन्, त्यसतर्फ सरकारको बजेटले कुनै सम्बोधन नै गरेन । युवा-विद्यार्थीको विदेश पलायन रोक्नका लागि शब्दसमेत खर्चिएन । कालो धन बाहिर ल्याउनका लागि कुनै प्रयास गरिएन । आकासिएको महँगी र कालोबजारीका विरुद्ध कुनै कदम चालिएन । भारतीय तरकारी महँगोमा आयात हुने र नेपाली तरकारीले बजार नपाएर खेतमै सुक्ने वा बाटोमा पोख्नुपर्ने समस्याले पनि जनतामा आक्रोश छ । राजनीतिक नियुक्तिमा आफन्तवाद, भाइभतिजावाद, नियुक्तिमा रकमको चलखेल हुने समाचार लगायतका विषयहरूले जनताको आक्रोशलाई झनै बढाएका छन् ।

सरकारमा सामेल पार्टीको कार्यकर्ता भएपछि खुल्ला गुण्डागर्दीमा पनि मुद्दा नलाग्ने, जनदबाबबाट मुद्दा लागिहाले पनि सरकारले नै मुद्दा फिर्ता लिने, सबै तहका अदालतबाट दोषी ठहर भएको मानिस सत्ताधारी नेताहरुकै शब्दमा 'क्रान्तिकारी' घोषणा गर्दै रिहा हुनेजस्ता प्रसंगले जनताको आक्रोशलाई बढाएका छन् ।

भुटानी शरणार्थी काण्डका दोश्रो तहका नाइकेहरु त कानुनी दायरामा आए तर मुख्य अभियुक्त र 'बोसहरू' लाई जोगाइयो भन्ने आम जनताको मनमा गहिरो गरी छाप परेको छ । तत्कालिन सत्ताका मुख्य मान्छेको संलग्नता बिना यति ठूलो काण्ड गर्ने हिम्मत कुनै पनि तहको मन्त्री वा सचिवको हुँदैन भन्ने भावना सर्वत्र भेटिन्छ । यी र यस्तै विषयहरुले गर्दा वर्तमान सरकारले गरेका कतिपय साहसिक र राम्रा कामहरूले जनताको मन जित्न सकिरहेका छैनन् । देशको राजनीतिप्रति आम जनतामा नकारात्मक भावना भरिएको छ । यस्तो बेलामा नयाँ राजनीतिक परिघटना आएको छ- समाजवादी मोर्चाको गठन ।

छोटो समयको सूचनामा पनि समाजवादी मोर्चा घोषणा कार्यक्रममा कार्यकर्ताहरुको बाक्लो उपस्थिति देखियो । कार्यकर्ताका बीचमा देखिएको उत्साहले गर्ने संकेत हो- अहिले मोर्चामा सामेल दलहरूले आफूलाई सुधारेर जाने हो भने अझै पनि कार्यकर्ताहरू साथ दिन तयार छन् । हरेक दलका नेताहरूका बारेमा तिनका कार्यकर्ताहरुलाई सबै कुरा थाहा छ । को आदर्शका भाषण गर्दछ तर नम्बरी भ्रष्टाचारी छ, को गुटबन्दीको विरोध गर्दै आफैं गुटबन्दी गर्दै हिँड्छ र इमान्दार कार्यकर्तालाई भन्दा आसेपासेहरुको सल्लाहमा हिँड्छ, को परिबन्द र अभावका आँसु लुकाएर पनि इमान्दारीका साथ काम गरिरहेको छ, कार्यकर्तालाई सबै थाहा छ । यति हुँदाहुँदै पनि मोर्चा गठनमा कार्यकर्ताहरु किन उत्साही देखिए त ? कार्यकर्ताहरुले नेतृत्व पंक्तिले सुदूर विगतमा गरेको त्याग र तपस्या देखेका छन् र अब सच्चिएर जालान् भन्ने आशा गरेका छन् । मोर्चा गठनबाट सम्बद्ध सबै पार्टीका कार्यकर्ताका बीचमा एकताको वातावरण बन्दै जाला, सबैतिरबाट नेताहरुलाई सहि काममा प्रेरणा दिने र गलत कुराका विरुद्ध खबरदारी गर्न सकिएला भन्ने आशाका कारणले नै मोर्चा गठनबाट कार्यकर्ताहरुमा उत्साह र आशा पलाएको देखिन्छ ।

पार्टी नेतृत्व र जनताका बीचको सम्बन्ध-सेतु हुन् कार्यकर्ताहरू । कार्यकर्ताहरु उत्साहित भए भने उनले सही कार्यक्रमका आधारमा जनतामा पनि उत्साह र आशा भर्न सक्छन् ।

मोर्चामा आवद्ध सबै दलका नेताहरूले बुझ्नु पर्दछ- सही वैचारिक-राजनीतिक एजेण्डाका आधारमा मात्रै पार्टीहरु जीवित हुन र विस्तारित हुन सक्छन् । आ-आफ्ना दस्तावेजमा लेखिएका र जनताका अगाडि बोलिएका कुरामा नेताहरु आफैं कत्तिको इमान्दार छन् भन्ने कुराले नै जनताको पंक्ति पार्टीका नजिक आउने वा टाढा हुने अवस्था रहन्छ । अहिलेको मूलधारका कुनै पनि राजनीतिक पार्टीबाट आम जनता सन्तुष्ट छैनन् । यस तथ्यलाई मनन गरेर नयाँ संकल्पका साथ अगाडि बढेमा जनताले अवश्य साथ दिने छन् ।

समाजवादी मोर्चा नेपालले जारी गरेको पहिलो लिखतले केही ठोस एजेण्डा अगाडि सारेको छ । आजसम्मका कमजोरीलाई सच्याउँदै अगाडि बढ्ने चाहनाले नै यो समाजवादी मोर्चा जन्माएको हो भन्नेमा कुनै विवाद छैन । अहिले सत्ता समीकरणमा कुनै फेरबदल आएका कारणले वा आउन खोजेका कारणले यो मोर्चा बनेको छैन । यसैले समाजवादी मोर्चाले नेपाली विशेषताको समाजवाद निर्माणका लागि व्यापक बहस सिर्जना गर्ने र सहकार्यको दायरालाई बढाउँदै लैजाने संकल्पलाई अगाडि बढाउनै पर्दछ । यसो गर्न सक्दा मात्रै नेपालका समाजवादी शक्तिहरु झनै एकताबद्ध हुने र सहकार्यको दायरा फराकिलो हुने अवस्था आउने छ ।

मोर्चा एक साझा मञ्च हो । साझा काम गर्दै आ-आफ्ना राजनीतिक-सागठनिक र वैचारिक काम गर्न सबै पार्टी स्वतन्त्र छन् । मोर्चागत सहकार्यलाई सही तरिकाले अगाडि बढाउन चाहने दलले अवश्यमेव संगठन विस्तार गर्न सक्ने छन् । मोर्चा बन्दैमा भर्खरै पार्टी एकता भईहाल्ने पनि होइन, हतारिएर एकता गर्नु पनि हुँदैन । मोर्चामा सामेल सबै दलमा थोरै वा धेरै अवसरवादी प्रवृति छन् । मात्रामा घटिबढी होला विकृति सबै दलमा छन् । सबै दलले आफूभित्रका विकृति-विसंगतिका विरुद्ध आफैंभित्र संघर्ष गर्नै पर्दछ । जनता अन्तिम मौका दिने अवस्थामा अवश्य छन् ।

यो मोर्चा नेताहरूको अस्तित्व जोगाउन होइन, समाजवादी विचारको प्रचार-प्रसारका लागि बनेको छ । यसैले मोर्चामा अहिले समावेश नभएका कम्युनिष्ट तथा प्रगतिशील शक्तिहरु यसमा समावेश भएमा नेपाली विशेषताको समाजवाद निर्माणको विमर्शलाई अझै अगाडि बढाउन सकिने छ ।

मोर्चामा सामेल दलहरुले अन्य दललाई समेट्न अवश्य पनि ठूलो छाति देखाउनु पर्दछ । आ-आफ्ना अहंका कारणले अन्य कम्युनिष्ट तथा समाजवादी दललाई समेट्न कन्जुस्याईं गर्नु हुँदैन ।

समाजवादी मोर्चामा सामेल दलहरुको जनताप्रतिको जिम्मेवार व्यवहार र कार्यशैलीले मात्रै उठेका प्रश्न र आलोचनाहरूको उत्तर दिन सक्ने छन् ।

अहिले बनेको समाजवादी मोर्चामा सामेल भएका दलहरूमध्ये नेकपा (विप्लव समूह) बाहेक सबै वर्तमान सरकारमा सहभागी छन् । यो मोर्चामा सामेल दलहरुको संयुक्त संसदीय उपस्थिति वर्तमान गठबन्धन सरकारमा निर्णायक छ- ५४ सांसदको संख्या । मोर्चामा सामेल दलहरुमा एकता हुने हो भने अर्को गठबन्धनको सरकार बन्ने अवस्था छैन । अर्को गठबन्धनको सरकार बन्नका लागि प्रमुख प्रतिपक्षमा रहेको नेकपा (एमाले) र नेपाली कांग्रेस मिल्नुपर्ने हुन्छ । तत्काल यसको सम्भावना देखिन्न । यस्तो अवस्थामा पनि किन रुढीवादी बजेट आयो तथा यसमा कम्युनिष्ट प्रधानमन्त्रीले समेत आवश्यक हस्तक्षेप गर्न सक्नु भएन भन्ने गम्भीर प्रश्न उठेको छ । नेपाली कांग्रेससमेतको गठबन्धन सरकारले समाजवादी कार्यक्रम ल्याउँछ भन्ने कुरा कसैलाई विश्वास थिएन र भविष्यमा पनि त्यस्तो आशा नेपाली कांग्रेसलाई चिन्ने कसैले पनि गर्दैन । समाजवाद निर्माणका लागि अहिले जग बसाल्ने हो र यो भनेको जर्जर भएको अर्थतन्त्रलाई माथि उठाउने कार्यक्रम ल्याउने हो । साना किसानदेखि मझौला उद्यमी सबैजसो टाट पल्टिने अवस्थामा छन् । कतिपय ठूला घरानाका व्यवसायीसमेत आर्थिक रुपमा गम्भीर संकटमा परेका छन् । यसो हुनु भनेको देश नै गम्भीर आर्थिक संकटतर्फ धकेलिएको लक्षण हो । यस्तो गम्भीर समस्याको बारेमा सरकारमा रहेका कम्युनिष्ट तथा समाजवादी मन्त्रीहरू र खासँगरी समाजवाद निर्माणका लागि हिँसात्मक युद्ध लडेर आएका कम्युनिष्ट प्रधानमन्त्रीले किन आफ्नो प्रभावकारी उपस्थिति देखाउन सकेनन् ? यसखाले प्रश्नको उत्तरमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्थमन्त्रीले सहयोग नगरेको कुरा अनौपचारिक हिसाबले बताउने गर्नु भएको छ । यस्तै उत्तर दिएर देशका समस्याबाट पन्छिने हो भने अहिले बनेको समाजवादी मोर्चा थकित-गलित बृद्ध नेताहरूको क्लबमा परिणत हुने छ । आम निर्वाचनभन्दा अगाडि बनेको गठबन्धन संविधान जोगाउनका लागि थियो, जनताले सन्तोष

माने । अब पनि सामाजिक आर्थिक परिवर्तनका कार्यक्रम अगाडि सार्ने कुरामा तदारुकता नदेखाउने हो भने यो समाजवादी मोर्चा विघटन गरिदिए हुन्छ ।

अहिले नेपाली जनताको दलाल पूँजीवादका विरुद्धको वर्ग संघर्ष तीनवटा मोर्चामा अभिव्यक्त हुनु पर्दछ- सडक, संसद र सरकार । दलाल पूँजीवादका विरुद्ध संघर्ष गर्नु पर्दछ भन्ने चेत गुमाएकै कारणले एकल बहुमतको सरकार हुँदा पनि अत्यधिक बहुमतसहितको तत्कालिन के.पी.ओली नेतृत्वको सरकारले नेपाली अर्थतन्त्रको समाजवादी रुपान्तरणका लागि सिन्कोसमेत भाँच्न सकेन, बरु त्यो सरकार दलाल पूँजीवादको भरपर्दो सहयोगीको रुपमा कार्यरत रह्यो । दलाल पूँजीवादसँगको आम नेपाली जनताको अन्तर्विरोध नै अहिले नेपाली समाजको प्रधान अन्तर्विरोध हो भन्ने स्विकार गरेर सोही बमोजिमका सामाजिक-आर्थिक-राजनीतिक कार्यक्रम अगाडि बढाउन नै अहिले बनेको समाजवादी मोर्चाले आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्नु पर्दछ । जनताले यही अपेक्षा गरेका छन् ।

मोर्चाको तर्फबाट जनताका आधारभूत समस्या समाधान गर्ने गरी कार्यक्रम अगाडि सारिने हो भने नेकपा (एमाले) र नेपाली कांग्रेससमेतले त्यसको विरुद्धमा जान अप्ठेरो पर्नेछ । हिँजो आफ्नो नेतृत्वको सरकार रहँदाका बखत दलाल पूँजीवादको सेवा गरेको भएपनि आफ्नो संगठनभित्र रहेको समाजवादी जनमतका कारणले अब अगाडि सारिने जनहितका कार्यक्रमको विरोध गर्ने हिम्मत एमालेको नेतृत्वले गर्ने छैन, गऱ्यो भने उसको रहेसहेको कम्युनिष्ट ब्राण्ड समाप्त हुने छ । यदि नेपाली कांग्रेसले विरोध गऱ्यो भने उसले पनि जनताको समर्थन गुमाउने छ । यो परिस्थितिलाई मनन गरेर समाजवादी मोर्चा, नेपालले आफ्ना गतिविधि अगाडि बढाउनु पर्दछ ।

नेपालमा समाजवाद निर्माण व्यापक तहको संयुक्त मोर्चाबाट मात्रै सम्भव छ । अहिले बनेको समाजवादी मोर्चा यसै दिशामा अगाडि बढ्नु पर्दछ । यस्तो विशाल अभियानका अगाडि कसैको व्यक्तिगत अहं र कसैप्रतिको पूर्वाग्रहले ठाउँ पाउनु हुँदैन, सबै समाजवादी शक्ति र व्यक्तित्वहरुलाई समेत समेटेर अगाडि बढ्नु पर्दछ ।

यदि यो मोर्चा असफल भयो भने ? समाजवादीहरूका बीचमा न्यूनत्तम साझा कार्यक्रम र सोको आधारमा मोर्चा बन्नै पर्दछ । अहिलेको मोर्चा असफल भयो भने अर्को समाजावादी मोर्चा बन्ने छ । समाजवादी मोर्चाको विकल्प छैन ।

❖❖❖

# नेपाली कम्युनिस्ट आन्दोलनः उपलब्धि, चुनौती र सम्भावना



**जगन्नाथ खतिवडा**
नेता, नेकपा (एकीकृत समाजवादी)

## विषय प्रवेश

आजको नेपालको कम्युनिस्ट आन्दोलन २००६ सालमा स्थापित कम्युनिस्ट पार्टीको वैचारिक प्रकाशमा हुर्केको क्रान्तिकारी आन्दोलनको निरन्तरता हो । यो नेपालमा सामन्तवाद र साम्राज्यवादको अन्त्य गरी नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वर्गीय मुक्ति प्राप्त गर्ने र समाजवादको लक्ष्यमा हिँड्ने महान् ध्येयका साथ सुरुआत गरिएको क्रान्तिकारी प्रयास थियो । सन् २०१७ को अक्टोबर क्रान्तिको सफलता, सोभियत सङ्घको स्थापना र विश्वका धेरै देशमा कम्युनिस्ट पार्टीहरूको सशक्त भूमिकाले प्रदान गरेको क्रान्तिकारी उत्साहले नेपाली जनतालाई पनि अन्यायविरुद्ध जुध्न र आमजागरण पैदा गर्न प्रेरणा मिल्यो । यसबाहेक तत्कालीन समयको आर्थिक-सामाजिक चरित्रले निर्माण गरेको जनताको मनोविज्ञान, भारतीय स्वतन्त्रता आन्दोलन र भारतीय नेताहरूको प्रभावमा हुर्केको नेपाली परिवर्तनकामी अगुवाहरूको मनस्थिति, तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू र त्यस समयको भारतको नेपाल नीति र परिवर्तनकामी राजनीतिक अगुवाहरूको चेतनाको संयोगका रूपमा २००७ को राजनीतिक परिवर्तन भएको थियो । त्यस समयमा नेपालको कम्युनिस्ट आन्दोलनको भूमिका नेतृत्वदायी बन्न सकेको थिएन किनकि कम्युनिस्ट पार्टी स्थापना भएको केही महिना मात्र भएको थियो । राणा शासनको कठोर दमनका बीचमा र भूमिगत रूपमा जन्मेको पार्टीले आफ्ना एजेन्डालाई देशव्यापी रूपमा प्रचार गर्ने अवसर नै प्राप्त गरेको थिएन । विसं २००४ मा स्थापित नेपाली काङ्ग्रेस त्यस बेला सशक्त पार्टीका रूपमा स्थापित भइसकेको थियो । त्यसका नेता बिपी कोइरालाको राजनीतिक व्यक्तित्वको प्रभाव र भारतीय सत्ताको उनीप्रतिको विशेष लगावका कारणले काङ्ग्रेस  नेतृत्वमा त्यो आन्दोलन अगाडि बढेको थियो ।

कम्युनिस्ट पार्टीको प्रखर देशभक्त र क्रान्तिकारी भूमिका त्यस बेलादेखि प्रकट हुन थाल्यो जब २००७ सालको दिल्ली सम्झौताले नेपाली र नेपाललाई धोका दियो र भारतको मध्यस्थतामा तत्कालीन नेपाली राजा, काङ्ग्रेस र राणा शासकहरू सत्ता साझेदारी गर्दै सँगै हिँड्न राजी भए । सन् १९५० को नेपाल भारत बीचको असमान सन्धिको खारेजीको माग गर्दै जब कम्युनिस्टहरू जाग्न थाले, तब मात्र नेपालको कम्युनिस्ट आन्दोलनले सशक्तता प्राप्त

गर्न थाल्यो । आफ्नो पृथक् र पहिचानपूर्ण अस्तित्व प्रकट गर्न थाल्यो । नेपालको त्यस बेलाको राजनीतिले नछुटाउनुपर्ने शक्तिका रूपमा व्यक्तित्व प्रदान गऱ्यो । कम्युनिस्ट पार्टीले आफ्नो स्थापना कालदेखि नै तीनमहत्त्वपूर्ण विषयलाई आफ्नो मूलभूत कार्यदिशा निर्धारण गर्दै आएको छ- क्रान्ति, देशभक्ति र जनवाद ।

क्रान्तिकारी सिद्धान्त र देशभक्त छविका साथ उदाएको नेकपाको गौरवशाली झन्डा बोकेर आमूल पविर्तनका लागि दौडेका कम्युनिस्ट चेतनाको लालध्वजा पुस्तान्तरण हुँदै आज ७४ वर्षपछि हाम्रो हातमा आइपुगेको छ । यो लामो र कठिन यात्रामा एकातिर सङ्घर्षबाट आर्जित महान् उपलब्धिको गौरवका चाङ छन् भने अर्कातिर आदर्शहीन राजनीतिको छक्कापन्जाका गहिरा घाउ छन् । शहादत, हत्या, दमन, यातना, निर्वासन, विस्थापन, सम्पत्ति हरण, अङ्गभङ्गका निर्मम चलचित्र आफैँमाथि थोपरिएको पीडा तथा देश र जनताका लागि समर्पित महान् गौरव गाथाको रचना गर्दै क्रान्तिकारी ज्ञान र अनुभवको सङ्ग्रहका रूपमा कम्युनिस्ट आन्दोलन अगाडि बढिरहेको छ । एकबाट २० औँ टुक्रामा विभाजन हुँदै, गठन, पुनर्गठन, विग्रह र पलायनको यात्रा तय गर्दै आएको नेपालको कम्युनिस्ट आन्दोलन स्वतन्त्रता, न्याय, समानता र देशभक्तिको स्तुत्य गौरवगाथा हो ।

आज हामीले विरासतका रूपमा जे देखिरहेका छौँ र भोगिरहेका छौँ, यो अनेक उग्र वामपन्थी, दक्षिणपन्थी तथा विसर्जनवादी भड्काउहरूका विरुद्धमा गरिएको सङ्घर्ष, गल्ती र सुधार एवम् क्रान्ति र प्रतिक्रान्तिका शृङ्खला जोडेर निर्माण भएको जीवन्त तस्बिर हो । यस यात्रालाई गन्तव्यसम्म पुऱ्याउने आजको वर्गयुद्धका सारथि पनि हामी हौँ र योद्धा अर्जुन पनि हामी ।

## प्रवृत्ति

इतिहासले प्रमाणित गरिसकेको हाम्रा उपलब्धिलाई एक छिन नसम्झने हो भने चरित्र र प्रवृत्तिको कोणबाट हेर्दा नेपालको कम्युनिस्ट आन्दोलन चार मुख्य प्रवृत्तिबाट गुज्रेको देखिन्छ-

- उग्रवामपन्थी
– दक्षिणपन्थी
– विसर्जनवादी

बितेका ७४ वर्षमा धेरै कम्युनिस्ट आन्दोलनले विशद् चर्चा धेरै महान् उपलब्धि हासिल गरेको छ । यसको थप अनुसन्धानात्मक र विश्लेषणात्मक अध्ययन हुनु नै पर्छ तर खराब प्रवृत्तिको सन्दर्भ केलाउँदा देखिन्छ कि सबै कम्युनिस्ट पार्टीमा र समग्र आन्दोलनमा सुरुआतदेखि नै निम्न पूँजीवादी प्रवृत्ति लगातार हावी भएको देखिन्छ । सङ्कीर्णता, अहङ्कार, घृणा, निषेध र स्वार्थपरकता जस्ता प्रवृत्ति सुरुआतदेखि नै हावी भएको देखिन्छ ।

## आन्दोलनको विकासको चरण र चरित्र

नेपालको कम्युनिस्ट आन्दोलनको ७५ वर्षीय कालखण्डमा धेरै चरण र उपचरण बनेका छन् । विसं २००७ देखि २०१७ सम्म, २०१८ देखि २०४६ सालसम्म, ०४७ देखि ०६३ सम्म र ०६४ देखि हालसम्म मुख्य चार कालखण्डमा विभाजन गर्न सकिन्छ । यसभित्र धेरै उपचरण बन्न सक्छन् तर मूलभूत राजनीतिक प्रवृत्तिको कोणबाट हेर्दा २०४६ साल अगाडिको एउटा चरण र २०४६ पछाडिको अर्को चरणमा बाँड्न सकिन्छ ।

दुवै कालखण्डमा असल र खराब धेरै प्रवृत्तिमा समानता देखिन्छ । फुट र विभाजनको प्रवृत्ति पनि दुवै कालखण्डमा समान नै देखिन्छ तर पनि ०४६ अगाडि र पछाडिका राजनीतिक प्रवृत्तिमा केही प्रष्ट देखिने प्रकारका भिन्नता औँल्याउन सकिन्छ ।

१. विसं २०४६ अगाडि जस्तासुकै विवाद भए पनि आदर्श कम्युनिस्ट बन्ने होड हुन्थ्यो भने त्यसयता आम रूपमा अवसरवाद हावि हुन थालेको छ ।
२. पहिले कम्युनिस्ट चरित्र र गुणमा महत्त्व दिइन्थ्यो भने अहिले अहिले सङ्ख्यामा ज्यादा महत्त्व दिन थालिएको छ ।
३. पहिले वर्गीय चिन्तन वर्ग पक्षधरता र वर्ग सङ्घर्षलाई उच्च प्राथमिकता दिई पार्टी निर्माणको आधार बनाइन्थ्यो भने अहिले जातीयता, क्षेत्रीयताले प्रश्रय पाएको छ ।

४. पहिले विचारलाई महत्त्व दिइन्थो भने अहिले त्यसलाई गौण बनाई लक्ष्यहीन पूर्वाधार विकास र राजनीतिक गतिविधिलाई मात्र महत्त्व दिन थालिएको छ ।

५. पहिले राष्ट्रियता, जनवाद र जनजीविकाका लागि सङ्घर्ष गर्ने विषयलाई उच्च महत्त्व दिइन्थ्यो भने अहिले हर क्षेत्रमा सम्झौता, सम्झौता र केवल सम्झौतालाई मात्र जोड दिने थालिएको छ ।

६. पहिले सामान्तवाद र साम्राज्यवादको अन्त्य गर्ने विषय कम्युनिस्ट पार्टीको प्रमुख राजनीतिक उद्देश्य हुन्थ्यो र सोहीअनुसार पार्टी सङ्गठन र कार्यकर्ताको तयार गरिन्थ्यो भने अहिले साम्राज्यवादसँग सङ्घर्ष गर्ने विषयमा मौन, नतमस्तक वा सहयोगी प्रवृत्ति देखिन थालेको छ ।

## हिजो र आजको परिस्थिति

विगत ७४ वर्षमा देशमा निकै ठूला राजनीतिक, आर्थिक तथा राजनीतिक आयाममा परिवर्तन भएका छन् जसले सार्वभौमसत्ता सम्पन्न आधुनिक नेपालको छविलाई विश्वमा स्थापित गरेको छ । ती परिवर्तनलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ ।

१. २०४६ अगाडि देशमा सामन्तवाद थियो । आज मूलतः सामन्तवादी उत्पादन सम्बन्ध समाप्त भएको छ र देश पूँजीवादको प्रारम्भिक अवस्थामा छ ।

२. विसं २००६ मा नेकपा स्थापना हुँदा देशमा राणा शासनलाई समाप्त गरी राजतन्त्रलाई संस्थागत र सशक्त गर्ने मूल प्रवृत्ति थियो भने अहिले सङ्गठित राजतन्त्र समाप्त भई सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको छ ।

३. पार्टी स्थापना हुँदा जनवादी क्रान्ति सम्पन्न गर्ने कार्यक्रमका पक्षमा पहिलो घोषणापत्र जारी गरिएको थियो भने आज देशमा पूँजीवादी जनवादी क्रान्ति सम्पन्न भइसकेको छ र समाजवादी क्रान्तिका दिशामा प्रारम्भिक कदम चाल्न लागेको छ ।

४. भौतिक विकास, मिडियाको विकास, विज्ञान तथा प्रविधिको विकास र उत्पादन सम्बन्धमा आइरहेको फेरबदलले मानवीय चेतनामा धेरै ठूलो परिवर्तन आएको छ ।

५. पार्टी स्थापनाको कालखण्डमा सोभियत सत्ताको स्थापना भएको २५ वर्ष बितिसकेको थियो । सोभियत सङ्घको विश्वव्यापी प्रभाव थियो र कम्युनिस्ट आन्दोलन आक्रमक प्रचारमा थियो । शीत युद्ध सुरु भइसकेको थियो । आज सोभियत सत्ता समाप्त भइसकेको पनि ३० वर्ष बितिसकेको छ र विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थाबाट गुज्रिरहेको छ ।

६. त्यस बेला कम्युनिस्टहरू क्रान्तिकारी हुन् र यिनका पक्षमा लाग्नुपर्छ भन्ने आकर्षण बढ्दो अवस्थामा थियो भने आज देशको कुल मतदाताको दुई तिहाइ नजिक पुगेको जनमत पनि खस्कँदै गरेको र कम्युनिस्टहरूले पनि देशका लागि उल्लेख्य काम गर्न नसकेकामा विवाद र निराशा तथा कुप्रचार व्याप्त छ ।

७. त्यस बेलाको पूँजीवाद औद्योगिक पूँजीवाद थियो र आज वित्तीय पूँजीवादमा विकसित भएको छ । वर्ग सङ्घर्षको अवस्था व्यापक छ र तर सङ्घर्ष भने शिथिल छ ।

८. यही ७५ वर्षमा सोभियत सत्ताको विकास भयो र ७४ वर्षपछि सन् १९९१ पश्चात पूर्वी युरोपका देशमा समेत कम्युनिस्ट सत्ता ढलेपछि अमेरिकाले विश्वमा एक छत्र राज चलाउन थालेको थियो र अमेरिकाको आधिपत्यमा पूँजीवादी विश्व व्यवस्था सुरुआत भएको थियो ।

९. यही ७४ वर्षको कालखण्डमा र यति बेला संसारमा एकाधिकार मच्चाइरहेको अमेरिका र उसका गठबन्धनका देशको एकाधिकारी कार्यप्रणालीलाई चुनौती दिँदै चीन, रुस र धेरै देश नयाँ विश्व व्यवस्थाका लागि सङ्घर्ष गरिरहेका छन् । एक ध्रुवीय विश्वको युग समाप्त हुन थालेको छ ।

१०. यही समयावधिमा विश्वमा धेरै क्षेत्रीय सङ्गठन स्थापना भएका छन्, क्षेत्रीय शक्तिहरूको विकास भएको छ । आर्थिक तथा सामरिक शक्तिहरूको उदय भएको छ । धेरै देशले औपनिवेशिक शोषकको बन्धनबाट मुक्त भई स्वतन्त्रता प्राप्त गरेका छन् ।

११. एसिया महादेश स्रोत र शक्तिको केन्द्र बन्न लागिरहेको छ ।

१२. क्रान्ति र प्रतिक्रान्ति दुवैको विश्वव्यापीकरण भएको छ ।

१३. विश्व चौथो औद्योगिक क्रान्तिका चरणमा छ, आर्टिफसियल इन्टिलिजेन्सले संसारलाई नियन्त्रण गर्ने ठाउँमा आइपुगेको छ ।

१४. धनी र गरिब बीचको खाडल विगतमाभन्दा कैयौँ बढी गुणा बढेको छ, साम्राज्यवादमा सङ्कट दिनानुदिन बढिरहेको छ । यिनै ठुला परिवर्तनका बीचमा नेपालको कम्युनिस्ट आन्दोलन हुर्किँदै छ र ठूला चुनौतीको सामना गर्दै छ ।

## नेपालको कम्युनिस्ट आन्दोलनका उपलब्धि

पूँजीवादी अर्थ व्यवस्थाको आधार खडा भएको लगभग ४०० वर्ष पछाडि, ‘ कम्युनिस्ट घोषणापत्र’ जारी भएको १७५ वर्ष र अक्टोबर क्रान्ति सम्पन्न भएको २५ वर्षपछि नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भयो ।

केही बुँदामा सूत्रबद्ध गर्दा नेपालमा कम्युनिस्ट आन्दोलनको योगदानलाई निम्न ढङ्गले चित्रण गर्न सकिन्छ ।

१ सन् १९८९ पछि विश्वको कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेका बेलामा नेपालको प्रत्येक गाउँबस्ती र घरघरमा कम्युनिस्ट पार्टी विस्तारित हुनु र जनआधारित तथा दिगो बन्न सक्नु हाम्रो सर्वोत्तम उपलब्धि हो ।

२. नेपाली कम्युनिस्टका पक्षमा लगभग दुई तिहाइ जनताको समर्थन हुनु आफैँमा गौरवयोग्य उपलब्धि हो । जनताको आशाको केन्द्रविन्दुका रूपमा कम्युनिस्ट शक्तिको उदय हुनाले नेपाली कम्युनिस्ट कसरी जनपक्षीय काममा पहलकदमी गर्छन् भन्ने कुराको प्रमाण पनि हो ।

३. नवउदारवादी पूँजीवादी, प्रतिक्रियावादी र अन्तरराष्ट्रिय स्वार्थ समूहको घेरालाई तोड्दै गैरकम्युनिस्टसँग खुला चुनौतीपूर्ण प्रतिस्पर्धा गर्दै निर्वाचनमा विजय हासिल गर्नु नेपालको कम्युनिस्ट आन्दोलनको निकै ठुलो उपलब्धि हो ।

४. क्रान्ति र समाजवादका लागि आफूलाई अर्पण गर्न तयार लाखौँ वर्गीय चेतनायक्तकार्यकर्ताको विशाल पङ्क्ति निर्माण हुनु कम्युनिस्ट आन्दोलनको अमूल्य पूँजी हो ।

५. क्रान्तिकारी रूपान्तरणको अखण्डदीप प्रज्वलन गर्ने कार्य पुष्पलालको नेतृत्वमा २००६ सालमा सुरु भयो। त्यसयताका ७४ वर्षमा प्रतिक्रियावादी आँधीहुरीबाट हजारौं हजार क्रान्तिकारीको बलिदान र त्यागका पवित्र हातले त्यस दियोलाई रक्षा गर्दै आएका छौँ। यो नै नेपाली कम्युनिस्ट आन्दोलनको महत्त्वपूर्ण उपलब्धि हो।

यसका अलावा राष्ट्रियता, जनवाद र जनजीविका लागि भएका भएका अनेकौं बलिदानी क्रान्ति, जनसङ्घर्ष र देशभक्तिपूर्ण सङ्घर्षका उपलब्धिलाई यसरी सङ्क्षिप्तमा उल्लेख गर्न सकिन्छः

माथिका उपलब्धिबाहेक जनताले प्रत्यक्ष रूपमा अनुभूत गर्ने निम्न प्रकारका मूलभूत उपलब्धि र सफलता नेपालको कम्युनिस्ट आन्दोलनले प्राप्त गरेको छ :

१. राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक, समावेशी र गणतन्त्रात्मक नेपाल बनाउनु, सामन्तवादको अन्त्य गर्ने महान् जिम्मेवारी नेपालको कम्युनिस्ट आन्दोलनले बहन गरेको छ।

२. राष्ट्रिय एकता, भौगोलिक अखण्डता, राष्ट्रिय आत्मसम्मान, देशभक्तिका लागि मरिमेट्ने मुख्य शक्तिका रूपमा जनताको भरोसाको केन्द्र बन्न सफल बनेको छ।

३. जनताले प्रत्यक्ष मतदान गरेका सार्वभौम जनप्रतिनिधिले संविधानसभा मार्फत अग्रगामी संविधान निर्माण गर्ने एजेन्डाको सुरुआतदेखि अन्त्यसम्म नै मुख्य पहलकदमी लिएर संविधान बनाएको श्रेय पनि कम्युनिस्टलाई नै जान्छ।

४. नेपालको कम्युनिस्ट आन्दोलनलाई समेत लोकतान्त्रीकरण गरी हर क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने शक्तिको विकास भएको छ।

५. दिल्ली सम्झौता धोका हो भन्दै १९५० को सन्धि खारेज गर्न माग राखी देशभक्तिपूर्ण सङ्घर्षमा होमिएको, सीमा रक्षा, सार्वभौम सत्ताको रक्षा, नेपाली भूमिको रक्षा, प्रभुत्ववादी, साम्राज्यवादी हस्तक्षेपको विरोध तथा जनजीविकाको एजेन्डा उठाएर जनतलाई सङ्गठित र अधिकारका लागि सचेत गराउने मुख्य श्रेय पनि कम्युनिस्टलाई नै जान्छ।

६. जनसहभागितामा विकास कार्य गर्ने नीतिको पहिलो श्रेय कम्युनिस्ट आन्दोलनलाई जान्छ । 'आफ्नो गाउँ आफैँ बनाऔँ' कार्यक्रम यसैको प्रारम्भिक कार्य थियो ।

७. सामाजिक सुरक्षा भत्ता (वृद्ध, एकल महिला कार्यक्रम) को व्यवस्था, माध्यमिक शिक्षासम्म निःशुल्क शिक्षा, समावेशी निर्वाचनको प्रारम्भ, महिला, दलित समुदायलाई स्थानीय तहमा निर्वाचत गर्ने व्यवस्था, केन्द्रीय सत्ताको अधिकारको कटौती गरी जनताका निर्वाचित निकायलाई शक्तिशाली बनाउने नीतिको सुरुआत (विकेन्द्रीकरण र स्थानीय स्वशासन) कम्युनिस्ट सरकारकै सुरुआत थियो ।

८. जनताको आधारभूत आवश्यकताको परिपूर्ति गर्ने कुरालाई उच्च प्राथमिकता दिई पहिलो पटक सरकारको कार्यक्रममा समावेश गर्ने पनि कम्युनिस्ट नै हुन् । 'नौ स' को कार्यक्रम यही सोचको सुरुआत हो ।

९. स्थानीय राजनीतिमा ठुलाबडा भनिएकाका हातबाट सत्ता खोसेर जनताका हातमा पुऱ्याउने कार्यको सुरुआत नै कम्युनिस्टको देन हो । नेपालमा सङ्घीयताको सुरुआत हुनुभन्दा अगाडि नै महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्ने आन्दोलनको श्रेय नेपालका कम्युनिस्टलाई नै जान्छ ।

१०. विसं २००७ को परिवर्तनमा नेकपाको भूमिका गौण रहेको भए पनि त्यसयता देशमा ठुल्ठुला सामाजिक क्रान्ति भएका छन्, किसान आन्दोलन भएका छन्, पञ्चायती व्यवस्थाका विरुद्धमा, संवैधानिक राजतन्त्रका विरुद्धमा, गणतन्त्र प्राप्तिका सङ्घर्षमा, राष्ट्रियताको रक्षाका विषयमा, असमान सन्धि सम्झौता खारेज गर्ने विषयमा नेपालका कम्युनिस्टले नै सबैभन्दा अहं भूमिका निर्वाह गर्दै आएका छन् ।

## फुट र विभाजन

नेपालका कम्युनिस्ट पार्टीहरूको आजसम्मको फुट र विभाजनको अन्तर्यलाई सामान्य समीक्षा गर्दा निम्न कारणले पार्टीहरू विभाजित भएको देखिन्छ -

१. नेपाली क्रान्तिको सही बाटो कुन हो र कसरी निर्दिष्ट लक्ष्यमा पुग्न सकिन्छ भनेर वस्तुसापेक्ष अध्ययन र संश्लेषणका मतभिन्नता देखिएर

२. नेतृत्व पङ्क्तिमा उच्च अहम् वा कुण्ठा, व्यक्तित्वको टकराव र सत्ता स्वार्थमा लागेर

३ नेपाललाई सकेसम्म आफ्नो मुठीमा राखेर कठपुतली बनाउने, त्यसो गर्न सकिएन भने राजनीतिक रूपले अस्थिर बनाइराख्न अनेकौं हथकण्डा प्रयोग गर्ने शक्तिहरूको ठूला गेम प्लान भएर

४ नेता र नेतृत्व पङ्क्ति स्वयम्को पलायन र परिस्थितिको विश्लेषण गर्न सक्ने सामग्रिक क्षमताको अभाव र लघुताभासले । फुट र विभाजनका यी मूलभूत कारण र प्रवृत्तिका विरुद्धमा नेपालको कम्युनिस्ट आन्दोलनले आधुनिक द्वन्द्व व्यवस्थापनको सङ्गठनात्मक विधि खोजेको छ ।

## नेपालको कम्युनिस्ट आन्दोलनका चुनौती

नेपालको कम्युनिस्ट आन्दोलनका चुनौतीलाई यसरी चर्चा गर्न सकिन्छ :

१. बाह्य चुनौती- विश्व साम्राज्यवादको एकाधिकार पूँजीवादी आर्थिक संरचनासँग प्रतिवाद नगरी नेपालको मौलिक अर्थ व्यवस्थाको ढाँचा बन्न सक्दैन । यसका लागि नेपालको भूराजनीतिक संवेदनशीलता र शक्तिशाली राष्ट्रको रणनीतिक स्वार्थको टकराव आदिबारे नेपालको कम्युनिस्ट आन्दोलन प्रष्ट हुनुपर्छ । साम्राज्यवादको मुठीमा कसिएको अर्थ व्यवस्थाको सञ्जाल तोड्नु निकै कठिन काम हो । नेपाली कम्युनिस्ट आन्दोलनको यो सबैभन्दा ठूलो चुनौती हो ।

२. चीन र भारत जस्ता शक्तिशाली देशसँगको सन्तुलित सम्बन्ध कायम गरी नेपाली राष्ट्रिय हितको रक्षा गर्ने र छिमेकीको चासोलाई सम्बोधन गर्दै कम्युनिस्ट आन्दोलनको झण्डा फहराइराख्ने निकै कठिन कार्य सम्पन्न गर्नु छ। सबै नेपाली कम्युनिस्टको समान दृष्टिकोण र देशका सबै दलको आमसहमतिमा त्रिदेशीय सम्बन्धको निरूपण गर्ने र नेपाली समाजवादको आकाङ्क्षालाई गति दिन चुनौती हाम्रासामु छ ।

## राष्ट्रिय चुनौती

१. आज देशको आर्थिक आधार नै पूँजीवादी आर्थिक संरचना र पूर्वाधारमा खडा भएको छ । यसलाई जति नै सुधार गरे पनि समाजवादी मोडलमा विकसित गर्न सकिँदैन, तसर्थ सुधार र परिवर्तनको प्रष्ट रेखा खिचेर आर्थिक क्रान्तिको बाटो पहिल्याउन नसक्नु आजको सबैभन्दा जटिल चुनौती हो । सुधारले उत्पादन सम्बन्धलाई फेर्न असम्भव हुन्छ । सुधार र परिवर्तनको सीमाको पहिचान आजको वाम आन्दोलनको मुख्य समस्या हो ।

२. सरकारमा जान जहिले पनि व्यग्र प्रतीक्षामा रहने तर सरकारमा पुगेपछि उल्लेखनीय रूपमा जनतालाई प्रत्यक्ष स्पर्श गर्न सक्ने परिणममुखी कार्य गर्न नसक्ने गरी पार्टीको सरकारमा सहभागिता हुँदा जनताका बीचमा कम्युनिस्टको छवि पनि अरूलाई जस्तै गफाडी कित्तामा जनताले उभ्याउन खोजेको देखिन्छ । आफ्नो सेवा प्रवाह नीतिनिर्माण कार्यान्वयनमा सफल बन्न नसक्नु गम्भीर चुनौतीको विषय बनेको छ । भ्रष्टाचारका विरुद्ध र सुशासनका पक्षमा प्रखर भएर देखा पर्नुपर्ने कम्युनिस्ट आन्दोलन दलाल पूँजीवादको चक्रव्यूहबाट उम्किन नसक्ने गरी दलदलमा फस्यो भने नेपाली जनताले सहारा नै प्राप्त गर्न सक्दैनन् । आज यही दिक्दारीको प्रतिक्रियास्वरूप कम्युनिस्ट जनमत पनि विकल्पका खोजमा भड्केको देखिन्छ ।

३. मार्क्सवादी क्रान्तिकारी विचारसहितको विकास, राष्ट्रिय पूँजीको विकास, आत्मनिर्भरताको नीति र अभियान, राष्ट्रियताको प्रहरेदारी, सीमा रक्षा, राष्ट्रिय सुरक्षा तथा नागरिक अधिकार जस्ता विषयमा दृष्टिकोणसहित आक्रमक रूपले प्रस्तुत हुन नसक्नु हाम्रो आन्दोलनको अर्को चुनौती हो ।

४. नयाँ पुस्तामा मार्क्सवादको प्रभाव कम हुँदै जानु, नयाँ पुस्ता राजनीतिबाट पर रहने प्रवृत्तिको विकास हुँदै जानु र सामाजिक योगदान गर्नेतिर भन्दा निजी, व्यक्तिवादी तथा उपभोक्तावादी जीवनशैलीमा आकर्षण बढ्दै सामाजिकताको समाप्ति हुँदै जानु जस्ता विषयले देशको कम्युनिस्ट आन्दोलनले ठूलो मूल्य चुकाउनुपर्ने देखिन थालेको छ । मेरो देशले मेरा लागि केही राम्रो सोचेको छ र म यही देशमा आफ्नो रोजगारी र सुन्दर भविष्यको सुरक्षाको प्रत्याभूति हुन सक्छ भन्ने अनुभूति दिने गरी

कम्युनिस्टले पनि काम गर्न नसक्नाले बौद्धिक तथा शारीरिक श्रम र पुँजीको डरलाग्दो पलायन भइरहेको छ ।

५. नेपालको नयाँ संविधान बनाएर एक चरणको राजनीतिक परिवर्तनको कार्य सम्पन्न गरेपछि देशको आत्मनिर्भरताको अभियानमा लाग्न नसक्नाले कम्युनिस्टप्रति पनि जनता उदासीन हुँदै गइरहेको देख्न सकिन्छ । उत्पादन तथा वितरण प्रणाली परिवर्तन गर्न ठोस योजना नबनाउने तर चल्ते चलाते मन्त्रीबाट ठूलो परिवर्तनको आशा गर्ने उल्टो बाटो पक्रेर समाजवादको जगा बनाउनेतिर होइन, बरु तीव्र गतिमा भत्काउनेतिर लागेको ठहरिन्छ । यो आजको ठुलो चुनौती हो ।

६. आर्थिक व्यवस्था, राजनीतिक प्रणाली र सांस्कृतिक चेतनाका बीचमा अन्योन्याश्रित सम्बन्ध हुन्छ भनेर बुझ्ने द्वन्द्वात्मक भौतिकवादीहरू आफू जाने मूल दिशा नै हराएर पूँजीवादी कम्पासको प्रयोग गर्न लागेको देखिन्छ । नेतृत्व पङ्क्तिका कार्य, जीवनशैली र चिन्तन प्रणाली वर्गसापेक्ष भौतिकवादी नहुँदा जनताको प्रगतिशील संस्कृतिको जगेर्ना विकास र समृद्ध हुन सक्दैन । सांस्कृतिक रूपमा रुग्ण सङ्गठन र कार्यकर्ता पङ्क्ति र जनसमुदायले विचारका आधारमा मानिसलाई परिवर्तन गर्दैन बरु आफैँले निजी प्रभाव र हावाको गतिका आधारमा विचार बदल्छ । आजको सामाजिक अराजनीतिकरणको प्रवृत्ति कम्युनिस्ट पार्टीले जनवादी तथा प्रगतिशील संस्कृति निर्माण गर्ने कुरालाई कुनै महत्त्व नदिएर भएको हो । यदि संस्कृतिमा मार्क्सवादको बिउ डढ्यो भने दर्जनौं कम्युनिस्ट प्रधानमन्त्री र सरकार बने पनि त्यहाँ समाजवाद हुँदैन, समाजवादी राज्यसत्ता टिकाउ हुँदैन, वैचारिक रूपले प्रतिबद्ध जनमत निर्माण हुन सक्दैन । यस्तो भएमा समग्र आन्दोलन नै क्रमशः समाप्त हुँदै जान्छ । नेपालको कम्युनिस्ट आन्दोलनमा यो एक जटिल विषय बनेको छ ।

७. शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि क्रान्ति, श्रमिक वर्गको हित र दलाल पूँजीवाद, भ्रष्टाचार उन्मूलन तथा नेपाली जनताको आधारभूत खुसी (ग्रस डोमेस्टिक ह्याप्पिनेस) जस्ता विषयमा सम्बोधन गर्न नसक्ने कम्युनिस्ट आन्दोलनले समाजवादको यात्रा गर्न सक्दैन । तसर्थ यो चुनौतीको सामना गर्ने गरी आन्दोलन सङ्गठित हुन जरुरी छ ।

## आन्तरिक चुनौती

१. वामपन्थी विशेषणधारीलाई वामपन्थीकरण नेपालको कम्युनिस्ट आन्दोलनको पहिलो चुनौनी हो। दक्षिणपन्थी अवसरवाद, विसर्जनवाद, उग्र वामपन्थ, फुट र विभाजनको अनन्त चक्रबाट आन्दोलनलाई मुक्ति दिन सकिएन भने कम्युनिस्ट आन्दोलनले सही दिशा लिन सक्दैन।

२. कम्युनिस्ट आन्दोलनका सबै धार बुर्जुवाकरणको प्रवृतिबाट ग्रस्त छन्। त्यसबाट आन्दोलनलाई जोगाउने ठुलो चुनौती हाम्रो अगाडि छ। समाजवादी चिन्तन प्रणाली नै प्रजातान्त्रिक समाजवादको नीतिगत घेराभन्दा बाहिर जान नसक्ने गरी सुधारमा मात्र केन्द्रित रहने, सीमित रहने बन्दै आउनु अर्को चुनौती हो।

३. साम्राज्यवादसँग अनेक बहाना बनाउँदै सम्झौता परस्तता र आत्मसमर्पण गर्ने व्यवहार प्रकट हुँदै आएको देखिन्छ।

४. नेताको देवत्वकरण, कमिटिको अराजनीतीकरण र कायकर्ताको भ्रष्टीकरण गर्ने प्रवृत्तिले कम्युनिस्ट आन्दोलनको आधारभूत चरित्रलाई नै धरापमा पारिदिएको छ। नीतिप्रधान हुने पार्टी सञ्चालन विधिलाई नेताप्रधान बनाई पार्टीभित्रको लोकतन्त्रलाई हत्केलामा राख्ने (क्याप्टिभ डेमोक्रेसी) प्रवृत्ति पार्टी जीवन र आन्दोलनमा देखापरेको सबैभन्दा खतरनाक पक्ष हो।

५. कम्युनिस्ट पार्टीको नेतृत्व आमरूपमा पुस्तान्तरणका लागि बढी नै अनुदार देखिन्छ। गुण र क्षमताभन्दा बढी वरिष्ठतामा ध्यान दिने र त्यसमा तलमाथि पर्‍यो भने प्रतिष्ठामा घात गरेको गम्भीर विषय बनाउने, अर्को पुस्तालाई अलि अयोग्य नै देख्ने तथा निजी स्वार्थलाई सैद्धान्तिकीकरण गर्ने समस्या अन्त्य गर्न नयाँ पुस्ताको प्रवेश भएन भने कम्युनिस्ट आन्दोलनले उत्तराधिकारी प्राप्त गर्न सक्दैन। पुस्तान्तरणले कार्यक्षमतामा फेरबदल मात्र ल्याउँदैन, सोच्ने र योजना कार्यान्वयन गर्ने कुरामा पनि गतिशीलता ल्याइदिन्छ। परिकल्पनामा नयाँपन आउँछ र प्रतिबद्धतामा गुणत्मक वृद्धि हुन्छ। आन्दोलनको सुदृढीकरणका लागि यस पक्षमा गम्भीर भएर चिन्तन गर्न जरुरी छ।

६. वैचारिक अध्ययन, विश्लेषण र दृष्टिकोण निर्माणमा ज्यादै कम काम हुनु नेपालको कम्युनिस्ट आन्दोलनको निकै कमजोर पक्ष बन्दै आएको छ। सिद्धान्तअनुरूपको व्यवहार गर्न नसक्दा कम्युनिस्ट नै सबैभन्दा बढी आलोच्य देखिन्छन् किनकि क्रान्तिकारी चरित्र, प्रगतिशील सामाजिक मूल्य प्रणाली, सामूहिकता, जनपक्षीय आदर्श र नैतिक मूल्यमान्यताको सबैभन्दा बढी चर्चा कम्युनिस्टले नै गर्छन्। व्यवहारमा यो पक्ष कमजोर देखिनु यस आन्दोलनको विश्वसनीयतामाथिको ठूलो चुनौती हो।

## सम्भावना

नेपालको कम्युनिस्ट आन्दोलन नेपाली जनताको लोकप्रिय आन्दोलनको मूल भाग हो। देश र जनताका पक्षमा सदैव समर्पित राजनीतिक अग्रदस्ताका रूपमा कम्युनिस्ट पार्टी र त्यसका कार्यकर्ताले विश्वास जितेका छन् तर केही समयदेखि कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताको काम, सेवा र चरित्रको गुणस्तरमा ह्रास आइरहेको छ। यसलाई सच्याएर एकताबद्ध भई अगाडि बढ्दा नेपालको कम्युनिस्ट आन्दोलनलाई कसैले पराजित गर्न सक्दैन। यसका लागि निम्न कुरामा उच्च महत्त्व दिन जरुरी छ।

१. कम्युनिस्ट पार्टी तथा वामपन्थीका बीचमा व्यापक संयुक्त मोर्चा निर्माण गर्ने र सहकार्य गर्ने। मिल्न नसक्ने विवादका विषयलाई मोर्चा गतिविधिको बाधक नबन्ने गरी छलफलमा लाने।

२. सबै राष्ट्रिय महत्त्वका विषय, राष्ट्रिय हितको पक्षपोषण गर्ने विषय, आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक तथा जनजीविकाका प्रश्नमा समान धारणा बनाई जनताको जीवनमा परिवर्तन ल्याउन रचनात्मक तथा आवश्यकतानुसार दबाबमूलक कार्यक्रममा एकता कायम गर्ने।

३. देशको अर्थतन्त्रको दिशा कस्तो हुनुपर्छ भन्ने विषयमा साझा धारणा बनाई त्यसलाई योजनाबद्ध रूपमा कार्यान्वयन गर्ने।

❖❖❖

# समाजवाद भट्याउने बिषय होईन



**प्रा. डा. पिताम्बर शर्मा**
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

पूँजीवादको सबैभन्दा ठूलो ताकत निजी क्षेत्र र बजार हो । तर यसलाई उत्पादनशील क्षेत्रका रूपमा विकास गर्नुपर्छ। हालको विश्व व्यवस्था पूँजीवादी नै हो। सन् १९९० पछि संसारभर यो सामाजिक राजनीतिक प्रणाली प्रभावशाली भइरहेको छ । बीसौँ शताब्दीको अन्त्यसम्म आइपुग्दा संसारभर यही प्रणाली चलिरहेको छ। चीन, रुस, अमेरिका सबैतिर यस्तै छ ।

प्रश्न उठ्छ, चीनजस्तो समाजवादी मुलुकले किन पूँजीवादलाई अँगाल्यो? चीनले जुन प्रकारको आर्थिक सामाजिक प्रणाली अपनाएको थियो, त्यसले उसलाई कतै नपुर्‍याउने देखियो । चीनले पूँजीको विकास गर्दै आफ्नो समाजवादी कार्यक्रम पनि अघि बढाउने लक्ष्य लिएर आर्थिक सामाजिक उन्नति गर्न सकेको हो ।

चीनले आफूसँग भएका सम्पूर्ण सम्भावना खोजी गर्न पूँजीवादकै प्रणालीमा छिरेर उन्नति गर्दै जाने बाटो समात्यो। तङ स्याओ फिङको विचार पनि मूलतः त्यही हो। पूँजीवादी प्रणालीमा प्रवेश गरेर राष्ट्रिय पूँजी निर्माण गरेर समाजवादी कार्यक्रम लागू गर्दै जाने उनको अवधारणा थियो ।

चीनका साठी प्रतिशत कम्पनी राज्यकै नियन्त्रणमा छन् । चीनभित्र आर्थिक आरोहअवरोह हुँदा पनि स्थिति नियन्त्रणमै रहने कारण यही नै हो ।

यो यथार्थ नबुझी चीनबारे विश्लेषण गर्दा अपूरो देखिन्छ। त्यसैले पूँजीवादमा आएको संकट चीनले व्यहोर्नुपर्ने हुँदा अब बिस्तारै चीनमा पनि आर्थिक संकट आउनेछ। यस्तो संकट टार्न उसले पश्चिमेली मुलुकबाट वित्तीय पूँजी भित्र्याउँदा अनेक संकट पनि भित्रिनेछ । अर्कोतर्फ चीनले जुन प्रकारको आर्थिक विकास गरिरहेको थियो, त्यस प्रकारको विकासका लागि अब ऊ असक्षम हुन्छ।

चीनमा श्रमिक पार्टीकै सरकार छ । मजदुरहरूले उठाएका समस्या सजिलै सम्बोधन हुनुपर्ने थियो। तर भएको छैन । त्यो सम्भव पनि छैन । त्यो फजुल कुरा हो। किनकि सत्तामा पुगेपछि श्रमिक पनि शासक वर्गमा परिणत हुन पुग्छ।

सोभियत संघ अमेरिकाको कारण नभई आफ्नै भारले ढलेको हो। चिनियाँहरूले यो राम्रोसँग बुझेका छन्। त्यसैले चीनले बिआरआई परियोजना अघि सारेको हो। यो वालेर्नेस्टाइनको अवधारणाभन्दा फरक छ।

समाजवाद निर्माण गर्दा सिद्धान्त र व्यवहारमा एकरूपता ल्याउनु जरुरी छ । नेपालमा भएका समाजवादी पार्टीले जनताको जनजीविकाको स्तरमा सम्बोधन नगरी कोरा समाजवादी सिद्धान्तको रटान लगाउनुको कुनै तुक छैन । वर्ग परिचालन नगरी यो सम्भव छैन । श्रमाजीवी वर्ग र पूँजीवादी वर्गबीचको संघर्षलाई घनीभूत बनाउनुपर्ने हुन्छ । अझ भन्नुपर्दा आधारभूत वर्गको उत्थान गर्दै लैजानुपर्छ । समाजवाद समाजका हरेक तप्का र वर्गका निमित्त मिल्ने हुनुपर्दछ । अन्यथा एकांगी बन्न पुग्छ ।

मानिसहरुले "दुई-पाँच वर्षमै समाजवाद ल्याउन सकिन्छ, केही गाह्रै छैन" भन्छन् । तर, समाजवाद कुनै नेता या राजनीतिक दल विशेषले चाहेर अथवा घोषणा गरेका भरमा आइहाल्ने होइन । यसका निश्चित वैज्ञानिक प्रक्रिया र चरण छन् ।

हामीले चाहेको समाजवाद कसरी आउँछ ? कस्तो प्रकृतिको हुन्छ ? राम्रो विश्लेषण नगरी समाजवाद-समाजवाद भट्याएर केही हुन्न । समाजवादका केही चरण छन् । जस्तै, पहिलो, दोस्रो, तेस्रो या एकवर्षे, दुईवर्षे, पाँचवर्षे आदि आवधिक योजना बनाउनुपर्छ ।

सिद्धान्त पनि प्रयोग गर्न जाने गतिलो अस्त्र बन्न पुग्छ । सिद्धान्तलाई जनजीविका तथा जनआकांक्षाका सबालमा नजोड्ने हो भने त्यो कोरा सिद्धान्तले केही गर्दैन । हाल नेकपालगायतका समाजवाद मान्ने पार्टीहरूको सबभन्दा ठूलो समस्या सिद्धान्तदेखि सिद्धान्तसम्म बहसमा उत्रिने तर जनतासँग आफ्ना सिद्धान्तलाई सापेक्षित बनाउन नसक्नु नै हो ।

अहिलेको नेपालको स्थितिमा पहिलो चरणमा राज्य, निजी क्षेत्र र सामाजिक स्वामित्वमा आधारित सहकारीहरूको संयुक्त प्रयासले समाजवादी लक्ष हासिल गर्न सकिन्छ । निजी क्षेत्रमा विद्यमान दलाली पूँजीलाई उत्पादनशील पूँजीमा परिणत गर्दै अघि बढ्नुपर्छ । पूँजीवादको सबैभन्दा ठूलो ताकत निजी क्षेत्र र बजार हो । तर यसलाई उत्पादनशील क्षेत्रका रूपमा विकास गर्नुपर्छ ।

समाजवादको भौतिक परिस्थित बाह्य कारणबाट प्रभावित हुन्छ । यद्यपि आन्तरिक कारण पनि उत्तिकै प्रबल रहन्छन् । आधारभूत वर्गको हितका लागि लोककल्याणकारी कार्यक्रम ल्याउनुपर्छ । केही पश्चिमेली मुलुकले यसको अभ्यास गरेका पनि छन् । समाजवादको आधारभूत तत्त्व स्वतन्त्रताको विस्तार हो । मान्छेभित्रका सबै सम्भावनालाई प्रस्फुटन हुन दिने स्थिति सिर्जना गर्नुपर्छ ।

वर्तमान विश्वमा भएको व्यवस्था स्थिर रहँदैन । यो आज नभए पनि भोलि परिवर्तन भएरै छाड्छ । यस स्थितिबाट आउने व्यवस्था समाजवाद हो । जलवायु परिवर्तनका कारण मानव जातिको हित प्रतिकूल हुने धेरै गतिविधि भएका छन् । तिनलाई अन्त्य गर्न जरुरी छ ।

जलवायु परिवर्तनले ल्याएका संकट एक देश या महादेशले समाधान गर्न सक्ने कुरा होइन; यो त विश्वव्यापी साझा मानवीय समस्या हो । यसको समाधान सामूहिक तवरले निकाल्न सकिन्छ । यसको अर्थ यो हो कि अबको विश्वव्यापी मानवीय संकट हल गर्ने क्रममा पूँजीवादले स्थापित गरेका थुप्रै मूल्यमन्यता र संरचना धराशयी हुँदै जानेछन् ।

समाजवाद हासिल गर्नका निमित्त समाजवादी चेतना र समाजवादी नैतिकता अत्यन्त आवश्यक पर्न जान्छ । तर अहिले नेपालमा त्यसैको खडेरी छ । नेपाली राजनीतिमा छाएको चरम अनैतिकता र आपसी अविश्वासको वातावरण व्यापक छ । जबसम्म यसको अन्त्य हुन्न तबसम्म समाजवाद बहसमा मात्र सीमित हुन्छ ।

❖❖❖

# समाजवाद र संसदीय प्रणाली



**डा. खगेन्द्र प्रसाईं**
डीन, नेपाल खुला विश्वविद्यालय

समाजवाद कस्तो हुन्छ मात्र होइन कसरी प्राप्त हुन्छ भन्ने विषयमा मत भिन्नता समाजवाद जत्तिकै पुरानो छ । उन्नाइसौँ शताब्दीको उत्तरार्द्ध र बिसौँ शताब्दीको पूर्वार्द्धतिर संसदीय प्रणालीमा आएका वा ल्याइएका केही परिवर्तनपछि समाजवादी क्रान्ति कसरी अघि बढ्नुपर्छ भन्नेबारे समाजवादी (सामाजिक जनवादी) पार्टी र व्यक्तिहरूका बिच निकै ठुला बहस चलेका थिए । युरोपको बदलिँदो परिस्थितिमा समाजवादका लागि संसदीय व्यवस्था आवश्यक या उपयोगी हुने एउटा मत थियो भने, यो मतलाई संशोधनवादी या प्रतिक्रियावादी मान्ने अर्को मत । समकालीन समाजवादी या कम्युनिस्ट आन्दोनलमा पनि संसदीय व्यवस्थालाई निन्दा गर्ने र बचाउ गर्ने दुवै दृष्टिकोण अस्तित्वमा छन् । यसै सन्दर्भमा यस लेखमा संसदीय व्यवस्था र समाजवादको सम्बन्ध के हुन सक्छ या के हुनुपर्छ भन्ने छलफल गरिने छ । यहाँ संसदीय व्यवस्था भन्नाले आममताधिकारमा आधारित निर्वाचन प्रणालीबाट छानिएका प्रतिनिधिमा राजकीय सत्ता सञ्चालनको जिम्मेवारी र अख्तियारी हुने व्यवस्थालाई भनिएको हो ।

समाजवाद र संसदीय व्यवस्थाका सम्बन्धमा दुई फरक सैद्धान्तिक धारका मिल्दाजुल्दा धारणा छन् । बुर्जुवा विचारधाराका मानिसहरू के तर्क गर्छन् भने समाजवाद या साम्यवाद र संसदीय व्यवस्थाले एकार्कालाई परस्पर बहिष्करण गर्छन् । त्यस्तै, उनीहरू कम्युनिस्ट या समाजवादी विश्वदृष्टिकोण र लोकतन्त्रमा अन्तरनिहित तत्त्व एकार्काका परस्पर विरोधी रहिआएको दावी पनि गर्ने गर्छन् । जस्तै, उनीहरू के पनि तर्क गर्छन् भने एक वर्गप्रतिको पक्षधरता या सर्वहारा अधिनायकत्वले लोकतन्त्रलाई स्वतः निषेध गर्छ । प्रमाणका रूपमा उनीहरू सोभियत सङ्घ, चीन, उत्तर कोरिया, क्युबा, भियतनाम आदि देशका अभ्यासलाई देखाउँछन् । तर, उनीहरू इतिहासका थुप्रै तथ्यप्रति अज्ञान राख्छन् या तिनलाई बेवास्ता गर्छन् जसले उनीहरूका दावीलाई सहजै खारेज गर्छन् । जस्तै, सन् १९१९ मा जर्जियामा मेन्सेभिक पार्टी संसद्मा ८१ प्रतिशतभन्दा बढी मत ल्याएर सरकारको नेतृत्वमा पुगेको थियो र निकै लोकप्रिय र प्रभावकारी कार्यक्रम सफलताका साथ कार्यान्वयन गरिरहेको थियो । युरोपको सानो देश सान मारिनोमा संसदीय प्रणालीअन्तर्गत सन् १९४५ देखि १९५७ सम्म कम्युनिस्ट र समाजवादीहरूको गठबन्धनले शासन गरेको थियो । दोस्रो विश्वयुद्धपछि त संसारका कतिपय देशमा संसदीय

प्रणाली अन्तर्गत कम्युनिस्ट या वाम गठबन्धनहरू सरकारमा पुगेका थिए । सन् १९७० मा युरोकम्युनिज्मका नाममा युरोपका कतिपय देशका संसद्मा कम्युनिस्ट पार्टीको उपस्थिति देखिएको थियो । भारतमै पनि राज्य तहमा कम्युनिस्टहरूले सरकार बनाएका थिए । सन् १९९० पछि ल्याटिन अमेरिकी देशहरूमा समाजवादी या वाम शक्तिले संसदीय प्रणालीभित्र राम्रै र प्रभावकारी उपस्थिति देखाइरहेका छन् । त्यसो भए संसदीय प्रणाली र कम्युनिस्ट पार्टी कसरी एकार्काका परस्पर विरोधी कुरा भए त ?

कतिपय देश र कालमा कम्युनिस्टहरूले संसदीय प्रणालीसँग निषेधको सम्बन्ध राखेको भने साँचो हो । यसो हुनाका अनेक कारण होलान् तर दुई प्रमुख कारणको यहाँ चर्चा गरौँ । पहिलो, विश्वमा प्रभावशाली बनेको कम्युनिस्ट आन्दोलनले सशस्त्र सङ्घर्षलाई क्रान्तिको एक मात्र विधि मान्थ्यो र सो मान्नु कम्युनिस्ट हुनाको आधारभूत सर्त थियो । त्यस्तो सर्त नमान्ने पार्टीलाई प्रतिक्रियावादी र संशोधनवादी मानिन्थ्यो । यो कम्युनिस्ट अन्तरराष्ट्रियतावादको सीमान्त नै थियो । यो धारणाको सैद्धान्तिक र भौतिक दवावमा धेरै कम्युनिस्टले संसदीय व्यवस्थासँग शत्रुताको सम्बन्ध बनाए । दोस्रो, दोस्रो विश्वयुद्धपछि कम्युनिस्ट र वाम पार्टीलाई पुँजीवादी साम्राज्यवादी शक्तिले संसदीय अभ्यासबाट हिंसात्मक तरिकाले लखेटेको थियो । संसदीय व्यवस्थाअन्तर्गत बनेका कम्युनिस्ट, वाम या प्रगतिशील सरकारहरूलाई सैनिक कुमार्फत हटाई तिनका ठाउँमा खुनी तानाशाही शासन खडा गरिएका घटना ग्वाटेमाला (१९५४), ब्राजिल (१९६४), इन्डोनेसिया (१९६५), चिली (१९७३) र अरू अनेक छन् । यी घटना भोगेका र देखेका कम्युनिस्ट पार्टीहरूले संसदीय प्रणालीलाई क्रान्तिका लागि उपयुक्त नभएको निष्कर्ष निकाल्नु अनौठो थिएन र होइन पनि ।

के पनि तर्क गर्ने गरिएको छ भने कम्युनिस्ट  प्रणालीमा लोकतन्त्र अट्दैन तर लोकतन्त्रमा कम्युनिस्ट पार्टीको सत्तासमेत स्वीकार गरिन्छ । हो, सशस्त्र विद्रोहबाट बनेका कम्युनिस्ट सत्तामा बहुदलीय प्रणाली नअट्ने कुरा साँचो हो तर लोकतन्त्रमा कम्युनिस्ट पार्टीको सत्तासमेत स्वीकार्य हुन्छ भन्ने कुरा भने सधैँ साँचो थिएन र होइन । संयुक्त राज्य अमेरिकामा सन् १९५४ मा कम्युनिस्ट नियन्त्रण ऐनअन्तर्गत कम्युनिस्ट पार्टी र त्यसका क्रियाकलापलाई गैरकानुनी घोषणा गरियो । माथि नै

भनियो अमेरिकाको सहायता र नेतृत्वमा कतिपय देशमा लोकतान्त्रिक विधिबाट बनेका कम्युनिस्ट, वामपन्थी र सामान्य सुधारवादी सरकारहरू खुनी सैनिक कु गरी हटाइए । छिमेकी भारतको केरला राज्यमा सन् १९५९ मा कम्युनिस्ट सरकारलाई नेहरूको केन्द्रीय सरकारले बर्खास्त गऱ्यो । भेनेजुएलामा २००२ को समाजवादी हुगो चाभेजको सरकारविरुद्धको कु त ताजा घटना नै भयो । त्यसकारण के भन्न सकिन्छ भने इतिहासमा कम्युनिस्टले मात्र संसदीय व्यवस्थालाई निषेध गरेको होइन, संसदीय व्यवस्थामा पनि कम्युनिस्ट या वाम शक्तिहरू निषेध गरिएका थिए र छन् । तर हामीले बुझ्नैपर्ने कुरा के हो भने वास्तवमा यो निषेधात्मक सम्बन्ध समाजवाद र संसदीय व्यवस्था बीचका नभई समाजवाद र पुँजीवादको परस्पर निषेधकारी सम्बन्धको अभिव्यक्ति मात्र थियो र हो । जस्तै संसदीय प्रणालीअन्तर्गतको वामशक्तिका विरुद्ध पुँजीवादी शक्तिहरू तब उत्रेका छन् या उत्रन्छन् जब वामशक्तिले पुँजीपतिका हित प्रतिकूल हुने समाजवादी या वाम कार्यक्रमहरू लागु गरेका छन् या गर्छन् । आधारभूत रूपले शत्रुतापूर्ण सम्बन्ध समाजवाद र संसदीय व्यवस्थाको नभई समाजवाद र पूँजीवादको हो ।

संसदीय व्यवस्था र समाजवाद एकार्काका निषेधकारी हुन् भन्ने मान्यता आफूलाई क्रान्तिकारी दावी गर्ने कम्युनिस्ट पार्टी र व्यक्तिहरूले जोडसँग राख्थे र राख्ने गरेका छन् । उनीहरूको मूल तर्क के हो संसदीय व्यवस्था स्वयंमा एउटा पूँजीवादी या बुर्जुवा व्यवस्था हो, त्यसकारण स्वतः त्यसले समाजवादलाई निषेध गर्छ या त्यसको प्रतिकूल छ । यो मतको सबैभन्दा गम्भीर कमजोरी के हो भने यसले संसदीय व्यवस्थाको उत्पत्ति, विकास र गतिलाई ऐतिहासिक भौतिकवादी या मार्क्सवादी दृष्टिकोणबाट नभई यथास्थितिवादी या जडतावादी भएर बुझ्छ । अर्थात् हिजो, आज र विभिन्न कालका संसदीय प्रणालीहरूलाई तिनीहरूको आआफ्नो ऐतिहासिकतामा बुझ्दैन । यो कुरा निःसन्देह सत्य हो कि पूँजीवादको प्रारम्भिक र त्यसपछिको केही कालमा संसदीय व्यवस्था वर्ग चरित्रको हिसाबले औपचारिक र कानुनी रूपमा नै बुर्जुवा व्यवस्था थियो । तत्कालीन संसदीय प्रणालीमा शासक छान्ने, निर्वाचनको प्रक्रियामा चुन्ने र चुनिने अधिकार व्यक्तिको सम्पत्तिमा आधारित हुने र मजदुरका सङ्गठन तथा पार्टी गैरकानुनी भएका अवस्थामा ती व्यवस्थाको औपचारिक र वैधानिक चरित्र नै बुर्जुवा थियो । त्यसकारण मार्क्सलगायत अन्य समाजवादीले त्यतिबेला संसदीय व्यवस्थालाई

बुर्जुवा व्यवस्था भनेर आलोचना गरेका हुन् । तर स्वयं मजदुरहरूका लामा र कष्टपूर्ण सङ्घर्षबाट प्राप्त आममताधिकारमा आधारित निर्वाचन प्रणाली र मजदुरका राजनीतिक पार्टी वैध भइसकेका अवस्थामा संसदीय प्रणालीको औपचारिक तथा कानुनी चरित्र वर्गीय हिसाबले बुर्जुवा नभई तटस्थ हुन गयो । यो भनेको त्यसबेला बुर्जुवा वर्गले संसदीय व्यवस्थामार्फत आफ्नो वर्गस्वार्थ पूरा गर्न छाड्यो भनेको होइन । त्यो उसले गरिरहेको थियो । वर्गीय तटस्थतको अर्थ के हो भने संसदीय प्रणालीले औपचारिक र कानुनी हिसाबले बुर्जुवा वर्गलाई जे अवसर र सुविधा दिन्थ्यो, मजदुर वर्गलाई पनि त्यही नै दियो । क्रान्तिकारी अभ्यासको दृष्टिमा यो भनेको के हो भने संसदीय प्रणालीअन्तर्गत शान्तिपूर्ण प्रतिस्पर्धा गरेर मजदुर वर्गले शासनको नेतृत्व र सञ्चालन गर्दै आफ्नो समाजवादी लक्ष्यतर्फ हिँड्न सक्छ। यो गुणात्मक रूपले नै भिन्न ऐतिहासिक अवस्था थियो । सन् १९४८ मा कम्युनिस्ट घोषणापत्रमा समाजवादी क्रान्ति बलपूर्वक हुनुपर्ने तर्क गर्ने मार्क्स र एंगेल्स स्वयंमध्ये मार्क्सले १८७२ को आफ्नो एउटा महत्त्वपूर्ण भाषणमा बेलायत, अमेरिका जस्ता देशमा शान्तिपूर्ण विधिबाट मजदुरहरूले समाजवादी लक्ष्य हासिल गर्न सक्ने कुरालाई इन्कार गर्न नसकिने मत राखे (मार्क्स एन्ड एंगेल्स, १८४८; मार्क्स १८७२ । मार्क्सले सन् १८७१ मा पेरिसमा विद्रोहबाट बनेको कम्युनले त्यसपछि अभ्यास गरेको आममताधिकारमा आधारित निर्वाचन प्रणालीलाई कम्युनको प्राण भनी उच्च प्रशंसा गरेका छन् (मार्क्स १८७०, २८७ एन्ड २८९) ।[१] स्मरण रहोस्, सो कम्युनमा श्रमिकहरूका प्रतिनिधि मात्र निर्वाचित भएका थिएनन् । त्यस्तै एंगेल्सले मार्क्सको रचना फ्रान्समा वर्गसङ्घर्षहरूको परिचयमा सन् १८४८ मा भन्दा तत्काल मजदुर वर्गले लड्नुपर्ने भौतिक अवस्थामा ठुलो परिवर्तन आएको र १८४८ बेलाको सङ्घर्षको विधि अनुपयोगी भएको तर्क गरेका छन् (एंगेल्स १८९५, ६४) ।[२] नयाँ परिस्थितिमा आममताधिकारको प्रयोग नै सर्वहारा वर्गको सशक्तीकरण र क्रान्तिको नयाँ विधि थियो । जर्मनीमा सन् १८६६ मा लागु गरिएको आममताधिकारको प्रयोगमार्फत सामाजिक जनवादी पार्टीको द्रुत र दिगो विकास भएको थियो । आममताधिकारलाई जर्मनेली मजदुरहरूले नयाँ र अधिक धारिलोमध्येको एक हतियारका रूपमा स्थापित

1 Marx, Civil War in France, MESW, 287, 289
2 Engels. 1895. Introduction to Marx's Civil War in France MESW, 645

गराएका थिए (एंगेल्स १८९५, ६४९)।[३] एंगेल्सको दावी यो पनि थियो कि कम्युनिष्ट घोषणापत्रले नै लोकतन्त्र र आममताधिकारको लडाइँ जित्नुलाई सर्वहारा वर्गको पहिलो र सर्वाधिक महत्त्वपूर्ण कार्यभारमध्येको एक कार्यभार भनी घोषणा गरेको थियो (एंगेल्स १८९५, ६४५)।[४] आममताधिकारलाई मजदुर वर्गले पुरानो सत्ताको छलकपटको साधनाबाट मुक्तिको साधनामा रूपान्तरण गरेको छ (एंगेल्स १८९५, ६४९) । [५] आममताधिकारको प्रयोगबाट मजदुरले बुर्जुवा सत्ताका संरचनाभित्रै नै ती संरचनाविरुद्ध लड्ने मौका पायो । उसले विभिन्न ठाउँमा बुर्जुवा  वर्गसँग प्रतिस्पर्धा गर्‍यो र आफ्नो हैसियत बनायो । परिणामस्वरूप बुर्जुवा वर्ग मजदुरहरूका अवैधानिकभन्दा वैधानिक क्रियाकलाप र विद्रोहभन्दा चुनावी परिणामबाट बढी डराउन थाल्यो (एंगेल्स १८९५, ६५०)।[६] यी विश्लेषणहरुमा मार्क्स र एंगेल्सले ऐतिहासिकतालाई राम्रोसँग पक्रेको देखिन्छ ।

त्यस्तै रोजा लक्जम्बर्गले आफ्नो चर्चित रचना **सामाजिक जनवाद र संसद्वाद**मा सामाजिक जनवाद र संसद्वादको सम्बन्धको यस्तो ऐतिहासिक भौतिकवादी व्याख्या गरेकी छन्: संसद्वाद लोकतान्त्रिक विकास या मानवजातिका प्रगतिको निरपेक्ष उत्पादन नभई ऐतिहासिक रूपले निर्धारित बुर्जुवा वर्गको सामन्तवादसँगको सङ्घर्षमा उनीहरूको वर्ग शासनको रूप थियो । त्यसकारण बुर्जुवा  वर्गको सामन्तवादसँगको सङ्घर्ष चलिरहन्जेल मात्र बुर्जुवा संसद्को औचित्य रहेको हो, अन्यथा यसको ऐतिहासिक महत्त्व गुमेको हो (लक्जम्बर्ग १९०४)।[७]जहाँसम्म आममताधिकारको प्रश्न हो, यो लडिरहेका दुवै वर्ग बुर्जवा र सामन्तका लागि उपयोगी थियो । बुर्जवाका लागि सामन्तवाद विरोधी लडाइँमा आमजनतालाई नेतृत्व गर्न र सामन्त वर्गका लागि गाउँलाई सहरविरुद्ध प्रयोग गर्न । तर जब लडाइँ सम्झौतामा टुङ्गियो, तब उनीहरूका लागि बालिग मताधिकार अर्थहीन भयो । तर यो ऐतिहासिक विन्दुमा संसद्वाद सामाजिक जनवादीहरूका लागि गाउँदेखि संसद्सम्म अर्थपूर्ण हुन गयो । संसद्वादले बुर्जवाका लागि महत्त्व गुमाइसकेका सन्दर्भमा यो उदीयमान मजदुर वर्गका

3 Engels. 1895. 649
4 Engels. 1895. Introduction to Marx's Civil War in France MESW, 645
5 Engels. 1895. Introduction to Marx's Civil War in France MESW, 649
6 Engels. 1895. Introduction to Marx's Civil War in France MESW, 650
7 Luxemburg, Rosa. 1904 Social Democracy and Parliamentarism

लागि वर्गसङ्घर्षको सर्वाधिक शक्तिशालीमध्येको एक र अपरिहार्य साधन हो । बुर्जुवा संसद्वादलाई बुर्जुवाबाट बचाउनु र यसलाई बुर्जुवाविरुद्ध प्रयोग गर्नु सामाजिक जनवादी पार्टीको एक अत्यन्तै जरुरी कार्यभार हो (लक्जम्बर्ग १९०४)।[८] तर रोजा सर्वहारा वर्गसङ्घर्षलाई संसद्भित्र र संसद बाहिर विकास गर्नुपर्नेमा जोड गर्छिन् जसअन्तर्गत सर्वहाराका संसदीय प्रतिनिधिका संसदीय कार्य र सर्वहारा वर्गको गैरसंसदीय कार्य पर्छन् । उनी भन्छिन्: संसद्को प्रयोगको प्रभावकारिता संसद्भित्रको भूमिकामा मात्रै होइन, सर्वहारा वर्गको प्रत्यक्ष कार्यमा भर पर्छ । आममताधिकारमाथिका खतरालाई तब कम गर्न सकिन्छ, जब बुर्जुवा शासक वर्गलाई यो बुझाउन सकिन्छ कि सामाजिक जनवादी पार्टीको शक्ति उसका संसदीय प्रतिनिधिमा होइन संसद् बाहिरका जनतामा छ जसका राजनीतिक अधिकारहरूको रक्षा गर्न सामाजिक जनवादी पार्टी योग्य र इच्छुक छ ।[९] सामाजिक जनवादी पार्टीको काम शासक वर्गका नीतिहरूलाई जनताको हितको दृष्टिकोणबाट आलोचना गर्नु मात्र नभई समाजवादी आदर्श समाजलाई हालको समाजसँग तुलना गर्नु पनि हो … । यो दैनिक जीवनका प्रश्नमा मात्र सीमित हुनु हुँदैन, बरु यसले समाजवादी क्रान्ति पूरा गर्ने 'आधारभूत रुझान' लाई महत्त्व दिनुपर्छ (लक्जम्बर्ग १९०४) ।

त्यतिबेला चर्चा र आलोचना दुवैमा परेका विकासवादी समाजवादका पक्षधर र व्याख्याता **बर्नस्टिन**ले पनि तत्कालको युरोप र खास गरेर जर्मनीको अवस्था जहाँ तुरुन्तै कुनै आर्थिक दुर्घटना सम्भावना नदेखेका कारण के प्रस्ताव गरे भने आर्थिक दुर्घटनाबारे अनुमान गर्नाको सट्टा "सामाजिक जनवादी पार्टीको कार्यभार मजदुर वर्गलाई राजनीतिक रूपले सङ्गठित गर्नु, उनीहरूलाई लोकतान्त्रिक शक्तिका रूपमा विकास गर्नु र राज्यभित्र ती सबै सुधारहरूका लागि लड्नु हो जसले मजदुर वर्गलाई माथि उठाउँछन् र राज्यलाई लोकतन्त्रका दिशामा रूपान्तरण गर्छन्" (बर्नस्टिन १८९९/१९६१, xxvii)।[१०] लोकतान्त्रिक विधिबाट समाजवाद निर्माण गर्न सकिन्छ भन्ने उनको दावीको एक महत्त्वपूर्ण अर्थशास्त्रीय आधार यो थियो कि जब व्यवस्थित र सचेत कार्यले कानुनमार्फत उपयुक्त तरिकाले हस्तक्षेप गर्छ, आर्थिक

8 Luxemburg, Rosa. 1904 Social Democracy and Parliamentarism

9 Luxemburg, Rosa. 1904 Social Democracy and Parliamentarism

10 Bernstein, Eduard. 1899/1961. *Evolutionary Socialism: The Classic Statement of Democratic Socialism,* Preface, xxvii, Trans. Edith C, Harvey, New York: Schocken Books

विकासको झुकावलाई रोक्न मात्र होइन कतिपय अवस्थामा निषेध नै गर्न सकिन्छ।[११] बर्नस्टिनको दावी त यो पनि थियो कि मार्क्स र एन्गेल्स स्वयंले यो कुरामा जोड दिएका थिए । बिसौँ शताब्दीमा रुस, चीन, क्युबा आदि भएका समाजवादी, वाम या योजनाबद्ध विकासका प्रयोगहरू बर्नस्टिनको यो धारणासँग नजिक थिएनन् र ? आर्थिक विकास मनुष्य चेतना र हस्तक्षेपवाट स्वतन्त्र आफ्नै अनिवार्य नियम अनुसार अघि बढ्छ कि मान्छेका सचेत हस्तक्षेपले आर्थिक विकासको दिशालाई प्रभावित पार्न सक्छ भन्ने प्रश्न समाजवादी आन्दोलनको सबैभन्दा महत्त्वपूर्ण प्रश्न हो र थियो । तर मान्छेका सचेत हस्तक्षेपले आर्थिक विकासको दिशालाई प्रभावित पार्न सक्छ भन्ने मत राख्नेहरूका लागि के महत्त्वपूर्ण प्रश्न हो भने: सचेत हस्तक्षेपको सम्भावना केही मानिसको चाहनामा निर्भर गर्छ या यसका लागि खास भौतिक या आर्थिक विकासको अवस्था हुनु आवश्यक हुन्छ ? बर्नस्टिनका अनुसार जर्मनी र युरोपमा त्यस्तो अवस्था बन्दै थियो ।

बर्नस्टिनको अधिक चर्चा र विवादमा आएको भनाइ थियो: “मेरो विचारमा जेलाई समाजवादको अन्तिम लक्ष्य भनिन्छ त्यो केही पनि होइन, आन्दोलन नै सबै थोक हो” (बर्नस्टिन १८९९, २०२) । यो भनाइको निकै चर्को आलोचना भयो । रोजाले त बर्नस्टिनले सामाजिक जनवादी पार्टीको सामाजिक रूपान्तरणको लक्ष्य नै छाडेको र सामाजिक सुधार, जो सामाजिक जनवादी पार्टीको साधन हो, लाई नै लक्ष्य बनाएको आरोप लगाइन् (लक्जम्बर्ग १९००) ।[१२] तर बर्नस्टिन स्वयंले आफ्नो अन्तिम लक्ष्यसम्बन्धी वाक्यले मजदुर वर्गको आन्दोलनको प्रत्येक आमलक्ष्य मूल्यहीन छ भन्ने व्याख्यालाई अनुमति दिएको हदसम्म त्यसको परित्याग गर्ने स्पष्ट पारेका छन् (बर्नस्टिन १८९९, २०४) ।[१३] उनको तर्क के हो भने ती पूर्वनिर्धारित सिद्धान्तहरू जो सामान्य रूपले अभिव्यक्त लक्ष्यभन्दा बाहिर जान्छन्, जसले तथ्य र अनुभवमाथि ध्यान नदिई आन्दोलनको दिशा र चरित्र तय गर्छन्, अनिवार्य रूपले कल्पनावादी बन्छन् र यो या त्यो समयमा वास्तविक सैद्धान्तिक र व्यावहारिक विकासलाई अवरुद्ध गर्छन्

11 Bernstein, 208
12 Luxemburg, Rosa. 1900 Reform or Revolution?
13 Bernstein, Eduard. *Evolutionary Socialism: The Classic Statement of Democratic Socialism,* 204

(बर्नस्टिन १८९९, २०४-२०) ।[१४]संक्षेपमा, बर्नस्टिन समाजवादी आन्दोलनलाई धर्तीमा टेकाउन चाहन्छन् ।

साँच्चै ऐतिहासिक भौतिकवादी दृष्टिकोणअनुसार सामाजिक जीवनका हरेक पक्षको उत्पत्ति, अस्तित्व र विकासको ऐतिहासिकता हुन्छ भनेर मान्ने हो भने क्रान्तिकारी अवस्था र क्रान्तिकारी विधिको चाहिँ ऐतिहासिकता हुँदैन र ? एउटा अवस्थामा समाजवादी आन्दोलनको विधि हिंसात्मक हुन सक्छ भने अर्को समय र परिस्थितिमा शान्तिपूर्ण या संसदीय हुन सक्दैन? के क्रान्तिको समय, परिस्थिति निरपेक्ष, सार्वभौमिक र अलौकिक नियम हुन्छ ? हुन्छ भन्ने हो भने ऐतिहासिक भौतिकवादलाई त्याग्नैपर्छ । तर कतिपय ऐतिहासिक भौतिकवादलाई मार्गदर्शक सिद्धान्त मान्ने पार्टी र मान्छेहरू महत्त्वपूर्ण ऐतिहासिक परिवर्तनपछि बुर्जुवा संसदीय प्रणालीबाट रूपान्तरण भएर नयाँ र वर्गीय हिसाबले तटस्थ बनेको संसदीय प्रणालीलाई बुर्जुवा संसदीय प्रणाली नै देखिरहनुहुन्छ । यो त मान्छेलाई ढेडु देखिरहनु जस्तै हो ।

इतिहासमा मान्छेका सङ्घर्षबाट प्राप्त उपलब्धि र अवसरलाई तिनको ऐतिहासिकतामा स्वीकार नगर्ने यो प्रवृत्तिले कुनै परिर्वतनले एकै पटक जनवाद या समाजवाद ल्याउनुपर्थ्यो भन्ने आग्रह राख्छ र कुनै ऐतिहासिक घटना र प्रणालीलाई यसकारण प्रतिक्रियावादी भनिदिन्छ कि यसले तत्काल श्रमजीवी जनतालाई सम्पूर्ण सत्ता दिएन या यसका सबै माग पूरा गरेन या गर्दैन । एकातर्फ यस्तो गैरऐतिहासिक दृष्टिकोण राखिरहने, अर्कातर्फ आफ्नो मार्गदर्शक सिद्धान्त मार्क्सवाद या ऐतिहासिक भौतिकवाद भएको दावी गर्ने प्रवृत्तिबीच सुल्झिनै नसक्ने विरोधाभास छ ।

संसदीय व्यवस्थालाई बुर्जुवा व्यवस्था मान्नेहरूका अरू केही तर्क पनि हेरौँ । पहिलो, संसारमा अधिकांश संसदीय व्यवस्था भएका देशमा पूँजीवादले शासन गर्छ। दोस्रो, संसदीय व्यवस्थाको निर्वाचन खर्चिलो र भ्रष्टाचारमैत्री छ । पहिलो दावी धेरै हदसम्म सत्य भए पनि युरोपेली देशहरूमा संसदीय व्यवस्थाभित्रै कल्याणकारी राज्यको अवधारणाअन्तर्गत पुँजीवादलाई उल्लेख्य नियमन गर्ने, सार्वजनिक क्षेत्रको विस्तार गर्ने र मजदुरका कैयन् हक, हित, अधिकार प्रत्याभूत गर्ने काम भएका हुन् । त्यस्तै ल्याटिन अमेरिकी राष्ट्र भेनेजुएला, बोलिभिया आदिमा त वाम या समाजवादी कार्यक्रम लागु गर्ने र त्यसबाट

14 Bernstein, Eduard. *Evolutionary Socialism: The Classic Statement of Democratic Socialism,* 204-205

चुलिएको पुँजीवाद र साम्राज्यवादसँगको सङ्घर्ष पनि संसदीय प्रणाली र प्रक्रियामा नै लडिँदै आएको छ। यो कुरा निःसन्देह सत्य हो कि संसारका धेरै देशमा संसदीय व्यवस्थाले पूँजीवादकै सेवा गरेको छ । यो कुरा हाल नेपालका हकमा पनि उत्तिकै सत्य छ । तर के बुझ्नु आवश्यक छ भने, आजको संसदीय व्यवस्थाले पुँजीवादको सेवा गरेका कारण संसद् स्वयं पुँजीवादी भएर नभई चालु वर्गसङ्घर्षमा पुँजीपति वर्गको वर्चस्व कायम रहन गएर हो। समाजवादमा मात्रै आफ्नो हित देख्ने वर्गहरूको ठोस अस्तित्व नहुनु, तिनीहरू प्रभावकारी ढङ्गले सङ्गठित र आन्दोलित नभएका कारण संसदीय सङ्घर्षमा पुँजीपति वर्गको वर्चस्व रहन गएको हो। त्यस्तै विभिन्न तहका निर्वाचनमा प्रतिस्पर्धा, कानुन र नीति बनाउने र कार्यान्वयन गर्न तमाम संसदीय प्रक्रियामा वर्गसङ्घर्ष अभिव्यक्त नहुनु, पुँजीको हित निर्बाध रूपले वर्चस्वमा रहनु र श्रमको हित कतै चर्चासम्म पनि नहुनाका कारण पनि पूँजी पक्षको तागत र श्रम पक्षको नातागत हो।

यो सम्पूर्ण समाजमाथि पूँजीको शासनको युग हो, त्यसकारण यो पुँजीवादी युग हो । हाल पूँजी हरेक हिसाबले बलियो छ र व्यक्ति, समाज, राज्यलाई आफ्नो अधीनस्थ या अनुकूल राख्न सफल छ। यसले राजनीतिक पार्टी सञ्चालन, पार्टी नेता छनोट, उम्मेदवार छनोट, निर्वाचन आदिमा निर्णायक भूमिका खेल्छ। त्यसकारण आजको संसद् पूँजीपतिहरूको संस्था बन्न पुगेको हो । तर, हाम्रो संसदीय व्यवस्था आज जसरी पुँजीका पक्षमा छ, भोलि त्यसरी नै श्रमका पक्षमा पनि हुन सक्छ। नेपाली समाजको परिस्थिति बदलिँदै गएर श्रम पक्ष बलियो र पुँजी पक्ष कमजोर हुन थालेपछि यही व्यवस्थाअन्तर्गत समाजवादी लक्ष्यहरूका पक्षमा काम गर्न सम्भव हुन जान्छ, काम हुन थाल्छ, । त्यसो हो भने आज समाजवादीहरूको ऐतिहासिक कर्तव्य के हो त ? यसको उत्तर खोज्दा सुधारवादको आलोचक र क्रान्तिका पक्षधर रहेकी  लक्जम्बर्गले आफ्नो रचना **सुधार कि क्रान्ति**मा अभिव्यक्ति गरेको मत उपयोगी हुन्छ । उनका विचारमा सुधार र क्रान्तिका बिच परस्पर विपरीतताको नभई साध्य र साधनको सम्बन्ध छ र तत्कालीन बुर्जुवा संरचनाभित्रै गरिने विविध सुधार (मजदुरका अवस्थामा सुधार, लोकतान्त्रिक संस्थाको सुधार आदि) सर्वहारा वर्गसङ्घर्षमा सहभागी हुने र बुर्जुवा संरचनाको रूपान्तरण गर्ने या राजनीतिक सत्तामाथि विजय प्राप्त गर्ने क्रान्तिको अन्तिम लक्ष्यतर्फ जाने साधन हुन् । त्यसकारण सामाजिक जनवादी पार्टीका लागि सुधार र क्रान्तिका बिच

अटुट सम्बन्ध छ (लक्जम्बर्ग, १९००) ।[१५] सुधारलाई क्रान्तिको साधन मात्रै मान्दा पनि क्रान्तिकारीहरू सुधारमा सहभागी हुन्छन् र हुनुपर्छ, सुधारलाई बहिष्कार या भण्डाफोर गर्ने कुरा गलत हुन्छ । तर प्रश्न के उठ्छ भने, जुन व्यवस्थाअन्तर्गत समाजवादीहरूले सुधारका काम गर्न सक्छन्, त्यही व्यवस्थाअन्तर्गत सुधार गर्दै मजदुर वर्गको राजनीतिक शक्तिलाई बलियो बनाउँदै क्रान्तिकै मूल लक्ष्य प्राप्त गर्न सक्दैनन् र? सक्छन् भन्ने ठाउँ बलियो छ किनकि निरन्तर सुधारका कारण मजदुर वर्ग शक्तिशाली र बुर्जुवा वर्ग कमजोर बन्छ । त्यस्तै द्वन्द्वात्मक हिसाबले हेर्दा, निरन्तर सुधारमार्फत सुधारको मात्रात्मक अभिवृद्धि भई त्यसले गुणात्मक फड्को मार्दैन ? अर्थात् सुधारको मात्रात्मक वृद्धि एक चरणमा पुगेपछि गुणात्मक फड्को मारी क्रान्तिको चरणमा पुग्दैन र ? द्वन्द्ववादको नियम सत्य हो भने पुग्नैपर्छ ।

अब संसदीय व्यवस्थाको चुनाव खर्चिलो र भ्रष्ट छ भन्ने तर्कलाई हेरौँ । के आममताधिकारका आधारमा सरकार बनाउने कुरा आफैँमा खर्चिलो छ ? भ्रष्ट छ ? निःसन्देह छैन । निःसन्देह यो पनि सत्य हो कि यो हाल खर्चिलो र भ्रष्ट छ । ऐतिहासिक भौतिकवादीहरूले हालका निर्वाचनको भ्रष्टतालाई हाम्रो समाजको भौतिक परिस्थिति या आर्थिक प्रणालीमा हेर्नुपर्छ । केही मानिसहरू संसदीय प्रणालीको मूल्याङ्कन र विश्लेषण गर्दा विद्यमान समाजको वास्तविक शासकीय आर्थिक प्रणाली पूँजीवादलाई बिर्सन्छन् । अर्को तरिकाले भन्दा संसद् र अर्थव्यवस्थाको सम्बन्धलाई बुझ्न वर्गीय समाजमा राजनीति के हो भन्ने बुझ्पर्छ । सामान्य समाजशास्त्रीय हिसाबले राजनीति समाजको आर्थिक क्रियाकलापभन्दा कुनै स्वतन्त्र प्रक्रिया नभई आधारभूत रूपले आर्थिक व्यवस्थापनसँग सम्बन्धित शक्तिको प्राप्ति, वितरण, प्रयोग आदिको सामाजिक प्रक्रिया हो । मार्क्सका अनुसार वर्गीय समाजमा राजनीति नागरिक समाज अर्थात् आर्थिक क्रियाकलापका क्षेत्रमा हुने अन्तरद्वन्द्वहरूको औपचारिक अभिव्यक्ति हो । यस अर्थमा, राजनीतिको अन्तर्वस्तु नै अर्थ हो । यो युग पुँजीवादी हो भन्नुको अर्थ, राजनीतिक अर्थमा पूँजीको शासन छ भनिएको हो । सन् १९९० पछिको विश्वभर बेलगाम विस्तारित भएको पुँजीवाद, ठुलो पुँजीको निर्बाध स्वतन्त्रता, अधिकार र शक्तिको युग हो । पूँजीले आफ्नो अस्तित्व र विकासका लागि सबभन्दा पहिले राज्यलाई आफ्नो प्रभाव र नियन्त्रणमा राख्नुपर्छ । बहुदलीय व्यवस्थामा राजनीतिक पार्टीहरू राज्यका मुख्यकर्ता भएकाले

15 Luxemburg, Rosa. 1900 Reform or Revolution?

तिनलाई आफ्नो अधीनमा राख्नु पुँजीको चरित्र र आवश्यकता दुवै हो । अधीनमा राख्ने सबभन्दा सजिलो विधि तिनलाई किन्नु र भ्रष्ट बनाउनु हो ताकि तिनीहरू आफ्नो स्वार्थका बाधक होइन सहयोगी र सहयात्री बनून् । त्यसकारण आज संसदीय प्रणालीमा देखिएको खर्चिलोपन र भ्रष्टाचारको कारण संसदीय प्रणाली स्वयं नभई पुँजीवाद हो । पुँजी बलियो भइन्जेल उसले आफ्नो वर्चस्वको अभ्यास गरिरहन्छ । तर जब पुँजी कमजोर हुन थाल्छ र सङ्कटोन्मुख हुन्छ र श्रम पक्ष सङ्गठित हुन्छ, संसदीय प्रक्रियाभित्रै नै पुँजी प्रवर्द्धित खर्चिलो र भ्रष्ट अभ्यासका विरुद्ध वर्गसङ्घर्ष देखिने गरी अभिव्यक्त हुन थाल्छ ।

## समाजवादका लागि लोकतन्त्र किन आवश्यक

समाजवादीका लागि संसदीय व्यवस्थामा सहभागिता लोकतन्त्रको अभ्यास पनि हो। समाजवाद के हो भन्ने कुराले स्वयंले नै समाजवाद र लोकतन्त्रको सम्बन्ध निर्धारण गर्छ। मार्क्सले आफ्नो अधिक महत्त्वपूर्ण कृति ‘पुँजी’मा  मुक्त समाजलाई स्वतन्त्र मानिसहरूको एउटा यस्तो सङ्घका रूपमा कल्पना गरे जहाँ उत्पादनका साधनहरू सामूहिक नियन्त्रणमा हुन्छन् र मानिसहरूले विभिन्न किसिमका श्रमशक्तिलाई पूर्ण सचेतनताका साथ एउटा सामूहिक श्रमशक्तिका रूपमा खर्च गर्छन् (मार्क्स १८६७, १७१) ।[१६] यस्तो समाजमा स्वतन्त्र रूपले सङ्गठित मानिसहरूले मानिस-मानिसको सम्बन्ध, मानिस र प्रकृतिको सम्बन्ध या भौतिक उत्पादनको प्रक्रियालाई पारदर्शी र सुविचारी, सचेत र योजनाबद्ध ढङ्गले सञ्चालन गर्छन् (मार्क्स १८६७, १७३) ।[१७] सन् १८७१ को पेरिस कम्युनमा मजदुरहरू कसरी अघि बढ्न सक्छन भन्ने बारे मार्क्स भन्छन्: उनीहरूसँग कार्यान्वयन गर्नुपर्ने बनिबनाउ आदर्श समाजको चित्र थिएन । मजदुर वर्गले कम्युनबाट चमत्कारको अपेक्षा गरेका थिएनन् । उनीहरूलाई थाहा थियो कि आफ्नो मुक्ति आफैँ गर्न उनीहरूले मान्छे र परि स्थितिलाई बदल्दै लामो सङ्घर्ष इतिहासको प्रक्रिया पार गर्नुपर्ने छ । उनीहरूको काम नयाँ समाजका ती तत्त्वहरूलाई खुला गर्नु थियो जो अवसान हुँदै गरेको बुर्जुवा समाजका गर्भमा छन्  (मार्क्स, १८७०, २८७ र २९१) ।[१८]

16 Marx, Capital Vol: p. 171
17 Marx, Capital Volume 1: 173
18 Marx, Civil War in France, MESW, 287, 291

एंगेल्स स्वयंले '**समाजवाद : काल्पनिक कि वैज्ञानिक ?**' कृतिमा राज्य स्वामित्व र सामाजिक स्वामित्वका बिचको आधारभूत अन्तरको उल्लेख गर्दै उत्पादनका साधनको राजकीय स्वामित्व भएको व्यवस्था राज्य पुँजीवाद हुने तर्क गरेका छन् । तर एंगेल्स राज्य स्वामित्वलाई सामाजिक स्वामित्वमा रूपान्तरण गर्न सकिने प्राविधिक सम्भावना रहेको तर्क पनि गर्छन् । उनको विचारमा उत्पादनका साधनको सामाजिकृत चरित्रसँग उत्पादन, लाभ र विनिमयलाई एकाकार गरेर मात्र यसो गर्न सकिन्छ र यसो गर्नका लागि समाजले प्रत्यक्ष र खुला रूपले पूर्ण सुझबुझका साथ उत्पादनका साधनमा नियन्त्रण राख्नुपर्छ (एंगेल्स १८९२, ४२२ ।[१९] **फ्रान्समा वर्गसङ्घर्षहरूको परिचयमा** एंगेल्स असचेत बहुमतको टाउकामाथि बसेर सानो सचेत समूहले क्रान्ति गर्ने दिन गइसकेको दावी गर्दै भन्छन्: जहाँ सामाजिक संरचनाको पूर्ण रूपान्तरणको प्रश्न आउँछ, आममानिसहरू यो प्रक्रियामा तनमनले सहभागी हुनैपर्छ, उनीहरूलाई थाहा हुनुपर्छ मुद्दा के हुन् र उनीहरूले के गर्नुपर्छ (एंगेल्स १८९५, ६५४) ।[२०]

यदि मार्क्सले भनेजस्तो समाजवाद स्वतन्त्र रूपले सङ्गठित मान्छेहरूको सचेत र योजनाबद्ध अभ्यास हो र एंगेल्सले भने जस्तो मानिसहरूले यस प्रक्रियामा तनमनले भाग लिनैपर्ने हो भने यसका लागि व्यक्तिको स्वतन्त्रता र भूमिका दुवै किटानी गरिएको राजनीतिक व्यवस्था आवश्यक हुने नै भयो । यस्तो व्यवस्था समाजवादको आवश्यक सर्त र लक्ष्य दुवै हो । सर्त हो किनकि योविना मान्छेहरूको सङ्घ स्वतन्त्र मान्छेहरूको सङ्घ नै बन्न सक्दैन । लक्ष्य हो किनकि समाजवादको लक्ष्य नै स्वतन्त्र मानिसहरूको सङ्घ हो । **बर्नस्टिनको** दृष्टिकोणमा लोकतन्त्र समाजवादको साधन मात्र नभई अन्तर्वस्तु नै हो जसविना समाजवाद असम्भव हुन्छ । उनी भन्छन्, लोकतन्त्रविना मजदुर आन्दोलनहरू हुन सक्छन् । मजदुरहरू राजनीतिक अधिकारविना नै र अज्ञान या शैक्षिक दुर्बलताका अवस्थामा नै पनि आन्दोलित हुन सक्छन् । तर त्यसरी समाजवादी आन्दोलन विकास हुँदैन । यसका लागि निश्चित उचाइको दृष्टि र चेतना आवश्यक पर्छ (Bernstein 1899, 166-67) ।[२१] निश्चय नै श्रमजीवी वर्ग समाजवादको निर्माता हुन वस्तुवाट कर्ता बन्नुपर्छ, अर्थात् मार्क्सले

19 Engels Socialism: Utopian or Scientific? Marx-Engels Collected Volume,
20 Engels. 1895. Introduction to Marx's Civil War in France MESW, 654
21 Bernstein, 166-67

भने भैँ class-in-itself बाट class-for-itself तर्फ रूपान्तरित हुनुपर्छ । पुँजीवादी समाजमा श्रमिक वर्ग कर्ता बन्ने प्रक्रियामा प्रवेश गर्न उसले अनिवार्य रूपले लोकतन्त्रको अभ्यास गर्नुपर्छ जहाँ उसले पुँजीवाद र तिनका प्रतिनिधिसँग प्रतिस्पर्धा गर्दै आफ्नो कर्ताशक्ति र क्षमता अभिवृद्धि गर्छ ।

समकालीन मार्क्सवादी या समाजवादीहरूले पनि एक्काइसौँ शताब्दीको समाजवाद कस्तो हुनुपर्छ या समाजवाद र लोकतन्त्रको सम्बन्ध कस्तो हुनुपर्छ भनेर बहस गरेका छन् । **लियो पेनिच** यस शताब्दीको समाजवादको रूपरेखा बिसौँ शताब्दीका समाजवादी भनिएका अभ्यासहरूको कमजोरी बुझेर मात्र कोर्न सकिने तर्क गर्छन् । उनको विश्लेषणमा सोभियत समाजवाद र पश्चिम युरोपमा सामाजिक जनवादका नाममा भएका दुई अभ्यासहरूको मुख्य कमजोरी, मान्छेहरूका सामाजिक सम्बन्धहरू परिवर्तन गर्ने समाजवादको अन्तरनिहित वस्तु वास्तविक लोकतन्त्रको निषेध गर्नु हो । त्यसकारण, उनका विचारमा यस शताब्दीको समाजवादी आन्दोलनको पहिलो काम लोकतान्त्रिक क्षमताको निर्माणलाई सहजीकरण गर्नु हो । अर्थात् समाजवादी राजनीतिको सार, राजनीतिक प्रक्रियामा सहभागितामार्फत मानिसहरूले आफ्नो विकास गर्नु हो (पेनिच, २००२) ।

**अल्बर्ट र हानेल** बिसौँ शताब्दीको समाजवादले लोकतन्त्र, समता र सहभागिताको मूल्यलाई निषेध गरेको र श्रमिकलाई अलगावमा राखेको हुँदा पूँजीवादकै चरित्र ग्रहण गरेको तर्क गर्छन् । त्यसकारण उनी एक्काइसौँ शताब्दीका लागि सहभागितामूलक अर्थव्यवस्थालाई समाजवाद या मुक्तिकामी परियोजनाका रूपमा अगाडि सार्छन् जहाँ उत्पादन, खपत, वितरण तथा सामाजिक जीवनका सबै क्षेत्रमा मान्छेको सक्रिय भूमिका हुनुपर्छ (अल्बर्ट एन्ड हानेल १९९९, ४) ।

**माइकल लेबोविच**ले एक्काइसौँ शताब्दीको समाजवाद पुँजीवादी, राज्यवादी, लोकलुभानवादी र सर्वसत्तावादी हुनु नहुने तर्क गर्छन् किनकि यी सबैले मार्क्सले कल्पना गरेको समृद्ध मान्छेको विकासलाई अवरोध गर्छन् । समाजवादले मान्छेको विकासका सबै बाधालाई हटाउनुपर्छ र मान्छेको क्षमताको विकासलाई नै आफैँमा लक्ष्य बनाउनुपर्छ (लेबोविच २०१६) । मार्क्सलाई सापट लिँदै लेबोविच समाजवाद यस्तो 'क्रान्तिकारी अभ्यास' हुनुपर्ने तर्क गर्छन् जसमार्फत मान्छेहरूले परिस्थितिलाई बदल्छन् र परिस्थतिलाई बदल्दै आफूलाई पनि बदल्छन् (लेबोविच २०१६) । यसका

लागि मान्छेमा क्षमता आवश्यक हुन्छ । आखिरमा कसरी विकास हुन्छ त मान्छेका क्षमताको ? लेबोविचका अनुसार मानिसलाई उनीहरूसँग सम्बन्धित मामला निर्णय गर्ने प्रक्रियामा सहभागी गराएर मात्र उनीहरूको क्षमता विकास हुन्छ । यसका लागि सामाजिक स्वामित्व, सामाजिक उत्पादन र सामाजिक आवश्यकताको परि पूर्तिको त्रिकोणात्मक सम्बन्ध आवश्यक हुन्छ । यो त्रिकोणले स्वशासन प्रत्याभूत हुने नयाँ समाजवादी राज्यको आधार कोष निर्माण गर्छ (लेबोविच २०१६) । उनका विचारमा लोकतन्त्रको अभ्यास त्यो क्रान्तिकारी अभ्यास हो जसअन्तर्गत मानिसहरूले आफूलाई रूपान्तरण गरिरहेका हुन्छन् (लेबोविच 2012, 18)। पुरानो समाजवादबारे उनको मूल आलोचना के हो भने यसले समाजवादी सम्बन्धको सट्टा राज्य स्वामित्व र अग्रदस्तावादी नियन्त्रण र व्यवस्थापनको अभ्यासबाट मान्छेका बिच सञ्चालक र सञ्चालितको सम्बन्ध निर्माण गऱ्यो (लेबोविट्च २०१२, १८) । जर्मनीको वाम पार्टी **डी लिंके**ले बिसौं शताब्दीको समाजवादी अभ्यासका असफलताका कारण लोकतन्त्रको अभाव, र अतिकेन्द्रीकरणलाई मानेको छ (डी लिंके २०१२, २७) । लोकतन्त्र र समाजवादको अक्षुण्ण सम्बन्धमा विश्वास गर्ने डी लिंकेले लोकतन्त्रलाई सामाजिक जीवनका सबै क्षेत्रमा विस्तार गर्नु एक्काइसौं शताब्दीको समाजवादको लक्ष्य हुनुपर्नेमा जोड दिन्छ (डी लिंके २०१२, २७) ।

**विवेक चिब्बर**का विचारमा आजको समाजवादले 'क्रान्तिकारी क्रमभङ्गता' को विधिको साटो 'क्रमिकतावादी विधि' अपनाउँदै हालकै राज्य संरचनाभित्र शक्ति प्राप्त गर्ने, पूँजीवादका संस्थागत संरचना बदल्ने, पूँजीको संरचनागत शक्तिलाई क्षय गर्ने आन्दोलन निर्माण गर्नुपर्छ जसका लागि चुनाव र जनपरिचालनको संयोजन हुनुपर्छ (चिब्बर २०१७) ।

**रिचार्ड वुल्फ**का विश्लेषणमा बिसौं शताब्दीको समाजवादले राज्यको भूमिकालाई प्रधानता दियो र कार्यक्षेत्रमा रोजगारदाता र रोजगार लिनेको पुँजीवादी सम्बन्धलाई बदलेन, बरु त्यसलाई कायम नै राख्यो (वुल्फ २०१७, ३८) । अर्को अर्थमा भन्दा यसले बृहत् अर्थशास्त्रलाई मात्र जोड दियो र सूक्ष्म अर्थशास्त्रलाई बेवास्ता गऱ्यो या दबायो । त्यसकारण अबको समाजवादको मुख्य काम कार्यक्षेत्रको आन्तरिक संरचनालाई लोकतान्त्रिकीकरण गर्नु हो जसले मात्र समाजवादलाई दासयुग, सामन्तवाद र पूँजीवादभन्दा आधारभूत रूपले भिन्न बनाउँछ (वुल्फ २०१७, ३९) । तर वुल्फले त्यसो भनेर राज्यको भूमिकालाई गौण मानेका भने होइन । उनका

अनुसार अबको समाजवादले यस्तो समाज निर्माण गर्नुपर्छ जहाँ बृहत् र सूक्ष्म दुवै पक्षको रूपान्तरण भइरहेको हुनेछ र यी पक्षहरू उल्लेख्य मात्रामा प्राप्त भइरहेका हुन्छन् (वुल्फ २०१७, ५२) । यहाँ कार्यक्षेत्र, लोकतान्त्रिक कार्यक्षेत्रमा मात्र सीमित हुँदैन । यसले समाजव्यापी वास्तविक र दैनिक लोकतन्त्रलाई आकार दिन्छ । यसले लोकतान्त्रिक राजनीतिलाई आवश्यक हुने संस्थागत संरचना, सोच्ने र काम गर्ने बानी, तालिम र नमुनाको आधार प्रदान गर्छ (वुल्फ २०१७, ११८) । यसले आर्थिक क्षेत्रको लोकतान्त्रिकीकरण गर्दै राजनीतिक क्षेत्रको लोकतान्त्रिकीकरणको सम्भावनालाई बढाउँछ । यसले राज्य र जनताको सम्बन्धमा पनि क्रान्तिकारी रूपान्तरण ल्याउँछ । अर्थव्यवस्थामा श्रमिक तथा जनताको नियन्त्रण हुने भएपछि राज्य उनीहरूमाथि भर पर्नुपर्ने ठाउँमा हुन्छ (वुल्फ २०१७, ११९) ।

**गार अल्पेरोभिच**ले पूँजीवाद र राज्य समाजवाद दुवैको सम्भावित विकल्पका रूपमा कार्यक्षेत्रमा लोकतन्त्रको अभ्यास हुने आर्थिक र राजनीतिक व्यवस्थाको वकालत गर्छन् । उनको दावी के छ भने कार्यक्षेत्रको सानो लोकतन्त्रविना, ठूलो राष्ट्रिय लोकतन्त्र हुनै सक्दैन (अल्पेरोभिच २०१३, १४१) । उनको यो दावी सामुदायिक लोकतान्त्रिक अभ्यासहरू एउटा राष्ट्र र लोकतन्त्रको अनिवार्य आधार हुन् भन्ने मान्यतामा आधारित छ (अल्पेरोभिच २०१३, १४३) ।

सङ्क्षेपमा भन्दा बिसौँ शताब्दीको समाजवादको कमजोरी लोकतान्त्रिक नहुनु र सो नभएका कारण मान्छेका सामूहिक क्षमताको विकास अवरुद्ध हुनु र नयाँ गैरवर्गीय मानवीय सम्बन्ध निर्माण हुन नदिनु हो भने, यो सत्य हो कि लोकतन्त्र समाजवादको अपरिहार्य अङ्ग हो । त्यस्तै समाजवाद मानिसको सचेत सामूहिक प्रयत्न मान्ने हो भने यो सामाजिक स्वामित्व र व्यवस्थापनको प्रणाली हो जो लोकतन्त्रविना सम्भव नै हुँदैन । आफूलाई क्रान्तिकारी समाजवादी दावी गर्ने साथीहरूको मत के हुने गरेको छ भने समाजवादको लोकतन्त्र त बुर्जुवा लोकतन्त्रभन्दा फरक हुन्छ नि । निश्चय पनि । तर त्यो त समाजवाद प्राप्त गरेपछिको अवस्था हो । पक्कै पनि वर्गहरूको अन्त्य भइसकेपछि लोकतन्त्रको भूमिका वर्गहरूका सङ्घर्ष या प्रतिस्पर्धाको शान्तिपूर्ण निकास दिने नभई निर्वर्गीय नागरिकका सामूहिक मामलाको व्यवस्थापन गर्ने हुन्छ । यस्तो अवस्थामा वर्गसङ्घर्ष लडिने छैन । तर लोकतन्त्र भएको पुँजीवादी समाजमा र युगमा हुने वर्गसङ्घर्षमा समाजवादीहरूको भूमिका र सहभागिता ऐतिहासिक रूपले बेग्लै कुरा हो ।

समाजवाद निर्माणको प्रक्रिया लामो र क्रमबद्ध हुन्छ र हुन सक्छ भन्ने कुरा वैज्ञानिक समाजवादको अर्थमा नै निहित छ । आधुनिक समाजवादी विचारको उत्पत्ति आधुनिक पुँजीवादको प्रतिक्रिया र विकल्पमा भएको हो । त्यसकारण समाजवाद बुझ्न पूँजीवाद बुझ्नु आवश्यक हुने भयो । अन्तरविरोधका हिसाबले हेर्दा पुँजीवादले एकातर्फ उत्पादन प्रक्रियालाई सामाजिकीकृत गर्छ भने अर्कातर्फ उत्पादक शक्तिको स्वामित्वलाई र उत्पादनको फललाई निजीकृत गर्छ (एंगेल्स १८८०, ४१४) । यो असङ्गति या अन्तरविरोध पूँजीवादको अनपेक्षित परिणाम या पक्ष होइन, बरु, यो पूँजीवादको आधारभूत नियम हो । यो अन्तरविरोधको समाधान उत्पादनका साधन, उत्पादन प्रक्रिया, विनिमय र लाभ वितरणलाई सामाजिकीकृत गरेर मात्रै हुन सक्छ (एंगेल्स १८८०, ४१४) । यो नै समाजवाद हो । यसो गर्न गरिने साना ठुला प्रयत्न समाजवादी या समाजवादोन्मुख प्रयत्न हुने भए । तर आज सामाजिकीकृत गर्ने प्रक्रिया क्रमभङ्गताका शैलीमा रातारात या एकाएक हुन सक्दैन किनकि समाजका अन्तरविरोधहरू त्यो तहमा पुगेका छैनन् र मजदुर वर्ग राजनीतिक रूपले त्यसो गर्न तयार भइसकेको छैन । यस्तो परिस्थितिमा समाजवाद निर्माणको प्रक्रिया क्रमिक रुपले अगाडि बढाउने कुरा नै सबैभन्दा सम्भव, उपयुक्त र क्रान्तिकारी हुन्छ । जो वस्तुतः सम्भव छ त्यो गर्नु क्रान्तिकारिता हो, जो वस्तुतः असम्भव छ त्यो गर्न कोसिस गर्नु या काल्पनिकी हो या उग्रवाद । मार्क्सकै विचारमा मनुष्यजातिले त्यही काम आफ्ना लागि निर्धारण गर्छ जो उसले गर्न सक्छ र काम त्यही हुन आँउछ जसको भौतिक परिस्थिति बनेको छ या बन्ने प्रक्रियामा छ (मार्क्स १८५९, १८२) । खास गरेर पुँजीवाद मरणासन्न सङ्कटमा नपुगेका अवस्थामा समाजवादी आन्दोलनको दायित्व जहाँ जहाँ सकिन्छ, जति जति सकिन्छ, त्यहाँ त्यहाँ त्यति त्यति उत्पादन र वितरणलाई सामाजिकीकृत गर्ने अभियानमा लाग्नुपर्ने हुन आउँछ । यस्तो प्रक्रियामा सानो ठूलो मात्रामा वर्गसङ्घर्ष अभिव्यक्त भइहाल्छ । जस्तो कुनै समाजवादी मेयरले शिक्षा र स्वास्थमा सार्वजनिक लगानी उल्लेख्य बढाउने नीति ल्यायो भने यी क्षेत्रमा निजी लगानी गरेका व्यक्ति र समूहसँग उसका प्रत्यक्ष सङ्घर्ष सुरु भइहाल्छ । त्यस्तै पुँजीलाई तत्काल लगानी भइरहेका क्षेत्रबाट शिक्षा र स्वास्थमा लाने प्रयत्न गर्दा यी लगानी भइरहेका क्षेत्रका मान्छे, समूह र

संस्था आदिसँग प्रत्यक्ष अप्रत्यक्ष टकराव सुरु भइहाल्छ अर्थात् वर्गसङ्घर्ष सुरु भइहाल्छ । जस्तै भ्यु टावरमा भइरहेका लगानीलाई स्वास्थ र शिक्षातर्फ सार्ने कोसिस गरियो भने, निर्माण ठेकेदार, वरिपरिका जग्गामालिक र दलाल, जग्गामा लगानी गर्ने बैंक, यिनीहरूका विज्ञापनमार्फत आय गरिरहेका मिडिया आदि यो नीति र मेयर दुवैका विपक्षमा खडा भइहाल्छन् । यो वर्गसङ्घर्ष नै हो । यस्ता वर्गसङ्घर्ष लड्दै र जित्दै जाँदा समाजवादी आन्दोलनको विस्तार हुँदै जान्छ । यी जितेका ठाउँहरू आधार इलाकाका रुपमा स्थापित हुँदै जान्छन् । ल्याटिन अमेरिकाका अनुभव हेर्दा अनेक साना सङ्घर्षले राष्ट्रियस्तरको समाजवादी आन्दोलन निर्माणमा योगदान गरेको देखिन्छ । त्यसकारण भन्न सकिन्छ, क्रमबद्धता नै खास परिस्थितिमा क्रान्तिकारी नीति हो ।

## References


Albert and Hahnel. 1999. *Looking Forward: Participatory Economics for the Twenty First Century*.

Bernstein, Eduard. 1899/1961. *Evolutionary Socialism: The Classic Statement of Democratic Socialism,* Preface, xxvii, Trans. Edith C, Harvey, New York: Schocken Books

Chibber, Vivek. 2017. "Our Road to Power". https://jacobin.com/2017/12/our-road-to-power

Die Linke. 2012. Resolution of the Party Congress, 2011.

Engels, F. 1882/1982. "Socialism: Utopian or Scientific?" in *Marx Engels Selected Works*. Progress Publishers: Moscow

Engels, F. 1895/1982. "Introduction to Marx's Class Struggle in France" *Marx Engels Selected Works*. Progress Publishers: Moscow

Lebowitz, Michael. 2012. *The Contradictions of Real Socialism: The Conductors and the Conducted.* New York: Monthly Review Press

Lebowitz, Michael. 2016. "What is Socialism for the 21st Century?" *Monthly Review*, Vol. 68 (5) https://monthlyreview.org/2016/10/01/what-is-socialism-for-the-twenty-first-century/

Luxemburg, Rosa. 1904. Social Democracy and Parliamentarism https://www.marxists.org/archive/luxemburg/1904/06/05.htm

Luxemburg, Rosa. 1900. Reform or Revolution ? https://www.marxists.org/archive/luxemburg/1900/reform-revolution/

Marx, K. 1859/1982. "Preface to a Contribution to the Critique of Political Economy" in *Marx Engels Selected Works.* Progress Publishers: Moscow

Marx, K. 1867/1990. *Capital Volume 1*. London: Penguin Books

Marx, K. 1870/1982. "The Civil War in France" in *Marx Engels Selected Works.* Progress Publishers: Moscow

Marx, K. and Engels, F. 1848. "The Communist Manifesto" in Robert C. Tucker (ed) *The Marx-Engels Reader,* 2nd Edition. New York: W. W. Norton and Company

Panitch, Leo. 2002. "Renewing Socialism", Vol. 53 (09) https://monthlyreview.org/2002/02/01/renewing-socialism/

Wolff, Richard. 2019. *Understanding Socialism.* New York: Democracy at Work

*(वामपन्थ वर्ष १ अंक २ बाट)*

# समाजवाद सबै विभेदहरूको अन्त्यको व्यवस्था हो



**गणेश विश्वकर्मा**
अध्यक्ष, नेपाल दलित मुक्ति संगठन

मार्क्सवादको यात्रा अनुसार मानव समाज आफ्नो विकासका विभिन्न युगहरू आदिम साम्यवादी युग, दास युग, सामन्तवादी युग र पूँजीवादी युग हुँदै आज यो समाजवादी युगको यात्रामा निरन्तर अघि बढेको छ। सौभाग्यले हाम्रो पुस्ता यही समाजवादी युगको यात्री बन्न पुगेको छ। 'समाजवाद' मानवता केन्द्रित आदर्श र दर्शनको राजनीतिक-आर्थिक संस्कृति हो। समाजवाद आजसम्मका राज्यव्यवस्थामध्ये सबैभन्दा उत्तम एवं मानव-हितकारी विशेषताहरू भएको राज्यव्यवस्था हो। किनकि यो पूँजीवादी उत्पादन सम्बन्ध एवं राज्यव्यवस्थाले समाजमा पैदा गरेका वर्गअन्तर्विरोध, शोषण, विभेद, उत्पीडनको समाधानका लागि अनुसन्धान गरिएको व्यवस्था हो। क्याम्ब्रिज डिक्शनरी अफ फिलोसोफीका अनुसार समाजवादको मूल आदर्श समानता हो र यसले समानता प्रवर्द्धन गर्ने हदसम्म नियन्त्रणकारी संस्थाहरूलाई समेत न्यायोचित ठान्दछ। हिस्टोरिकल डिक्शनरी अफ मार्क्सवादका अनुसार समाजवाद भनेको त्यस्तो सिद्धान्त हो, जसले उत्पादनका साधनको स्वामित्व एवं नियन्त्रण समुदायमा रहनुपर्दछ र तिनीहरूको प्रयोग सबैको हितमा हुनुपर्दछ भन्ने धारणा राख्दछ।

समाजवादी सम्बन्धहरूद्वारा आजसम्म विद्यमान रहेका वर्ग, जाति, धर्मबीचका अन्तर्विरोधहरूलाई वैज्ञानिक ढंगले समाधान गर्दछ। समाजवादले विभेदरहित नयाँ समाज, नयाँ वर्ग, नयाँ अर्थसम्बन्ध एवं नयाँ मानव जातिको विकास गर्दछ। अर्थ-राजनीतिक प्रणालीको दृष्टिले पूँजीवाद र समाजवाद आगो र पानी जस्तै एकले अर्कोलाई निषेध गर्ने प्रणाली हुन्। विचारको रूपमा समाजवाद भनेको मानिसद्वारा मानिसको शोषणको विरोधी अर्थात श्रमिक जनताको शोषणको विरोधी व्यवस्था हो। सामाजिक व्यवस्थाका रूपमा समाजवाद भनेको त्यस्तो व्यवस्था हो, जहाँ उत्पादनका साधनहरूमाथि निजी (व्यक्तिगत) मालिकत्व रहँदैन, बरू सामूहिक, साझा मालिकत्व रहन्छ र जहाँ कोही शोषक र कोही शोषित रहँदैनन्, अर्थात् वर्गहरूको अस्तित्व रहेको हुँदैन। उत्पादनका साधनहरूमाथि सामाजिक मालिकत्व भएपछि कामदारहरूको सामूहिक श्रमद्वारा विकास हुन्छ। नयाँ समाजवादी संस्कृतिले उत्पीडित वर्ग, जातजाति, क्षेत्र, लिंग, समुदायबीच सामाजिक न्यायसहितको सद्भाव वृद्धि गर्दै समाजमा वैज्ञानिक मानवतावादी चेतना र संस्कार प्रवर्द्धन गर्दछ। मार्क्सको वैज्ञानिक समाजवादी सिद्धान्त विद्यमान समाजको समाजवादी रूपान्तरणको अनिवार्यता र त्यसलाई हासिल गर्ने तरिका र उपायहरूसम्बन्धी निर्देशक सिद्धान्त हो।

समाजवादको यात्राले सन् १९१७ मा रुस सोभियत संघमा फेरियो भने समाजवादकै तीव्रताले चीन आधुनिक चीनमा फेरियो । समाजवादको विश्वव्यापी अनुभव हेर्दा भेनेजुएलामा ह्युगो चावेज सत्तामा आएपछि सम्पूर्ण निजी सम्पत्तिलाई राष्ट्रियकरण गर्दै स्वास्थ्य, शिक्षा, रोजगारको सुनिश्चिततासहित समाजवादको घोषणा गरेपछि त्यहाँका जनता खुशीले गद्गद् भई सडकमा आएर नाचेका थिए। त्यसैगरी क्युबामा शिक्षा, स्वास्थ्य, रोजगारी सरकारले सुनिश्चित गर्दै जीवनको सम्पूर्ण शक्ति, सामर्थ्य देशको निर्माणमा लगाउने, अनि शारीरिक, मानसिक रूपमा कमजोर भएपछि जनताको जिम्मा सरकारले लिने भएको हुनाले "गरेर बाँच्ने, हाँसेर मर्ने।" भन्ने उखान जनजिब्रोमा स्थापित भएको थियो। विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको देश चीनले समाजवादी कार्यक्रममार्फत नै लाखौं निम्न आयस्रोत भएका गरिबीको रेखामुनिका जनतालाई गरिबी निवारणको माध्यमबाट वार्षिक मध्यमवर्गीय परिवारमा रूपान्तरण गर्न सफल भएको छ। त्यसैगरी मलेसिया, सिंगापुर, दक्षिण कोरिया, जापान, रुवाण्डा, इथियोपिया, पोल्याण्डलगायतका देशहरुले गरेको तिब्र विकासको अनुभवका आधारमा नेपालले चीन र भारतको उदाउँदो अर्थतन्त्रलाई अवसरका रुपमा लिँदै समाजवादको यात्रा तय गर्नुपर्दछ। यिनै अनुभवका आधारमा आजको सुचना, संचार तथा विश्वव्यापीकरणलाई आधार बनाउँदै नेपाली विशेषताको समाजवाद निर्माणको दिशामा अघि बढ्नुपर्दछ। भूमण्डलीकृत पूँजीवादले विश्वव्यापी रूपमा सिर्जना गरेको अभूतपूर्व वस्तु र सेवाको प्रचुरताको बीचमा वितरणको तीव्र असमानता, पूँजीवादी भारत र साम्यवादी चीनको बीचमा रहेको देशको संवेदनशील भूराजनीति र देशभित्रको किनारा पूँजीवादको दुष्चक्रमा परेको पराश्रित तथा अल्पविकसित अर्थ-राजनीति र चरम वर्गीय, जातीय, क्षेत्रीय विविधता र असमानताको समस्या हल गर्न नेपालको निम्ति नयाँ समाजवादी राजनीतिक विकल्प खडा भएको छ । मार्क्सको एउटा महत्वपूर्ण प्रस्थापना यहाँ सान्दर्भिक हुन्छ, "दार्शनिकहरूले संसारको व्याख्या मात्र गरेका छन्, मुख्य कुरा त संसारलाई बदल्नु हो ।" समाजवादी सिद्धान्त संसारलाई बदल्ने सिद्धान्त हो । त्यसैले हामी विचारधाराको पुर्ननिर्माण तथा पुनजार्गरणको अभियानमा केन्द्रीत हुँदै विचार, दर्शन, सिद्धान्त, नीति, योजना, कार्यक्रम, व्यवहार र संस्कार सबै क्षेत्रमा फरक तथ्य स्थापित गर्न चाहन्छौं ।

## नेपाली विशेषताको समाजवादको कार्यदिशा

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका निम्ति भएको ऐतिहासिक जनक्रान्तिहरु, जनयुद्ध, जनआन्दोलन, दलित आन्दोलन, महिला आन्दोलन, मधेस आन्दोलन, आदिवासी जनजाति आन्दोलन, थरुहट आन्दोलनलगायत सबै बलिदानीपूर्ण आन्दोलनहरुबाट प्राप्त उपलब्धी र विद्यमान अन्तर्राष्ट्रिय र राष्ट्रिय आयामहरू तथा अहिलेसम्मका सकारात्मक र नकारात्मक अनुभवहरूको निर्मम समीक्षाको आधारमा समाजवादको आधार निर्माण गरिनुपर्दछ । अबको समाजवादमा अल्पविकास, परनिर्भरता, सबैप्रकारका विभेद, अनुचित ऋणको दुश्चक्र, श्रम निर्यात र वस्तु आयातको असमान विनिमय आदिबाट मुक्त हुन सक्नुपर्दछ । वैज्ञानिक विचारधाराको आर्थिक, राजनीतिक र सामाजिक तथा सांस्कृतिक पक्षहरू समेत गहिरो गरी विवेचना गरेर निश्कर्षहरूसहित जारी गरिएको सन् १८४८ को विश्व कम्युनिष्ट पार्टीको घोषणापत्र श्रमजीविहरुका लागि समग्र मुक्तिको मार्गचित्र थियो । यही घोषणा पत्रको मार्गचित्रका आधारमा समाजवाद स्थापनाको व्यवहारिक बाटो तय गरिनुपर्दछ । पूँजीवादी विकास स्वभावैले असमान तथा विषम हुन्छ र त्यसले देश-देशबीचमा र देशभित्र वर्ग, जाति, लिंग, क्षेत्र, समुदायबीचमा निरन्तर द्वन्द्व सिर्जना गरिरहन्छ भन्ने इतिहासदेखि वर्तमानसम्मको विश्वव्यापी अनुभवका आधारमा अब यसलाई बदल्नुपर्दछ । नेपाली विशेषताको समाजवादको आधार निर्माण गर्न भिजनरी सामूहिक नेतृत्व निर्माणका आधारमा नेपालको संविधानको मार्गदर्शन, सामाजिक न्यायसहितको समृद्ध नेपालको राष्ट्रिय संकल्प साकार बनाउन उत्पादन, उपभोग र वितरणलाई वैज्ञानिक र न्यायोचित बनाउदै आमजनतालाई उत्साहित गर्नु आजको मूल पक्ष हो । देशको पुनर्निर्माण र विकासमा नेपाली समाजको वर्गसंघर्ष केन्द्रीत छ । जसलाई तत्काल गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा सबै प्रकारका विभेदमुक्त सम्मानपूर्ण समृद्ध जीवन चाहिएको छ । आज दक्षिणपन्थी कोणबाट जातीय-राष्ट्रवाद र धार्मिक-राष्ट्रवादको आडमा दक्षिणपन्थी लोकप्रियतावाद (पपुलिज्म) र विभिन्न स्वतः स्फुर्ततावादको प्रयोग भइरहेको अवस्थामा मार्क्सवादी विश्वदृष्टिकोणका साथ समाजवाद स्थापनाका लागि अग्रगामी, जनमुखी सोच र प्रतिबद्धताका साथ वर्तमान युग र देशको ठोस परिस्थितिको ठोस विश्लेषण गरेर हाम्रो समाजवादी बाटो तय गर्नुपर्दछ ।

नेपाली विशेषताको नयाँ राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक र साँस्कृतिक प्रणालीको पुनःसंरचना गरी समावेशी बनाउने प्रतिबद्धताका आधारमा हाम्रा पार्टी र सरकारको कार्यप्रणाली र डेलिभरी शास्त्रीय खालको नभई सामाजिक न्यायमा आधारित वर्गीय पक्षधर हुनुपर्दछ। नेपालको संविधानले समाजवाद उन्मुख राज्यप्रणालीको परिकल्पना गरेको सन्दर्भमा हामीले निर्माण गरेका सार्वजनिक संरचनाहरुमा जातीय भेदभाव तथा छुवाछूतको समूल अन्त्य भएको हुनै पर्दछ। आर्थिक क्षेत्रलाई व्यापक पुनर्गठन गर्दै वैज्ञानिक भूमिसुधार, कृषिलाई उद्योगमा रुपान्तरण गर्दै औद्योगिक क्रान्ति सम्पन्न गर्ने र शिक्षा, स्वास्थ्य र रोजगारीको समाजवादी मोडल सहितको मार्गचित्र निर्माण गर्नैपर्दछ। वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक लगायत सबै प्रकारका दमन, शोषण, उत्पीडन, अन्याय अत्याचार, गरीवी, बेरोजगारीको अन्त्य गर्नैपर्दछ। कानूनको सर्वोच्चता, दण्डहिनताको अन्त्य, समान र न्यायिक शिक्षा प्रणाली, नयाँ संस्कृतिको स्थापना हुनुपर्दछ। यसका लागि पहिलो चरणमा नेपाली समाजमा विद्यमान जातीय, क्षेत्रीय र लैगिक विभेदका कारण उत्पन्न अन्तरविरोधको हल गर्नुपर्दछ। दोस्रो चरणमा कृषिमा रहेको परम्परागत गुजरामुखी कृषिमाथि व्यापक हस्तक्षेप गर्दै उद्योगमा रुपान्तरण गरी कृषि क्रान्तिका लागि वैज्ञानिक भूमिसुधारमार्फत भूमिको सार्वजनिक स्वामित्व, सार्वजनिक सम्पत्तिको व्यापक बृद्धि, सहकारीमा आधारित समावेशी अर्थतन्त्रको स्थापना, शिक्षा र स्वास्थ्यमा राज्यको ग्यारेण्टी जस्ता समाजवादी आधारहरु तयार गर्नुपर्दछ।

र तेस्रो चरणमा व्यापक औद्यिोगिकीकरणमा जोड दिनुपर्दछ। आज सामन्तवादी संस्कृतिका मुख्य अभिलक्षणहरू रहस्यवाद, भाग्यवाद, परलोकवाद, अवतारवाद, अभिजात्यवाद, जातिवाद, कर्मवाद, पितृसत्तावाद, अन्धविश्वास, रूढी, परम्परामोह, धार्मिक मतान्धता, अवैज्ञानिकता, चाकरी-चाप्लुसी, ठालुपन, शक्तिपूजा, सम्प्रदायवाद, सांस्कृतिक पुनरूत्थान, धर्मनरपेक्षता र धर्मनिरपेक्ष संस्कृतिको विरोध, सामाजिक विविधताको अस्वीकार, एक खास भाषा, संस्कृतिको वर्चश्वको आकाङ्क्षा, सत्ता र शक्तिमा निरन्तर रहिरहन चाहने प्रवृत्ति, समष्टि र बहुजन हितायको विरोध, दोहोरो मापदण्ड, पाखण्ड आदि पनि सामन्तवादी संस्कृतिका मुख्य अभिलक्षणहरू अझै बाँकी छन्। जातीय छुवाछूत, महिलामाथि हिंसा, बोक्सी प्रथा नयाँ ढंगले देखिनु, हलिया, कमैयाँ, हरवाचरवा जस्ता प्रथा यथावत रहनु हाम्रा चुनौति हुन। त्यसैले समाजवादी साँस्कृतिक नीति हुनुपर्ने,

नैतिकता र समाजवादी समानता साम्राज्यवाद, विस्तारवाद, जातीय अहंकारवाद, शोषण उत्पीडन र विभेदबाट मुक्त समाज बनाउनुपर्दछ। नेपाली विशेषतासहितको समाजवादले वर्गीय समस्यालाई धुरीमा राखेर सामुदायिक समस्याको सम्बोधन फाष्ट ट्र्याकको माध्यमबाट हुने समाजवादी उपाय खोजिनुपर्दछ। हाम्रो हस्तक्षेपले जनताको शक्तिलाई व्यापकरुपमा संगठित गर्दै हालको दलाल पूँजीको राष्ट्रिय पूँजी निर्माण हुनेछ, अहिलेको मध्यम वर्ग राष्ट्रिय पूँजीपति वर्गमा रुपान्तरण हुनेछ, दलाल पूँजीपति वर्गको घोर प्रतिक्रियावादी तप्का पलायन हुनेछ अथवा रुपान्तरण भएर राष्ट्रिय पूँजीपतिमा परिणत हुनेछ । त्यस बेलासम्म हालको गरीवी र सबैखाले जातीय छुवाछूत र विभेदका स्वरुपहरु आधारभूत रुपमा समाप्त हुनेछन् । अहिलेको विभेदको शिकार भएका दलित, महिला, आदिवासी जनजाति, मुश्लिम, मधेशीलगायत पिछडिएको क्षेत्रका जनतामाथि हुँदै आएको परम्परागत क्षेत्रीय, जातीय छुवाछूत र विभेदको आधार पनि अन्त्य भएर उनीहरु मानव मर्यादासहितको वास्तविक वहुसंख्यक श्रमजी विवर्गमा रुपान्तरण भई संगठित हुनेछन् । त्यसपछि हामी वहुसंख्यक श्रमजीवि वर्गको भौतिक तथा साँस्कृतिक सम्पन्नताका स्थानीय, प्रादेशीक र राष्ट्रिय गौरवका योजनाहरु निर्माणमा जुट्नेछौं ।

## नेपाली विशेषताको समाजवादका विशेषताहरु

चिनियाँ राष्ट्रपति सी जिनफिङले जोड दिएर भन्नुभएको छ, कुनै पनि देशको आधुनिकीकरण प्रक्रिया आधुनिकीकरणका सामान्य नियमसँग मिल्नुपर्दछ, त्यसभन्दा बढी आफ्नो देशको वास्तविक परिस्थितिसँग मेल खाने हुनुपर्दछ, आफ्नो देशको विशेषतायुक्त हुनुपर्दछ । त्यसैले समाजवादी क्रान्ति सम्पन्न गर्नका लागि बनाइने पार्टी, सङ्गठनहरू, कार्यदिशा र त्यस कार्यदिशालाई प्राप्त गर्न तयार पारिने कार्यनीति पनि आजको विज्ञान प्रविधिमा आधारित हुनुपर्दछ। विज्ञान प्रविधिका अलावा आजको युगमा विकास भएका ज्ञानका सबै शाखाका निश्कर्षहरूलाई पनि त्यस प्रक्रियामा अनिवार्य रूपमा जोड्नैपर्दछ । समाजवादी व्यवस्था क्रान्ति पूरा भएपछि मात्र बनाउने होइन, बरू प्रारम्भदेखि आजको भूमण्डलीकृत पूँजीवादी व्यवस्थालाई ख्याल गर्दै हाम्रा पार्टी संगठनहरु तथा राज्यसत्ताका संरचनाहरु सोही अनुसार पुनर्संरचना गर्दै जानुपर्दछ । आजको समाजवादको प्रमुख विशेषताहरु निम्नानुसार हुनुपर्दछ ।

## राजनीतिक विशेषता

सबै नीतिको माउ नीति राजनीति हुनुपर्दछ। अर्थात नीतिले मात्र राजनीतिलाई प्रभावित गर्ने होइन, राजनीतिले नै नीतिलाई मूल रूपमा प्रभावित पार्दछ भन्ने विश्वव्यापी रूपमा पुष्टि भइसकेको मान्यता स्थापित गर्नुपर्दछ। समाजवादमा राजनीतिक दल खोल्न, प्रतिस्पर्धा गर्न पाउने व्यवस्था हुनुपर्दछ। अबको कम्यूनिष्ट पार्टीको पथप्रदर्शक अर्थात मार्ग निर्देशक सिद्धान्त मार्क्सवाद लेनिनवाद हुनेछ। मानव समाज रहेसम्म विचारधाराको अन्त्य हुँदैन भन्ने मान्यताका आधारमा समाजका गतिका नियम बुझेर र तिनलाई ठीक ढंगले प्रयोग गरेर मात्र समाज रूपान्तरण गर्न र सोचेको गन्तव्यमा पुग्न सकिन्छ भन्ने तथ्य स्थापित गर्नुपर्दछ। त्यसअर्थमा विचारधारा भनेको रूपान्तरणकारी राजनीतिको मार्गदर्शकयन्त्र हो भन्ने हामीले राम्ररी बुझ्नुपर्दछ। राज्यलाई जनताको मालिक होइन सेवक बनाउन राज्यका सबै अंगका परम्परागत नोकरशाही ढाँचा अन्त्य गरेर आधुनिक डिजिटल युगका उपकरण र व्यवस्थापन शैलीसहित खुला, पारदर्शी, जनमैत्री, श्रमजीविमैत्री सुशासनयुक्त बनाइनुपर्दछ। नयाँ विचार र ढाँचामा आधारित संगठनात्मक प्रणालीका मूल विशेषता सार्वभौम कार्यकर्ता, सामूहिक र परिवर्तनशील नेतृत्व, प्रत्यक्ष निर्वाचन, सबै तह र अंगमा वर्ग, जाति, क्षेत्र, लिंग, उत्पीडित समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता हुनुपर्दछ। समाजवादी व्यवस्थामा केन्द्रमा जनताको मतद्वारा निर्वाचित एक समाजवादी जनप्रतिनिधिसभा हुनुपर्दछ जसको मुख्य जिम्मेवारी देशको कानुन निर्माण एवं कानुनअनुरूप कार्यकारी निकाय सञ्चालित भनभएको अनुगमन गर्ने हुनुपर्दछ। जहाँ श्रमिक जनता किसान, मजदुर, दलित, महिला, जनजाति, बुद्धिजीवी, युवाको समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्दछ। समाजवादले वर्ग, जाति, लिङ्ग, क्षेत्र, समुदायलाई सम्पूर्ण रूपले अधिकार सम्पन्न गराउँदै देशको सार्वभौमिकता, स्वतन्त्रता, स्वाधीनता, एकता एवं अखण्डतालाई सर्वोपरि राख्नेछ। खासगरी राजनीतिक क्षेत्रमा पूर्ण लोकतन्त्र नभएसम्म, सबै जनतालाई लोकतन्त्र, समानता, समावेशिता र स्वतन्त्रताको प्रत्याभूति नगरेसम्म र विधिको शासन कायम नगरेसम्म गरिबलाई गरिबीबाट मुक्त गर्न सकिन्न भन्ने एउटा महत्वपूर्ण पक्षलाई विचारधारात्मक रुपमा स्थापित गर्नुपर्दछ।

## २. आर्थिक विशेषता

मार्क्सले अघि सारेको इतिहासलाई हेर्ने भौतिकवादी दृष्टिकोण अनुसार उत्पादन सम्बन्ध वा आर्थिक संरचना नै त्यो जग हो जसमाथि राजनीतिक संरचना खडा भएको हुन्छ र मानिसहरुमा त्यही अनुसारको सामाजिक चेतना पैदा हुन्छ । कुनै पनि देशमा पुरानो शासनब्यवस्था वा आर्थिक ब्यवस्था उत्तिकै भत्किँदैन र नयाँ राजनीतिक, आर्थिक वा सामाजिक प्रणाली पनि अकारण स्थापित हुँदैन । आर्थिक जगमा विकसित भइरहेका नयाँ उत्पादक शक्तिहरुको लागि पुरानो राजनीतिक प्रणाली वा आर्थिक उत्पादन सम्बन्ध साधक नभएर बाधक हुन थालेपछि त्यसलाई भत्काउन अघि सर्नुपर्दछ । आर्थिक जगमा जुन परिवर्तन हुन्छ त्यसले नै पुरै राजनीतिक र सामाजिक ढाँचालाई परिवर्तनतिर लैजान्छ । कुनै पनि पुरानो सामाजिक वा राजनीतिक प्रणाली तबसम्म समाप्त हुँदैन जबसम्म नयाँ सामाजिक वा राजनीतिक प्रणालीका लागि आवश्यक पर्ने उत्पादक शक्तिहरुको पर्याप्त मात्रामा विकास भइसकेको हुँदैन । त्यसैले अबको समाजवादभित्र आर्थिक प्रणालीको नेतृत्व राज्यले गर्नुपर्दछ । जहाँ हरेक नागरिकले यसको स्वामित्व ग्रहण गर्न सकुन । अबको समाजवादी अर्थ प्रणाली मूलरूपमा समाज र हरेक नागरिकको जीवनप्रति उत्तरदायी हुनुपर्दछ । समाजवादले हरेक नागरिकलाई शोषणरहित उत्पादनको अधिकार दिनुपर्दछ । नागरिकहरू आफ्नो क्षमता अनुसार उत्पादन, उपभोग र नियन्त्रण गर्न स्वतन्त्र हुनुपर्दछ । समाजवादभित्र कृषि उत्पादन र औद्योगिक उत्पादनलाई जोड दिनुपर्दछ । कृषिमा अनुदान र विशेष सुविधा उपलब्ध गराइनुपर्दछ भने उद्योगमा अधिकतम प्रगतिशील कर प्रणाली लागू गरिनुपर्दछ । समाजवादी भूमिसुधारमार्फत राज्यभित्रको जमिनमा राज्यको स्वामित्व कायम गरिनुपर्दछ । भूमण्डलीकृत पूँजीवादद्वारा हाम्रो जस्तो देशमा केवल मुनाफा सोहोर्नका लागि लगानी गर्न आउने र ल्याइने निगम पूँजी एवं एकाधिकार पूँजीलाई रोकिनुपर्दछ । नयाँ समाजवादी अर्थतन्त्रको मुख्य रणनीति बजार, राज्य र समुदायको सन्तुलित भूमिका कायम गर्ने खालको हुनुपर्दछ । उत्पादन शक्तिलाई तीव्र रूपमा विकास गर्दै प्रचुर उत्पादन गरेर मानिसका त्यतिबेलाका आधारभूत आवश्यकतालाई सजिलै पूर्ति हुने अवस्थाको सृष्टि गर्नुपर्दछ । नेपाली समाज जातव्यवस्था, जातीय उत्पीडन, क्षेत्रीय उत्पीडन, धार्मिक विभेदसहित बनेकाले

गर्दा र आजको युगको अर्थव्यवस्थाको चरित्रमा फेरबदल भएकाले अबको वर्ग विश्लेषण एक जमिन, कारखाना, पूँजीलगायतमा स्वामित्वको स्थिति, दुई, जीवन निर्वाहको निम्ति के कति खर्च गर्दछ, तीन, सामाजिक-सांस्कृतिक र राजनीतिक हैसियत र चार कुन विचारधारा र राजनीति बोकेको छ भन्ने आधारमा गरिनुपर्दछ ।

## ३. सामाजिक विशेषता

नेपाल जस्तो वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक र जातपातजन्य विभेद र असमानता भएको मुलुकमा पार्टी र राज्यका सबै तह र अंगहरूमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनुपर्दछ । समतामूलक समृद्धि हासिल गर्न वृद्धि, वितरण, दिगोपन र खुसीपनका चार आयाम भएको मौलिक आर्थिक विकासको नीति लागू गरिनुपर्दछ । दलित, महिला, आदिवासी जनजाति, धार्मिक अल्पसंख्यक, विपन्न, श्रमजीवी आदिमाथि भइरहेको संरचनात्मक विभेदको समूल अन्त्य गर्न र अन्धविश्वास, रुढिवाद तथा जातीय छुवाछूतले ग्रसित संस्कृतिको अन्त्य गरेर वैज्ञानिक, जनमुखी, प्रगतिशील संस्कृति स्थापित गर्न नयाँ समाजवादी अभियान संचालन गरिनुपर्दछ । सांस्कृतिक चेतना उन्नत नभएसम्म लोकतन्त्र दिगो हुन सक्दैन र समतामूलक समृद्धि पनि हासिल हुँदैन भन्ने ऐतिहासिक तथ्यलाई सबैले आत्मसात् गर्नुपर्दछ । उत्पीडन र विभेदमा पारिएका वर्ग, जाति, क्षेत्र, लिंग, समुदायको मुद्दाको संबोधन नगरी र उनीहरूका मुद्दालाई प्राथमिकताका साथ आन्दोलन/संघर्षका अगुवाइ नगरी नयाँ ढंगको समाजवादी पार्टी जनतामा स्थापित हुनै सक्दैन । समाजमा सामाजिक संस्कार र संस्कृतिको संरक्षण गर्दै धार्मिक अन्धविश्वास, जातीय छुवाछूत, बोक्सी, धामी झाँक्री प्रथालाई राज्यले उन्मूलन गर्नुपर्दछ । शिक्षा, स्वास्थ्य, यातायात, सूचनाजस्ता विषयलाई राज्यले आफ्नो स्वामित्वमा लिएर यी क्षेत्रका विभेद तथा असमानतालाई अन्त्य गर्नुपर्दछ । दलित, महिला, जनजाति, मजदूर, किसानहरुरको मुक्तिको प्रश्नलाई मार्क्सवादले वर्ग सङ्घर्षसँग जोडेपछि पूँजीवादले अघि सारेको निरपेक्ष समानताको अवधारणाको विरुद्धमा मार्क्सवादी दृष्टिकोणकासाथ उनीहरुलाई राजनीतिक अधिकारका क्षेत्रमा गुणात्मक रूपमा वृद्धि, राजनीतिमा सहभागिताका लागि नीतिगत एवं व्यावहारिक रूपमै

प्रोत्साहन, उत्पादनका क्षेत्रमा सहभागितामा गुणात्मक फड्को जस्ता नीतिहरू अवलम्बन गरिनुपर्दछ ।

## निश्कर्ष

हामी सबैले हेक्का राख्नुपर्ने कुरा के हो भने समाजवादी क्रान्तिका कतिपय अभिभाराहरु तयारीकै चरणमा पूरा हुन्छन् । यसका अवशेषहरु भने क्रान्ति भइरहेकै चरणमा पूरा हुन्छन् । कतिपय अंशहरु क्रान्तिपछि पूरा हुन्छन् । त्यसैले क्रान्ति निरन्तर जारी रहने प्रक्रिया हो । हालसम्म नेपालमा धेरै क्रान्ति, संघर्ष तथा जनआन्दोलनहरु भए । कुनै क्रान्ति सफल भए भने कुनै असफल । तर जातीय छुवाछूत र भेदभाव जस्ता समस्याहरु न कुनै क्रान्तिले उन्मुलन गर्न सक्यो न कुनै आन्दोलनले । जातव्यवस्था समाप्त नगरी समान राजनीतिक, आर्थिक, सामाजिक साँस्कृतिक र शैक्षिक अधिकारहरु प्रत्यायोजन गर्ने कुराहरु आधारभूत रुपमा हल हुन सक्दैन अर्थात जनवादका चरणहरु पूरा भएको मान्न सकिदैन । शोषित उत्पीडित जनता तथा जातीय, लैगिक, क्षेत्रीय उत्पीडनका विरोधीहरु विश्वदृष्टिकोणको अभावमा यो सच्चाइ बुझ्न चाहन्नन् । दासयुगमा दास र मालिकको सम्बन्ध सबैभन्दा शत्रुतापूर्ण थियो । पूँजीवादी युगमा पूँजीपतिवर्ग र मजदूरवर्गको सम्बन्ध सबैभन्दा शत्रुतापूर्ण बन्यो । त्यो नै समाजको प्रमुख अन्तरविरोध हो । त्यो अन्तरविरोधका वरिपरि अरु अन्तरविरोधहरुले काम गर्छन् । तर मूलतः वर्गीय अन्तरविरोध प्रधान अन्तरविरोध हो । जहाँ पुरुषले महिलालाई, कथित ठूला जातले साना जातमाथि विभेद र श्रम शोषणको निरन्तरता हुन्छ । जब समाजमा श्रम शोषण हुने प्रवृति बन्द हुन्छ तब जातीय छुवाछूत र सबैप्रकारका भेदभावहरुको अन्त्य हुन्छ । त्यसैले सबै सामाजिक समस्यालाई श्रमको विभाजन, श्रमको शोषण र उत्पादन सम्बन्धको दृटिकोणबाट हेरिनुपर्दछ । समाजका यावत समस्याहरुको मूल आधार श्रम विभाजन, श्रमको शोषण र शत्रुवत वर्गहरुको उपस्थिति भएकाले समाजवादमा यसको समूल अन्त्य गरिनुपर्दछ ।

नेपालको अधिकांश राजनीतिक दलहरु त्यसमा पनि कम्युनिष्ट आन्दोलनले जाति र वर्गको बिच अन्तर निहित द्वन्दात्मक भौतिकवादी सम्बन्धलाई राम्ररी विश्लेषण नगरेका कारण जाति र वर्गलाई एक अर्काका विरोधी शक्ति ठान्ने

र जातीय समस्यालाई साम्प्रदायिक समस्याको रुपमा विश्लेषण गर्ने शास्त्रीय मार्क्सवादी विचार बोकको पाइन्छ । यही कारणले नेपालको राजनीतिक आन्दोलनमा जातीय समस्या वर्गीय समस्यासँग अन्तरघुलन हुन र एक अर्काका परिपुरक बन्न सकेन । हामीले जनवादी क्रान्ति सम्पन्न गरी गणतन्त्र स्थापना गरिएपनि जातव्यवस्थाले खडा गरेका सोपानहरु जस्ताको त्यस्तै रहेको तथ्य स्वीकार गर्दै समाजवादी क्रान्तिकै चरणमा यो समस्या हल गरिहाल्नुपर्दछ । दलितहरुको मुक्ति हुँदाको दिन यहाँका अन्य जाति, जनजातिहरु विरुद्ध हुने विभेद र हेलाहोचो पनि समाप्त भएर जानेछ । जातीय, क्षेत्रीय, लिगीय समस्याहरु वर्गीय समस्याका प्रतिफलहरु हुन् । यस्तो समस्याको मूल समस्या श्रमको शोषण, श्रम विभाजन र उत्पादन सम्बन्धमा फेरबदल आउन नसक्नु हो । जातीय समस्या दक्षिण एशियाको दर्शन, सिद्धान्त, विचार र राजनीतिसंग जोडिएको पेचिलो समस्या हो । गान्धिले त यो समस्यालाई भत्काउन सकिदैन भनेका थिए । त्यसैले नेपाली समाजमा रहेका सामन्ती तथा दलाल नोकरशाही पूँजीवादी र साम्राज्यवादी शोषण, दमन एवं उत्पीडनको अन्त्य गरी जनवादी चरण हुँदै वैज्ञानिक समाजवादको स्थापना गर्ने र समाजमा रहेका वर्गीय, जातीय, लैङ्गिक, भाषिक, सांस्कृतिकलगायत सवैप्रकारका विभेदहरूको अन्त्य गरी समानतासहितको स्वतन्त्रता रहेको र आमजनता सामाजिक न्यायसहितको सुखी एवं समृद्ध भएको समाज अर्थात साम्यवादी समाजको स्थापना गर्ने लक्ष्य उद्देश्यहरू नै आजको समाजवादी आन्दोलनको मूल लक्ष बनाइनुपर्दछ । यसका लागि राज्यका सबै अंग समाजका सबै पक्ष आर्थिक सामाजिक र राजनीतिक सबै स्थानीय, प्रदेश र संघीय सरकार तथा संसदको समाजवादी अर्थव्यवस्थाका आधारभूत सिद्धान्त र विशेषतालाई परिपालना गर्दै नेपाली विशेषतासहितको समाजवाद निर्माण गर्नुपर्छ ।

नेपालका कम्यूनिष्ट क्रान्तिकारीहरूले जातीय छुवाछूत र भेदभावमा आधारित व्यवस्थाको वर्गीय चरित्र र श्रमजीवि दलित समुदायको श्रमिक वर्गीय चरित्रलाई मार्क्सवादी वर्गीय दृष्टिकोणबाट ठोस निरुपण गर्न नसक्दा दलित समस्यालाई वर्ग संघर्षको गतिलो हतियार बनाउने अवसरबाट चुक्न पुगेको छ । मार्क्सवाद मात्र त्यस्तो विज्ञान हो जसले सबै प्रकारका शोषण उत्पीडन, अन्धता र रुढीवादका विरुद्ध लड्न सिकाउँछ भन्ने सत्य नेपाली

समाजमा स्थापित गर्न सक्नुपर्दछ । त्यसैले अबको श्रमजीवि आन्दोलनले आफूलाई मार्क्सवादी आन्दोलनको अभिन्न अंग बनाउन जरुरी छ भन्ने कुरामा हामी स्पष्ट हुनुपर्दछ । अब हाम्रा सामुदायिक वा जातीय मुक्तिका आन्दोलनहरु वर्गीय आन्दोलन अर्थात वर्गसंघर्षका सबै रुपको सबै स्तरमा अभ्यास गर्दै समाजवादको आवश्यकताद्धारा प्रशिक्षित गर्दै लैजाने आम संघर्ष सम्बन्धी निति निर्माणमा जोड दिनुपर्दछ । अनि मात्र एक्काइसौं शताब्दी 'एसियाली शताब्दी' हुने प्रक्षेपण भइरहेको र नेपाल एकापट्टि विश्वको दोस्रो ठूलो अर्थतन्त्र रहेको चीन र अर्कोपट्टि पाँचौं ठूलो अर्थतन्त्र रहेको भारतको बीचमा हुनुलाई अवसर र चुनौती दुवैको रूपमा ग्रहण गर्दै समाजवादको यात्रामा निरन्तर विना सम्झौता अघि बढ्नु आजको कार्यभार हो । त्यसैले हामीले निर्धक्कसंग भन्न सक्नुपर्दछ सबै प्रकारका विभेद विनाको नयाँ नेपाल सम्भव छ आउनुहोस निर्माण गरौं ।

❖❖❖

# समाजवाद निर्माणमा वैज्ञानिक चेतना



**दामोदर अर्याल**
नेता, नेकपा (एकिकृत समाजवादी)

जीवन र जगत्को उत्पत्ति,सञ्चालन र विकास वा निरन्तर परिवर्तनलाई हेर्ने दृष्टिकोणका सन्दर्भमा सामान्यतया दुइ फरक दर्शन छन् । आध्यात्मवादी र भौतिकवादी दर्शन । निरञ्जन, निराकार,अलौकिक र अदृश्य चेतनाले जीवन र जगत्को उत्पत्ति अथवा निर्माण भएको थियो र यसको निरन्तर सञ्चालन पनि त्यहि शक्तिले गरिरहेको छ भन्ने आधारभूत सिद्धान्तका जगमा आध्यात्मवाद उभिएको छ । त्यसको ठिक विपरीत वातावरण र क्रमिक विकाशको सिद्धान्तको (Environment and evolution) जटिल प्रक्रियाद्धारा निर्मित भौतिक वस्तु र त्यसमा विकसित चेतना र त्यस चेतनाले थप विकास हुने ऐतिहासिक भौतिकताको चक्रमा जीवन र जगत्को उत्पत्ति वा निर्माण र सञ्चालन हुने तथ्यमा भौतिकवादी विश्वास राख्छन् । सारमा अध्यात्मवाद जीवन र जगतको स्थिरतामा विश्वास गर्छ, भौतिकवादको विश्वास गति र निरन्तर परिवर्तनमा हो । त्यस कारण यी दुई विश्व दृष्टिकोण एक आपसमा विपरित र विरोधात्मक छन् ।

मान्छेले जीवन र जगत्का सन्दर्भमा सामान्य जानकारी समेत पाएन भने उमाथि भईरहेका तमाम शोषण र यसका रुपका बारेमा समेत थाहा पाउँदैन । यसवाट मुक्त हुने वैज्ञानिक विधिवारे पत्ता पाउने त कुरै भएन । संसारमा भईरहेका जे जति घटना वा परिघटना छन् ती सवै अलौकिक शक्तिको नियन्त्रण र इच्छाबमोजिम भईरहेको विश्वासमा आफूमाथि भइरहेको अत्याचारलाई उसले सहन गर्ने गर्छ ।

समाजवादका लागि किन भौतिकवादी चेतनासहितको समाज चाहियो भन्ने प्रश्न सामान्य लाग्छ । तर यसको उत्तरद्धारा समाजलाई शिक्षित नबनाई मान्छे समाजवादका लागि तयार नै हुँदैन । समाजवाद निर्माणको पहिलो सैद्धान्तिक आधार भनेको नै विश्वव्रम्हाण्ड र जीवनको उत्पत्तिसम्बन्धी वैज्ञानिक सूचना हो । यस सूचनाका जगमा नै मान्छेले आफ्नो वैभव र अभावको तथ्य बुझ्छ । वैभव र अभाव पूर्वनिर्धारित अवस्था होइन, यो त मान्छे आफैले व्यवस्था गरेको उत्पादन प्रणालीको उपज हो भन्ने सत्य बुझाउनका लागि पनि प्राणीको बहुजन्म अथवा पुर्नजन्मका कथावाट उसलाई मुक्त बनाउन जरुरी हुन्छ । यस अभियानमा आध्यात्मवादी बाधक बन्ने भएको हुनाले उनिहरुसँग समाजवादीको अर्न्तविरोध भएको हो ।

सामाजिक चेतनाको वैज्ञानिकरण गर्न आध्यात्मवादीहरु जति बाधक छन्, त्यति पूँजीवादी हुँदैनन् । यद्यपि मान्छेको धार्मिक आस्थालाई पूँजीवादीकरण गर्दै व्यापार र नाफाको विषय बनाउने नयाँ प्रवृत्तिका विकासमा भने उनीहरुको ठुलो सहभागिता देखिन्छ । पूँजीपतिहरु आफ्नो फाइदाका लागि विज्ञानको प्रयोग गर्छन् तर समाजिक चेतनालाई पूर्ण भौतिकवादी बनाउने सन्दर्भमा भने उनिहरु पनि बाधक नै हुने गरेका छन् । आज धार्मिकस्थल र आस्थाका केन्द्रहरु आर्जन र नाफाको क्षेत्रका रुपमा विस्तार हुँदैछन् । पूँजीवाद नाफा हुने कुनै पनि क्षेत्र छाड्दैन । यसका लागि उसले विज्ञानको विकास र प्रयोग गर्ने मात्र होइन, मान्छेका धर्म संस्कृति खानपिन, जन्म मृत्यु र अन्धविश्वासलाई समेत व्यापारको विषय बनाउँछ । संसारभर विभिन्न धर्म र जातका नाममा मान्छेलाई अल्मल्याएर राख्ने आध्यात्मवादी अभियानलाई पूँजीवादी संरक्षण पुर्णरुपले प्राप्त छ । तथापि सामन्ती उत्पादन प्रणालीको विनाशमा र वैज्ञानिक अन्वेषण, प्रयोग र यसको विकासमा भने पूँजीवादको योगदानले समाज निरन्तर भौतिकवादी हुँदै गइरहेको तथ्यमा भने कुनै शङ्का छैन । यस सन्दर्भमा अर्थात् आध्यात्मवाद र भौतिकवादको विश्वव्यापी लडाइँमा पूँजीवादी चरित्र दोगला देखिन्छ । नाफा का लागि ऊ निर्धक्क र निर्लज्ज दुवै कित्तामा उभिन सक्छ । त्यस कारण वैज्ञानिक चेतनायुक्त मानव समाज निर्माण गर्ने जिम्वेवारी पनि समाजवादीकै काँधमा छ ।

आध्यात्मवादको शब्दकोषमा शोषण भन्ने शब्द हुँदैन । संसारमा जे जे भइरहेको छ वा अब जे जे हुन्छ यी सवै पूर्व निर्धारित हुन्छन् भन्ने उस्को मान्यता हो । मान्छेको अभाव वा वैभव पनि पहिले तय भइसकेको हुने कथामा उसको विश्वास छ । उसले मान्छेको गरिबी र समृद्धि उत्पादन प्रणालीले निर्धारत गर्छ भन्ने सत्य बुझ्दैन । त्यस कारण उत्पादन प्रणाली परिवर्तन गर्ने कठिन अभियानमा पनि आध्यात्मवादी सामेल हुँदैनन् । यदि सिङ्गो समाजलाई समाजवादी उत्पादन पद्धतिको पक्षमा उभ्याउने हो भने यसको मूल प्रवृत्ति भौतिकवादी हुनैपर्छ ।

हामीले आध्यात्मवादी दर्शनको विरोध गरिरहँदा यस सँगसँगै जोडिएर आउने धर्म र संस्कृतिका वारेमा अति होसियारीपुर्वक विश्लेषण गर्नुपर्छ । अहिलेसम्म

पनि मान्छे धर्मका सम्बन्धमा अत्यन्त संवेदनशील देखिन्छन् । यो प्रवृत्ति विश्वव्यापि नै छ । यो संवेदनशीलता प्रकारान्तरले अज्ञान नै हो । जहाँ भौतिकवादी शिक्षाको अभाव हुन्छ, त्यहाँ वर्षौंदेखि डेरा जमाएर बसिरहेको आध्यात्मवादी चेतना रहिरहनु अस्वभाविक पनि होइन ।

आध्यात्मवाद दर्शन हो भने धर्म सिद्धान्त हो । धर्मले मान्छेलाई प्रकृतिको वैज्ञानिक सिद्धान्त होइन, अलौकिक शक्तिको सिद्धान्त सिकाउँछ । उसले मान्छे र काल्पनिक अलौकिक शक्तिलाई जोड्न खोज्छ । धर्म तथ्य मान्दैन, तर विनातर्क विश्वास गर्न उत्प्रेरित गर्छ । प्रायः सबै धर्मका व्याख्याता आफूले ईश्वरको प्रतिनिधित्व गर्ने जिकिर गर्दै आफ्ना माध्यमद्धारा इश्वरीय इच्छाको निर्धारण गर्छन् । धर्म मान्छेको भावना र निःसर्त विश्वासका माध्यमबाट फैलिने कोसिस गर्छ । यसले जन्म, पुर्नजन्मको अवैज्ञानिक कथामात्र होइन, एउटा जन्ममा गरेका पवित्र वा अपवित्र कृत्यको दण्ड वा पुरस्कार अर्को जन्ममा समेत व्यहोर्न पर्ने बताउँछ । अर्थात धर्म वर्तमानमा बाँच्दैन, हिजोको परिणाम भोगेको ठान्दै अर्को जुनीका लागि कर्म गर्दछ । उसको यो सिद्धान्तले आज समाजमा देखिएका गरिबी, अभाव वा सम्पत्ति र वैभव अघिल्लो जन्मको परिणाम हो भन्ने कथनमा मान्छेलाई आश्वस्त पार्न कोसिस गर्दछ । सबै कुरा पूर्वनिर्धारित हुने र आजको मान्छेको प्रयत्नले उसको भाग्य र भविष्यमा परिवर्तन हुन नसक्ने कुतर्कमा सवै धर्म जकडिएको हुनाले वैज्ञानिक चेतनासहितको समाजवाद निर्माणका लागि धर्म ठुलो बाधक हो । त्यसकारण यसका सम्बन्धमा समाजवादी कठोर र निर्मम हुनैपर्छ ।

आध्यात्मवादीले आफ्नो विचारधारा मूलतः धर्मका माध्यमद्धारा सम्प्रेषण गर्ने भए पनि उनीहरुको घुसपैठ संस्कृतिमा पनि छ । तथापि धर्म र संस्कृतिका सम्बन्धमा ठुलो भिन्नता छ । संस्कृतिका सम्बन्धमा ब्रिटिस एन्थ्रोपोलोजिस्ट इडवार्ड टाइलर भन्छन, "culture is that complex whole, which includes knowledge,belief,art,morals,law,custom and any other capabilities acquired by man as a member of society." अर्थात एउटा मान्छेले समाजको सदस्यको हैसियतमा प्राप्त गरेको ज्ञान, विश्वास, कला, आचरण, कानुन, र सामाजिक प्रथाहरुको सम्पूर्णता नै संस्कृति हो । यसवाट

संस्कृति मानवजातिले आफ्नै प्रयत्नवाट प्राप्त गरेको क्षमता हो भन्ने बुझिन्छ। धर्म काल्पनिक हुन्छ भने संस्कृति मानवजातिले विकास गरेको व्यवहार हो। यो मान्छेको चेतना सँगसँगै परिवर्तन र विकास हुन्छ तर धर्मभिरुहरु संस्कृतिलाई धर्म र आध्यात्मवादसँग जोड्ने प्रयत्न गर्छन्। समाजवादीले धर्म र संस्कृतिका सम्बन्धमा रहेको फरक र भिन्नतावाट मान्छेलाई शिक्षित हुन मदत गर्नुपर्छ।

संस्कृति मानव जातिको सभ्यता पनि हो, जुन एकदेखि अर्को पुस्तासम्म हस्तान्तरण हुँदै जान्छ । हरेक समुदायको आआफनो संस्कृति छ । फरक संस्कृतिले मानव समुदायलाई फरक र मौलिक वनाइरहेको छ। यो फरक र मौलिकताले कहिलेकाहीँ समाजलाई विभाजनतर्फ पनि मोड्न सक्छ। तर यसलाई मानवजातिका लागि पुर्खाले दिएको साझा अनुभव र गौरवका रुपमा स्वीकार गरिनुपर्छ। संसारभरका मानव समुदायहरुले विकास गरेका लाखौँ संस्कृतिलाई एउटै मालामा उनेर साझा विश्वसंस्कृतिको रुपमा विकास गर्ने अभियानको वैचारिक नेतृत्व पनि समाजवादीले गर्न सकेमा मात्र एउटा नयाँ भौतिकवादी मान्छे र विश्व समाज निर्माण गर्न सकिन्छ। नेपालकै सन्दर्भमा पनि हामीसँग सैयौँ जातजाति र भाषाभाषी छन । पुर्खाहरुले अनुभवद्धारा विकास गरेका र हाम्रो पुस्तासम्म आइपुगेका पहिरन, खानपिन, सङ्गीत, बाजागाजा, सामाजिक रितिथिति र पुर्खाका गौरवपूर्ण इतिहास सम्पुर्ण नेपालीहरुको साझा सम्पत्ति हो। यसलाई जात र थरका आधारमा विभाजित हुन नदिई साझा संस्कृतिको रुपमा विकास गरिनुपर्छ। अनिमात्र हाम्रो संस्कृतिलाई विश्वसंस्कृतिको एउटा अङ्गको रुपमा सामेल गर्न सकिन्छ । त्यसपछि संसारभरका संस्कृतिलाई मानवजातिको साझा संस्कृतिको रुपमा विकास गर्ने समाजवादी अभियानमा बल पुग्छ। धर्म र जातवाट संस्कृतिलाई अलग्याएर साझा र सामूहिकीकरण नगरि आध्यात्मवाद र धर्मले विभाजन गरेको मानव समुदायलाई एकताका सुत्रमा बाँध्न सकिँदैन ।

परम्पराका सम्बन्धमा पनि समाजवादीले नयाँ ढङ्गले सोच्नु जरुरी छ। परम्परा भनेको मान्छेको सोच्ने र कामगर्ने एउटा यस्तो प्रणाली हो, जुन एउटाबाट अर्को पुस्तामा सङ्क्रमण हुँदै जान्छ । यसमा विचारमात्र होइन, मान्छेको स्वभाव र आदतहरु पनि समावेश हुन्छन् । एउटा मान्छेले अर्को मान्छेलाई गर्ने व्यवहार र उसको सामाजिकीकरणको दृष्टिले परम्पराको विशेष महत्व भएपनि यसलाई

बैज्ञानिकीकरण र भौतिकवादीकरण गरिएन भने यो अन्धविश्वास र जडतामा रहिरहन्छ। त्यसकारण परम्परामा रहेको त्यो अवस्तुवादी प्रवृत्तिलाई छाड्दै त्यसमा प्रगतिशिल प्रवृत्ति थप्न जरुरी हुन्छ ताकी त्यो प्रगतिशील प्रवृत्ति अर्को पुस्तामा परम्पराकै रुपमा सङ्क्रमण होस्। यो काम पनि समाजवादीकै जिम्मा हो।

नेपालको सन्दर्भमा जात सधैँ चर्चाको केन्द्रमा रहने गरेको छ। बेला बेलामा राजनीति र परिवर्तनका मुद्धालाई ओझेलमा पार्न यसले भुमिका पनि खेलेको छ। यसका सन्दर्भमा अमेरिकन समाजसास्त्री चार्ल्स हर्टन कुलेले भन्छन, when a class is somewhat strictly heredity,we may call it a cast. अर्थात "जब एउटा वर्ग पुर्णतया वंशानुगत हुन्छ, त्यसलाई जात भनिन्छ।" जात प्रणालीमा व्यक्तिको काम र मर्यादा जन्मको आधारमा हुन्छ। यो प्रणालीलाई आधुनिक चेतनाले पूर्णतया खारेज गरेको सन्दर्भमा अव पनि जात प्रणालीको कुरा गर्नु नितान्त पश्चगमन हो। त्यसवाहेक पूँजीवादले मान्छेको परम्परागत पेशालाई खोसिसकेको सन्दर्भमा पुनः जातका आधारमा व्यवस्था गरेको पेसामा फर्कने होइन कि बरु सो उत्पादन प्रणालीलाई समाप्त पारेर समाजवादी उत्पादन प्रणाली स्थापना गरेर मात्र हल गर्न सकिन्छ। जात प्रणालीले समाजको विभाजन, जातका आधारमा सम्मान, व्यावसायिक प्रतिवन्ध, विवाहसम्बन्धी बन्धन, आर्थिक असमानता र जन्मगत विशेषाधिकार जस्ता समाजवाद विरोधी विचारको प्रतिनिधित्व गर्दछ। तसर्थ समाजवाद स्थापनाको प्रमुख सर्त जात प्रणालीको विघटन पनि हो। यसका लागि पनि भौतिकवादी चेतनाको सम्प्रेषण र विकास हुन जरुरी छ।

पछिल्ला दिनहरुमा आध्यात्मवादले आफ्नो सान्दर्भिकतालाई जोगाइराख्न विज्ञानको सहारा लिने प्रवृत्तिको विकास भइरहेको पाउँछौ। उदाहरणका लागि योगलाई लिन सकिन्छ। योग विज्ञान कै एउटा अङ्ग हो। आधुनिक चिकित्सा प्रणालीमा योग एउटा छुट्टै विधाको रुपमा प्रयोग भईरहेको छ। तर भारतीय उपमहाद्धीपका हिन्दू धर्मगुरुहरु योगको माध्यमद्धारा धर्मको प्रचार गरिरहेका छन्। उदाहरणका रुपमा बाबा रामदेवहरुलाई उल्लेख गर्न सकिन्छ। त्यसबाहेक उनिहरुका प्रवचनमा पनि जातप्रथाको विरोध गरेको सुनिन्छ। त्यतिमात्र होइन, धार्मिक संस्थाका नाममा आधुनिक विद्यालय र कलेजसमेत खुलिरहेका छन्।

छिमेकी मुलुक भारतमा मोदीले रामनामी जप्दै विज्ञान र अनुसन्धानमा गरेको अथाह राजकिय लगानी अर्को उदाहरण हो । यी सवै कुरा विज्ञानकै सहारामा आध्यात्मवादको प्रेत जोगाउने कर्ममा पूँजीवादीहरु लागेका छन । उनिहरु आध्यात्मवादको मायामा ओतप्रोत भएर नभइ नाफाका निम्ति आफ्ना उत्पादनको प्रचार र व्यापारका लागि यसको प्रयोग गर्दैछन भन्ने तथ्य यसै स्पष्ट छ । अर्थात् आध्यात्मवाद पूँजीवादको काखमा, पूँजीवादको सेवाका लागि हुर्किरहेको छ, हुर्काइँदै छ । यस्तो प्रकारको प्रयोग क्रिस्चियनहरुले धेरै पहिला देखि नै गर्दै आइरहेका थिए । हाल हिन्दु धर्मभिरुले यसलाई आत्मसात गरेका मात्र हुन । यसवाट भ्रमित हुनुपर्ने कुनै कारण छैन । आध्यात्मवाद विज्ञानको सहारामा आफूलाई जोगाउन चाहन्छ। फेरिपनि उनिहरुको मुल उद्धेश्य भनेको समाजको व्यापक भौतिकवादीकरणलाई रोक्नु नै हो ।

अव प्रश्न उठ्छ, नेपाली समाजलाई भौतिकवादी समाजमा रुपान्तरण गर्नका लागि नेपालका कम्युनिष्टहरुले कति काम गरेका छन् र परिणाम कस्तो देखा परेको छ ? मुल्याङ्कन गर्नु पर्ने बेला आइसकेको छ । कम्युनिष्ट पार्टी स्थापना गरेको वितेका ७३ वर्षको समग्र मुल्याङ्कनको विषयभित्र यो पनि पर्छ। यसबीचमा नेपालको कम्युनिष्ट आन्दोलन आफ्नो सरहदभित्र लोकप्रिय भएको छ । यसले पन्चायतविरोधी आन्दोलन र गणतन्त्र स्थापनाको क्रान्तिमा महत्वपूर्ण र केन्द्र भागमै रहेर भूमिका पनि खेल्यो । कम्युनिष्ट सदस्यता व्यापक बनाउन र ठुलो सङ्ख्यामा वामपन्थी मतदाता र जनमत निर्माण गर्न अद्धितीय भूमिका निर्वाह गरे पनि यी सवै कामले केवल पूँजीवादी राज्यको स्थापना र सुधारको मात्र प्रतिनिधित्व गर्‍यो । त्यतिमात्र होइन, राणाकालदेखि गणतन्त्र स्थापनासम्मका सवै आन्दोलनका प्राप्त सफलतामा कम्युनिष्टहरुमात्र थिएनन्, पूँजीपतिवर्गहरु पनि सँगै थिए । त्यसवाहेक धर्मनिरपेक्षताको मागले हिन्दू अतिवादीबाहेक अरु धार्मिक जनमत र यससम्बन्धी संस्थाको समेत आन्दोलनमा सहयोग रह्यो ।

तर समाजवादी राज्यव्यवस्था स्थापना गर्ने अभियानमा भने पूँजीपतिवर्गहरु कम्युनिष्टहरुसँग रहने छैनन । त्यति मात्र होइन, आध्यात्मवादीहरु, जुन विभिन्न धर्म र सम्प्रदायमा विभाजित छन्, पनि सिधा ढङ्गले समाजवादको विरुद्धमा उभिने छन् । तसर्थ समाजवाद निर्माणको काममा कम्युनिष्टहरु एक्लै हुने

भएकोले गणतन्त्र स्थापना गर्न जति सजिलो थियो, अब समाजवाद प्राप्तिको लडाइँ त्यति सहज हुने छैन । त्यसका लागि वैचारिक हिसावले सुदृढ र सबल कम्युनिष्ट पार्टीको आवश्यकता पर्दछ । के त्यस्तो प्रकारको कम्युनिष्ट पार्टी हामीले बनाइसकेका छौ ? यो प्रश्नको उत्तर पनि अहिले जरुरी देखिन्छ ।

हाम्रो अभियान भनेको वैज्ञानिक समाजवाद निर्माण हो । वैज्ञानिक समाजवाद निर्माण गर्ने पार्टी र यसका सदस्यहरु विज्ञानप्रति कति विश्वस्त छन ? अथवा आफ्ना व्यवहारमा तर्क, तथ्य र विज्ञानलाई कति सामेल गर्छन ? यसले नै कम्युनिष्ट पार्टी र यसका सदस्यहरुको गुणस्तर मापन गर्दछ ।

कतै हामीले चुनाव जित्ने र सरकार बनाउने लालसामा गुणस्तरहीन कम्युनिष्ट पार्टी त चलाइरहेका छैनौ ? यो प्रश्नको उत्तरले हाम्रो स्वमूल्याङ्कन गर्छ । हामीले निर्माण गर्ने लालसा राखेको नयाँ समाजमा नयाँ चेतनायुक्त नयाँ मान्छे हुनुपर्छ । र त्यो नयाँ मान्छेको नयाँ चेतनाको भ्रुण आजको कम्युनिष्ट पार्टी र यसका सदस्यहरुमा देखिनुपर्छ । हाम्रा सदस्यका घरमा बालबालिकाहरु कसरी हुर्किरहेका छन् ? त्यस घरको साधनश्रोतमा महिलाको स्वामित्वको स्थिति कस्तो छ ? वृद्धहरुको हेरचाह कसरी भईरहेको छ ? आम्दानीको श्रोत श्रममा आधारित छ कि छैन ? राज्यलाई कर तिर्छ कि तिर्दैन ? बिरामी हुँदा वैज्ञानिक उपचार पद्धति प्रयोग गर्छ कि गर्दैन ? निर्णय प्रक्रियामा परिवारका सवै सदस्यहरु सामेल हुन्छन कि हुँदैनन ? परिवारभित्र श्रमको व्यवस्थित वाँडफाँट छ कि छैन ? जातपात र कर्मकाण्डप्रति कस्तो धारणा राख्दछन ? वैदिक पाठशाला, मदरसा वा अन्य धार्मिक शिक्षाको प्रवर्धनमा को को लागेका छौ ? जात र थरलाई खानपिनसंग कत्तिको जोडेका छौ ? कुखुराको घाँटी माथिवाट काट्दा खान अयोग्य र तलबाट काट्दा खानयोग्य भनिरहेका त छैनौ ? यस्ता प्रश्नका उत्तरमा नै एउटा कम्युनिष्ट सदस्यले आफू समाजवादका लागि तयार छु कि छैन भनेर आफै पत्ता लगाउन सक्छ ।

समाजवाद निर्माणका लागि नेतृत्व गर्ने कम्युनिष्ट पार्टी कस्तो हुनुपर्छ ? यसका सम्बन्धमा छलफल जरुरी छ। शिक्षण संस्थालाई निजीकरण गरेर मन्दिर, मस्जिद र चर्च निर्माणमा बजेट विनियोजन गर्ने अर्थमन्त्री कम्युनिष्ट हुन सक्छ ? ग्रहशान्तिका लागि बिहान घरमा रुद्री पूजा गरेर दिउँसो पार्टी कार्यालय आउने नेता पार्टीभित्र

छन् कि छैनन् ? गन्जीभित्रको जनै मिलाउँदै द्वन्द्वात्मक भौतिकवादको कक्षा लिने नेता कति छन् ? परिवारभित्र बिहेबारी गर्दा जात र गोत्र मिलाउने पङ्क्ति अझै छ ? बिरामी कार्यकर्तालाई वैज्ञानिक उपचार पद्धतिको सल्लाह दिनाको साटो अप्रमाणित जडिबुटी खान अर्ती दिने कति छन् ? पशुपतिको आरती र चर्चको प्राथनामा प्रमुख अतिथि जान नेताहरुमा प्रतिस्पर्धा त भईरहेको छैन ? पशुपतिमा सुनको जलाहारी चढाउने नेताकै जयजयकार पो गर्दैछौ कि ? आफूलाई कम्युनिष्ट नेता कार्यकर्ता ठान्नेहरु रामको जन्मभुमिका बारेमा रामनामी बर्को बेरेर सोध अनुसन्धान पो गर्दैछन कि ? हेर्दा र भन्दा सामान्य लाग्ने यस्ता प्रश्नको सामाजिक चेतनाको निर्माण र समाजवादी आन्दोलनमा बहुत ठुलो महत्व छ । यस्ता प्रश्नले समाजलाई भौतिकवादी बनाउने कि आध्यात्मवादको अहालमा नै राखिराख्ने भन्ने निर्धारण गर्छ । हाम्रा दैनिक क्रियाकलापमा विज्ञानलाई समावेश नगरी पढिने मार्क्स, लेनिन,माओ र रोजाका साहित्यले हामीलाई अर्को प्रकारको पण्डित बनाउँछ, समाजवादी होइन ।

सिद्धान्त पढिने चीजमात्र होइन, व्यवहारमा लागु गर्नैपर्ने विषय हो । विज्ञानलाई निःसर्त स्वीकार गर्ने पङ्क्ति तयार नपारी सम्पूर्ण समाजलाई भौतिकवादी बनाउन सकिदैन । पुँजिवादी शोषणका रुप र तरिका त एउटा मान्छेलाई बुझाउन सकौला, तर त्यो मान्छेले आफू शोषित हुनाको कारण पुर्वजन्मीय कर्मको अनिवार्य परिणितिको रुपमा त्यसलाई बुझ्यो भने परिणाम के आउछ ? तसर्थ समाजको वैज्ञानिक चेतनालाई वृद्धि नगरी पूँजीवादसँगको को लडाइँ लड्न पनि सकिँदैन ।

त्यसकारण आज चलनचल्तीमा रहेका कम्युनिष्ट पार्टी र यसभित्र सङ्गठित सदस्यले आफूलाई भौतिकवादीकरण गर्दै निःसर्त विज्ञानको मातहत राख्ने प्रयत्न गर्नुपर्छ । त्यसका लागि पार्टी स्कुलको व्यापकता जरुरी छ । यसका सन्दर्भमा स्वयं पार्टीका सदस्यहरु प्रशिक्षित नभई समाजलाई व्यापक रुपमा शिक्षित बनाउन सकिँदैन । विज्ञानको सर्वोपरी चेतनासहितको भौतिकवादी समाज नै समाजवादको आधारस्तम्भ हो । यस कर्ममा आजैवाट जुटौ ।

❖❖❖

# प्रतिरोध, विद्रोह र समाजवाद



**अशेष घिमिरे**
नेता, नेकपा (एकीकृत समाजवादी)

प्रतिरोध र विद्रोह मानव जातिले न्यायका लागि सङ्घर्षका क्रममा आर्जन गरेको सबभन्दा महत्वपूर्ण हतियार हो । वर्गसङ्घर्षको दौरानमा मानव जातिले प्रतिरोध र विद्रोहका कैयन गौरवपूर्ण अनुभवहरू सँगालेका छन् । मान्छेको इतिहास भन्नु नै मूलतः विद्रोह र प्रतिरोधकै इतिहास हो । मान्छे बाँच्दै र फैलिँदै जाने क्रममा ऊ आफैँले सिर्जना गरेका उत्पादन र तिनले निर्माण गरेको सम्बन्ध र प्रणाली अन्तर्गत उत्पन्न भएको परिस्थितिको दासत्वमा मान्छे स्वयम् पर्दै गयो ।[1] आफैँद्वारा सिर्जित यो दासत्वविरुद्ध मान्छेले निरन्तर विद्रोह र प्रतिरोधकै बाटो अपनाएको छ । चाहे दास काल होस् वा सामन्तवाद वा आजको पूँजीवाद नै भनौं, यी सबै व्यवस्था मान्छेले निर्माण गरेका व्यवस्था हुन् । यी प्रत्येक व्यवस्था असाध्यै थोरैका लागि हितकर र बहुसङ्ख्यक मानिसका लागि अन्यायपूर्ण रहे । दासकालीन समाज दासमालिकका लागि असाध्यै हितकर थियो तर दासहरूका लागि रुग्ण थियो । सामन्ती समाज राजारजौटा, सामन्त-महासामन्त र तिनका नजिकका अनुचरहरूका लागि गजबको व्यवस्था थियो, तर बहुसङ्ख्यक भुदासहरूका लागि अन्यायपूर्ण थियो । करको दर हेरफेर गर्न मन्त्रालय र पार्टीलाई विश्वासमा पार्न सक्नेहरूका लागि, कर छली गर्ने र ठूलो करछुट गराई नाफाको साम्राज्य विस्तार गर्न सक्ने पूँजीपतिहरूका लागि आजको पूँजीवाद आनन्दको छ । तर बहुसङ्ख्यक श्रमजीवी मानिसका लागि, खाना, नाना र छानाको उचित प्रबन्ध नभएका, कात्रो किन्दासमेत 'ट्याक्स' तिर्नेहरूका लागि र बेरोजगारहरूको लागि भने यो पूँजीवाद निकै कहालिलाग्दो छ । असाध्यै थोरैको हित हुने तर बहुसङ्ख्यक मानिसहरू भने अन्यायमा पर्ने, आफैँद्वारा सिर्जित यी व्यवस्थाका खिलाफमा विद्रोह र प्रतिरोध गर्दै मानिसहरू अझ न्यायपूर्ण, अझ मानवीय समाज निर्माणको सिलसिलामा हिजोदेखि नै लागिपरेका छन् । प्रतिरोध र विद्रोहमार्फत् इतिहासमा मान्छेले हिजोदेखि आजसम्म निरन्तर आफू जिवित रहेको, अस्तित्वमा रहेको, प्रतिरोध गरिरहेको र कुनै पनि हालतमा आत्मसमर्पण नगर्ने सन्देश दिइरहेका छन् ।[2]

1. Marx & Engels 1932: *The German Ideology*
2. Prashad, Vijay 2022: *Struggle Makes us Human*

## कम्युनिष्ट आन्दोलन र इतिहासको शिक्षा

कम्युनिष्ट आन्दोलन प्रतिरोध र विद्रोहको क्रममा जन्मिएको एउटा उन्नत र व्यवस्थित आन्दोलन हो । कम्युनिष्ट पार्टीहरू आफैँमा अन्यायपूर्ण व्यवस्थाको प्रतिरोध र विद्रोह सङ्गठित गर्ने, परिचालित गर्ने, मुक्तिकामी मानिसहरूलाई एकआपसमा जोड्ने र तिनको हित प्रवर्द्धन गर्ने महत्वपूर्ण संस्था हुन् । तर मुक्तिकामी अभियानमा प्रतिबद्धता जनाउने संस्थाहरू, त्यसमा संलग्न मानिसहरू सधैँ मुद्दामा नटिकेका पनि हुन सक्छन् । तर यो वा त्यो कारणले कुनैपनि मान्छे वा संस्था यो मुक्तिकामी अभियानमा टिक्नु वा नटिक्नुले भने, अन्यायविरुद्ध लडि आएको मान्छेको गतिलाई इतिहासमा कहिल्यै रोक्न सकेको छैन । एङ्गेल्सका अनुसार इतिहास छिटोछिटो र 'जिगज्याग लाइनमा' (उकाली ओरालीमा) अगाडि बढ्छ ।[3] नेपालको हाम्रो निकट इतिहास हेर्ने हो भने पनि यो देखिन्छ । ६२-६३ को जनक्रान्ति इतिहासको एउटा उकालो थियो । पहिलो संविधानसभाको असफलता अर्को ओरालो थियो । फेरी दोस्रो संविधानसभा अर्को उकालो थियो, त्यसबाट संविधान निर्माणमा उत्पन्न गरिएका बाधा र चलखेलहरू ओराला थिए । संविधानको निर्माण, दुईठूला कम्युनिष्ट पार्टीको एकता र करीब दुई तिहाइ शक्तिका साथ संसद्मा भएको अभुतपूर्व उपस्थिति उकालो थियो । त्यसले आफ्ना प्राथमिकतामा काम नगर्नु, निश्चित गुटको सत्ता स्वार्थको साधन बन्नु, संसद् विघटन र नेकपाको विभाजन ओरालो थियो । जनसङ्घर्षका बलमा संसद्को पुनर्स्थपना, नेकपालाई पुनर्गठन गर्ने प्रयत्न उकालो थियो । भर्खरैको निर्वाचनमा खस्किएको कम्युनिष्ट पार्टीको अवस्था र पुनरुत्थानवादी तथा दक्षिणपन्थको उदय इतिहासको ओरालो हो । अब यसको प्रतिवाद र प्रतिरोधका क्रममा वाम लोकतान्त्रिक आन्दोलनले लिने दिशाले आगामी दिनहरूमा उकाली ओरालीका अन्य शृङ्खलाहरू पनि प्रकट हुँदै जानेछन् । यी क्रमअन्तर्गत मानवीय मुक्तिको सपना सन्निकट गर्न र इतिहासको गतिलाई उकालो यात्रामा अगाडि बढाउन सबैभन्दा महत्वपूर्ण कुरा वर्तमानलाई हेर्ने हाम्रा आँखाहरू खुला गर्नुपर्नेछ। यो सँगसँगै हाम्रा कानहरूलाई समेत चनाखो बनाउनु पर्नेछ ।

---

3. Engels, Freidrich 1859: *Review on Marx's 'Critique of political Economy'*

इतिहासको अनुभवले भन्छ,कम्युनिष्ट आन्दोलनले गौरवपूर्ण विगतको राम्रो व्याख्या गर्छ । भविष्यको सपना पनि सुन्दर ढङ्गले बताउँछ । तर वर्तमानका बारेमा भने असाध्यै कम सुझबुझ राख्छ । तर वर्तमानको सुस्पष्ट सुझबुझबिना भविष्यको कामकाजी बाटो तय गर्न कदापि सकिँदैन ।

## हाम्रो वर्तमानः उत्ताउलो पूँजीवाद

हाम्रो वर्तमान 'पूँजीवाद' हो । तसर्थ, हाम्रो समाजमा यतिबेला कस्तो पूँजीवाद छ र यो पूँजीवादको रूप, प्रभाव र यसले मानव समाजमा थोपरेको बहुआयामिक चुनौती र अवसर कस्ता छन् भन्नेबारे गहिरो समझ राखेर मात्र हामी मानवीय मुक्तिको आन्दोलन, अर्थात् हाम्रो समाजवादी आन्दोलनलाई सही दिशा दिन सक्छौं ।

हाम्रो जमीनले यतिबेला पूँजीवादको प्रारम्भिक शिशुपनाको होइन, उत्ताउलो बुढ्यौलिको सामना गरिरहेको छ ।[4] तसर्थ आजको पूँजीवादको सनकी र उत्ताउलोपना बुझ्न नखोज्नु वा त्यसतर्फ पर्याप्त सावधानी नराख्नु वाम आन्दोलनको लागि ठूलो जोखिम हो । हाम्रा विचारहरू, व्यवहारहरू, हाम्रा बोलिचाली, रहनसहन, हाम्रा आफ्ना जिन्दगीका सुखदुखका कथाहरू, हाम्रो स्वाद, हाम्रो हावापानी, हाम्रो दैनिकी, हाम्रो प्रेम, हाम्रो विवाह, हाम्रा रितिरिवाज, हाम्रा सम्बन्धहरू, हाम्रा स्कुल, कलेज र विश्वविद्यालयहरू, हाम्रो पाठ्यक्रम र सिकाइको प्राथमिकता, हाम्रो रोजगारी बेरोजगारी, हाम्रो सञ्चो विसञ्चो, हाम्रो सन्तुष्टी असन्तुष्टी, हाम्रा हरेक विपना र सपनाहरू, यी सबैमा यतिबेला पूँजीवादको प्रभाव र दबाव छ । स्वभाविक रूपले हाम्रो राजनीति र हाम्रो लोकतन्त्र समेत उसले आफू अनुकूल बनाएको छ । पूँजीवाद अनुकूल राजनीतिको अर्थ होः असाध्यै थोरैको लागि हितकर, नाफाका लागि जे पनि गर्ने, आवश्यक परे सनकका भरमा आपराधिक युद्धसमेत गर्न पछि नपर्ने । अफगानिस्तान युद्ध, इराक युद्ध, प्यालेस्टाइन युद्ध, यमन युद्ध, युक्रेन युद्ध आदिमा पूँजीवादको नाफा सुरक्षण गर्नका लागि चलाइएको सनकबाहेक अर्को कुनै कारण पाइएको छैन ।

औद्योगिक पूँजीवाददेखि लिएर आजको वित्तीय पूँजीवादसम्म आइपुग्दासम्म पूँजीवादले निर्माण गरेको समकालीन विश्वव्यवस्थामा असमानता, दमन र युद्धतर्फको आक्रमक प्रवृत्ति अझ दिनप्रतिदिन बढेर गएको छ । मानव जातिले

4. Galeano, Eduardo 1973: *Open Veins of Latin America*

उत्पादन गरेको समग्र सम्पत्तीको मात्रा बढेको भएता पनि, मान्छेले मान्छेलाई गर्ने शोषण, एक देशले अर्को देशलाई गर्ने शोषण साथै मान्छे र देशहरूबीचमा गरिबी भने अझै गहिरिएको छ । पैसाले पैसा किन्ने तर कुनै वस्तु वा सेवाको उत्पादन नगर्ने वित्तीय पूँजीवादको दबदबाले संसारका धेरै देशहरूलाई अनुत्पादक र विश्व पूँजी बजारको विशुद्ध रिजर्भ आर्मी को उत्पादनकर्ताको रूपमा परिणत गरिदिएको छ । उनीहरूको उत्पादनको क्षमतालाई कमजोर बनाएको छ । तेस्रो विश्व भनिने यस्ता देशहरूको कलकारखाना, उद्योगधन्दा, कृषि, प्राकृतिक स्रोतसाधन, साना साना हाटबजार र उद्यमका प्रयत्नहरू सबै निस्तेज पारिदिएको छ । हाम्रै देशमा हेरौँ, सन् ९० पछाडि र आजसम्म पनि, हाम्रा उद्योगधन्दा कलकारखानाहरू दारुण अवस्था, राज्यले गर्ने सार्वजनिक लगानीका क्षेत्रहरूको संकुचन, साना उद्यमीहरूप्रति हाम्रो बैंकहरूको र बैंकिङ नीतिहरूको असहयोग, कृषि क्षेत्रका हाम्रा श्रमिकहरू गाउँबाट शहरतर्फ र त्यहाँबाट उडेर पूँजीवादी विश्वबजारका मजदुरमा परिणत भईरहेको प्रसंग । हाम्रा सहकारीहरू यस्तै मजदुरहरूलाई हवाइ टिकटका लागि ऋण दिने, बिहे व्रतबन्ध र भोजजस्ता उपभोगका लागि ऋण दिने, विदेशी कम्पनीका गाडी मोटरसाइकल खरीदमा ऋण दिने तर उत्पादनमा, रोजगारी सिर्जनामा लागानीको नीतिहरू नबन्नेजस्ता प्रवृत्तिहरू अस्तित्वमा छन् । यी सबै प्रक्रियाहरू वित्तीय तथा दलाल पूँजीवादको योजनामा साम्राज्यवादको सेवाका लागि तयार पारिएका छन् । परिणामस्वरूप उत्पादनमुखी कामहरू र रोजगारीको प्रवर्द्धनबाट हामी कोषौँ टाढा छौँ । बेरोजगारी, गरिबी र महंगीको चपेटामा नराम्रोसँग लपेटिएका छौँ । यसबाट केही मुठ्ठीभरका कर्पोरेट हाउसहरू, गाडीदेखि सियोसम्मका, मलदेखि सलसम्मका अनि चामलदेखि कोदोसम्मका सामान बाहिरबाट आयात गर्ने, सुनदेखि सुपाडीसम्म तस्करी गर्ने दलाल पूँजीवाद र कुनै वस्तु वा सेवाको उत्पादन नगर्ने वित्तीय पूँजीवाद मात्र लाभान्वित छ । अर्थात्, यो प्रक्रियाले पूँजीपति वर्गको असाध्यै सानो हिस्सा मात्र लाभान्वित छ । उता, जनसङ्ख्याको ठूलो हिस्सा भने प्रताडनामा छ, बाँच्नका लागि समेत वित्तीय र दलाल पूँजीवादले प्रदान गरेका सीमित र जोखिमपुर्ण अवसरका वरिपरि चक्कर लगाइरहेको छ । अर्थात् आम मान्छे भने स्वतन्त्रताको र सम्मानित जीवनको लागि कठिन सङ्घर्षमा छ ।

आजको वित्तीय तथा दलाल पुंजीवादको जालो कति खतरनाक छ र यसले एउटा आम जिन्दगीलाई कति निस्सासिंदो परिस्थिति बनाएको छ भन्ने कुराको उदाहरण हो, यही ०७९ माघ १० गते काठमाडौं संसद् भवन अगाडि प्रेम आचार्यको आत्मदाह । उनले आफ्नो फेसबुकमा सार्वजनिक गरेको लामो लिखोटले नेपालमा एउटा उद्यमशीलतामा लागेको मानिसलाई कसरी वित्तीय तथा दलाल पूँजीवादको पञ्जाले सिकञ्जामा पार्दै लान्छ भन्ने भलिभाँति भोगाइ प्रस्तुत गरिएको छ। एउटा मान्छे कसरी ऋणको चपेटामा पर्छ। बैंकबाट, नजिक भनिएको साथीबाट, विश्वास गरेको राजनीतिज्ञबाट, आफ्नै करबाट पालितपोषित कर्मचारीबाट र ठुला भनिएका व्यापारीक घरानाबाट कसरी ठगिन्छ भन्ने फेहरिस्त त्यहाँ प्रस्तुत छ । यो प्रेम आचार्यको मात्र हैन, प्रेम आचार्यजस्ता हजारौँ मानिसहरुको साझा भोगाइ हो । अत्यन्त अल्पसङ्ख्यकको हितमा भएको यो पुंजीवादी राज्यले समेत एउटा मान्छेलाई कसरी ठग्छ, ठगी गर्ने प्रणालीलाई र त्यो वर्गलाई कसरी संरक्षण गर्छ र जस्तोसुकै जालझेल तथा ठगी गरेर पनि नाफा कमाउन कदापी पछि पर्नुहुन्न भन्ने नैतिक मूल्य बनाएको यो राज्य र समाजव्यवस्थाको भद्दा चित्र यसले हामीमाझ प्रस्तुत गरेको छ । पूँजीवादले सिर्जना गरेका अफठ्याराहरू र त्यसको समाधानमा लाग्नुको सट्टा आम मान्छेलाई कसरी दिग्भ्रमित पार्छन् भन्ने कुरा पनि यो घटनाले पनि प्रष्ट पारेको छ । प्रेमले यो बुझेनन् कि यस्तो निस्सासिएको र दारूण जीवन अरू हजारौंको छ । आत्महत्या यसको समाधान होइन, थिएन । तर पनि संसारका थुप्रै मानिसहरूले प्रेमले जस्तै गलत बाटो रोजेका छन्। तर पुंजीवादी राज्यलाई यसले खासै छुंदैन। पूँजीवादको ज्वालाको रन्कोमा रन्थनिएर मानिसले जिउने र अगाडि बढ्ने कुनै आशा नदेखेर यो आत्मदाहको डरलाग्दो बाटो रोज्न बाध्य भएको छ, अर्कातिर राज्यले वोतलमा पेट्रोल बेच्न नपाउने नियम बनाउँछ । समस्या एकातिर हुन्छ, समाधान अर्कातिर खोज्ने यो अमानवीय तरिका पूँजीवादी राज्यको आम चरित्र हो। यस्तो तरिका अपनाएर पूँजीवादले पूँजीपति वर्ग माथि सबै प्रश्नहरुलाई 'डिसमिस' गर्न भएभरको तागत लगाउँछ, लगाइरहेको छ ।

पूँजीवादी व्यवस्थामा भाषाहरू, उनीहरूले तय गर्ने विषयहरू पनि त्यसरी नै निश्चित वर्गलाई ध्यानमा राखेर तयार गर्ने गरिन्छ। जस्तो कि, अर्थतन्त्र राम्रो छ

कि नराम्रो, वा काम गरिरहेको छ कि सङ्कटग्रस्त छ, भन्ने विषय पनि त्यहाँको पूँजीपति वर्गको सजिलो र सङ्कटलाई ध्यानमा राखिएर भनिएको हुन्छ । कुनै राष्ट्रपतिले आफ्नो अर्थतन्त्र राम्रो छ भनेर भन्यो भने सम्पत्तीको ठूलो हिस्सामा स्वामित्व रहेका निश्चित पूँजीपति वर्गका लागि त्यो अर्थतन्त्र राम्रो छ भनिएको हुन्छ, किनकि पूँजीवादी व्यवस्थामा बहुसङ्ख्यक मानिस त दैनिक जीवनयापनका लागि समेत कठिन सङ्घर्ष गरिरहेका नै हुन्छन् । [5] यस्ता भाषाहरू आम मान्छेलाई, वाम प्रयत्न र आन्दोलनलाई विषयान्तर गर्नका लागि प्रयोग गर्ने गरिन्छ ताकि पूँजीवादले निर्माण गरेको असमान अर्थतन्त्रको संरचनामाथि कसैले प्रश्न नगरोस् । कसैले यता ध्यान नदेओस् कि, पूँजीवादको संरचनाअन्तर्गत सबैका लागि राम्रो अर्थतन्त्र हुनै सक्दो रहेनछ भनेर । कसैले यो विषयको गहिराइमा चिन्तन नगरोस् कि, कसरी पूँजीवाद आजको साम्राज्यवादको चरणसम्म आइपुग्दा अर्काको बर्वादीको मूल्यमा खडा भएको छ भनेर ।

आज प्रत्येक मानिस अरुको शोषण र बर्वादीको मूल्यमा बाँच्न विवश छन् र आजको यो साम्राज्यवादी जीवन पद्दतिले सबैको लागि सम्मानित जीवन भन्ने कुरालाई असम्भव तुल्याएको छ । [6] हामीले चलाउने अत्याधुनिक प्राविधिक सामग्रीहरू जस्तो कि आइफोनको नै उदाहरण हेरौं, यो आइफोनको निर्माणमा प्रयोग हुने कतिपय धातुहरू अफ्रीकाका अफठ्याराभन्दा अफठ्यारा खानीहरूबाट, बालबालिकालाई अमानवीय ढंगले प्रयोग गरेर उत्खनन् गरिएको हुन्छ । आइफोन ४ मा गरिएको एउटा अध्ययनले भन्छ, मार्क्सका पालामा १५० वर्ष अगाडि कपडा उद्योगका मजदुरलाई गरिएको शोषणभन्दा २५ गुणा ज्यादा शोषण आजका आइफोनको कारखानामा काम गर्ने मजदुरहरूमाथि छ ।[7] यसरी एकातिर आइफोनको आकर्षण र चमक, अर्कातिर विश्वका विभिन्न देशमा त्यसको निर्माणका लागि आवश्यक सामाग्री तयार पार्दा गरिएको चरम शोषण । यतापट्टि फर्केर यो कोणमा हुने छलफल निस्तेज गर्नु आजको पूँजीवाद, यसले तयार गरेको आफू अनुकुलको राज्यसत्ता, यस्तो राज्यसत्ताका

5 Zinn, Howard 2004: *Voices of People's History of United States*
6 Kollektiv, I. L. A. 2016: *At The Expense of Others?*
7 Tricontinental, Institute for Social Research 2019: *The Rate of Exploitation: The case of Iphone*

लागि आवश्यक नेतृत्वको निर्माण र पूँजीपति वर्गको आफ्नो स्वामित्वमा रहेको मिडियासत्ताको प्रमुख ध्येय हुन्छ ।

आजको पूँजीवादको कुरूपता बुझ्न, एकपटक हाम्रो राजधानी काठमाण्डौको 'बागमती कोरिडोर' नै पनि हेरौँ । एकातिर ठडीएका आलिसान महलहरू र त्यसको ठीक अर्कातिर किनारमा भएको सुकुम्बासी वस्ती र त्यहाँको हालत । संसारका सबै तेस्रो विश्वका सहरहरूमा यस्ता र योभन्दा डरलाग्दो कुरूपता देखिन्छ । एकातिर दशौँ तलाका घरभित्र बस्ने मुठ्ठीभरका मान्छे अर्कातिर सडकमा माग्दै, सडकमै सुत्ने घरविहीनहरू । एकातिर हतियार र लागुऔषधको धन्दा र मुनाफा, अर्कातिर लागुऔषधको दुर्व्यसन र हतियारको बलमा समाजमा थोपरिएको त्रासदी र आतंक । एकातिर अनैतिक, अमर्यादित तथा असाध्यै नाफाखोर यौनबजार, अर्कातिर ओसार पसारमा पारिएका र बेचिएका महिला तथा बालबालिका । एकातिर दिनप्रतिदिन भाउ बढाउने ठुला ठुला औषधि कम्पनीहरू, ठुला ठुला अस्पतालहरू अर्कातिर दिनप्रतिदिन औषधिउपचारको अभावमा छटपटिरहेका गरिब विरामीहरू । एकातिर बैंकहरूको बढ्दो नाफा, अर्कातिर साना उद्यमी, मजदुर र किसानहरूको कष्टकर जीवन, कृषि उत्पादन बिक्री नभएर सडकमै फाल्नुपर्ने, खेतमै जोत्नुपर्ने बाध्यता । ऋणको चपेटामा परि कुनै उपाय नदेखेर गरिएका आत्महत्याका श्रृंखलाहरू । एकातिर अरबका आलिसन 'बुर्ज खलिफा' र मलेसियाका 'पत्रोनेस'हरू, अग्ला भ्यु टावरहरू, अर्कातिर रित्तिएका हाम्रा गाउँवस्तीहरू, बाँझा खेतबारीहरू । देश छोडेर परदेशिने जिउँदाहरूको लस्कर, र बाकसमा बन्द भएर फर्केका लासहरू । एकातिर विश्वको आकर्षक फुटबल स्टेडियम अर्कातिर त्यसको जगमा रहेको कामदारहरूको लास । एकातिर युरोप र अमेरिकाको समृद्धि र 'फेन्सी जीवनशैली', अर्कातिर अफ्रिका, एशिया र ल्याटिन अमेरिकाका झुपडवस्तीका सङ्घर्षपूर्ण दैनिकी । एकातिर एकथरि मानिसहरूको रोजगारीको सुनिश्चितता अनि अर्कातिर सर्टिफिकेट हातमा बोकेर शहरको यो कुना र त्यो कुना चाहार्ने बेरोजगार तन्नेरीहरू । एकातिर एमेजोनजस्ता कम्पनीहरूको बढीरहेको अनियंत्रित मुनाफा, अर्कातिर त्यहि कम्पनीबाट हजारौँ मानिसहरूले गुमाएको रोजगारी । एकातिर ठुलाठुला भवन, चिल्ला, सफा फराकिला बाटो तथा एयरपोर्टहरू अर्कातिर प्रकृतिको अनियंत्रित दोहन र

पृथ्वी तथा मानव जातिकै अस्तित्वमा सङ्कट निम्त्याउने पर्यावरणीय विनाश । यी र यस्ता हजारौँ उदाहरणहरूले यो पुष्टि हुन्छ कि, आजको पूँजीवादी दुनियाँमा एकातिर आकर्षक समृद्धि र विकास छ, अर्कातिर गरिबी र वर्वादी छ । एक ठाउँमा सुख शान्ति र धनसम्पत्तीको सञ्चय छ, अर्को ठाउँमा अन्याय र शोषण छ । एक ठाउँमा रोजगारी र सामाजिक सुरक्षा छ, अर्को ठाउँमा बेरोजगारी र असुरक्षा छ । एकथरिलाई सम्मानित र सुरक्षित श्रम छ भने अर्को थरिलाई असुरक्षित श्रम र जीवनको जोखिम छ । यसरी पूँजीवादसँग असमानताको भयावह खाडल अविच्छिन्न र अनिवार्य छ ।

पूँजीवाद स्थीर पनि छैन । यो आफैँमा सङ्कटग्रस्त छ । 'नाफा र सञ्चयको अनन्त चक्र निरन्तर चल्छ', भन्ने जुन भ्रम पूँजीवादले दिन खोजेको छ, पूँजीवादको करीब पाँच सय वर्षको इतिहासले यसलाई पुष्टि गर्न सकेको छैन । प्रविधि र ज्ञान विज्ञानको क्षेत्रमा जस्तोसुकै क्रान्ति भयो भनिएता पनि, विश्वका सबै ज्ञान तर्क क्षमतालाई एक ठाउँ राखेपनि पूँजीवादको सङ्कट निवारणका लागि, यसको रोकथामका लागि आजसम्म कुनै पूँजीवादी विद्धान र विद्धानहरूको समूह देखापरेको छैन । २००८ मा आएको विश्वव्यापी पूँजीवादी सङ्कटका सन्दर्भमा तत्कालीन बेलायती महारानी एलिजावेथले पूँजीवादी विश्वका उत्कृष्ठ भनिएका अर्थशास्त्रीहरूलाई 'यत्रा किताब, अनुसन्धान र ब्रोडसिटहरूमा हिसाबकिताब मात्र गरिरहँदा पनि यो सङ्कट आउँदैछ भनेर किन नदेखेको ? किन नभनेको ?' भनी प्रश्न गरेको र त्यसको उत्तर सन्तोषजनक नआएको प्रसंग सार्वजनिक छ र थुप्रै विमर्शमा उल्लेख गर्ने गरिन्छ । यसको अर्थ, जतिसुकै ढाँट छल गर्न सकिएला, तर पूँजीवादमा सङ्कट आउँछ आउँछ । यस्ता सङ्कट आएपनि पूँजीवाद विकल्पहिन हो भनेर (कु)तर्क गर्नू बेग्लै कुरा हो । यी कुराहरूले पूँजीवाद आफैँमा सङ्कटग्रस्त व्यवस्था हो[८] भन्ने कुरा फेरीपनि पुष्टि गरेको छ । तर आफूभित्र यस्तो सङ्कट आइपरेपछि अरु ठाउँमा अन्य मानवीय सङ्कट थोपरेर, आफ्नो सङ्कट अन्यत्र स्थानान्तरण गरेर[९] भएपनि पूँजीवादले आफूलाई आजसम्म यहाँ ल्याइपुऱ्याएको छ ।

---

8 Marx, Karl 1867: *Capital*

9 Harvey, David 2001: *Globalization and the "Spatial Fix"*

सङ्कट स्थानान्तरणका लागि हिजो उपनिवेश निर्माणको बाटो लिइयो । विभिन्न सभ्यता निर्माण र मानवताको विस्तारको आवरणमा संसार लुट्ने अत्यन्त निन्दनीय औपनिवेशिक नीतिहरू अगाडि सारियो । आज उपनिवेशबाट मुक्ति आन्दोलनले विजय हासिल गरिसकेपछि पुनः आफ्नो सङ्कट स्थानान्तरण गर्ने र संसार लुट्ने योजना निरन्तरताका लागि नवउदारवादको नीति अगाडि सारिएको छ । हिजो, उपनिवेशका क्रममा थोपरिएका अत्याचार र युद्धहरूभन्दा अझ ज्यादा क्रूर र आततायी दमन तथा युद्ध नवउदारवाद लागु गर्ने सिलसिलामा थोपरिएको छ । हिजो नवउदारवाद जबरजस्ती थोपर्ने क्रममा, पूँजीवादबाट आफूलाई विच्छेद गर्ने र ठुलाठुला व्यापारिक निगमको स्वार्थमा आफ्नो देशको स्रोत साधनलाई दोहन नगर्ने अडानमा दृढ रहेका चिलीका समाजवादी नेता साल्भाडोर एलेण्डे र उनको पार्टीमाथि, उनका समर्थकमाथि दमन र हत्याका श्रृंखला चलाइएको सन्दर्भ स्मरणीय छ । आजको ताजा उदाहरण, पेरुमा राष्ट्रपति पेद्रोमाथि गरिएको 'कु' र त्यसको विरोधमा आएका समर्थकहरूमाथि गरिएको दमनमा देख्न सकिन्छ । ब्राजिलमा हेरौँ, राष्ट्रपति लुलामाथि लगाइएका झुठा भ्रष्टाचारका मुद्दा, उनलाई गरिएको जेल चलान र दक्षिणपन्थी बोल्सोनारो समूहलाई गरिएको सबैखाले साम्राज्यवादी सहयोग । फेरि निरन्तर जनसङ्घर्ष र त्यसले निर्माण गरेको जनमतले राष्ट्रपति लुलाको सङ्घर्षपूर्ण पुनरागमन र अहिले त्यो सरकारविरुद्ध साम्राज्यवाद पक्षधर दक्षिणपन्थी बोल्सोनारोहरूको विरोध प्रदर्शन । कुनैपनि पूँजीवादको विकल्प भनी दृढतापूर्वक अगाडि बढाइएको अभियान, आन्दोलन र राजकीय प्रयत्नहरूलाई अनेक जालझेल, प्रपञ्च र दमनमार्फत् अवरोध सिर्जना गर्ने क्रम जारी छ ।

यसरी मानव समाजमा व्याप्त कहालीलाग्दो गरिबी, खुम्चिँदो स्वतन्त्रता, गहिरिँदो असमानता र अमानवीय युद्धहरूको त्रासदीले पूँजीवादले आफ्नो सान्दर्भिकता गुमाइसकेकोतर्फ संकेत गर्छ । आफ्नो दिग्विजय घोषणाको क्रममा उसले कबोल गरेको समानता, स्वतन्त्रता र भातृत्वको नारा[10] समेत पूँजीवादी व्यवस्थामा असम्भव भएको प्रमाणीत गर्छ । यसको अर्थ पूँजीवादले आफ्नो बैधानिकता पनि गुमाइसकेको छ । तर पनि उसले हार खाएको छैन ।

10 Slogan of France Revolution 1789: *Equality, Liberty & Fraternity*

माथि उल्लेख भएजस्तो असमानता र शोषणलाई कायम राख्न, आफ्नो सङ्कटलाई अन्यत्र स्थानान्तरण गर्न, देशदेशका संविधान, कानुन, मान्यता, नैतिकताजस्ता सबै कुरामा पूँजीवादले आफूअनुकूल अर्थात् असाध्यै थोरै निश्चित पूँजीपति वर्गको हितरक्षाका लागि हरेक राज्यमा पूँजीवादी प्रभुत्व स्थापित गर्ने सामाजिक, सांस्कृतिक तथा राजनीतिक बन्दोवस्तीको तारतम्य मिलाइराखेको छ । यस्तो कामको लागि उसले अनेकौँ संरचनाहरू तयार पारेको छ । जस्तो कि,

- हतियारसहितको सामरिक शक्ति । करीब तीन अरब जनसङ्ख्या आज भोकमरीमा छ तर खरबौँ डलर आज सेना र हतियारका लागि खर्च गरिन्छ । दोस्रो विश्वयुद्धताका जापानको हिरोसिमा र नागासाकीमा खसाइएको भन्दा दशौँ गुणा ज्यादा शक्तिशाली आणविक हतियारहरूको निर्माणमा खरबौँको लगानी छ । आतंकवाद नियंत्रणको नाममा, सुरक्षा संवेदनशीलता र शान्ति कायम गर्ने नाममा कसरी हरेक पूँजीवादी राज्यहरू प्रहरी राज्यमा, सेना राज्यमा परिणत भईरहेका छन् हामी देख्न सक्छौँ ।

- पूँजीवादको विकल्प छैन भनेर स्थापित गर्न खोजिएको भाष्य । बरु पृथ्वी ध्वस्त होला, मानव जाति सकिएलान् तर पूँजीवाद सकिँदैन, मानव समाज अन्तिम व्यवस्था नै पूँजीवादी व्यवस्था हो र मानव समाजको ‘अन्तिम मान्छे’[११] नै पूँजीवादी मान्छे हो भन्ने कमन सेन्सको निर्माण र प्रसार । यसका लागि मिडियालाई, नयाँ मिडियाका विभिन्न प्लेटफर्मलाई अर्थात् रेडियो, टेलिभिजन, पत्रपत्रिका मात्र होइन फेसबुक, ट्वीटर, युट्युब, टिकटकजस्ता प्लाटफर्महरू, प्रेस र पुस्तकहरू आफ्नो स्वामित्वमा लिने र त्यहाँबाट आफू अनुकुलका सूचना र विषयहरू प्रसारण तथा प्रकाशन गर्ने । सञ्चार क्षेत्र कब्जामा लिई गलत सूचना, तथ्यहरूको तोडमरोड, मुद्दाहरूको विषयान्तर जस्ता तरिकाहरूको भरपुर प्रयोग गरी व्यवस्थाको लाभ लिइरहेका पूँजीपति वर्गको पक्षमा रहेको विचार र प्रणालीलाई समाजमा थप मजबुत गराउने प्रयत्न ।

- उसले विश्वव्यापीकरणका नाममा तयार पारेको इन्टरनेशनल मनिटरी फण्ड (आइएमएफ), विश्व व्यापार सङ्गठन (डब्लुटिओ), वर्ल्ड बैंकजस्ता संरचनाहरू।

11 Fukuyama, Franscis 1992: *The End of History and the last name*

यिनीहरूले संसारभरको स्रोत साधनलाई कसरी निचोरेर साम्राज्यवादको केन्द्रमा सञ्चित गर्ने योजना बनाउँछन् र पूँजीवादको प्रभुत्व कायम गर्नको लागि विभिन्न देशमा हस्तक्षेप गर्छन् । समानता र भाइचाराको नीतिको जति व्याख्यान गरिएपनि, गरिबी निवारण र विकासका अनेक योजना र त्यसका लागि यी संरचनाहरूको प्रभावमा, अरबौं ऋण प्रवाह गरेपनि आज कुनैपनि देश गरिबीबाट विकासतर्फ अगाडि बढेको छैन ।[१२]

- विद्यालय विश्वविद्यालयका कोठाहरूमा के पढ्ने के नपढ्ने भन्ने पाठ्यक्रममाथि नियंत्रण, विज्ञान तर्क र ज्ञानमाथिको हस्तक्षेप र दुरूपयोग मात्र होइन, पूँजीवादको हितरक्षाका लागि कस्ता मान्छेको उत्पादन र पुनर्उत्पादन गर्ने भन्ने सम्मको तयारी । मानिस स्वभावैले स्वार्थी हुन्छ, मानिसले हरेक काम नाफाघाटा हेरेर गर्छ भन्ने भ्रमको सिर्जना, वैज्ञानिक र आलोचनात्मक चेतनालाई कमजोर बनाउन गरी तयार पारिएका पाठ्यक्रम । प्रश्न गर्नेहरूलाई द्रोही हुन् भनी स्थापित गराउन भरपुर कोसिस गर्ने । पूँजीवादी उद्यमशीलताले, नाफाको लागि उसले उचित ठहऱ्याएका विषय र जनशक्तिको विकासमा ध्यान दिने कुरा । पूर्ण क्षमतामा मानवीय विकास गर्ने होइन सिर्फ मुनाफा निर्माणको साधनका सीमिततामा मान्छेको क्षमता विकासलाई नियंत्रण गर्ने ।

- यी सबै कुरालाई आकार दिने, पूँजीपति वर्गको हित संरक्षण गर्ने राजनीतिक दल र त्यसका लागि सुयोग्य (स्वाँठ) नेतृत्व निर्माणमा लगानी गर्ने । विभिन्न मानिसलाई नेताको रूपमा खडा गर्ने, सेलिब्रेटी, व्यापारी, आदिलाई पूँजीवाद किन ठीक छ किन समाजवाद असम्भव छ भन्दै पूँजीवादी दुनियाँले सिर्जना गरेका अफठ्याराहरूमाथि पर्दा लगाउने प्रयत्न गर्ने ।

- देशको स्रोत साधनलाई पुँजिपति वर्ग र साम्राज्यवादको सेवामा लगाउन अनेक झुटा तथ्यांकहरूमार्फत् राज्यका नेतृत्व र अधिकारीहरूलाई 'इकोनमिक हिटम्यान'[13] मार्फत् प्रयोग गर्ने । हाम्रै देशमा पनि विभिन्न

12 Stiglitz, Joseph 2002: *Globalization & its Discontents*

13 Perkins, John 2004*: Confessions of an Economic Hitman*

विदेशी अनुदान र परियोजनाका पक्षमा यसले देशलाई हेर्दाहेर्दै कायापलट गर्दिने व्याख्यान गर्ने इकोनमिक हिटम्यानहरू देखिएकै छन् । मन्त्री प्रधानमन्त्री, तिनका आफन्त र किचन क्याविनेट, उनीहरूका कोठा चोटामा यस्ता विभिन्न स्तरका हिटम्यानहरू चक्कर लगाइरहेका हुन्छन् । यो विश्वव्यापी प्रक्रिया नै हो । वर्ल्ड बैंक लगायतका सम्राज्यवादी संरचनाहरूका शर्तैशर्तमा आधारित ऋण लिने वा अन्य अल्प वा दीर्घकालीन साम्राज्यवादी परियोजनामा नेता र अधिकारीहरूलाई सकेसम्म कन्भिन्स गर्ने, नमाने प्रलोभन दिने, त्यो पनि नमाने धम्की दिने र आवश्यक पर्दा हत्या गर्न पनि पछि नपर्ने तरिका अपनाइएको हुन्छ ।[१४] यो प्रक्रियाको क्रममा कति कन्भिन्स हुन्छन्, कति प्रलोभनमा पर्छन्, कति पूँजीवादसँग सम्झौताहीन सङ्घर्षमा लाग्छन् र सामना गर्छन् । यस्तो प्रलोभन, धम्की र हत्याको श्रृंखलाले एक व्यक्तिको मात्र हैन सिंगो आन्दोलन, सामाजवादी जागरण र पूँजीवादविरुद्ध लड्ने जिजिविषा नै कमजोर हुने मनोविज्ञान तयार पारिन्छ । यस बाटोबाट पनि पूँजीवादले आफ्नो सङ्कट केही पर धकेल्ने र आफूलाई सुदृढ गर्ने गरेको छ ।

- श्रमजीवी वर्गको पार्टीमा घुसपैठ गर्ने । त्यहाँको लोकतन्त्र कमजोर बनाउने । स्वभावतः नै पूँजीवाद आसेपासे हुन्छ । पूँजीवादको यहि चरित्रलाई अनुकूल हुनेगरी, आफन्त, इष्टमित्र र व्यापारिक साझेदारको पङ्क्तिलाई मात्र अवसरका खात लगाउने, पैसा र शक्तिको मालिक बनाउने र आम मान्छेहरूको हितलाई बेवास्ता गर्ने राजनीतिलाई प्रवर्द्धन गर्ने । यसका लागि वाम भनिएका नेतृत्वलाई आफू अनुकूल प्रयोग गर्ने र वाम आन्दोलनलाई झुठो र धोखाधडीको प्रतिविम्बको रूपमा स्थापित गर्न कोशिस गर्ने । ताकि वाम पार्टीहरूप्रति निराशा छाओस् ।

- देशको लोकतन्त्रमाथि हमला । को जित्ने को हार्ने भन्ने कुराको तयारी गर्ने । चुनाव 'इन्जिनियर' गर्ने ताकि आफू अनुकुलका प्रतिनिधीहरूको

---

14 *Ibid*

> जीत सुनिश्चित होस् । पैसाका आधारमा उम्मेद्वार तय गर्ने र जीत हारको परिणामलाई खरीद गर्ने । श्रमजिवि वर्गका विभिन्न सामाजिक विविधतालाई उपयोग गरेर सामुहिकता र ऐक्यबद्धतामाथि प्रहार गर्ने ।[15] पूँजीवादी शोषणको संरचनालाई मजबुत गराउनका लागि, विभिन्न ढंगले शोषणमै परेका मानिसहरू र तिनको रूपान्तरणकारी संस्थाहरूलाई समेत सोही नाममा प्रयोग गर्ने । यस्तो प्रयोगमार्फत्, वर्गसङ्घर्षलाई निस्तेज पार्ने । जाती, भाषा, क्षेत्र, लिंग वा सभ्यताका नाममा दलनमा परेका वर्गको एकतालाई टुटाउने र सकेसम्म एकआपसमा भिडाउनु, तिक्ततापूर्ण सम्बन्ध बनाएर मिल्न नदिने पूँजीवादको मक्सद बनेको छ। आज जातका नाममा, लिंगका नाममा पूँजीवादी विचारहरू छरपष्ट पाइन्छन् जसको एकमात्र काम पूँजीवादको संरचनाविरुद्धको वर्गसङ्घर्षलाई कमजोर बनाउनु हो । समाजका पिँधमा रहेकाहरूबीचको ऐक्यवद्धतामा खलल पुऱ्याउनु हो । ताकि उनीहरू एक भएर पूँजीवादविरुद्धको विद्रोहलाई सङ्गठित नगरुन् । आदि ।

माथि उल्लेख गरिएका र उल्लेख नगरिएका अन्य अनेक तरिकाहरू पूँजीवादले अपनाएता पनि, यी कुनै संरचना वा तरिकाका बावजुद पूँजीवादविरुद्धको विद्रोह र प्रतिरोधको ज्वाला भने दन्किन छाडेको छैन । पूँजीवादले निम्त्याएका शोषण र असमानताका खिलाफ प्रतिरोध र विद्रोह उठ्दैनथ्यो भने, उसले आफ्नो प्रभुत्वको लागि यो सब संरचना तयार गर्ने लगायतका माथापच्ची गर्न आवश्यक नै हुन्थेन । निःसन्देह, हिजो पनि र आज पनि पूँजीवाद विरोधी आन्दोलनहरू जारी छन् । कतै वाम आन्दोलनका नाममा, कतै कम्युनिष्ट आन्दोलनका नाममा ती प्रतिरोधी प्रयत्नहरू जीवीत छन् ।

यस्ता प्रयत्नहरू पूँजीवादका लागि खतरापूर्ण हुन्छन्, तसर्थ पूँजीवादी प्रभुत्वका लागि पूँजीपति वर्गले तयार गरेका संरचना र तारतम्यको पहिलो योजना कुनैपनि देशको राजनीति र विचारधारामाथि नियन्त्रण लिनु हुन्छ । राजनीति र विचारधारालाई आफ्नो नियन्त्रणमा लिनका लागि उसको पहिलो हमला वाम आन्दोलनमाथि हुन्छ । वाम वा कम्युनिष्ट आन्दोलनमाथि उसले बहुआयामिक

15 Chomsky, Noam 2017: *Requeim of American Dream*

घातक हमला गर्ने गर्छ। साम्राज्यवादको स्वरूपमा उभिएको आजको पूँजीवादले यस्तो हमलाको लागि अक्टोपसका जस्ता जाली खुट्टाहरू तयार पारेको छ।[१६] यी प्रत्येक खुट्टाले वामपन्थको विचार, योजना, सङ्गठन र आन्दोलनमाथि अनेक प्रहार जारी राखेका छन् ।

यसरी हाम्रो वर्तमान, वित्तीय र दलाल पूँजीवादको, साम्राज्यवादको परिपक्व जालको भुमरीमा छ। विश्वव्यापीकरणका प्रक्रियाले आजको पूँजीवादी शोषणको सबैभन्दा आधुनिक रूपहरू आवश्यकता अनुसार सञ्चालन र प्रयोग गर्न सकिने परिस्थिति आज हाम्रोसामु छ । यसरी पूँजीवाद भर्खरको छैन, ऊ बुढ्यौलीमा छ । आफूविरुद्धका तमाम विद्रोह र प्रतिरोधको सामना गर्ने ज्ञान, चेतना, तर्क शक्ति र अनुभव लिएर बसेको छ । उपनिवेशवाद, फासीवादको मात्र होइन बहुआयामिक शोषणको नयाँ विचारधारा नवउदारवादको समेत ५० वर्षभन्दा ज्यादाको अनुभव भईसकेको छ। र यी तमाम अनुभवहरूबाट विश्वको कुनैपनि कुनामा आफ्नो प्रभुत्वको लागि उसले सबै हतकण्डाहरू प्रयोग गरिरहेको पनि छ । यो रूपको पूँजीवादविरुद्ध लडेर समाजवाद निर्माणमा लागेका प्रत्येक अभियान्ताहरू, कम्युनिष्टहरू श्रमजिविका पक्षधरहरू र मुक्ति आन्दोलनका, मानवीय आन्दोलनका योद्धाहरूले यतिबेला आफ्ना आँखा, कान लगायत सबै इन्द्रियहरू, आजको पूँजीवाद बुझ्ने, यसका भ्रमहरूबाट जोगिने र यसका सङ्कटको गति, दिशा र गहिराइ मापन गर्नका लागि सक्रिय बनाउनुपर्नेछ। यसको सङ्कटको सही विश्लेषण गरेर समाजवादी आन्दोलनको लागि सम्पुर्ण तयारी केन्द्रित गर्नुपर्नेछ। सङ्कटको गति र दिशालाई बुझेर गरिने सही विश्लेषण र त्यसका आधारमा गरिने तयारीले मात्र हामीलाई समाजवादतर्फ संक्रमण गराउँछ। आजको पूँजीवादको यथार्थ, यसको सामर्थ्य र यसको सङ्कटलाई बेवास्ता गरेर बनाइने कुनै समाजवादी कार्यक्रम र यसलाई नजरअन्दाज गरेर तयार पारिने कुनैपनि मुक्तिको आशा काल्पनिक हुनेछ। त्यो असान्दर्भिक र अप्राप्य हुनेछ।

## वामपन्थ सहवरण गर्ने पूँजीवादी प्रयत्न

नेपालकै कम्युनिष्ट आन्दोलनलाई हेरौँ, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले वाम रूपान्तरणको थालनीका लागि पूँजीवादबाट 'डिपार्चर'को शुरुवात गर्ने

16 Prashad, Vijay 2022: *Struggle makes us Human*

महत्वपूर्ण अवसर प्राप्त गरेको थियो । संसद्मा करीब दुई तिहाइको शक्तिमा उपस्थित थियो । यसले पूँजीवादबाट समाजवादमा संक्रमणका लागि धेरै हदको नीति बनाउन सक्थ्यो । कृषि क्रान्तिका लागि आवश्यक कानूनी व्यवस्था तथा राजकीय संरक्षण, भूउपयोग नीतिको निर्माण र प्रयोग, राजकीय तथा सार्वजनिक लगानीको विस्तार गरी रोजगारीको सिर्जना, स्वास्थ्य तथा शिक्षामा सार्वजनिक लगानीको विस्तार, उर्जा तथा सार्वजनिक यातायातको सुदृढीकरण, वित्तीय तथा दलाल पूँजीवादमाथि नियन्त्रण, उत्पादनमुलक क्षेत्रमा बैंकको लगानी स्थानान्तरणको थालनी, उद्योगधन्दा तथा कलकारखानाको विस्तार र यसमा राजकीय लगानीका क्षेत्रहरूको निर्धारण तथा प्रयोग । साना तथा सामुदायिक पर्यटकीय क्षेत्रहरूको संवर्द्धन, साना उत्पादकहरूको सुरक्षा र उद्यमशीलताको प्रवर्द्धन, आधारभूत तहका श्रमजीवी जनताका हितमा हुने साझा थलो चाहे खेलको क्षेत्रमा होस्, चाहे सामाजिक पुनर्मिलनका क्षेत्र हुन्, पुस्तकालय तथा एकअर्कासँग मानिसहरूले कुराकानी गर्ने, आपसी विश्वास र हार्दिकता बढाउने, बालबालिका र ज्येष्ठ सदस्यहरूको सामुदायिक जिम्मेवारीका लागि आवश्यक संरचनाको निर्माण, प्राकृतिक स्रोतसाधनमा जनताको पहुँच आदि । आवश्यक पर्दा संविधान नै संसोधन गरेर रूपान्तरणको मार्गचित्र तयार पार्न सक्थ्यो । [१७]

दुःखको कुरा, हाम्रै आँखा अगाडि कम्युनिष्ट आन्दोलन पुँजिपति वर्गको स्वार्थलाई प्रवर्द्धन गर्ने संस्थाको रूपमा दुरूपयोग भयो । पार्टीभित्रका छलफल र निर्णयहरूलाई पुँजिपति वर्गको स्वार्थको बन्धक बनाइयो । पार्टीभित्रको लोकतन्त्र कमजोर बनाइनु, पार्टी निर्णयहरूलाई पटकपटक उल्लंघन गरिनु, नेकपाको पार्टी सत्ता र राज्यसत्तालाई श्रमजिवि वर्गबाट टाढा, तिनको सरोकारबाट टाढा राख्ने प्रयत्नलाई सम्भव बनाउन लागि थियो । पार्टीभित्र पारदर्शी छलफल र संवादलाई अबलम्बन गरिँदो हो त, यति, ओम्नी बतास काण्डहरू जे सार्वजनिक भएका छन्, देशका विभिन्न ठाउँका सार्वजनिक जमीन जसरी बेचिएको छ, देशका राम्रा प्राकृतिक सौन्दर्ययुक्त स्रोत साधन दोहन गर्नका लागि जसरी कौडीको मोलमा

17 Khanal, Jhala Nath 2022: *Bidroha, Punargathan ra Baigyanik Samajvad*

निश्चित पुँजिपतिहरूलाई दिइएको छ, जसरी राज्यका तर्फबाट हुने वस्तु र सेवाको खरीदको ठेक्कामा खुलेआम कमिसनको माग गरिएको छ, जसरी देशमा सार्वजनिक लगानीको विस्तारमा नजरअन्दाज गरिएको छ त्यो सम्भव थिएन । पार्टीको वर्गपक्षधरताबाट च्युत हुने प्रक्रियाको दारुण दृष्य त अझ कोभिड सङ्कटका बेला देखा पऱ्यो । माइल का माइल दूरी मजदुरहरूले कष्टकर ढंगले हिंडेर पार गर्नुपऱ्यो । एम्बुलेन्सको पहुँच नभएर कति विरामीले मृत्युवरण गर्नुपऱ्यो । औषधि खरीदमा कमिसनका चक्करमा लागेर, जनताले भोगेका सास्तीलाई नजरअन्दाज गरियो । एकपटक सोचौं, कसको स्वार्थमा गिरिवन्धु टि स्टेटलाई प्लटिङका लागि खुला गर्ने निर्णय गरियो त ? पक्कैपनि त्यहाँका कामदार वर्गको योजना र चाहानामा होइन । कसलाई खुसी पार्न विराट सम्भावनाको सम्मुखमा रहेको पार्टी विभाजन हुँदा दीपावली गरियो, कसको स्वार्थमा संसद् विघटन गरियो ? यी सबै कामले एकातिर वाम प्रयत्नलाई कमजोर बनाइयो, कम्युनिष्ट आन्दोलनकै नामबाट पूँजीवादी स्वार्थको धन्दा चलाइयो । र अन्ततः एउटा उज्यालो सम्भावना र हजारौंका बलिदानको जगमा उभिएको समाजवादी सपनामाथि कुठाराघात गरियो ।

यति मात्र होइन, आज वाम आन्दोलनको एउटा हिस्सालाई विचार चाहिँदैन । विचारको प्रश्न महत्वपूर्ण हुन्थ्यो भने हिजो जनताको सङ्घर्षले रद्दीयानमा मिल्काएको, आन्दोलनले दरकिनार गरेको पुनरुत्थानवादी शक्तिहरूको जितलाई आफ्नो प्रतिष्ठासँग गाँस्ने अधपतनतर्फ कम्युनिष्ट आन्दोलनलाई निर्धक्क हेलिने थिएन । विचारधारामाथिको यो भद्दा आक्रमणको प्रयोजन निःसन्देह पूँजीवादको सुदृढीकरणका लागि हो । पूँजीपति वर्गको सेवाको लागि हो ।

यी सबै तथ्यांकहरूले वाम आन्दोलनलाई नै, समाजवादी आन्दोलनलाई नै पूँजीवादले सहवरण गरेकोतर्फ संकेत गर्छ । वाम आन्दोलन र यसको नेतृत्वले गुमाएको अवसरले समाजमा जे विश्वासको सङ्कट सिर्जना गरेको छ त्यस ठाउँमा पूँजीवादले आफू अनुकुलको विचार र मूल्य भएकाहरूको नेतृत्व स्थापित गर्ने अवसर बनाएको छ । आज विचार र वादभन्दा माथि छौं भन्ने भाष्यका आवरणमा उदाएका शंकास्पद शक्ति र व्यक्तिहरूको जग यही हो ।

यस परिणामका लागि नेपाली समाजले के कस्तो क्षतिपुर्ति तिर्नुपर्ने हो, त्यो हेर्न बाँकी नै छ । तर यो कुरा चाँही ढुक्कले भन्न सकिन्छ कि यी सब मामलामा पूँजीवाद अगाढि बढेको छ र वामपन्थ पछाडि घचेटिएको छ ।

वाम जनमत र वाम आन्दोलनमा पहिला वाम विचारधाराको नियन्त्रण खुकुलो बनाउने, अनि 'वाम' भनिएकै नेतृत्वबाट पूँजीवादी योजनाका कामहरू गराउने कुराले, वाम हुनु वा पूँजीवादी हुनुमा केही फरक नभएको प्रमाणित गरिदिएको छ । पूँजीवादले विचारधारमार्फत् नै गाँजिसकेपछि ठीकबेठीक छुट्याउन नसक्ने, छुट्याइहाले आफ्नो निजी नाफाघाटालाई ध्यानमा राखेर मात्र त्यसबारेमा धारणा राख्ने, पद सङ्कटमा पर्छ कि, 'करियर' विग्रिन्छ कि, अवसर आउँदैन कि भन्ने भयका कारण मुद्दाहरूमा चुपचाप बस्ने, बरु शक्तिको वरिपरि चाकरी गर्ने, गलत कुरालाई पनि 'हो, हो' भन्ने र त्यसबाट ऐनमौकामा आफ्नो दुनो सोझ्याउने उपयुक्त अवसरको खोजिमा रहनेजस्ता प्रवृत्तिहरूले प्रश्रय पाएका छन् । आज वाम नामका दक्षिणपन्थी पार्टीहरूमा नेताकार्यकर्ताको ठूलो फौज यहि पूँजीवादी दीक्षाबाट कमजोर र अकर्मण्य बनाइएको छ। आफ्ना मालिकजस्ता नेताहरूको उर्दिलाई निर्णय मान्ने र त्यहाँबाट हुने प्रत्येक गलत दिशानिर्देशलाई, गलत फैसलालाई, आफ्नो राजनीतिक आकांक्षा, सत्ता, शक्ति र पदप्रतिष्ठा तलमाथि पर्छ कि भनेर चुपचाप शिरोधार्य गर्ने, केही नबोल्ने, नभन्ने पङ्क्ति निर्माण गरिएको छ । प्रश्न गर्ने, बहसका लागि आमनेसामने हुने, छलफलका लागि आह्वान गर्ने तरिकालाई बन्देज लगाइएको छ। एक्लै भएपनि मुद्दामा उभिने, आफ्ना कुराहरू भन्ने र छलफलमा मुक्त चेतनाले सहभागी हुने कुरालाई हतोत्साही गरिएको छ। यसबाट समग्र मुक्तिकामी प्रतिरोध र विद्रोहका सामूहिक सामर्थ्य सङ्कुचनमा परेको छ ।

यसले आम जनमानसमा कोही वामपन्थी हुनु वा नहुनुले, समाजवादी हुनु वा पूँजीवादी हुनुले केही फरक नपर्ने स्थिति बनेको छ। एक हिसाबले समाजवादलाई बदनाम गरिएको छ, बंग्याइएको छ । समाजवाद हात्तीको देखाउने दाँतजस्तो भएको र यो कुरा नेताको भाषण र पुस्तकका अक्षरहरूमा मात्र राम्रो तर वास्तविक जिन्दगीमा अवसरवाद नै प्रमुख कुरा हो भन्ने पुष्टि गर्ने प्रयत्न गरिएको छ ।

## समाजवादको पुनर्दाबी

समाजवादका नाममा पूँजीवादीहरूले नै रजगज गरेपछि, समाजवादलाई बदनाम गरिएपछि अब हामीले समाजवादलाई पुनर्दाबी गर्नुपर्ने भएको छ। हिजो मुक्तिकामी आन्दोलनलाई बर्वरतपूर्वक दमन गर्नेहरूले लोकतन्त्र, मानव अधिकार, गरिबी, सामाजिक न्याय, सहकारी, संरचनात्मक सुधारजस्ता अवधारणाहरू जसरी कब्जा गरे, आज उनीहरूले समाजवादलाई पनि त्यसैगरि सहवरण गर्ने प्रयत्न जारी राखेका छन् । अरु त अरु विचार र वर्गपक्षधरताको विषयलाई शुद्धतावाद भन्ने आरोप लगाएर कम्युनिष्ट झण्डाको आवरणमा नवउदारवादको धन्दा चलाउने बेइमानी पनि खुलमखुला चलाएका छन्। व्यवहारवादको नाममा समाजवादमाथि जो भद्दा मजाक उडाइँदैछ, त्यसले नेपालमा आजको वाम आन्दोलन उत्थान र पतनको दोसाँधमा पुऱ्याएको छ । तर मान्छेले आफ्नो प्रतिरोध र विद्रोहको क्रममा विकास गरेका यी शोषणविरोधी मुक्तिकामी अवधारणाहरूलाई पूँजीवादी कित्तामा चुपचाप छाडेर हामीले आन्दोलनलाई विसर्जन गर्ने कुरै आउँदैन । यी अवधारणाहरू न्यायिक रूपमा नै हाम्रा हुन् । तसर्थ आजको कम्युनिष्ट आन्दोलनको वा बाम आन्दोलनको पुनर्गठन गर्नुपर्ने ऐतिहासिक जिम्मेवारी आजका क्रान्तिकारीहरूको काँधमा आएको छ । यस्तो वाम पुनर्गठनको पहिलो काम नै यी अवधारणाहरूमाथिको पुनर्दाबी हो । यसका लागि सबैभन्दा पहिला हामीले निसंकोच र पुरा निश्चितताका साथ भन्नुपर्छ, समाजवाद भनेको पूँजीवाद होइन । [१८] यो पूँजीवादको विकल्प हो ।

समाजवादका अनेक अनुभवहरू छन्। समाजवादी सङ्घर्षका पनि धेरै अनुभवहरू छन् । सोभियत अनुभव, चिनियाँ अनुभव, क्युवाली अनुभव, उत्तर कोरियाली अनुभव, पुर्वी युरोपका अनुभव । अमेरिकी र बेलायती सङ्घर्षको अनुभव । बोलिभेरियन अथवा, ल्याटिन अमेरिकन क्षेत्रमा अहिले चलिरहेका सङ्घर्षहरूको अनुभव, अफ्रिकी तथा अन्य एसीयाली अनुभव र हाम्रो आफ्नै नेपाली सङ्घर्षको अनुभव आदि । यी तमाम अनुभवहरूका बावजुद, अब हाम्रो समाजवाद यस्तो हुन्छ र यो समाजवाद फलानो दिनबाट यसरी आउँछ भनेर सुनिश्चित गर्न भने सकिदैन । त्यसोभए, पूँजीवाद अस्तित्वमा रहुञ्जेलसम्म समाजवाद सिर्फ

---

18 Lebowitz, Michael 2016: What *is Socialism for Twenty first century (Monthly Review)*

नारा मात्र हो त? आजको दिनमा बाँचेकाहरूको लागि समाजवाद के हो ? कि उनीहरूको जिन्दगीमा यो समाजवाद मनमोहक क्षितिज मात्र हो ? समाजवाद माथिको पुनर्दाबी गर्दैगर्दा यी प्रश्नहरूको सही र प्रष्ट जवाफ पनि खोज्नुपर्छ ।

समाजवाद लक्ष्य त हो नै, तर आज बाँचेकाका लागि समाजवाद त्यो लक्ष्य प्राप्तिको प्रक्रिया हो । यसरी समाजवाद लक्ष्य र प्रक्रिया दुबै रूपमा एकसाथ अस्तित्वमा रहन्छ । लक्ष्य भन्नुको अर्थ, पूँजीवादी शोषणबाट मुक्त भएको समाज व्यवस्था । प्रक्रियाको अर्थ, पूँजी र पूँजीवादको आजको स्वरूप बुझ्ने काममा सामेल हुने र यसलाई बदल्ने काममा तत्पर हुने प्रक्रिया । पूँजीवादविरोधी प्रतिरोध र विद्रोहलाई, सङ्घर्षका विविध आयामहरूलाई सङ्गठित र परिचालित गर्ने प्रक्रिया । पूँजीवादी सङ्कटका अवस्थाहरूबारे राम्रो जानकारी राखेर उपयुक्त परिस्थितिमा समाजवादी प्रयत्नहरू लागु गर्न गराउन सक्ने तयारी गर्ने प्रक्रिया । श्रमजिवि वर्गको ऐक्यबद्धता जोगाउने प्रक्रिया, लोकतन्त्र सुदृढ गर्ने र विस्तार गर्ने प्रक्रिया । वर्गचेतनालाई दह्रोगरि पक्रने र त्यसलाई फैलाउने प्रक्रिया । पूँजीका प्रभाव र प्रभुत्वको ठाउँमा वैकल्पिक प्रभुत्वका लागि के गर्न सकिन्छ, त्यसको तयारी र प्रयोग गर्ने प्रक्रिया । पूँजीवादी राजनीतिक दललाई विस्थापित गरी समाजवादी राजनीतिक दल निर्माणको प्रक्रिया । आजको कम्युनिष्ट पार्टी आजको परिस्थितिमा बन्छ । यसलाई आजको नवउदारवादसँग लड्न भिड्न टिक्न सक्ने ज्ञान बुद्धि सङ्गठनले लैस गर्ने प्रक्रिया पनि आज बाँचेका मान्छेहरूको लागि समाजवाद हो ।

थोरैको हित गर्ने व्यवस्था भएको नाताले पूँजीवादलाई लोकतन्त्रभन्दा ज्यादा गोपनियता, अपारदर्शीताको खाँचो पर्छ त्यसको ठीक उल्टो समाजकै हित गर्ने भएकाले समाजवादलाई लोकतन्त्र अपरिहार्य हुन्छ । त्यसैले विचार, दृष्टिकोण र व्यवहारले नै समाजवादी पार्टी र यसमा लाग्ने मानिसहरूको समाजवादीकरणको प्रक्रियामा प्रवेश गर्नु आजको मानिसहरूको लागि समाजवाद हो । एकथोक भन्ने अर्कोथोक गर्ने त पूँजीवादको आधारभूत चरित्र हो । यसरी पूँजीवादीहरूका लागि विचारको दुनियाँ अलग हो व्यवहारको दुनीयाँ अलग हो । किनकी पूँजीवादले समाजमा झुट बोल्नैपर्छ, साँचो कुरा गरेर पूँजीवाद टिक्दैन । १५ दिनमा अनुहारको गोरोपन देखि लिएर वासिङ पाउडरका चम्किला धुलाईसम्मका नानाथरिका झुटहरू सार्वजनिक सञ्चारमा खुलेआम विना रोकवट प्रसारण

तथा प्रकाशन हुन्छन् । नाफाका लागि वा फाइदाका लागि जे पनि गर्न पाइने नैतिक मूल्यको जगमा उभिएको छ पूँजीवाद । तर समाजवादका लागि भने विचार र व्यवहारको एकरूपता अनिवार्य शर्त हो । यसको नैतिक मूल्य पारदर्शिता र सत्यतामा अडिएको हुन्छ । यस्तो नैतिक मूल्यमा अडिग रहनु, विचार र व्यवहारको भिन्नता नहुने प्रक्रियामा सामेल हुनु, र सोही अनुकुलको जीवनपद्धती निर्माण गर्नु आज बाँचेकाहरूको समाजवाद हो । गरिबको पक्षमा, न्यायको पक्षमा, मानवताको पक्षमा, एकताको पक्षमा, शान्तिको पक्षमा, विभिन्न सामाजिक मुद्दाहरूलाई वर्गसङ्घर्षमा एकताबद्ध बनाउने पक्षमा आफ्ना ज्ञान सीप र क्षमताको अभिवृद्धि गर्नु र त्यसलाई प्रयोग गर्नु आजको समाजवाद हो ।

यसरी आज बाँचेकाहरूको र समाजवाद प्राप्त हुनुभन्दा अगाडिका मानिसहरूका लागि, समाजवाद काल्पनिक नारामात्र होइन यो पूँजीवादीकरणका विपक्षमा बहुआयामिक सङ्घर्षमा सामेल हुने र यसरी सङ्घर्षमा सामेल हुनेहरूसँग हातेमालो गर्दै जाने प्रक्रिया हो । यस अर्थमा आजको समाजवादको महत्वपूर्ण पक्ष एउटा सही दृष्टिकोणमा आधारित समाजवादी पार्टी निर्माणको प्रक्रियामा सामेल हुनु हो । त्यस्तो विचारको निर्माण र त्यसको परिक्षणको प्रक्रियामा होमिनु हो । पूँजीवादका सङ्कटहरू बुझ्ने र त्यो सङ्कटका बेला समाजवादलाई कसरी स्थापित गर्ने भन्ने तयारीमा संलग्न हुनु हो । तयारी कति महत्वपूर्ण कुरा हो भने, अरब स्प्रिङ पर्याप्त वाम तयारीको अभावमा विना निश्कर्ष पुनः पूँजीवादकै बाटोमा लाग्यो । यसका सङ्घर्षका सन्देशहरू अनेक होलान् तर वाम तयारीको अभावमा जे प्राप्त हुनुपर्थ्यो त्यो हुन सकेन । त्यस्तै, छिमेकी श्रीलंकामा सङ्कट आयो, जनता आन्दोलित भए, बहालवाला सत्ता धरमरायो तर पर्याप्त तयारीको अभावमा त्यो सङ्कटलाई क्रान्तिकारी रूपान्तरणको अवसरमा त्यहाँको श्रमिक वर्गले परिणत गर्न सकेन । यस्तो समाजवादी तयारीको अर्को पक्ष वर्ग पक्षधरताको जगमा उभिएको आफ्नो सामुहिकताको दायरा विस्तार गर्दै जानु पनि हो । पर्याप्त सामूहिक तयारीको अभावमा हिजोपनि समाजवादी भनिएका पार्टीहरू फासीवादमा पतन भए । मुसोलिनी आफैँ ट्रेड युनियन आन्दोलनका नेता, श्रमिकहरूका अगुवा, समाजवादका अभियान्ता, समाजवादी पत्रिकाका सम्पादक थिए । [19] तर जब इटालियन

19 Parenti, Michael 1997: *Blackshirts and Reds*

पूँजीपति वर्गले उसलाई मान्यता दियो, आर्थिक सहयोग र सत्ताको साँचो दियो, उसले आफ्नो वर्ग पक्षधरताको कित्ता फेर्न कुनै हिच्किचाहट गरेन । र तिनै श्रमिकहरूको आन्दोलन र सङ्घर्षलाई निर्मम दमन गर्दै फासीवादको (खल)नायक बनेर देखापऱ्यो । पर्याप्त सामूहिक तयारी नभएको इटालियन मजदुर वर्गले फासीवादको उदय रोक्न सकेन । पूँजीवादलाई सास भरिदिने फासीवादको बर्वरता भोग्न सिंगो युरोप अभिषप्त भयो । यी अनुभवहरूबाट यो पनि निश्कर्ष निस्कन्छ कि, हरेक गतिविधिमा पूँजीवादलाई बल प्रदान गर्ने कुनै पनि तरिकाबाट अलगथलग हुने प्रक्रिया पनि समाजवाद हो ।

उल्लेखित प्रक्रियाहरूमा सामेल भएर मात्र हाम्रो समाजवादमाथिको पुनर्दाबी अर्थपुर्ण हुन्छ । समाजवादको पुनर्दाबीको यो सवाल, हाम्रो आफ्नो लागि मात्र हैन, भावि सन्ततीलाई हामीले के हस्तान्तरण गर्छौं भन्ने प्रश्न पनि हो । देख्दादेख्दै ठूलो भएको पार्टीमार्फत् नै समाजवादलाई पूँजीवादले सहवरण गर्ने, यसलाई विकृत र बदनाम गर्ने, दक्षिणपन्थी अवसरवादमा पतन भएका, तर पनि समाजवादी आन्दोलनका हिमायती हौँ भनेर नथाक्नेहरूलाई ठूलो स्वरमा दोहोऱ्याई, तेहेऱ्याई भन्नुपर्ने भएको छ, समाजवाद भनेको पूँजीवाद होइन । समाजवाद भनेको लोकप्रियतावाद होइन । समाजवाद भनेको पूँजीपति वर्गको सेवा गर्ने राज्यमा गरिने भागवण्डा वा मोलाहिजा होइन । समाजवाद भनेको अपारदर्शीता, झुट र षडयन्त्र होइन । समाजवाद भनेको व्यक्तिवाद र व्यक्तिगत लाभहानीको हिसाबकिताब गरेर मुद्दाका कित्ता अदलबदल गर्नु पनि होइन । यो कुनै राजनीतिक स्टण्टबाजी होइन । यो लोकतन्त्रको सुदृढीकरण हो, एजेण्डाप्रतिको निश्ठा हो । समाजप्रतिको जिम्मेवारी हो, आन्दोलनप्रतिको जवाफदेहीता हो । प्रत्येक अन्यायको प्रतिरोध हो । प्रत्येक दमनविरुद्धको जागरण हो । सामुहिकता र वर्गपक्षधरताको दृढता हो । समाजवाद पुँजिवाद विरुद्धको विद्रोह हो । यो क्रान्ति र रूपान्तरण हो । हरेक मान्छे सङ्घर्षमा आफैँ सामेल हुने स्वमुक्तिको यात्रा हो । पूँजीवादी राज्यव्यवस्थाबाट प्रताडनामा परेका ति हजारौँसँग सँगसँगै उभिनु र मिलेर यो अमानवीय व्यवस्थाको ठाउँमा मानवीय व्यवस्थाका लागि लड्नुको आजको समाजवाद हो ।

यसरी आजका मान्छेका लागि लक्ष्य पनि समाजवाद हो र यात्रा पनि समाजवाद नै हो । यात्राका हिसाबले यो आज नै र अहिले नै शुरु हुन्छ । तर लक्ष्यका हिसाबले समाजवाद कहिलेबाट ठ्याक्क शुरु हुन्छ त्यो भने भन्न सकिन्न तर यो किटानीका साथ भन्न सकिन्छ कि समाजवाद, पूँजीवादी शोषणबाट मुक्त भएको समाज व्यवस्था हो । पूँजीवाद पनि मान्छेले नै बनाएको र पछि मुठ्ठीभरका मानिसहरूको स्वार्थमा थोपरिएको व्यवस्था भएकाले (यस हिसाबले पनि मानव निर्मित अर्थात् मान्छेले नै मान्छेमाथि थोपरेको व्यवस्था भएकाले) समाजवाद पनि मान्छेको सामूहिक बुद्धि, चेतना र सामर्थ्यले निर्माण गर्न सकिन्छ भनेर किटान गर्न सकिन्छ । तर यसका लागि हरेक मान्छेका ऐतहासिक भूमिका छ । पूँजीवादका बहुआयामिक हमला र आफ्नो पर्याप्त तयारीको अभावमा पतन र उत्थानको दोसाँधमा वामपन्थी आन्दोलन उभिएको यो परिस्थितिलाई इंगीत गर्दै, भोलि इतिहासको कठघरामा उभ्याएर सन्ततीले 'तिमी कहाँ थियौ त्यतिबेला?' भनेर हामी प्रत्येकको ऐतिहासिक भूमिकामाथि निःसन्देह प्रश्न सोध्ने छन् । त्यतिबेला निर्धक्क भन्न सक्नुपर्छ, सत्ताको मदमा नक्कली आशाका भाषण ठोक्ने र दुनियाँलाई झुक्याउने खेलमा म विलकुल लागिन । पद र सत्ताको लोभमा फसिन । चर्चाका लागि आन्दोलनलाई स्टण्ट र चलखेलको मञ्चमा परिणत गरिन । बरु आन्दोलन निर्माणको पक्षमा, वर्गको पक्षमा, समाजवादको पक्षमा, श्रमजीवी वर्ग पक्षधर ज्ञानको पक्षमा, पार्टी निर्माणको झण्डा बर्कतले भ्याएसम्म बोकिरहेको थिएँ । जसरी एक्लै भए पनि मार्क्सले बोकेका थिए । जसरी पुष्पलालले बोकेका थिए । जसरी ग्राम्सी लडे, रोजाले जीवन उत्सर्जन गरिन् । यस्ता हजारौँ इतिहासका अगुवाहरू झैँ, आन्दोलन पुनर्निमाणको प्रक्रियामा सामेल भएर समाजवाद बचाइरहेको थिएँ भन्ने गौरव संगाल्न सक्नुपर्छ । यति निःसंकोच भन्नेहरूको दायरा जति फराकिलो बनाउँदै जान्छौँ, त्यति नै बलियो गरी अनि सोही गति र गहिराइमा हामीले हाम्रो समाजवादलाई पुनर्दाबी गर्छौं । र भावी पुस्तालाई प्रतिरोध, विद्रोह र समाजवादको एउटा गौरवमय इतिहास हस्तान्तरण गर्छौं ।

❖❖❖

# समाजवादी आन्दोलनको आजको अवस्था



**अर्जुन राई**

अध्यक्ष, समाजवाद अध्ययन केन्द्र नेपाल

## विषय प्रबेश:

हामी समाजवादी विचार, सिद्वान्त, आदर्श, मूल्य मान्यताहरुको अनुयायीहरु हौं । तसर्थ समाजवाद हाम्रो गन्तव्य हो लक्ष्य हो । नेपालको सन्दर्भमा समाजवादको सम्बन्धमा धेरै आगाडी देखि विभिन्न ब्यक्ती व्याक्तित्वहरुले बहस छलफल गरेको पाईन्छ । मुलभुत रुपमा २००६ सालमा पुष्पलाल श्रेष्ठले नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरेसँगै नेपालमा समाजवादको बहसले राजनीति र अन्य क्षेत्रमा समेत औपचारिक प्रवेश गरेको र यस सम्बन्धमा अभिमत प्रकट हुन थालेको मान्न सकिन्छ। २०१५ साल तिर बी.पी. कोईरालाले जमिन जोत्नेको हुनपर्ने र शिक्षा, स्वास्थ्य, रोजगारमा सबैको पहुँच हुन पर्ने भन्दै समाजवाद सम्बन्धी आफ्ना धारणाहरु राखेको पाउन सक्छौं । पुष्पलाल र बी. पी. ले यसरी आफ्ना धारणा राखेपछि नै समाजवाद सम्बन्धी बहस, खोज, अनुसन्धान भएको पाउँदछौं ।

विश्वस्तरको कुरा गर्ने हो भने सूत्रबद्ध, व्यवस्थित र विज्ञान सम्मत  हिसाबले समाजवादको व्याख्या र परिभाषा सन १८४८ पछि कार्लमार्क्स र एंगेल्सले नै गरेका हुन । त्यस अघि पनि समाजवादीहरु थिए तर उनिहरु काल्पनिक समाजवादी थिए । दासयुगको चरम अत्याचार र अपराध देख्न, भोग्न नसक्नेहरुले अन्याय, अत्याचार र बिभेद रहित समाजको कल्पना गर्दथे । दर्दनाक हिसाबले मानवियताको हरण भएको दासयुग कालमा अनेकौं काल्पनिक समाजवादीहरु अस्तित्वमा त थिए तर उनिहरुसँग त्यस्तो समाज कसरी निर्माण गर्न सकिन्छ भन्ने बारेमा कुनै वैज्ञानिक विचार, ठिक दृष्टिकोण, सुत्र वा बाटो थिएन  न त कुनै संघर्षको कार्यक्रम नै थियो । त्यस्तो आदर्श समाज निर्माणको अभ्यासहरु पनि भए तर समाज निर्माण गर्ने संघर्षको रुप तय गर्न नसक्दा अभ्यासमा नै सिमित रहे र त्यस्ता अभ्यासहरु दासयुग काल भरी र दासयुगको समाप्ती पश्चात् प्रारम्भ भएको सामन्तीयुग भरी चली नै रह्यो । आज पनि नेपाली समाजमा राम राज्यको चर्चा गर्ने गरिन्छ तर त्यस्तो राम राज्य कसरी स्थापित हुन्छ त भन्ने बारेमा स्वयम् राम राज्यको चर्चा गर्नेहरु नै मौन छन् ।

१८४८ पछि विचार, राजनीति, समाज, राज्य र मान्छेको हकमा विश्व दुई ध्रुबमा बिभाजित हुन पुग्यो । नेपाली समाज पनि त्यस भन्दा पृथक रहन सकेन । एक खालेहरु सृष्टिवादी कुरा गर्छन र अर्का थरी विकासवादी कुरा

गर्छन । एकखालेहरु आजसम्म जे-जस्ता परिवर्तनहरु भए, घटनाहरु घटे ती सबै ईश्वरिय देन हो र मान्छे खुद पनि ईश्वरको वरदान हो भन्नेहरु छन भने विकासवादीहरु भौतिक परिस्थितिको उपज अनि संघर्ष र रुपान्तरणको प्रकृयाहरुबाट मात्र सम्भव भएको ठान्दछन । एकखालेहरु निजी कुरा गर्छन, प्राप्ती प्रती प्रतिस्पर्धाको कुरा गर्छन भने अर्को खालेहरु सामुहिकत्वको कुरा गर्छन र संघर्ष, रुपान्तरण, उन्नती, प्रगती र प्राप्तीमा सहकार्यको कुरा गर्छन । तिनै एकखालेहरु मान्छे मारेरै भए पनि, शरीर बेचेरै भए पनि अथवा जसरी नि नाफाको मात्र कुरा गर्छन र अर्काथरीहरु जसरी पनि नाफा र निजी प्राप्ती गर्ने कुराको विरुद्धमा हुन्छन अनि मानवियताको वकालत गर्छन ।

यस हिसाबले समकालीन विश्व समाज दुई कित्तामा उभिएकै छ । हामी सामुहिकत्वमा, समानतामा, सहकार्यमा र मानवियताको पक्षमा उभिनेहरु निश्चय नै समाजवादी ध्रुवमा छौं । समाजवादलाई लक्ष्य ठान्दछौं ।

## आखिर के रहेछ त समाजवाद

यस सम्बन्धमा विश्व स्तरमा प्रशस्त बहसहरु भएका छन । विचार निर्माण र पुनर्निर्माण भएका छन । आन्दोलन र संघर्षहरुले ईतिहास रचेका छन । फरक पृथक अनुभवहरु छन । त्यसैले होला परिभाषाको कोणहरुमा विविधता नि पाउँदछौ । नेपालकै सन्दर्भमा पनि बी.पी. कोईरालाले प्रजातान्त्रिक समाजवाद भने । पुष्पलाल लगायत कम्युनिष्ट राजनीतिमा आवद्धहरुले बैज्ञानिक समाजवादको कुरा गरे । समाजवाद मात्रै भने पनि पुग्छ, यसलाई कुनै थप विशेषण जोड्न जरुरी छैन भन्नेहरु पनि छदै छन । यी भनिएका समाजवादहरुको सम्बन्धमा हेर्दा विशिष्ट हिसाबले पक्कै फरक छन तर सामान्यतया यसको आधारभुत पक्षहरु, बिशेषता र मोटो हिसाबले अबधारणाहरुमा समानता पाउँदछौ । तर बी.पी. कोईरालाले प्रजातान्त्रिक समाजवाद सम्बन्धी बिस्तृत र सूत्रबद्ध ढंगले छुट्टै कृति लेख्नु भएको वा सार्बजनिक गर्नुभएको पाँईदैन । फुटकर लेखहरुमा वा आफ्नो मन्तब्यहरुमा भने समाजवाद सम्बन्धी अवधारणाहरु राखेको पाउन सक्छौं । पुष्पलाल लगायत कम्युनिष्ट राजनीतिमा आवद्धहरुले बढी नै लिखित रुपमा र आफ्ना पार्टीको प्लेनमहरुबाट समाजवाद सम्बन्धी विचार र अवधारणाहरु पास गराएर सार्बजनिक

गरेको पाउँदछौ । यी सबै व्याख्या, विश्लेषण, अवधारणाहरु सुन्दा, मनन गर्दा र बुझ्दा समाजवाद भनेको मान्छेको जीवन सकारात्मक रुपले बदल्ने वैज्ञानिक सिद्धान्त रहेछ । विभिन्न कालखण्डमा दुनियाँभर जे जस्ता विचार, सिद्धान्त र दर्शनहरुको उत्पादन वा प्रतिपादन भए ती सबै मानव जीवन कै लागि भए । भलै कतिपय सिद्धान्तहरु मुठिभरका शासक, शोषक, सामन्त, मालिक वर्गका लागि लेखिए वा उत्पादन गरे भने अधिकांश सिद्धान्तहरु समग्र मानव जगतको हितको लागि प्रतिपादित गरिए । समाजवादी सिद्धान्त त्यही समग्र मानव जगतको हितको निम्ति लेखिएको सिद्धान्त हो । अझ भनौं मानव जिवनले व्यहोर्न परेको तमाम खाले विभेद, दुःख, अभाब, असमानता, गरिबी, अन्याय, अत्याचार, अमानबियता, निचताको बिरुद्ध र न्याय, समानता र मानवियताको पक्षमा वकालत गर्ने, समाजमा लागू गर्ने र अघि बढाउँदै समग्र मानव जगतलाई मुक्तिको मार्गमा डोऱ्याउने मुख्य सिद्धान्त, विचार, कार्यक्रम हो । यो समानताको जगमा उभिएको सामाजिक व्यवस्था पनि । नेपाल भुमीबाटै मानवतावादी दर्शन संसारभर सम्प्रेसण गर्ने गौतम बुद्वको बुद्व दर्शनलाई पनि समाजवादी चिन्तन, विचार र दर्शनको श्रोत र ईतिहास मानिन्छ । संसारभरका दार्शनिक, विचारक, लेखक, अर्थशास्त्री, मानवशास्त्री, राजनीतिशास्त्रीहरुले समाजवाद सम्बन्धी धारणा र दृष्टिकोणहरु ब्यक्त गर्नु भएको छ । नेपाल खुला विश्वविधालयका दर्शनशास्त्रका प्राध्यापक डा. खगेन्द्र प्रसाईं लेख्नुहुन्छ " अनेक माध्यमहरु अपनाई धेरैको सम्पत्ति खोसेर थोरै र सिमित मान्छेहरुको हातमा केन्द्रीकृत गर्ने पूँजीवादी व्यवस्थाको अन्त्य गरि स्थापित गरिने आर्थिक, सामाजिक, राजनैतिक प्रणाली वा व्यवस्था नै समाजवाद हो ।"

'A history of Socialism' का लेखक थोमस क्रिक्रुप भन्नुहुन्छ "समाजवादको आधार आर्थिक प्रणाली हो । यही आर्थिक प्रणालीले मान्छेको समस्त आयामहरुमा परिवर्तन गर्दछ । "त्यस्तै राजनीतिक अर्थशास्त्र र न्यायाशाष्त्रको प्रोफेसर विलियम ग्राहमले "सामुहिकता नै समाजवाद हो । उत्पादनको समस्त साधनहरु जस्तै जल, जमिन, जंगल लगायत पूँजीमा समेत सम्पुर्णको समान पँहुच हुन पर्दछ र त्यसमा राज्यको भूमिका अनिवार्य रहनु पर्दछ ।" भनेर लेखेका छन । स्वीजरल्याण्डका प्रसिद्ध अध्यात्मिक लेखक तथा दार्शनिक भिक्टर क्याथरिन भन्छन "समाजवादमा उत्पादनको सम्पुर्ण साधनहरु समाजको साझा सम्पत्तिको रुपमा रहन्छ र उत्पादन अनि बितरणमा बैज्ञाजिक विधि र प्रणाली अपनाईन्छ। त्यस कामको

सम्पादन समाजवादी राज्यले गर्नेछ।" दार्शनिक कार्लमार्क्स र एंगेल्सले समाजवादको सम्बन्धमा "पूँजीवादी समाज र साम्यवादी समाजको बीचको सामाजिक व्यवस्था हो। यस मानेमा पुर्ण समानताको युगतिरको संक्रमण कालिन अवस्था हो । यस अवस्थामा सामन्तवाद र पूँजीवादको अवशेषहरु रहेता पनि मान्छेहरुको स्वतन्त्र हिसाबले विकास हुन सक्ने प्रत्याभुत रहन्छ ।" अर्थराजनीतिक विश्लेषक हरि रोका लेख्नु हुन्छ "ईतिहासकै गर्भबाट लोभ र प्रतिस्पर्धा जन्मिए । प्रतिस्पर्धा र लोभबाटै अन्याय र अत्याचारको शुरुवात भयो। यी दुवैबाट मुक्ती पाउन असिमित मानिसहरुले सिमित मान्छेहरुको विरुद्व संघर्ष गर्नु पर्ने भयो । अन्याय, अत्याचार आम समाजको विरुद्ध  हुन थाले पछि संघर्ष पनि सामूहिक बन्न पुग्यो । सामूहिक संघर्ष सजिलो विषय होईन । त्यसैले शोषण, अन्याय र अत्याचारबाट मुक्ती पाउन सामाजिक उद्देश्य सहितको योजना, विचार र रणनीति तर्जुमा गर्नुपर्ने हुन्छ । यहि तर्जुमा गर्ने क्रममै समानता र सामुहिकत्वमा आधारित विचारको निर्माण हुन पुग्यो जसलाई समाजवादी विचार भनेर हामी बुझ्दछौं । समाजको हितमा समाजमै घुलमिल भएर समग्र समाजको लागि अर्थपूर्ण काममा सहभागी हुनु, प्राकृतिक वातावरणलाई जोखिम मुक्त बनाउनु, भौतिक सुबिधाको जोहो गर्दै सबैको हकमा जिवनलाई सहज बनाउनु, गास, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारीमा सबैको पहुँच पुऱ्याउनु, बस्तु तथा सेवा उत्पादन र बितरणमा समानता कायम गराउनु, भातृत्व, ऐक्यबद्धता, सांस्कृतिक सद्भाव कायम राख्नु पनि समाजवाद नै हो । त्यसैले समाजवाद आर्थिक, सामाजिक प्रणाली हो। जहाँ मान्छे मान्छे विच भेदभाव, असमानता, अन्याय, अत्याचार हुँदैन ।"

उल्लेखित विचारहरुको मनन गर्दा समाजवाद मानव जिवनलाई सकारात्मक प्रभाव पार्ने, लागू गर्ने गराउने राजनैतिक, आर्थिक, सामाजिक प्रणाली हो, व्यवस्था हो। यो न्याय र समानताको सिद्धान्त हो । मानिसहरुलाई योग्य, उन्नत र समृद्ध बनाउने दर्शन पनि हो । योग्यता अनुसारको काम र काम अनुसारको ज्याला पाउने नीति नियमको सुचालक हो। यसले हरेक मानिसहरुलाई स-सम्मान बाँच्न पाउने ग्यारेन्टी गर्दछ । राज्य निर्देशित शिक्षा, स्वास्थ्य, रोजगार समाजवादको मेरुदण्ड हुन । आत्मनिर्भर अर्थतन्त्रको निर्माण र स्वाभिमानी, स्वावलम्बी पंक्तिको निर्माण पनि समाजवादसँगै जोडिएको छ । अतः समाजवाद हाम्रो लक्ष्य हो । प्रमुख राजनैतिक विषय पनि हुँदै हो । लक्ष्य हासिल गर्नको निम्ति

राज्यको नीति, नियमको परिवर्तन र अभ्यास हाम्रो लागि अहम सवाल हो । सिद्वान्त र व्यवाहरको तालमेल, सोच र शैली उस्तै प्रमुख कुराहरु हुन । व्यक्तीले आफूबाट समाजवादी शैलीको प्रदर्शन गर्नु पनि कमको कुरा होईन । समग्रमा सामन्ती सोच, शैली र व्यवहार, दलाल पूँजीवाद, वित्तीय पूँजीवादको विरुद्ध सचेत र सामूहिक हिसाबले संघर्ष गर्नु र समाजवाद प्राप्तीको आधार तयार गर्नु मुख्य कार्यभार हो ।

## के नेपाल समाजवाद उन्मुख छ त ?

समाजवाद बोलेर, लेखेर, भाषण गरेर, संविधानमा दुई हरफ उल्लेख गरेर, पार्टीहरुले घोषणा गरेर मात्रै स्थापित हुने कुरा होईन रहेछ । यस बारेमा हिजो भन्दा आज बहसको मात्रा भने बढेको हो कि भन्न सम्म सकिन्छ । राज्यले आफूभित्र विषय प्रवेश पनि गराएको छ तर यतिले मात्रै समाजवादको लक्ष्य हासिल गर्ने दिशामा काबिल सिद्ध हुने कुरा असम्भव देखिन्छ । खास गरि समाजवादलाई लक्ष्य लिएका राजनैतिक र सामाजिक समूहहरुको विभाजित अवस्था, उनिहरुको सत्ता मोह, बैयक्तिक टकराव, विभिन्न काल खण्डमा उनिहरुमा देखिएको सैद्धान्तिक र व्यवाहरिक विचलनको कारण नै समाजवादको आधार तयार गर्ने विषय टाढिएको हो । कतिपय सन्दर्भमा उनिहरुको ईमान्दारिता र वैचारिक प्रतिवद्धता माथी नै शंका गर्नुपर्ने ठाउँहरु प्रशस्त छन । जनताहरुले चेतन वा अवचेत जे ले भएपनी वाम कम्युनिष्टहरुलाई अथाह सौर्य र शक्ति प्रदान गरेपछि विचार र लक्ष्य अनुरुप सत्ता सञ्चालन गर्न नसक्नु दुर्भाग्यपूर्ण मान्नु पर्दछ । एकातिर सत्ता सञ्चालनको उपकरणहरुको सहि प्रयोग गर्न नसक्नु अर्को तिर आम जनताहरुलाई समाजवाद बारेमा उचित प्रशिक्षित गर्न नसक्नु दुबै तिर कमजोरी नै कमजोरी देखिन्छ । परिणामस्वरूप आजको राष्ट्रिय राजनीतिमा जस्तो परिदृश्यहरु प्रकट भएका छन र जनस्तरमा जस्तो प्रवृत्तिहरु हाबी हुँदै गएको छ त्यो पक्कै पनि हाम्रो लागि सुःखद पक्ष होईन । नेपालका वामपन्थीहरुको सत्ता बाहिर हुँदा र सत्तामा हुँदा कथनी र करणीमा आकास जमिनको फेरबदल देखिन्छ । किन यस्तो हुन्छ त ? विचार गर्दै जाँदा समाजवादी लोककल्याणकारी राज्यको अनुभुत दिलाउन आवश्यक पर्ने कानुन, नीति, नियमहरु प्राय उहीँ थोत्रा र समय गुज्रेकाहरुद्वारा

काम गर्नपर्ने अवस्था विधमान छँदै छन । ती कानुनहरुको नवनिर्माण गर्ने, अधावधिक गर्ने र समाजवाद उन्मुख बनाउने कुरामा समाजवादलाई लक्ष्य बनाएका शक्तीहरु नै संसद र सत्तामा यथेष्ट संख्यामा हुँदा समेत सार्थक प्रयास गर्न नसक्नु आश्चर्यको बिषय बन्न पुगेको छ। उदाहरणको लागि नेपाललाई कृषि प्रधान देश भनियता पनि यस क्षेत्रलाई व्यवस्थित गर्ने, नियमन गर्ने, निर्यातमुखी बनाउने र राष्ट्रिय अर्थतन्त्रमा प्रमुख योगदान गर्न सक्ने बनाउने कृषि ऐन समेत आजसम्म बन्न सकेको छैन । समाजवादको प्रमुख विषय मध्ये एक शिक्षा क्षेत्र हो । राज्यद्वारा उपयुक्त शिक्षाको ग्यारेन्टी समाजवादले परिकल्पना गर्दछ। दुर्भाग्य मान्नु पर्छ हामी सँग २०२८ को शिक्षा ऐनले नै आज सम्म काम गर्नु परेको छ। नयाँ संविधान २०७२ को मर्म, भावाना र प्रावधान अनुरुपको नयाँ शिक्षा ऐन निर्माण हुन नसक्नु अत्यन्त खेदजनक विषय हो । त्यस्तै स्वास्थ्य क्षेत्रलाई पनि समाजवादको मुल विषय मान्दछ। नेपालको नयाँ संविधान अनुरुपको स्वास्थ्य ऐन बन्न सकेको छैन र अधावधिक पनि छैन । शिक्षा र स्वास्थ्य क्षेत्रको व्यापारिकरण समाजवादले कल्पना गरेको छैन । यसर्थ सरकारी विद्यालय र अस्पतालहरुको राज्यद्वारा व्यवस्थापन गर्ने, उच्च स्तरको सेवा उत्पादन गर्ने र परिणाममुखी बनाउने कुरामा हामी चुकेकै छौं । न नीति नियम बन्छ न उपयुक्त र ठोस पहलकदमी गरिछ ! रोजगारको क्षेत्रमा त झन हरिबिजोग अवस्था छ । उधोगधन्दा, कलकारखानाहरुको अवस्था कन्थबिजोग छ। भएका उद्योगहरु प्राय बन्द अवस्थामा छन र केही सञ्चालित पनि रुग्ण अवस्थाबाट गुज्रिरहेको छ । यस सम्बन्धमा औपचारिक हिसाबले ऐन नीति बने पनि कार्यान्वयनको पक्ष अत्यन्तै कमजोर अवस्थामा छ । हाम्रा विद्यालय र विश्वविद्यालयहरुको व्यवस्थापन र पाठ्यक्रम युगानुकुल, रोजगारमुलक, स्वरोजगारमुलक र माटो सुहाउँदो बनाउने कुरामा उदेक लाग्दो आलस्यता देखिन्छ । फलस्वरुप मध्यम वर्गीय जनशक्ती आज विदेश पलायनको तिव्र गतिमा छ । आधारभुत वर्गका जनशक्ति खाडी जान विवश छ र उच्चतहका मानिसहरु यी सबै कुराहरुबाट बेखबर देखिन्छन् । अरु त अरु स्वयम् समाजवादको गाथा गाउने वाम पार्टीहरुले आफ्नो कार्यकर्ता पंक्ती कस्तो उत्पादन गरिरहेको छ भन्ने कुरालाई हेर्ने हो भने झनै विस्मयकारी देखिन्छ । सचेत भनिने कार्यकर्ता पंक्ति पनि आलोचनात्मक हुनुको सट्टा बडो

प्रतिक्रियात्मक, अन्धभक्त र दास मानसिकताको द्योतक जस्तो बन्न पुगेको आभास मिल्छ । यसबाट हामी अनुमान गर्न सक्छौं कि सचेत पंक्तिको यो अवस्था छ भने जनतहको अवस्था कस्तो होला? यसबाट हामी भन्न सक्छौं कि समाजवादलाई आदर्श मान्नेहरुबाट नै उचित पहल, अभ्यास र ईमान्दारिताका साथ समाजवाद उन्मुख अभियान अगाडि बढ्न सकेको छैन । हामी ईमान्दार थियौं भने जो शक्तीमा छ उसैले मात्र राज्यश्रोत माथी एकलौटी गर्ने अवस्थाको अन्त्य हुनुपर्ने थियो । यस्तो घोर अन्यायपुर्ण र एकलौटी बितरणको अन्त्य हुनु पर्थ्यो । असमान बितरणले हामीलाई कसरी समानता तिर लैजान्छ ? यदि हामी ईमान्दारिताको साथ अघि बढेको भए आवश्यक नीति नियमहरुले नियमन गर्ने अवस्थामा पुगि सकेको हुने थियौं । हाम्रा लक्ष्य अनुसारको आवस्यक्ताहरुको पहिचान र प्राथमिकिकरण हुने थियो । सोही अनुरुप क्रमशःसमस्याहरुको समाधान हुँदै जाने वातावरण बन्ने थियो । न त हामीले आज पशुपतिनाथमा जलहरीको कुरा गर्नुपर्ने थियो, न त भ्युटावरको विरोध गर्नुपर्ने थियो । कुनै न कुनै रुपमा सत्ता र शक्तिको आड लिएर राष्ट्रिय ढुकुटी दोहन गर्नेहरुको यहाँ चर्चा गर्नै पर्ने थिएन चाहे यति काण्ड, ओम्नि काण्ड, बतास काण्ड भन्नुस चाहे सरकारी जग्गा व्यक्तिको नाममा सार्ने घटना होस । एनसेलको कर छुट, ठोरीको राम मन्दिर, सरकारी संस्थाहरुको निरन्तर घाटा र ओरालो यात्रा, ठुला -ठुला भ्रष्टाचार देखि तल-तल कार्यकर्ताहरुलाई उपभोक्ता समितिको नामहरुमा गरिने कमिशन र व्यथितीको कुरुप दृश्यहरु पनि सुन्नु देख्नु पर्ने थिएन । मिथकिय भान हुने रोमानी कुरा र उडन्ते योजनाहरुले मात्रै समाजवादको यात्रा पूरा हुन नसक्ने कुराको चेत हामीमा फर्किन सके पनि एक कदम प्रगतिशिल हुने थियो । यी यस्ता अनेकौँ व्यथिती, भ्रष्टाचार र काण्डहरुले जनस्तरमा निराशा र आक्रोश पैदा गराएको अवस्था छ । यसको मुख्य जिम्मेवार पनि समाजवादी भनिने र समाजवादको नारा लिएर सत्तामा पुग्नेहरु नै हुन । विगत केही वर्षहरु यता हेर्ने हो भने समाजवादको कुरा गर्नेहरुमा नै सैद्धान्तिक, व्यवहारिक र शैलिगत हिसाबले नै भयंकर विचलनमा फसेको अनुभुत गर्न सकिन्छ । झनै डरलाग्दो पक्ष त के छ भने नेपालको अर्थतन्त्रमा राष्ट्रिय पूँजीको हाबी नभई निश्चित तह, समूह, सत्ता र शक्तीको दलाली गरि राष्ट्रिय ढुकुटी माथी ब्रम्हयलुट गर्नेहरुको हाबी प्रष्ट देखिन्छ । यसर्थ

हाम्रो अर्थतन्त्रको चरित्र यति भयानक, अमानविय, राष्ट्रिय ढुकुटीमाथीको दोहन, अवैज्ञानिक वितरणमुखी छ कि, यसबाट एक खाले मान्छेहरु झनझन धनी बन्दै जाने र एक खाले जस्ताको तस्तै रहिरहने अवस्था रही असमानताको खाडल डरलाग्दो रुपमा बढ्ने देखिन्छ । यस अवस्थाबाट पार पाउन समाजवादको लक्ष्य बोकेर सत्ता र शक्तीमा पुगेकाहरु नै सम्पुर्ण हिसाबले बिचलित छन अनि सचेत पंक्ती निर्माण गर्नुको सट्टा भिड खडा गरिरहेका छन भने हामी समाजवाद उन्मुख छौं कि छैनौ त ! यो सहज अनुमान गर्ने विषय हो ।

## सम्भावना:

समाजवाद अवस्यम्भावी हो भन्ने म बुझ्दछु । यो बृहत्तर हिसाबले जगतको बिकास र रुपान्तरणसँग जोडिएको विषय हो । कुनै पनि वस्तु, भौतिक परिस्थिति वा जीवन र जगतको सम्पूर्ण चिजहरु यथास्थितीमा रहन सक्दैन । विज्ञानले यही भन्दछ । एकातिर आज विश्वभर जसरी पूँजीवादमा एक पछि अर्को संकट देखा परिरहेको छ भने अर्को तर्फ एशियाको कतिपय मुलुकहरु, युरोपका मुलुकहरु र ल्याटिन अमेरिकाका धेरै मुलुकहरुमा समाजवादी अभ्यासहरु भईरहेको र सकारात्मक दिशातर्फ उन्मुख भएबाट पनि हामी बुझ्न सक्दैछौं कि विश्व समाजवादतर्फको संक्रमणमा तिब्र हिसाबले हेलिदैं गएको छ । नेपाली समाजको सन्दर्भमा पनि समाजवाद तर्फको संक्रमण वा आधार तय हुने गर्ने कुरा बाह्य र आन्तरिक कारणले स्वत: प्रभाव पर्ने नै भयो । हाम्रो आन्तरिक कुरा गर्दा माथी उल्लेख गरेको विषयहरु यथार्थ हुन । बुझ्नपर्ने त्यति मात्रै होईन अझै अनेकन बहुविषयहरु छन जुन कुराहरु हाम्रो समाजवाद तर्फको यात्राको बाधक बनिरेका छन् । यति हुंदाहुँदै पनि चेतनका साथ समाजवादप्रती प्रतिवद्ध ठूलो पंक्ति हामी सँग छदैं छ । यहि पंक्तिले आगामी दिनहरुमा समाजवादी क्रान्ति सम्पन्न गर्ने मुल अभिभारा पूरा गर्नेछ । बिगतमा भयंकर तरिकाले कम्युनिष्ट पार्टीहरुमा सिद्धान्त, विचार, सोच, व्यावाहर र शैलीमा डरलाग्दो बिचलन देखिएता पनि त्यसभित्र वामपन्थ र समाजवादको जिवन्त अंश काफी अवस्थामा छ । यस मानेमा हाम्रो समाजवादको यात्राको सम्भावना जिवित छ, अवस्यम्भावी छ । यस सम्भावनालाई विराट र फराकिलो बनाउँदै लैजाने जिम्मेवारी हाम्रै काँधमा छ ।

❖❖❖

# समाजवाद र महिला आन्दोलनको वर्गीय पक्ष



**अधिवक्ता करुणा पराजुली**
प्रमुख, कानुन विभाग अनेमसङ्घ (समाजवादी)

समाजवादी आन्दोलन आम मान्छेको खासगरि शोषणमा परेका श्रमजीविहरुको मुक्तिको आन्दोलन हो । यो आन्दोलनमा के पुरुष, के महिला हरेक श्रमजीविको सहभागिता अपेक्षित छ । समाजवाद पुरुषले मात्रै संघर्ष गरेर निर्माण गर्ने व्यवस्था होइन । अझ प्रष्ट भन्नुपर्दा महिलाहरुको उपस्थिति, अगुवाइ र सहभागीता विनाको समाजवादी आन्दोलन असम्भव छ । अर्को कोणबाट हेर्दा, समाज विकासक्रममा विभिन्न ऐतिहासिक कारणहरुले पछाडि पारिएका, स्रोतको स्वामित्वबाट बञ्चित गरिएका महिलाहरुको सवालमा समाजवादी आन्दोलन अझ अपरिहार्य छ । तर आज हामी जुन समयमा उपस्थित छौं, यो समयमा उभिएर हेर्दा हरेक श्रमिक (महिला, पुरुष वा अन्य) समाजवादी आन्दोलनको कर्ता हो ।

तर के सबै महिला समाजवादको लक्ष्य बोकेर आन्दोलनमा होमिन्छन् त ? के समाजवादका लागि वर्ग निरपेक्ष सोलोडोलो एउटै महिलावाद वा सबै महिलाको साझा आन्दोलन निर्माण हुन्छ त? वा आवश्यक छ त ? आज महिलावादका नाममा जेजस्ता बहसहरु चलिरहेका छन्, हामी महिला महिला एक हौँ भन्ने जस्ता नाराहरु जसरी सतहमा प्रकट भईरहेका छन्, महिला मामलाका जेजस्ता विषय छलफल र बहसमा आउँछन् यसबारे सुस्पष्ट समझ नराखी आजको समाजवादी आन्दोलनलाई सार्थक बनाउन सकिँदैन ।

समाजवादका लागि जसरी सबै पुरुषहरु यो आन्दोलनमा लाग्दैनन्, त्यसैगरि सबै महिला पनि यो आन्दोलनमा लाग्दैनन् । यो हुनु त ज्यादै राम्रो कुरा हो । तर वर्गीय समाजमा यो कुरा काल्पनिक हो । एक थरिलाई समाजवाद अति जरुरी छ किनकि पूँजीवादको शोषणबाट उनीहरु मुक्त हुन चाहान्छन् । अथवा उनीहरुले चाहे पनि नचाहे पनि समाजवाद विना उनीहरुको मुक्ति सम्भव छैन । अर्कोथरि महिलाहरुलाई भने आफू समानका पुरुषहरुको स्थानमा पुग्ने रहरका लागि मात्र महिला आन्दोलन चाहिएको छ । उनीहरुलाई व्यवस्थाले प्रदान गर्ने सुविधा र अवसरहरु हात पार्नु छ । शासनको आसनमा आफू बस्नु छ, चाहे त्यो व्यवस्था जतिसुकै असमान, अस्थिर र अमानविय नै किन नहोस् । चालु समाजव्यवस्थाका मान्यता र प्रणालीमा चाहे जतिसुकै विभेद किन नहोस्, शोषण किन नहोस् । समग्र शोषणको अन्त्य र हरेक श्रमिक महिलाको मुक्तिको

सवाल उनीहरुको चासो र सोचाइको परिधिभित्र पर्दैन । यो कुनै आश्चर्यको कुरा होइन, यो वर्गीय समाजको अति स्वभाविक विशेषता हो ।

हामी बाँचिरहेको यो समाजमा अन्तरनिहित विभेद, असमानता, शोषणको निर्मुलीकरण यही पूँजीवादी व्यवस्थामा सम्भव नै छैन । तसर्थ समाजवाद आवश्यक परेको हो । तर यो समाजवाद यसै आफसे आफ प्रकट हुँदैन । अर्थात मुक्ति आँफै मानिसको जिन्दगीको ढोका ढकढक्याउँदै बास माग्दै मानिसको जिन्दगीमा आउँदैन । मुक्तिका लागि संघर्ष जरुरी छ । अर्थात समाजवादका लागि संघर्ष जरुरी छ । यस्तो समाजवादी संघर्ष श्रमिक महिलाका लागि अनिवार्य कुरा हो भने, पूँजीपति वर्गका महिलाका लागि यो समाजवादी संघर्ष आवश्यक कुरा नै होइन । बरु उल्टै यसको विपरित उनीहरु खडा हुन्छन् । यो आधारभूत वर्गीय पक्ष नबुझिकन, यसबारे प्रष्ट दृष्टिकोण नबनाइकन समाजवादी आन्दोलनलाई ठीक निश्कर्षमा पुऱ्याउन सकिँदैन । बरु उल्टै आन्दोलनले सही दिशा गुमाउँछ र पूँजीवादी महिलाका स्वार्थको गोलचक्करमा समाजवादी आन्दोलन रुमल्लीन पुग्छ । तसर्थ महिला आन्दोलनको समाजवादी पक्ष र पूँजीवादी पक्ष आधारभुत रुपले नै भिन्न पक्ष हुन् । यसलाई गहिरो गरी आत्मसात गरेर मात्र आजको समाजवादी महिला आन्दोलनको कार्यभार तथा कार्यदिशा निर्धारण गर्न सकिन्छ ।

समाजवाद अभ्यास गरिएका भनिएका देशहरुमा पनि महिलाको, समाजवादी आन्दोलनमा कस्तो सहभागिता र कार्यभार हुने हो भन्ने कुरामा शुरुवातदेखि नै बहस थियो । समाजवादी आन्दोलनमा छुट्टै महिला संगठन र परिचालनका विधिहरु बनाउने कि नबनाउने, उनीहरुको भुमिका कस्तो हुने ? वर्गीय आन्दोलनको अलावा निवर्गीय रुपले सबै महिलाहरुको एकै खाले मुक्तिका साझा आकांक्षा छन् कि छैनन् जस्ता सवालहरु निरन्तर बहसमा छन् । कतिपय त बहस मात्र हैन, विवादहरु छन् । कतिपय अवधारणाहरु आन्दोलनका क्रममा स्थापित पनि भएका छन् । कतिपय विषयवस्तु आन्दोलनलाई दिग्भ्रमीत पार्न, समाजवादको आन्दोलनलाई दिशाहीन बनाउन र संघर्षका प्रक्रियालाई गोलमटोल पार्न आजको शासक वर्गले निरन्तर प्रयास गरिरहेको छ ।

समाजवादका लागि संगठीत महिला आन्दोलनका वर्गीय पक्षबारे बुझ्न र सो अनुरुप आजका कार्यभार निर्दिष्ट गर्न कतिपय पुराना सन्दर्भहरुलाई केलाउन

जरुरी हुन्छ। इतिहासको संघर्षका ती विरासतहरुले र त्यसबेलाका बहसमा प्रकट भएका दृष्टिकोणहरुले, आजको समाज बुझ्न, यसलाई बदल्ने आन्दोलनको रुप र प्राथमिकता तय गर्न दिशानिर्देश गरिरहेको हुन्छ । यसै कुरालाई मनन गर्दै समाजवादी आन्दोलनकी अग्रणी नेतृ अलेक्जेन्द्रा कोलोन्ताइलाई यहाँ स्मरण गरौँ।

रुसी क्रान्तिकारी अलेक्जेन्द्रा कोलोन्ताईले जारशाहीको क्रूरता र राजनीतिक उत्पीडनका विरुद्ध साथै पूर्वसोभियत सङ्घमा क्रान्तिका बेला महिला र श्रमिक वर्गलाई परिचालन गर्न महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् । सन् १९१७ मा अक्टोबर क्रान्ति भएको वर्ष अर्थात् जार सत्ता ढालेर बोल्सेभिक सत्तामा पुगेको वर्ष, यसको सुरुआततिर जारका सेना र सरकार प्रथम विश्वयुद्धमा सहभागी भएका कारण रुसको अर्थतन्त्र खस्किएको थियो । त्यसबेला भएको खाद्यान्न र आधारभूत उपभोग्य वस्तुको अभावविरुद्ध मार्च ८ मा श्रमिक महिलाले सेन्ट पिवेर्सवर्गको सडकमा प्रदर्शन गरेका थिए । सो क्रममा उनीहरूले फ्याक्ट्रीका झ्यालमा लाठी र ढुङ्गा हान्दै युद्ध अन्त्य गर्न र लडाइँबाट आफ्ना पुरुषहरूलाई फिर्ता गर्न आह्वान गरिरहेका थिए । यो विद्रोह अन्य सहरमा फैलिरहेको थियो । त्यस्ता विद्रोहमा सिपाहीहरू पनि सामेल भइरहेका थिए । महिलाले सुरु गरेको सो विद्रोह दुई हप्ता पनि बित्न नपाउँदै, तत्कालीन जार निकोलस द्वितीयको गद्दी च्युत गराउने प्रमुख कारण बन्न पुग्यो । जारशाही ढलेलगत्तै, सैनिक र मजदुर मिलेर 'सोभियतहरू' को अस्थायी सरकार स्थापना गरेका थिए । त्यस बेला महिला मजदुर र किसान, आफ्ना पुरुष समकक्षी सँगसँगै क्रान्तिमा होमिएका थिए । यसभन्दा पहिला महिलाहरू हडताल र प्रदर्शनमा भाग लिने सहभागीका रूपमा मात्र उपस्थित हुन्थे तर बोल्सेभिक क्रान्तिका दौरानमा उनीहरू अग्रमोर्चामा सामेल भए र आवश्यक पर्दा हतियार समाउन पनि पछि परेनन् ।

त्यसबेला एकातिर महिलाका नेतृत्वमा १९१७ फेब्रुअरीमा सुरु भएको प्रदर्शन स्वस्फूर्त थियो वा त्यो सचेत राजनीतिक कार्यको परिणाम थियो भन्ने बहस हुन थाल्यो, अनि अर्कातिर बोल्सेभिक पार्टीमा महिलालाई कसरी सङ्गठित गर्ने भन्ने विषयमाथि छलफल सुरु भयो । स्लुत्स्काया र कोलोन्ताई दुवै बोल्सेभिक पार्टीका महिला नेत्री थिए । उनीहरू दुवैले महिलाका लागि पार्टीभित्र छुट्टै संरचनाको माग गरे । त्यतिवेला बोल्सेभिक पार्टीले महिला परिचालन पार्टीको महत्त्वपूर्ण कार्यभार भएको कुरा त

आत्मसात् गऱ्यो तर तिनका लागि स्वायत्त सङ्गठन बनाउने मागको पक्षमा भने उभिएन। महिलाका लागि छुट्टै सङ्गठनात्मक संरचना हुनुपर्ने विषयको पक्षविपक्षमा बहस चलिरह्यो । सो छलफलले महिलाका लागि छुट्टै ब्युरोको सट्टा सन् १९१४ मा प्रकाशन सुरु गरिएको बोल्सेभिक पेपर 'राबोतनित्सा (द वुमन वर्कर)' लाई पुनर्जीवित गरी सोही जर्नलमार्फत महिलाबारे काम गर्ने एजेन्डामा पार्टीले सहमति जनयाँ ।

यो पेपरको प्रकाशनको प्रभावकारिताबारे पार्टी सदस्यबीच बेग्लाबेग्लै धारणा भए पनि महिलामा जागृति भर्न र वर्गीय चेतनालाई दह्रो गरी पक्रन यसले महत्त्वपूर्ण भूमिका खेल्यो । राबोतनित्सा सम्पादकका रूपमा कोलान्ताईले क्रान्तिका लागि निरन्तर सर्वहारा महिलावाद र अन्तरपार्टी महिला सङ्घर्षबारे लेखिरहिन् । यही क्रममा पहिलो समाजवादी महिला पत्रिका, बोल्सेभिक पेपर 'राबोतनित्सा (द वुमन वर्कर)' को मे १९१७ को अंकमा एलेक्जेन्द्रा कोलोन्ताइले एउटा अपिल प्रकाशित गरिन् । उनले यस अपिलमार्फत रुसी श्रमिक महिलाहरूलाई तत्कालीन कार्यभारका रूपमा, श्रमिकहरूको सशक्त सङ्गठन निर्माणमा लाग्न र विश्व समाजवादी आन्दोलनको नेतृत्व गर्न आह्वान गरिन् ।

हाम्रो नेपाली समाजले यति वेला विश्वयुद्ध जस्तो सिधा युद्धको प्रकोप सामना गर्नुपर्ने स्थिति नरहे पनि, विश्वव्यापी फैलिएको पूँजीवादले निम्त्याएको गम्भीर सङ्कट, यसले अन्यत्र थोपरेको युद्ध र आर्थिक नाकाबन्दी, त्यसबाट सिर्जित खाद्यान्न, स्वास्थ्य, शिक्षालगायत दैनिक उपभोग्य वस्तुमा अकासिएको मूल्यले जनताको जीवनमा पारेको असर कुनै युद्धभन्दा कम छैन । यस्तो विकराल आर्थिक सामाजिक अवस्थामा पछाडि पारिएका महिलाको अवस्था झन् कष्टकर छ । नेपालमा सम्पन्न जनक्रान्ति, यसले नेपाली समाजका महिलामा ल्याएको जागरण, विभिन्न कालखण्डको महिला आन्दोलन र तिनले प्राप्त गरेको उपलब्धिको प्रतिफल आज निश्चित वर्गका, निश्चित पहुँच भएका असाध्यै थोरैले प्राप्त गरेका छन् । सबै महिला एक होऔँ, महिला महिला, हामी दिदीबहिनी जस्तो भाइचाराको आवरणमा श्रमिक महिलालाई आफ्नो अभिष्ट पूरा गर्ने भऱ्याङका रूपमा प्रयोग गर्ने गरिएको छ। फलस्वरूप एकातिर आजको पूँजीवादले स्रोतसाधनमा पहुँच राख्ने एकथरी महिलालाई पद, प्रतिष्ठा प्राप्तिको अवसर प्रदान गरेको छ, अर्कातिर श्रमिक महिलाहरू रोजगारीका अभावमा, कोही दुबइ, कतार इजरायल, बहराइनतिर आफ्नो रोजीरोटीका लागि श्रम बेच्न बाध्य छन् ।

यसरी यो आर्थिक राजनीतिक व्यवस्थामा अवसर र पहुँच भएका, अघाएका र अवसर र पहुँचबाट वञ्चित गरिब श्रमिक महिलाको दुई ध्रुव छ। यस्ता असमान महिलाको न लक्ष्य मिल्छ, न प्राथमिकता न त गन्तव्य नै । तसर्थ यी दुई ध्रुवका महिलाको एकैखाले राजनीतिक आन्दोलन हुनै सक्दैन । यही कुरालाई जोड दिँदै कोलोन्ताई भन्छिन्, पूँजीवादी व्यवस्थामा श्रमजीवी महिलाको सङ्घर्षको रूप र लक्ष्य अन्य पूँजीवादी खेमाका महिलासँग नभएर श्रमजीवी वर्गका पुरुषसँग नै मिल्छ। आजको विश्व परिस्थिति, अझ त्यसमा नि पूँजीवादी अर्थव्यवस्थाले चपेटामा पारेका नेपाली महिला र पुरुषका समस्या पनि एक नै छन्। नीजिकरण गरिएका शिक्षा, स्वास्थ्य, दैनिक रोजिरोटिका समस्या, महंगो दैनिकी, र डरलाग्दो गरीबी झेलिरहेका महिलाका लागि आज पनि नवउदारवादी महिलावादीहरुको मागले मुक्तीको बाटोतर्फ अग्रसर गराउँदैन । सांसद हुने, मन्त्री हुने, हाकिम हुने, शासनका विभिन्न तहमा आफूलाई राख्ने, रेस्टुरेण्ट र बारहरुमा पूँजीवादी कित्ताका पुरुषहरु सरह 'सान'का साथ मदिरा र हुक्का सेवन गर्ने भन्दा पर उनीहरुको महिला आन्दोलनले दृष्टि लाउनै सक्दैन । पूँजीवादी व्यवस्था अन्तरगत नै, शासनका हिस्सामा समान सहभागिताको कुरामा महिला आन्दोलनका मागलाई बन्धक बनाउँदै उनीहरु महिला समानता केवल पुरुष विरुद्धको समानता हो भनेर महिला आन्दोलनलाई खुम्च्याउने र बंग्याउने काम गरिरहेका छन् । पूँजीवादी महिलावादीहरु आफ्नो मुक्तिको बाधक पुरुष ठान्छन् । 'ब्रेकिङ द ग्लास सिलिङ' भन्ने नारा बोकेर पूँजीवादी संरचनाभित्रका नीति निर्णयमा पुरुषसँगको समानतामा नै महिलाको मुक्ति देख्न पुग्छन्। पूँजीवादी महिलाहरुले आज पनि हाम्रा श्रमजीवि महिलालाई गरीबीका, वर्गीय शोषणका र आधारभूत रुपमा पूँजीवादी शोषणका आयामहरुबारे सोच्ने प्रक्रियामा लाग्न नै दिग्भ्रमित गरिरहेका छन् । पूँजीवादी संरचनालाई कायम राखेर, संरचनात्मक रुपान्तरणविना केवल कानुनका सतही समानताले महिलाको मुक्ति सम्भव छ भनेर श्रमिक महिला आन्दोलनलाई वर्गीय मुद्दाबाट अलग गर्ने प्रयत्न जारी राखेका छन्। तर सत्य कुरा त के हो भने, संरचनात्मक रुपान्तरण विना, पूँजीवादबाट अलग हुने प्रक्रियाविना महिला मुक्ति सम्भव छैन । क्लाराले भनेजस्तो आर्थिक स्वतन्त्रता विना महिला मुक्ति हुनै सक्दैन। र पूँजीवादी व्यवस्था अन्तरगत आर्थिक स्वतन्त्रता न पुरुष न महिला, मान्छेको ठुलो हिस्साले पाउनै सक्दैन भन्ने कुरा आजका गरीबी र असमानताका तथ्यांकहरुले पुष्टि गरिरहेका छन्। यसको अर्थ, महिला मुक्तिको प्रमुख सवाल नै पूँजीवादबाट मुक्तिको सवाल हो ।

यसकारण, अहिले पनि यो आर्थिक स्वतंत्रताको लागि, आजको नवउदारवादी पूँजीवादसँग लड्नका लागि श्रमिक पुरुषहरुसँग संगसँगै उभिएर श्रमिक महिलाको संगठीत आन्दोलनलाई वर्गसंघर्षको एउटा हिस्सा बनाउनुपर्ने अवस्था छ । तसर्थ आज नेपाली श्रमिक महिलाहरु संगठीत रुपले आर्थिक स्वतन्त्रताका लागि वर्गसंघर्षमा लाग्नुपर्नेछ ।

माथि अक्टोबर क्रान्तिताका श्रमिक महिलाहरु कति स्पष्टता र बहादुरीका साथ पुरुष सहकर्मीहरुसँग मिलेर क्रान्तिमा सामेल भए भन्ने सन्दर्भ चर्चा भईसकेको छ। वर्गसंघर्षको यो ऐतिहासिक विरासत त हुँदै हो साथसाथै समाजवाद निर्माणको लक्ष्यबाट तलवितल नहुन, पूँजीवादी महिलावादीहरुको भ्रमबाट मुक्त गराई यो वर्गीय आन्दोलनमा हरेक महिला योद्धालाई सतर्क र सचेत गराउने सन्दर्भ पनि हो । क्लारा जेटकिनले भनेजस्तो श्रमिक पुरुषहरुजस्तै श्रमिक महिलाहरु पनि पूँजीवादविरुद्धको आन्दोलनमा, यसलाई पल्टाउनका लागि हातमा हात मिलाएर समान हैसियतका 'कमरेड' हो भनेर बुझ्नुपर्छ । र यो बुझाइले मात्र श्रमजीवि वर्गको कित्तालाई पूँजीवादी कित्तासँग लड्न सक्ने बल प्रदान गर्छ । पूँजीवादी महिला आन्दोलनका भ्रमहरु मिसिएका साझा महिला आन्दोलनका मुद्दाहरुमा श्रमिक महिलाले प्राप्त गर्ने भनेको विशुद्ध धोखा हो । बरु श्रमिक महिला र पुरुषका मागहरुमा समानता छ । त्यसले निश्चय नै सफलता र मुक्ति दिन्छ । पूँजीवादी महिलाहरुले भनेजस्तो, पुरुष महिला मुक्तिको बाधक कँही कतै होइन । उनीहरु विलकुल सँगसँगै पूँजीवादविरुद्धको लडाइँका सहयात्री र कमरेडहरु हुन् ।

तसर्थ श्रमिक महिलाहरू आपसमा सङ्गठित हुँदै पुरुष सँगसँगै मिलेर समाजवादी आन्दोलनमा जोडिन जरुरी छ। पूँजी होइन मान्छे प्रधान हुने समाजवाद निर्माणका लागि पुरुषसरह नै धेरैभन्दा धेरै श्रमजीवी महिला आन्दोलनमा लाग्नु हिजोको जस्तै आजको पनि आवश्यकता हो । महिला हुन् या पुरुष, प्रत्येक मान्छे समान हुन् भन्ने मान्यताका आधारमा मात्र आजको समाजवादी आन्दोलन र वर्गसंघर्षले सही दिशा प्राप्त गर्छ । र यो समाजवादी संघर्षको वर्गीय पक्ष प्रष्ट बुझेर आन्दोलनलाई संगठीत गर्दै परिचालित गर्नु र समाजवादी आन्दोलनलाई सही दिशा दिनु आजको महिला आन्दोलनको महत्वपूर्ण कार्यभार हो ।

❖❖❖



# हाम्रा कार्यभारहरू

*(यहाँ अनुवाद गरिएको सामाग्री पहिलो समाजवादी महिला पत्रिका, बोल्सेभिक पेपर 'राबोतनित्सा (द वुमन वर्कर)' को मे १९१७ को अंकमा प्रकाशित भएको थियो ।)*

**अलेक्जेन्द्रा कोलोन्ताई**
**अनुवादः करुणा पराजुली**

हाम्रो देशका श्रमजीवी पुरुष र महिलाका सामु यतिबेला ठूलो जिम्मेवारी छ । हामीले नयाँ रूस निर्माण गर्नैपर्नेछ जहाँ, श्रमिक जनता, कार्यालयका कामदार, सेवक, दैनिक ज्यालादारी कामदार, सिलाइबुनाइका काम गर्ने र सामान्यतयः श्रमिकका श्रीमतीहरूको जीवन, नृशंस निकोलसको श्रापमा भन्दा राम्रो र उज्यालो हुनेछ ।

आज सर्वहारा वर्ग र साना किसानका पक्षमा राज्यसत्ता जित्ने र सुदृढ गर्ने, पूँजीवादी शोषकको भोकलाई सीमित गर्ने र मजदुरको हित रक्षा गर्ने कानुन ल्याई कार्यान्वयन गर्नामा मात्र रुसी श्रमिक पुरुष तथा महिलाको कार्यभार सीमित छैन । रुसी श्रमजीवी वर्गले यति बेला अन्य देशका श्रमिक पुरुष र महिलाका तुलनामा विशेष स्थान ओगटेको छ । महान् रुसी क्रान्तिले हामीलाई, अर्थात् सबै रुसी श्रमिक पुरुष तथा महिलालाई, संसारभरका श्रमिकको हितका लागि लड्नेहरूको अग्रपङ्क्तिमा राखेको छ ।

हामी अन्य देशका श्रमिक महिला तथा पुरुषभन्दा बढी स्वतन्त्र रूपमा बोल्न, लेख्न र व्यवहार गर्न सक्षम भएका छौँ । त्यसो भए, हाम्रो शक्ति खासगरी श्रमजीवी वर्गको महिला शक्तिलाई एकत्रित गर्दै, मजदुर महिलाको यस्ता शक्तिमार्फत अथक र दृढ जनसङ्घर्ष सञ्चालन गरेर, सम्भव भएसम्म

छिटो विश्वयुद्धको समाप्तिका लागि हाम्रा कमरेडहरूका रगतबाट प्राप्त यो स्वतन्त्रता प्रयोग गर्न कसरी सकिँदैन होला र ? हाम्रा महिला कमरेडहरू ! यति बेला अन्य देशका श्रमिक महिलाहरू, हाम्रो यस कदमका पर्खाइमा छन् ।

अहिले हामीमाथि आइलागेको सबैभन्दा भयानक दुष्टता युद्ध हो । जबसम्म युद्ध जारी रहन्छ, हामी नयाँ रूस निर्माण गर्न सक्दैनौँ, रोटी, खानाको समस्या समाधान गर्न सक्दैनौँ, जीवनयापनका लागि आवश्यक खर्चको वृद्धिलाई रोक्न सक्दैनौँ । प्रत्येक घन्टा बित्दै जाँदा, युद्धले हाम्रा छोराछोरी र श्रीमान्लाई मार्दै, अपाङ्ग बनाउँदै जाँदा, हामी श्रमिक वर्गका महिलाले शान्ति के हो भनी थाहा पाउन सकेका छैनौँ ।

तसर्थ यतिबेला, हाम्रा कमरेडहरूलाई नयाँ जनवादी रूस निर्माण गर्न मद्दत गर्नु यदि हाम्रो पहिलो कार्यभार हो भने श्रमिक महिलाहरूलाई युद्धविरुद्ध युद्ध घोषणा गर्न जागृत गराउनु, हामी प्रत्येकको मनभित्रको र अत्यावश्यक दोस्रा कार्यभार हो । यसको अर्थ सर्वप्रथम, यो हाम्रो युद्ध होइन, यो धनी मालिक, बैङकर र उत्पादकहरूको आर्थिक स्वार्थका लागि हामीमाथि लादिएको युद्ध हो भन्ने कुरा, हामी आफैँले मात्र बुझ्ने नभएर हाम्रा श्रमिक महिला तथा पुरुष कमरेडमाझ पनि निरन्तर व्याख्या गर्नुपर्छ । यसको अर्को अर्थ, श्रमिक महिला तथा पुरुषको शक्तिलाई एक यस्तो पार्टीको वरिपरि एकताबद्ध गराउनुपर्छ जसले, रूसी सर्वहारा वर्गको हितरक्षा गर्ने मात्र होइन, पूँजीपतिको गौरवका लागि सर्वहाराको रगत बगेको होइन भन्ने सुनिश्चित गर्न पनि लडिरहन्छ ।

श्रमिक महिला कमरेडहरू ! हामी युद्ध र मूल्यवृद्धिविरुद्ध आत्मसमर्पण गर्न सक्दैनौँ । हामी लड्नैपर्छ । आउनुहोस्, हामी हातेमालो गरौँ, सामाजिक-जनवादी श्रम पार्टी (सोसियल डेमोक्रेटिक लेबर पार्टी) को पङ्क्तिमा सामेल होऔँ ! तर, यति बेला पार्टीमा सामेल भएर मात्र पनि पुग्दैन । यदि हामी वास्तवमै शान्तिका लागि आतुर छौँ भने, हाम्रा सबै दुःखको कारक, यस युद्धको मैदानमा बगिरहेका सबै रगतको कारक, ती ठूला पूँजीपतिका हातमा रहेको राज्यसत्तालाई बदल्नुपर्नेछ । यसलाई हाम्रा प्रतिनिधि अर्थात् श्रमिक र सैनिक प्रतिनिधिको सोभियतका हातमा यो राज्यसत्ता रहने सुनिश्चितताका लागि हामी श्रमिक महिला तथा पुरुष लड्नुपर्छ ।

यति बेला युद्ध र मूल्यवृद्धि विरुद्धको सङ्घर्ष, रुसमा विस्थापित र श्रमिकले सत्ता प्राप्त गर्ने सङ्घर्ष, श्रमिक जनताका पक्षमा नयाँ व्यवस्था र नयाँ कानुन निर्माणका सङ्घर्षहरूको निर्भरता मूलतः हामी महिला श्रमिकमा धेरै छ । श्रमिक जनताको लक्ष्य प्राप्तिका लागि पुरुषको मात्र सङ्गठनमा निर्भर हुने दिन अब गए । यस युद्धको कारणले श्रमजीवी महिलाको हैसियतमा अहिले निकै ठूलो परिवर्तन आएको छ । महिला श्रमिक अहिले जतातत‌ै छन् । युद्धले महिलालाई जागिर खान बाध्य पारेको छ, जुन पहिले उनीहरूले कहिल्यै सोचेका पनि थिएनन् । सन् १९१२ तिर कारखानामा प्रत्येक सय पुरुषमा ४५ महिला हुने गर्थे । अहिले ७५ पुरुषहरू भएको कारखानामा सय महिला पाउनु सामान्य बनेको छ ।

श्रमिकमा जीवनस्तरको वृद्धि, श्रमिकको छोटो कार्यदिन, ज्यालावृद्धि, स्वास्थ्य बिमा, बेरोजगारी भत्ता, वृद्धावस्थाको पेन्सन आदिजस्ता सङ्घर्षमा श्रमिकको सफलता, यस्तो सङ्घर्षबाट हाम्रा बालबालिकाको कामको रक्षा गर्ने, उनीहरूलाई राम्रो विद्यालय शिक्षा प्रदान गर्नेजस्ता कामको सफलता प्राप्त गर्ने कुरा अब पुरुषको मात्र चेतना र सङ्गठनमा निर्भर रहने छैन । अब त सङ्गठित श्रमिक वर्गको श्रेणीमा प्रवेश गर्ने महिला श्रमिकको सङ्ख्यामा पनि यो सफलता उत्तिकै भर पर्छ। हामीमध्ये जति धेरै महिला, हाम्रा आफ्ना आवश्यकता पूरा गर्न सङ्गठित श्रमिक लडाकुका पङ्क्तिमा प्रवेश गर्छौं, त्यति नै चाँडो हामी पूँजीवादीको लुटपाटबाट छुट्कारा पाउनेछौँ ।

यसरी, हाम्रो सबै शक्ति, हाम्रो सबै आशा, सङ्गठनमा निहित छ। तसर्थ, अब हाम्रो नारा हुनुपर्छः '**महिला श्रमिक कमरेडहरू ! एक्लाएक्लै नबस्नुहोस् ।**' एक्लै हुनु भनेको, हामी कुनै पनि मालिकले आफ्नो इच्छामा बङ्ग्याउन सक्ने लुलो ढोड हुनु हो । तर हामी सङ्गठित हुनु, एक यस्तो अजस्र शक्ति बन्नु हो, जसलाई कसैले तोड्न सक्दैन ।

हामी, महिला श्रमिक, सबभन्दा अगाडि रुसी क्रान्तिका दिनमा रातो झन्डा उठाउनेहरू हौँ । सबभन्दा पहिला, महिला दिवसमा सडकमा निस्कनेहरू हौँ । त्यसैले आउनुहोस्, अब ढिला नगरी मजदुरका लागि लड्नेहरूको अग्रपङ्क्तिमा पनि हामी सामेल हौँ । ट्रेड युनियन, सामाजिक-जनवादी

(सोसल डेमोक्रेटिक) पार्टी, श्रमिक र सैनिक प्रतिनिधिको सोभियतमा सम्मिलित होऔँ !

हाम्रो पङ्क्तिको एकताबाट नै, हामी राष्ट्रहरूबीचको यस रक्तपातपूर्ण युद्धको शीघ्र अन्त्यको लक्ष्य राख्नेछौँ । हाम्रो एकताबाट नै, सबै देशका श्रमिकको एकता र उनीहरूबीचको ऐक्यबद्धता बोक्ने श्रमिक वर्गको महान् सिद्धान्त बिर्सिएकाहरूको हामी प्रतिरोध गर्नेछौँ ।

पूँजीपतिविरुद्धको हरेक देशका क्रान्तिकारी सङ्घर्षबाट मात्र र विश्वका सम्पूर्ण श्रमजीवी महिला तथा पुरुषका एकताबाट मात्र, हामीले नयाँ र उज्यालो भविष्य अर्थात् श्रमिकहरूको समाजवादी भ्रातृत्व प्राप्त गर्नेछौँ ।

❖❖❖